ज्ञान शील एकता

# रजत वर्ष स्मारिका

## २०७७

एक संकल्प राष्ट्रका लागि
प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल
२५ वर्षको राष्ट्रिय यात्रा
रजत वर्ष
२०५२-२०७७
PVP NEPAL

छ जिउनु राष्ट्र धर्ममा, छ मर्नु यसको काखमा...

## प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

ज्ञान शील एकता

एक संकल्प राष्ट्रका लागि

८औं राष्ट्रिय अधिवेशन

२०, २१ र २२ चैत्र २०७७
बिराटनगर, मोरङ

रजत वर्ष अधिवेशन

# रजत वर्ष स्मारिका

## २०७७

### सम्पादक मण्डल

प्रा. दयाराम पौडेल
उप-प्रा. डा. गोपीनाथ कण्डेल
पुष्पराज खतिवडा
पृथ्वीनारायण पौडेल
रमेश कण्डेल


### प्रकाशक

प्राज्ञिक विद्यार्थी परिषद् नेपाल
केन्द्रीय कार्यालय, काठमाडौं




डा. सुन्दरमणि दीक्षित
पाटनढोका, ल.पु.
सम्पर्क फोन : ५५२१०२६

**Dr. S.M. Dixit,** M.D.
Contact Phone: 5521026

# शुभकामना

राष्ट्रनिर्माणमा शुद्ध आचरण, नैतिकता, राष्ट्रप्रेम र सही सिद्धान्त भएका युवा शक्तिको आवश्यकता हुन्छ। यस्तो शक्ति बिना राष्ट्रमा दीगो शान्ति, प्रगति र निश्पक्ष न्यायको आशा गर्न सकिन्न । सनातन धर्म र हाम्रै माटोका अन्य विभिन्न धर्महरूका अर्ति उपदेश र ज्ञानको शिक्षाबाट मात्र यस्ता युवावर्गको शक्ति उत्पन्न हुन सक्छ। तर हाम्रो यो पुण्यभूमि यो ऋषिमुनिहरूको भूमिमा भएको ज्ञानको यत्रो ठूलो भण्डार यी विद्यार्थीहरूलाई प्राप्त छैन। किनकि हाम्रो शिक्षानीतिले यसलाई समेटेको छैन । यो दूर्भाग्यको कुरा हो, जसको कारण हाम्रा युवायुवतीको आकर्षण पाश्चात्यतर्फ उन्मुख छँदैछ र उतैको उच्छ्रृंखलता र छाडा हावाले युवावर्गलाई घेरिरहेको छ। यो अवस्था बढ्दो पनि छ। यो अवस्था सच्याउनु धेरै ढिलाई भइसकेको छ। हाम्रो शिक्षानीति तत्काल यस परिस्थिति सुधार्न तर्फ लागोस्।

यहि स्थिति सपार्न र जनताको स्तर उकास्न प्राज्ञिक विद्यार्थी परिषद् नेपाल २५ वर्षदेखि लागि परेको छ। विशुद्ध राष्ट्रकै जनसहयोग, दृढ आस्था बोकेका विद्यार्थी र सदस्यहरूको प्रयासमा मात्र यो परिषद्ले काम गरेको छ। यो कुनै विदेशी एन.जि.ओ. या अन्य कुनै विदेशी संस्थाको डलरको प्रभाव या आकर्षणमा नपरी राष्ट्र, राष्ट्रियता र स्वधर्मको ध्वजा बोकेर अगाडि बढिरहेको छ । सहयोग विद्यार्थी परिषद्को कार्यलाई जरुरी छ, तर त्यो सहयोग राष्ट्रिय हित स्वधर्मको संरक्षणको सिद्धान्त बोकेकाहरूबाट मात्र परिषद्का कार्यकर्ताहरू लिन्छन्।

हाम्रो राष्ट्र र हामी सबै राष्ट्रप्रेमीहरूको लागि आफ्नै धर्म र संस्कृतिमा गौरव गर्नेहरूको लागि परिषद्को सफलताको कामना गर्दछु । परिषद्को भविष्यमा धेरै उन्नति होस् । श्री परमेश्वरले प्राज्ञिक विद्यार्थी परिषद्को कार्यलाई सफलता दिलाउन्, परिषद्का सम्पूर्ण कार्यकर्ताको रक्षा गरुन् ।

सुन्दरमणि दीक्षित

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च. नं.

## शुभकामना

विगत २५ वर्षमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालद्वारा संचालित संगठनात्मक, शैक्षिक, सामाजिक एवं राष्ट्रिय हित सम्बन्धी महत्वपूर्ण अभियान, गतिविधि, प्राप्त उपलब्धि आदि सबै विषयलाई संग्रह गर्नुका साथै देशभरका विशिष्ट विद्वान्हरुका विशेष लेख र विचारलाई समावेश गरेर **रजतवर्ष विशेष स्मारिका** प्रकाशनको तयारीमा रहेकोमा अत्यन्तै खुसी प्रकट गर्दै **शुभकामना** व्यक्त गर्दछु ।

ज्ञान शील र एकताको आदर्शका साथ देशलाई सर्वोपरी मान्दै दलीय राजनीतिबाट माथि रहेर निरन्तर कार्य गर्दै जाँदा विद्यार्थी परिषद्ले २५ वर्षको यात्रा पूरा गर्नु हामी सबैका लागि सुखद् उपलब्धि हो । व्यक्ति निर्माणमा  देशका ७७ जिल्लामा कार्य विस्तार सम्पन्न गर्ने, स्वतन्त्र एवं जिम्मेवार सामाजिक संगठनको रुपमा स्थापित हुन, शैक्षिक परिवारको परिकल्पनालाई साकार पार्दै विद्यार्थी, शिक्षक एवं शिक्षाविद्लाई राष्ट्रिय हितका लागि संगठित गर्ने एवं धेरै युवामा राष्ट्रिय दृष्टिकोण तथा सकारात्मक दिशा प्रदान गर्नमा विद्यार्थी परिषद् सफल रहेको देखिएको छ । विगत एक वर्षदेखि विभिन्न रचनात्मक, सेवामूलक, जागरणमूलक अभियान तथा गतिविधिका साथमा परिषद्को रजत जयन्तीवर्ष विशेष रुपमा मनाइरहेको खबरले खुसी तुल्याएको छ । यस स्मारिकामा प्रकाशित समसामयिक तथा सान्दर्भिक गतिविधि, लेख, रचनाको अध्ययन गरी विद्यार्थी, शिक्षक, सरोकारवाला एवं जिज्ञासुहरूले आवश्यक जानकारी प्राप्त गरी देशको समग्र पक्षबारे ज्ञान हासिल गर्ने छन् भन्ने विश्वास लिएको छु ।

अन्तमा, उक्त पत्रिका प्रकाशनसँग सम्बन्धित सबै पक्षलाई धन्यवाद दिंदै, प्रकाशनको सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

प्रा. डा. धर्मकान्त बास्कोटा
उपकुलपति

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२

पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.

## शुभ–कामना !!!

प्राज्ञिक विद्यार्थी परिषद् नेपालले स्वतन्त्र विद्यार्थी संगठनको हैसियतमा स्थापनाको २५ वर्ष पुरा गरी रजत वर्ष विशेष स्मारिका प्रकाशन गर्न गइरहेकोमा हार्दिक बधाई दिन चाहन्छु । वि.सं. २०५२ मंसिर २४ गते स्थापना भई यस संगठनले शैक्षिक क्षेत्रमा रचनात्मक, सेवामूलक एवम् जागरणमूलक अभियान तथा गतिविधिका साथ सामाजिक कार्यमा निरन्तर खटिई शैक्षिक गुणस्तर अभिवृद्धिमा देखाएको पहलकदमीको यस अवसरमा मुक्त कण्ठले प्रशंसा गर्दछु ।

कोरोनाको कहर र बदलिंदो विश्व परिवेशसँग जुध्दै युवालाई मानसिक, भौतिक र सामाजिक रूपमा संगठित गरी उनीहरूलाई स्वदेशमै समर्पित गर्ने, महिलालाई सशक्तिकरणतर्फ उन्मुख गराउने, प्रदूषण न्यूनिकरणका लागि जनचेतना फैलाउने लगायतका व्यक्तित्व विकास र सामाजिक उत्थानको पुनित कार्यमा प्राज्ञिक विद्यार्थी परिषद् नेपालको उर्जाशील नेतृत्वदायी भूमिका पोखरा विश्वविद्यालयको लागि समेत एक प्रेरणादायी मार्गदर्शन हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

देश र जनताको समग्र विकासका लागि २५ वर्ष लामो आरोह अवरोहपूर्ण शैक्षिक एवम् सामाजिक क्रियाकलाप, प्रगति र प्राप्त उपलब्धीका बारेमा यथार्थ र तथ्यपरक प्रस्तुतिकरण गर्ने सन्दर्भमा प्रकाशित हुने यो संगठनको रजत वर्ष विशेष स्मारिका-२०७७ ले हरेकलाई प्रेरणा एवम् नयाँ मार्गदर्शन प्रदान गर्नेछ भन्ने मैले ठानेको छु । अतः 'रजत वर्ष विशेष स्मारिका-२०७७' को उत्कृष्ट प्रकाशन र प्राज्ञिक विद्यार्थी परिषद् नेपालको उत्तरोत्तर प्रगतिको लागि समेत हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

---------------------------
प्रा. डा. प्रेमनारायण अर्याल
उपकुलपति
२०७७ चैत्र ९ गते सोमबार

*प्रज्ञा नराणां रत्नम्*

# शुभकामना सन्देश

लुम्बिनी प्रदेशको सांस्कृतिक नगर पाल्पा तानसेनमा प्राज्ञिक विद्यार्थी परिषद, नेपालको दोस्रो अधिवेशन हुन गैरहेकोमा मलाई धेरै खुसी लागेको छ । यस अधिवेशनमा मलाई अतिथिको रुपमा उपस्थितिका लागि निमन्त्रण गर्नुभएकोमा आयोजक मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । म सशरीर यस कार्यक्रममा उपस्थित हुन नसकेपनि मन तथा भावनामा साथ रहने छु ।

उच्चतम मानवीय सचेतना जगाई मैत्री, करुणा, मुदिता तथा उपेक्षायुक्त जीवनमार्ग प्रशस्तगर्ने ज्ञान, बुद्धि तथा विवेकमा आधारित धर्म प्रवर्तन गरी विश्वकै लागि ज्योतिपुञ्ज बनेका शाक्यमुनि बुद्धको जन्मस्थलको महत्वरहेको लुम्बिनी प्रदेशको सांस्कृतिक नगर पाल्पा तानसेनमा दोस्रो अधिवेशनको आयोजना गर्नु अति महत्वपुर्ण र अर्थपूर्ण रहेको विश्वास गर्दछु । नेपालको समृद्ध र सुसंस्कृत विरासतको संवर्धन र प्रवर्धन गर्दै आफ्नै मौलिकतामा आधारित विकासमा विद्यार्थी तथा प्रागिक युवावर्गको भूमिका सहित अघि बढाउने महान उदेश्यसहित स्थापित प्राज्ञिक विद्यार्थी परिषदको यस अधिवेशन भगवान् गौतम बुद्धको उपदेशलाई भावनामयी प्रज्ञामा उतार्न प्रयत्नरत रहनेछ भन्नेमा म विश्वस्त छु । यस् अधिवेशनको व्यवस्थापन तथा संचालन कार्यमा संलग्न प्राज्ञिक विद्यार्थी परिषदका सदस्यहरु लगायत यसकार्यसंग आवद्ध सबै महानुभावहरूलाई साधुवाद छ । प्राज्ञिक विद्यार्थी परिषदसंग आवद्ध विद्यार्थी तथा युवाहरूको यसप्रकारको असल चिन्तन तथा प्रवृत्ति सहितको  सत्प्रयास सबैकालागि प्रेरणाको रूपमा सदासर्वदा निरंतर रहोस् भन्ने कामना गर्दछु ।

यस प्राज्ञिक विद्यार्थी परिषद, नेपालको दोस्रो लुम्बिनी प्रदेश अधिवेशनको भव्य सफलताको लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट पनि हार्दिक मंगलमय शुभकामना  छ ।

॥ भवतु सर्व मंगलम् ॥

प्रा. डा. हृदयरत्न वज्राचार्य
(उपकुलपति)
लुम्बिनी बौद्ध विश्वविद्यालय

# सुदूरपश्चिम विश्वविद्यालय
## उपकुलपतिको कार्यालय

प.सं. २०७७/०७८
च.नं..........

मितिः २०७७ चैत्र ०६ गते

## शुभकामना

प्राज्ञिक विद्यार्थी परिषद् नेपालले रजतवर्षको उपलक्ष्यमा रजत वर्ष विशेष स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यस सन्दर्भमा उक्त विशेष स्मारिकाले विगतदेखि नै सामाजिक, शैक्षिक जीवनसँग सरोकार भइरहने मुद्दाहरू उजागर गर्ने विश्वास लिएको छु । प्राज्ञिक विद्यार्थी परिषद् राष्ट्र, राष्ट्रियता र संस्कृतिका सकारात्मक पक्षहरूमा कार्य गरिरहेको संस्थाले यस प्रकारको विशेष स्मारिका प्रकाशित गरिएकोमा म यस स्मारिकाको सम्पादन समिति, प्राज्ञिक विद्यार्थी परिषद् एवं सहयोगीहरूमा हार्दिक धन्यवाद तथा बधाई व्यक्त गर्नुका साथै सम्पूर्ण महानुभावहरूमा नव वर्ष २०७८ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

यसप्रकारका सु-प्रयत्नहरू भविष्यमा पनि निरन्तर कायम रहुन् र यस रजत वर्ष विशेष स्मारिकाबाट सम्पूर्ण विद्यार्थीहरू, शिक्षक, कर्मचारी तथा पाठक वर्गलाई ज्ञानचक्षुको नवदृष्टि प्राप्त होस् भन्ने शुभकामना पनि दिन चाहन्छु ।

प्रा. डा. अम्मराज जोशी
उपकुलपति

केन्द्रीय कार्यालयः महेन्द्रनगर, कञ्चनपुर फोन नं. ®९७७ (९९) ५२०७२९ फ्याक्सः रू+९७७ (९९) ५२०७२७
Web: fwu.edu.np email: info@fwu.edu.np

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति-२०७७/१२/०५

# शुभकामना

नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशिल, सिर्जनशिल र आत्मविश्वासी नागरिक तयार गर्ने प्रक्रियालाई मूल मर्मको रूपमा आत्मसाथ गर्दै विद्यार्थी एवं युवा वर्गको व्यक्तित्व निर्माणमा दत्तचित्त भएर अग्रसर भएको प्राज्ञिक विद्यार्थी परिषद्, नेपाललाई २५ औं वर्ष पूर्ण गरेको सुखद् क्षणमा परिषद्को सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

परिवर्तनका संवाहक तथा समृद्धिका मेरुदण्डको रूपमा रहेका छात्र-छात्रालाई क्रियाशील बनाउन शिक्षाक्षेत्रलाई कर्मथलो बनाई नैतिकवान्, चरित्रवान् एवं राष्ट्रप्रेमी भावनाको विकास गर्दै अधिकारका अलावा नागरिक कर्तव्यका बारेमा बोध गराई हाम्रो गौरवपूर्ण इतिहास, पुर्खाको संस्मरण गर्दै भोलिका चुनौतिसँग जुध्न सक्ने सिर्जनशिल नागरिक तयार गर्ने कार्यमा यस परिषद्ले महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ ।

विद्यार्थी देशको सबैभन्दा ठूलो पुँजी हो । समग्र शिक्षाक्षेत्रलाई विचारवान् र उर्जाशिल बनाउने कार्यमा परिषद्को भूमिकाले निरन्तता पाइरहँदा हाम्रा विद्यार्थीहरूले औपचारिक शिक्षाबाट नसिकेका धेरै विषयमा र मूल रूपमा जीवन र जगतका बारेमा जान्ने सु-अवसर प्राप्त गर्ने छन् ।

अन्त्यमा परिषदको रजत जयन्ती विशेष कार्यक्रमको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राम प्रसाद थपलिया
सचिव
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.:
वेबसाइट: www.moest.gov.np

महाकाली नगरपालिका
Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
KhalangaDarchula,Sudurpashchim Province, Nepal


प.स.०७६/०७७
च.न.

मिति २०७७।११।२८

### शुभकामना

प्राज्ञिक विद्यार्थी परिषद् नेपालले आफ्नो स्थापनाको २५ वसन्त पुरा गरेको अवसरमा रजत वर्ष विशेष स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त हर्षित भएको छु।

व्यक्ति निर्माणको अनवरत यात्रामा अविचलित रहँदै विगत २५ वर्षदेखि स्वतन्त्र विद्यार्थी सामाजिक संगठनका रूपमा आफुलाई स्थापित गर्दै शैक्षिक परिवारको परिकल्पना अनुरूप विद्यार्थी शिक्षक एंव शिक्षाविद्हरूलाई राष्ट्रिय हितका विषयमा संगठित गर्न सफल रहेकोमा परिषद्लाई धन्यवाद दिँदै खुसी व्यक्त गर्न चाहन्छु।

रजत वर्ष विशेष स्मारिका परिषद्का २५ वर्षका सुनौला गतिविधिहरू समेट्ने र जनसमक्ष पुऱ्याउने एउटा महत्वपूर्ण माध्यम बन्नेमा म आशावादी छु साथै यस विशेष स्मारिकामा रहने महत्वपूर्ण लेखरचनाहरू विद्यार्थी, शिक्षक, अभिभावक शिक्षासँग सरोकार राख्ने आम जनसमुदाय लगायत सम्पूर्ण पाठकवर्गका लागि ज्ञानवर्द्धक पठन सामग्री बन्ने विश्वास व्यक्त गर्दै स्मारिकाको सफल प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

साथै प्राज्ञिक विद्यार्थी परिषद्ले शिक्षाक्षेत्रको विकासमा पुऱ्याउँदै आएको योगदानको उच्च कदर गर्दै महाकाली नगरपालिकाले परिकल्पना गरेको शैक्षिक नगरीको अभियानलाई परिषद्को अतुलनीय योगदान रहने छ भन्ने विश्वास सहित परिषद्ले व्यक्ति निर्माणमार्फत् समाज र राष्ट्र निर्माणको अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हंस राज भट्ट
नगर प्रमुख
महाकाली नगरपालिका
खलंगा दार्चुला


ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mahakalimun
फोन नं०९३-४२०१३७,टोलफ्री न. १६६०९३४२१३७

# प्रकाशकीय

ज्ञान शील र एकताको आदर्शका साथ देशलाई सर्वोपरि मान्दै दलीय राजनीतिबाट माथि रहेर निरन्तर कार्य गर्दै जादाँ विद्यार्थी परिषद्ले २५ वर्षको राष्ट्रपुनर्निर्माणको यात्रा पूरा गरी २६ वर्षमा प्रवेश गर्नु तपाई हामी सबैका लागि सुखद क्षण एवं ऐतिहासिक उपलब्धि हो । व्यक्ति निर्माणको अनवरत यात्रामा अनेकौं आरोह एवं अवरोहहरूलाइ पार गर्दै वर्तमानमा देशका ७७ जिल्लामा कार्य विस्तार सम्पन्न गर्नु, स्वतन्त्र एवं जिम्मेवार संगठनको रूपमा स्थापित हुनु, शैक्षिक परिवारको परिकल्पनालाई साकार पार्दै विद्यार्थी शिक्षक एवं शिक्षाविद्लाई राष्ट्रिय हितका लागि संगठित गर्नु एवं लाखौं युवामा राष्ट्रिय दृष्टिकोण तथा सकारात्मक दिशा प्रदान गर्नमा विद्यार्थी परिषद् पूर्ण सफल रहेको छ । स्थापना कालदेखिका कार्यकर्ताबन्धुरूको कठोर साधना, त्याग र कर्तव्यनिष्ठा एवं सहयोगीको शुभेच्छा र विश्वासको कारण विद्यार्थी परिषद्को कार्यले राष्ट्रिय स्वरूप प्राप्त गरेको छ ।

प्राज्ञिक विद्यार्थी परिषद, नेपालको स्थापना दिवस मंसिर २४ २०७६ देखि वर्ष २०७७ मंसिर २४ सम्म रजत वर्षको रूपमा मनाउँदै परिषद्को विचार एवं कार्यलाई सर्वस्पर्शी, सर्वव्यापी बनाउँदै आम कार्यकर्ता, शुभचिन्तक एवं जनमानसमा अझ विश्वासको वातावरण निर्माणका लागि विद्यार्थी परिषद् विभिन्न रचनात्मक एवं सेवा कार्यका साथ अगाडि बढ्यो । विगत २५ वर्षमा संगठनात्मक, शैक्षिक, सामाजिक एवं राष्ट्रिय हितका विषयमा विद्यार्थी परिषद्द्वारा प्राप्त उपलब्धि एवं आगामी राष्ट्रिय जिम्मेवारीको बारेमा कार्यकर्ता एवं देशभर विभिन्न अभियानमार्फत् पुग्ने योजना परिषद्ले सुनिश्चित गर्दै निरन्तर अगाडि बढिरह्यो । यसै क्रममा विश्वव्यापी महासंकट कोरोनाको कारण केही योजना प्रत्यक्ष रूपमा सम्पन्न गर्न असमर्थ रहेता पनि विभिन्न माध्यमबाट रजत वर्ष विशेष गतिविधि सञ्चालन भइरहे ।

परिषद्को विगत २५ वर्षको सांगठनिक यात्राको क्रममा संगठनात्मक, शैक्षिक, सामाजिक एवं राष्ट्रिय हितका विषयमा विद्यार्थी परिषद्द्वारा सञ्चालित महत्वपूर्ण अभियान, गतिविधि, प्राप्त उपलब्धि आदि सबै विषयलाई संग्रह गर्दै, विशिष्ट विद्वानहरूका विशेष लेख र विचार एवं महत्वपूर्ण कार्यक्रमका छाँयाचित्रहरूलाई समावेश गरेर **रजत वर्ष विशेष स्मारिका** प्रकाशन गरेर यहाँ समक्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै हर्षित छौं ।

यस रजत स्मारिका प्रकाशनका लागि आफ्नो विचार सहितको लेख उपलब्ध गराउनुहुने, शुभकामना व्यक्त गर्नुहुने, स्मारिका प्रकाशनार्थ व्यवस्थापकीय सहयोग गर्नुहुने बौद्धिकवर्ग एवं सहयोगी सबैलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछौं । यस महत्वपूर्ण राष्ट्रिय कार्यका लागि परिषद्का सम्पूर्ण कार्यकर्ताबन्धुहरू, पूर्व कार्यकर्ता, शुभचिन्तक, सहयोगी एवं आम नागरिकको महत्वपूर्ण साथ, समर्थन, सहयोग एवं शुभाशीर्वादको सदैव अपेक्षा गर्दै पुनः प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको रजत जयन्तीको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रा.डा. रामजी गौतम**
राष्ट्रिय अध्यक्ष

**सुरेन्द्र प्रसाद भट्ट**
राष्ट्रिय महासचिव

# परिषद् गीत

वीर भूमि नेपालमा, जन्म्यौँ हामी नेपाली ।
सगर्व विश्व मञ्चमा, उठौँ न शिर उचाली ॥

समस्त युवा जोशमा, मिलेर उठौँ होशमा
अमूल्य हाम्रो जिन्दगी, सुम्पिदिउँ यो देशमा ॥
विकास हाम्रो साथ होस्, चरित्र सबको शुद्ध होस् ।
सु-शान्ति र समृद्धिमा, एकताको ध्यान होस् ।

बुद्ध भूमि नेपालमा, ज्ञानको आलोक छर्नलाई
समग्र युवा शक्तिमा, अध्यात्म ज्ञान भर्नलाई
साहसी स्वावलम्बी भै, सु-सभ्य व्यक्ति बन्ने छौँ ।
नवीन सोच लिएर, यो देश हामी हाँक्ने छौँ ।

बगाई हाम्रो पसिना, भिजाउँ माटो देशको
फोरेर ढुङ्गा बीचमा, रोपौँ न बिज न्यायको
उठाऊँ शिर गर्वले, समृद्धि तर्फ लम्कँदै ।
सशक्त युवा विश्वका, गुरु बनेर चम्कँदै ॥

वीर भूमि नेपालमा, जन्म्यौँ हामी नेपाली ।
सगर्व विश्व मञ्चमा, उठौँ न शीर उचाली ॥

## प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल
### संक्षिप्त परिचय

**स्थापना :** *२०५२ मंसिर २४ गते ।* **दर्ता :** *२०५४ बैशाख १८ गते ।*

**जि.प्र.का.द.नं.:** *६९५/०५३-५४*

**संविधान लेखन:** *२०५३/०५४*

**परिषद्को ध्येय:** *राष्ट्रको पुनर्निर्माण (परमवैभवपूर्ण राष्ट्रको निर्माण)*

**ध्येय प्राप्तिको माध्यम :** *राष्ट्रमा हरेक क्षेत्रको नेतृत्वका लागि आवश्यक असल व्यक्तिको निर्माण । अर्थात् व्यक्ति निर्माणको माध्यमबाट राष्ट्रको पुनर्निर्माण परिषद्को अन्तिम लक्ष्य*

**व्यक्ति निर्माण :** *उत्कृष्ट विचार, वैज्ञानिक कार्यपद्धति, आदर्श व्यवहार र रचनात्मक कार्यको माध्यमबाट*

**विचार:** *नेपाली माटोको विचार अर्थात् पूर्वीय विचार (दर्शन)*

**प्रेरणा एवं आदर्श :** *देशका सम्पूर्ण महापुरुष एवं राष्ट्रिय विभुतिहरू हाम्रा प्रेरणा व्यक्ति एवं आदर्श हुन् ।*

**परिषद्मा आवद्धता:** *विद्यार्थी, शिक्षक, शिक्षाविद् र अन्य विशेषज्ञहरू*

**परिषद्को विशेषता:** *दलगत राजनीतिबाट माथि रहेर राष्ट्र प्रथम भावका साथ कार्य गर्नु*

**दृष्टिकोण:** *रचनात्मक एवं सकारात्मक र राष्ट्रिय दृष्टिकोण*

**तीन राष्ट्रिय कार्यक्रम:** *बैशाख १८ (विद्यार्थी दिवस), पौष २७ (राष्ट्रिय एकता दिवस), सरस्वती पूजा (माघ शुक्लपञ्चमी)*

### वर्तमान कार्यस्थिति

**कुल कार्ययुक्त जिल्ला** - ७७ **नगर इकाई समिति** - ११० **क्याम्पस इकाई समिति** - ६३२

**विश्वविद्यालय कार्य :** १० विश्वविद्यालयमा कार्य

### आयाम एवं गतिविधि

**इन्जिनियरिङ्ग क्षेत्र :** *संकल्प इन्जिनियरिङ्ग एसोसिएसनको गठन एवं गतिविधि सञ्चालन*

**सेवा कार्यका :** *सेवा र विकासका लागि युवा नामक संस्था गठन एवं कार्य सञ्चालन*

**चिकित्सा क्षेत्र :** *मेडिकल अध्ययनरत विद्यार्थीमाझ विशेष प्रशिक्षण एवं इकाई विस्तार कार्य*

**कानुन र कृषि क्षेत्र :** *उक्त क्षेत्रमा अध्ययनरत विद्यार्थी माझ विशेष सम्पर्क योजना एवं गतिविधि सञ्चालन*

**जनजाति क्षेत्र :** *राष्ट्रिय जनजाति कार्यको प्रारम्भ ( जनजाति विद्यार्थी सम्मेलनको निरन्तरता)*

**छात्रा कार्य :** *राष्ट्रिय छात्रा कार्य (राष्ट्रिय छात्रा सम्मेलनको निरन्तरता)*

**मिडिया कार्य :** *मिडिया क्षेत्रका लागि विशेष मिडिया कार्याशालाको आयोजन*
*Student's Concept (छात्र विचार) द्वैमासिक वैचारिक पत्रिका नियमित प्रकाशन*

# परिषद्ले सञ्चालन गरेका प्रमुख अभियान एवं उपलब्धिहरू

| | |
|---|---|
| २०५६ | प्रथम राष्ट्रिय अधिवशेन, काठमाडौँ |
| २०६४ | दोस्रो राष्ट्रिय अधिवेशन, काठमाडौँ |
| २०६६ | तेस्रो राष्ट्रिय अधिवेशन, नारायणगढ |
| २०६८ | चौँथो राष्ट्रिय अधिवेशन, भैरहवा |
| २०७० | पाँचौँ राष्ट्रिय अधिवेशन, वीरगञ्ज |
| २०७२ | छैठौँ राष्ट्रिय अधिवेशन, काठमाडौँ |
| २०७४ | सातौँ राष्ट्रिय अधिवेशन, पोखरा |
| २०५७ | शैक्षिक सेमिनार, कीर्तिपुर |
| २०६२ | छात्रा नेतृत्व निर्माणका लागि राष्ट्रिय छात्रा सम्मेलन सम्पन्न, काठमाडौँ । |

२०६२ कलेजहरूको Assessment गरी Accreditation गर्ने एउटा तन्त्र व्यवस्था निर्माणका लागि तत्कालिन शिक्षामन्त्री प्रदिप नेपालज्यूलाई दिइएको सुझाव अनुसार QAAC (Quality Assurance & Accreditation Committee) को गठन ।

२०६२ शिक्षाक्षेत्रलाई दलीय राजीतिक हस्तक्षेप र GATS को परिधिबाट अलग राख्न व्यापक बहस् एवं वैचारिक आन्दोलन सञ्चालन ।

२०६२ लोकतन्त्र स्थापनका लागि २०६२/६३को जनआन्दोलन सफल पार्न विशेष भूमिका निर्वाह ।

२०६४ पहिलो संविधानसभाको निर्वाचनमा देशभर जनजागरण एवं सचेतनामूलक अभियान सञ्चालन ।

२०६५ स्ववियु चुनावमा २५ वर्षको उमेर हदबन्दीको माग । विश्वविद्यालयले सो मागको स्वागत गर्दै २८ वर्षको समयसिमा एवं नियमित विद्यार्थी मात्र चुनाव लड्ने नीति लागू ।

२०६५ माघ महिनाभर राम्रो र समृद्ध नेपाल निर्माणका लागि हाम्रो पाठ्यक्रम भन्ने मूल नारासहित देशभर जागरण अभियान सम्पन्न । जसद्वारा शिक्षानीति, शैक्षिक प्रणाली र पाठ्यक्रमका लागि सुझाव संकलन एवं हस्ताक्षर संकलन ।

२०६५ चैत्र १४ गते काठमाडौँमा शिक्षा, रोजगार तथा सांस्कृतिक जागरणका लागि विशाल जनजागरण एवं दबाव ऱ्याली सम्पन्न । ३८ बुँदे सुझावपत्र तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालज्यू समक्ष पेश ।

२०६७ देशका मुख्य १० केन्द्रहरूमा सार्थक संविधान निर्माणका लागि जनजागरण एवं दबाव ऱ्याली सम्पन्न ।

२०६८ देशका प्रमुख राजनीतिक दलको बीचमा जाति र भाषाको आधारमा संघीयतामा जाने बहस् चलिरहेको अवस्थामा जातीयता र क्षेत्रीयताको आधारमा संघीयतामा जाने विषयको देशभर विरोध एवं जागरण अभियान सञ्चालन ।

२०६९ देशलाई जातीयता र भाषाका आधारमा गर्न लागिएको विभाजनलाई रोक्नका लागि तत्कालीन संविधानसभाका सम्पूर्ण निकायका प्रमुख, सरकारी प्रशासक, सम्पूर्ण राजनीतिक दलका प्रमुख नेता, सचेतकहरू एवं सभासद्हरूलाई प्रत्यक्ष भेटघाट गरी वार्ता बहस् पश्चात् ऐतिहासिक सात बुँदे सुझाव पत्र पेश । जसद्वारा परिषद् जातीय संघीयताको अवधारणालाई रोक्नका लागि सफल ।

२०७० पहिलो संविधानसभाको निर्वाचनमा देशभर जनजागरण एवं सचेतनामूलक अभियान सञ्चालन ।

२०७२ बैशाख १२ को विनाशकारी भूकम्पमा विभिन्न सामाजिक संघसंगठनहरूसँग सहकार्य गर्दै भूकम्प प्रभावित १४ जिल्लामा लामो समयसम्म उद्दार तथा राहत वितरण अभियान सञ्चालन । हजारौँ बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण, विद्यालय भवन निर्माणका लागि सहयोग प्रदान ।

२०७२ संविधान निर्माणको क्रममा सुझाव संकलन अभियानमा देशभर सहभागिता एवं संविधानका अनुपयुक्त शब्द र विषयप्रति आपत्ति जनाउँदै देशभर सुझाव पेश । जसद्वारा कुनै पनि धर्मबाट अलग रहन नपाउने, यौनिक अभिमूखिकरण जस्ता शब्द एवं वाक्य संविधानमा संशोधन ।

२०७४ छात्रा नेतृत्व निर्माणका लागि राष्ट्रिय छात्रा सम्मेलन सम्पन्न, काठमाडौँ ।

२०७४ लामो समयको वर्षाको कारण मधेशक्षेत्रमा आएको बाढिको कारण उत्पन्न असहज परिस्थितिमा उद्दार कार्यमा सक्रिय एवं राहत वितरण तथा बाढि प्रभावित बालबालिकाको लागि शैक्षिक सामाग्री वितरण अभियान सञ्चालन । सप्तरी, रौतहट, महोत्तरी, सर्लाही, धनुषा जिल्लाका ५००० जना बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण ।

२०७४ स्थानीय तहको चुनावमा योग्य र इमान्दार नेतृत्व चयनका लागि नगर एवं गाउँपालिका प्रमुख उपप्रमुखका उमेद्वारहरूको साथमा देशभरका विभिन्न तहमा अन्तरक्रिया एवं बहस् कार्यक्रम सम्पन्न ।

२०७४ प्रतिनिधि एवं प्रदेशसभा चुनावमा मतदाता जागरण अभियान सञ्चालन, प्रतिनिधिसभा, प्रदेशसभाको महत्व र मतदान प्रक्रियाको बारेमा मतदाता शिक्षा कार्यक्रम देशभर सञ्चालन ।

२०७४ प्रतिनिधि एवं प्रदेशसभा चुनावमा स्वतन्त्र सामाजिक विद्यार्थी संगठनको भूमिका निर्वाह गर्दै परिषद्का १५० भन्दा बढि कार्यकर्ताद्वारा मतदान पर्यवेक्षकको भूमिका निर्वाह ।

२०७४ देशभरका ७७ जिल्लामा कार्य विस्तार गरी हजारौँ युवा तथा विद्यार्थीहरूलाई राष्ट्रिय दृष्टिकोण दिन सफल ।

२०७४ देशको हरेक जनजाति क्षेत्रमा योग्य र इमान्दार व्यक्तित्व एवं नेतृत्व निर्माणका साथ समग्र राष्ट्रको चिन्तन गर्न सक्ने कुशल व्यक्ति निर्माणका लागि नेपालको इतिहासमा प्रथम पटक २१ समुदायका जनजाति विद्यार्थी, शिक्षक एवं शिक्षाविद्को सहभागितामा राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन दाङ्गमा सम्पन्न ।

२०७४ त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा मात्रै वितरण गरिने ट्रान्सकिप्ट स्थानीय आङ्गिक क्याम्पसबाट नै उपलब्ध गराउने व्यवस्था मिलाउनका लागि सुझाव पश साथै कार्यान्वयनको प्रक्रिया प्रारम्भ ।

२०७५ देशमा आवश्यक कुशल, योग्य र इमान्दार इन्जिनियरहरू निर्माण, एक स्वतन्त्र इन्जिनियरिंग एसोसिएसनको निर्माणका लागि नेपालको इन्जिनियरिंग अध्ययनको क्षेत्रमा विशेष कार्य गर्ने ध्येयका लागि संकल्प इन्जिनियरिंग यसोसिएसनको गठन ।

२०७५ नेपालको मेडिकल क्षेत्रको सुधार र कुशल चिकित्सक तथा स्वास्थ्यकर्मीको निर्माणका लागि सकारात्मक प्रेरणा प्रदान गर्नका लागि नेपालको मेडिकल शिक्षामा विशेष कार्यको चिन्तनका साथ मेडिकल कार्य प्रारम्भ । मेडिकल विद्यार्थीको बीचमा सम्पर्क तथा गतिविधि सञ्चालन ।

२०७५ परिषद् कार्यबाट प्रेरणा लिएर समाजमा गएर कार्य गरिरहेका पूर्व कार्यकर्ताको सामूहिक प्रयासमा सेवा कार्यका लागि सेवा र विकासका लागि युवा नामक सामाजिक संस्थाको प्रारम्भ जसको माध्यमबाट देशभर विभिन्न सेवाका कार्य सञ्चालन ।

२०७५ देश संघीयतमा गएसँगै परिषद् कार्यलाई प्रभावी र सशक्त बनाउने उद्देश्यले परिषद्को संघीय संरचना

निर्माण । साथै ७ वटै प्रदेशका प्रथम प्रदेश अधिवेशन सम्पन्न । प्रत्येक अधिवेशनबाट प्रदेशको नामाकरण सम्पन्न । प्रदेश १ सगरमाथा प्रदेश, प्रदेश २ जानकी प्रदेश, प्रदेश ३ बाग्मती प्रदेश, प्रदेश ४ गण्डकी प्रदेश, प्रदेश ५ लुम्बिनी प्रदेश, प्रदेश ६ कर्णाली प्रदेश र प्रदेश ७ सुदूरपश्चिम प्रदेश नामाकरण । नामाकरण हुन नसकेका प्रदेशले परिषद्को सुझावको आधारमा प्रदेशको नाम घोषणा र बाँकी प्रदेशमा सोही नामका लागि वातावरण बन्दै ।

२०७५ देशमा बढिरहेको महिला हिंसा, महिला माथिको दूर्व्यवहार आदि समस्याको न्यूनिकरण गर्दै समग्र छात्रा शक्तिमा आत्मजागरण, आत्मविश्वास र आत्मरक्षाको सीपको विकासका लागि मिसन साहसी जस्तो महत्वपूर्ण राष्ट्रिय अभियान प्रारम्भ । जसको माध्यमबाट ५० हजार भन्दा बढि छात्राहरूलाई आत्मविश्वास आत्मरक्षा सम्बन्धि प्रशिक्षण प्रदान गर्न सफल । प्रत्येक वर्ष देशभर यो अभियान निरन्तर चलिरहेको छ ।

२०७६ परिषद् कार्यको २५ वर्षको अवसरमा देशभर रजत जयन्ती गतिविधि सञ्चालन । देशभर २० स्थानमा एकै दिन एकै समयमा रक्तदान कार्यक्रम सम्पन्न ।

२०७६ एक संकल्प राष्ट्रका लागि भन्ने मूल भावका साथ देशभर युवा तथा विद्यार्थी माझ संकल्प अभियान संचालन । जसको माध्यमबाट युवामा राष्ट्रप्रेम, इमान्दारिता, असल चरित्र, महिला सुरक्षा र सम्मान, दूर्व्यसनीमुक्त समाज र प्रदूषणमुक्त पर्यावरण, रोजगार आदि विषयमा युवालाई दृष्टिकोण प्रदान गर्नमा सफल । देशभर २ लाखभन्दा बढि विद्यार्थीको माझमा संकल्प अभियान सम्पन्न ।

२०७६ छात्रा नेतृत्व निर्माणका लागि राष्ट्रिय छात्रा सम्मेलन भैरहवामा सम्पन्न ।

२०७६ राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन काठमाडौँमा सम्पन्न ।

२०७६ मिडिया क्षेत्रमा कुशल र योग्य व्यक्ति निर्माणका लागि राष्ट्रिय मिडिया कार्यशाला काठमाडौँमा सम्पन्न ।

२०७७ विश्वव्यापी संकट कोरोनाको कारण उत्पन्न असहज परिस्थितिमा परिषद्द्वारा देशभर विभिन्न सेवा कार्य सञ्चालन । मास्क वितरण, सेनिटाइजर वितरण, भोजन वितरण, खाद्यान्न वितरण आदि सेवा कार्य सम्पन्न । नेपाल भारत सीमावर्ति क्षेत्रमा नेपाली नागरिकका लागि भोजनको व्यवस्था, रक्त अभाव कम गर्न देशभर रक्तदान कार्यक्रम सम्पन्न । काठमाडौँमा ३ महिनासम्म निरन्तर सेवाको अपेक्षामा रहेका नागरिकका लागि भोजन वितरण कार्य सम्पन्न ।

२०७७ कक्षा ११ को नयाँ र पुरानो पाठ्यक्रम सम्बन्धी अन्योलता अन्त्यका लागि देशभर दबाव निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन । देशका ४० जिल्लाबाट सर्वोच्च आदलतसमक्ष ज्ञापनपत्र पेश । जसको कारण तुरुन्त पाठ्यक्रम सम्बन्धी अन्योलताको अन्त्य ।

२०७७ सेवा र विकासका लागि युवा मार्फत् डडेलधुरामा युवामा सीप विकासका लागि सीप विकास केन्द्र प्रारम्भ । जसको माध्यमबाट युवाका लागि विभिन्न सीपमूलक प्रशिक्षण सञ्चालन ।

२०७७ माघ र फागुन महिनामा ७ वटै प्रदेशका दोस्रो प्रदेश अधिवेशन सम्पन्न ।

- परिषद्को लामो बहस् एवं दबाव पश्चात् पुनः नैतिक शिक्षा विभिन्न पाठ्यक्रममा लागू ।
- प्रत्येक वर्ष परिषद्को केन्द्रीय कार्यकारिणी समिति बैठक र राष्ट्रिय अधिवेशनबाट पारित शैक्षिक, आर्थिक एवं समसामयिक प्रस्तावहरू सम्बन्धित निकायलाई पेश ।
- देशको इतिहास, मौलिक संस्कृति, राष्ट्रिय पहिचान एवं सांस्कृतिक धरोहरहरूको संरक्षण एवं विकासका लागि निरन्तर बहस्, जागरण एवं वैचारिक आन्दोलन सञ्चालन ।

# विद्यार्थी परिषद्को २५ वर्षको यात्रा सबैका लागि प्रेरणा र आदर्श बनेको छ

*नारायणप्रसाद ढकाल*

राष्ट्र पुनःनिर्माणको आदर्श र समृद्ध लक्ष्य लिएर २५ वर्ष अगाडि स्थापना भएको एउटा सामाजिक विद्यार्थी संगठन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले आफ्नो बाल्यकाल र किशोर अवस्था पुरा गरी युवा अवस्थामा प्रवेश गरेको छ । तत्कालीन अवस्थामा दलगत राजनीतिको प्रभाव र प्रतिस्पर्धा चरम उत्कर्षमा थियो, स्वतन्त्र रूपमा एउटा विद्यार्थी संगठनको अस्तित्व र कार्यलाई स्वीकार गर्न आम जनसभालाई अप्ठ्यारो लाग्दथ्यो, समाजमा स्वतन्त्र नागरिक, स्वतन्त्र विद्यार्थी, स्वतन्त्र शिक्षक, स्वतन्त्र बुद्धिजीवी भन्दा पनि कुनै न कुनै राजनीतिक संगठनसँग आवद्ध भएका वा प्रभावित भएको अवस्था थियो स्वतन्त्र रूपमा राष्ट्र र राष्ट्रियता र देशको सांस्कृतिक पहिचान, नेपाली माटोको विचारलाई लिएर, असल व्यक्ति निर्माणको माध्यमबाट मात्र नेपाल राष्ट्रको समग्र पुनर्निर्माण सम्भव छ भन्ने विद्यार्थी परिषद्को विचार चिन्तनलाई प्रारम्भिक दिनमा सायद समाजले परीक्षा लिँदै गयो, विद्यार्थी परिषद्का कार्यकर्ताहरूले पनि परिश्रमका साथ परीक्षा पास गर्दै अगाडि बढे समाजले विस्तारै विद्यार्थी परिषद्को कार्य, विचार र उद्देश्यलाई साथ दिँदै गयो । त्यसैले विद्यार्थी परिषद्ले निरन्तर नयाँ नयाँ राष्ट्रिय दायित्वमा आयाम, गतिविधि, अभियान, विस्तार र गुणवत्ताको साथमा नयाँ उचाई प्राप्त गर्दै अगाडि बढ्यो, जसको फलस्वरूप आज विद्यार्थी परिषद्ले नेपालको सम्पूर्ण भूगोलमा आफ्नो विचारलाई आत्मसात गर्ने विद्यार्थी, शिक्षक र समाज तयार गऱ्यो नेपालको विचार अनि नेपाली महापुरूष पृथ्वीनारायण शाह, सिता, गौतमबुद्ध विद्यापति भानुभक्त, फाल्गुनन्द र अरनिको आदिलाई आफ्ना आदर्श मान्दै उनीहरूले दिएका विचार चिन्तनको आधारमा नेपालको सबैभन्दा विशाल र उत्कृष्ट सम्पूर्ण नेपालीहरूको आशा, भरोसा र विश्वास गरेको विद्यार्थी संगठन प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल नेपाल राष्ट्रको स्वर्णिम भविष्यको आधार बनेर आफ्ना विजयी पाइलाहरू अगाडि बढाइरहेको छ । कालिगण्डकी जस्तै शालिग्राम रूपी व्यक्ति निर्माण गरिरहेको छ, सगरमाथा र चन्दनले जस्तै आफ्नो स्थायित्व, उचाई र राष्ट्रिय कार्यको प्रवाहलाई बढाइरहेको छ ।

**शिक्षा, प्रशासन, न्यायालय, सुरक्षा नागरिक र समाज**

कुनै पनि राष्ट्र सफल हुनको लागि दलगत राजनीतिको नियन्त्रणबाट बाहिर हुन आवश्यक छ । त्यसका लागि समाज संगठित हुनु आवश्यक हुन्छ, नागरिक र समाज बलियो भएमा मात्र राजनीतिले पनि आवश्यक र सही दिशा लिन सक्दछ । केवल राजनीतिक पुनर्स्थापना र सत्ता परिवर्तनबाट समाज र राष्ट्रमा जनताको सर्वोपरि हित हुन सक्दैन । राष्ट्रका सबै निकायहरूमा राजनीतिक विचारबाट प्रभावित र नियन्त्रित व्यक्ति नभई राष्ट्रसेवा, इमान्दारिता, सबै नागरिकलाई आफ्नो परिवारको सदस्य र राष्ट्र प्रथम भन्ने भावना बोकेका व्यक्तिहरूको आवश्यकता हुने गर्दछ त्यो मात्र विद्यालय कलेज र विश्वविद्यालयले उत्पादन गर्ने विद्यार्थीबाट सम्भव छैन त्यसका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जस्तो राष्ट्र प्रथम विचारको आधारमा कार्य गर्ने शसक्त संगठनको आवश्यकता हुने गर्दछ । त्यसैले देशको वर्तमान परिस्थितिमा विद्यार्थी परिषद्, नेपालको लागि आवश्यक सान्दर्भिक र समयले माग गरेको संगठनको रूपमा अगाडि वढिरहेको छ ।

नेपालाको समग्र इतिहासदेखि वर्तमानसम्मलाई अध्ययन र विश्लेषण गर्दा हामी कहाँतिर चुक्यौं त भन्दा हामीले राजनीतिक परिवर्तन गर्ने क्रममा स्वदेशी विचारको चिन्तन र अध्ययन गरेनौं । नेपाली माटो सुहाँउदो यहाँको माटोको सुगन्ध आउने विचारमा ध्यान दिएनौं, सात समुन्द्र पारका विचारहरूलाई केही व्यक्तिहरूको स्वार्थ, इच्छा, आकांक्षा र अविवेकीपनका कारण हामीले नेपालमा प्रवेश गरायौं त्यसमा नेपालका उर्जावान् युवाशक्तिलाई लगायौं । दुरूपयोग गऱ्यौं राजनीतिक परिवर्तनका नाममा ठूला-ठूला नारा र भाषण गऱ्यौं । अशिक्षित र आर्थिक रूपमा विपन्न सपमाजलाई

विभिन्न टुक्रामा विभाजन गर्ने प्रयास गर्‍यौं विदशी व्यक्ति र विचारलाई जबरजस्ती नेपाली जनताको मस्तिष्कमा प्रवेश गराउने गलत र आपराधिक कार्य गर्‍यौं । केही क्षण रमाइलो गर्‍यौं, राष्ट्रियताका नाममा छिमेकीहरूलाई गाली गरेर आफू र आफ्नो गलत कार्य ढाक्ने कार्य गर्‍यौं तर आज घाम जस्तै छर्लङ्ग र पानीजस्तै निर्मल र खुल्ला आकाश जस्तै भएको छ ।

सबै नेपाली जनताहरूले बुझिसकेको छन्, अब विदेशी विचार, विदेशी महापुरुष विदेशी राजनीतिक दलहरू नेपाल र नेपालीको हितमा छैनन्, यिनीहरूले नेपालको अस्तित्व, संस्कृति र राष्ट्रियतालाई कमजोर बनाउने मात्र काम गरे भन्ने निष्कर्षमा नेपाली समाज पुगेको छ यो सबैको लागि अत्यन्तै महत्वपूर्ण उपलब्धि हो । लोकतन्त्रमा दलहरू हुन्छन्, प्रतिस्पर्धा पनि हुन्छ, सत्ताहरू परिवर्तन पनि हुन्छन् त्यो लोकतन्त्रको सुन्दरता पनि हो तर लोकतन्त्रमा प्रतिस्पर्धा गर्ने दलहरूको विचार स्वदेशी हुनुपर्दछ, महापुरुष स्वदेशी हुनुपर्दछ, उद्देश्य स्वदेशको लागि हुनुपर्दछ । यो विद्यार्थी परिषद्को चिन्तन हो, आशा छ । आगामी दिनहरूममा त्यस दिशामा नेपालका राजनीतिक दल र राजनीतिमा इच्छुक युवाहरूले चिन्तन गर्नेछन् र नेपाल र नेपालीका लागि राजनीति गर्नेछन्, रजत जयन्तीको अवसरमा सबैलाई त्यस दिशामा चिन्तन र कार्य गर्ने शक्ति नेपाल आमाबाट प्राप्त होस् भन्ने शुभ कामाना पनि दिन चाहान्छौं ।

राष्ट्रले हामीलाई के दिन्छ सोच्नेवाला नभई हामी राष्ट्रलाई के दिन सक्दछौं ? भन्ने चिन्तनमा आधारित र यस चिन्तनलाई देशभरका विद्यार्थी शक्तिमा संस्कारित र दीक्षित गराउने कार्यमा विद्यार्थी परिषद्ले आफ्नो २५ वर्षको समय पूर्ण गरेको छ । आज देशभरको वातावरण र युवाहरूको अवस्थालाई अध्ययन गर्दा हामी एक सकारात्मक वातावरणमा देश अगाडि बढिरहेको पाउँछौं । क्याम्पस र विश्वविद्यालयमा अध्ययनरत युवा विद्यार्थी देशका लागि केही राम्रो गर्न चाहन्छन् । युवाको सिर्जनशीलता र उद्यमशीलताको प्रयोग आज देशका गाँउ गाँउमा हामी देख्न सक्दछौं । देशलाई आत्मनिर्भर बनाउन विदेशमा अनुभव बटुलेका युवाहरू स्वदेश फर्केर आफ्नो अनुभवलाई नेपालको उन्नती र प्रगतिमा सदुपयोग गर्न चाहन्छन् । विभिन्न स्थानमा कार्य प्रारम्भ पनि गरिसकेका छन्, सबै नेपाली नागरिकहरू स्वाभिमान, आत्मगौरव र समृद्ध देशमा स्वसंस्कृतिको आत्मसात गर्दै उच्च सम्मानका साथ अगाडि बढ्न चाहन्छन् ।

समस्त युवा जोशमा मिलेर उठौं होसमा अमूल्य हाम्रो जिन्दगी सुम्पिदिऊँ यो देशमा जस्ता राष्ट्रभक्तिले ओतप्रोत गीत र संगीतको माध्यमबाट पनि आत्मजागरुक बनाइरहेको छ । साहसी स्वावलम्बी भै सु-सभ्य व्यक्ति बन्ने छौं । त्यसैले हामी सबैको सम्पूर्ण प्रायस सोही दिशामा अग्रसर हुनुपर्दछ । यही आजको राष्ट्रिय आवश्यकता पनि हो ।

अन्त्यमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको अत्यन्तै महत्वपूर्ण, चुनौतिपूर्ण, शान्तिपूर्ण र सफलतापूर्ण २५ वर्षको राष्ट्रिय यात्रामा स्थापनाको समयदेखि वर्तमान सम्म अनेकौं कार्यकर्ताहरूले आफ्नो जीवनको महत्वपूर्ण समय दिएर विद्यार्थी परिषद्को राष्ट्रिय कार्यलाई आत्मसात गरी निःस्वार्थ बुद्धिले राष्ट्रप्रथमको भावनाले कार्य गर्नुभयो उहाँहरूलाई स्मरण र धेरै अभिन्नदन गर्दछु । विद्यार्थी परिषद्को कार्यलाई विश्वास गरेर निरन्तर सहयोग गर्ने सम्पूर्ण देशभरका शुभचिन्तक विद्वान्, सहयोगी हातहरूलाई अभिनन्दन सम्पूर्ण समाज जसले विद्यार्थी परिषद्को कार्यलाई स्वीकार गरेर आत्मसाथ गरेर नेपालको एक उत्कृष्ट र सबैलाई आशा र भरोसा गर्न योग्य बनायो यस समाज र राष्ट्रका सम्पूर्ण नागरिकहरूलाई हामी हृदयको गहिराईबाट अभिनन्दन गर्दछौं र विगतमा जसरी साथ सहयोग र आशिर्वाद प्राप्त भयो आगामी समय हामी सबैको राष्ट्रिय आवश्यकता र जिम्मेवारीको दृष्टिले थप महत्वपूर्ण हुनेछ, विद्यार्थी परिषद् युवा अवस्थामा प्रवेश गरेको छ, नेपाल आमाको असल, योग्य, कुशल र दूरदृष्टिले युक्त भएको छोराको रूपमा विद्यार्थी परिषद्ले आफ्नो राष्ट्रिय भूमिमा निर्वहन गर्न सक्ने शक्ति भगवान पशुपतिनाथ, मुक्तिनाथ, गौतमबुद्ध, माता पाथिभरा, पृथ्वी नारायण शाह, माता सीता, वीर बलभद्र, वीर अमरसिंह, सगरमाथाबाट र सम्पूर्ण नेपाली समाजबाट विद्यार्थी परिषद्लाई प्राप्त होस् यिनै आशा, विश्वास र अपेक्षाका साथ रजत जयन्तीको सम्पूर्णमा हार्दिक मंगलमय दिव्य शुभकामना । नेपाल आमाको जय !

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका राष्ट्रिय संगठन सचिव हुनुहुन्छ ।)***

# देशको वर्तमान अवस्था र विद्यार्थी परिषद्को भूमिका

*प्रा.डा. काशीनाथ न्यौपाने*

**२५ औं वर्षको शुभकामना**

प्राज्ञिक विद्यार्थी परिषद्को २५ औं वर्ष पूर्ण भएको छ, २५ वर्ष सम्पूर्ति वर्ष रहेको छ, साथै रजत वर्ष विशेष अधिवेशन पनि हुँदैछ । मलाई अत्यन्त हर्ष लागेको छ र समग्र देशव्यापीरूपमा परिषद्मा आवद्ध रहनुहुने विद्यार्थी भाइवहिनी, शुभचिन्तकहरू, अभिभावक वर्ग, कार्यकर्ता वर्ग र नेतृत्व वर्ग सबैमा म हार्दिक शुभकामना व्यक्त गर्दछु । सबैको जय होस् । सबैको कल्याण होस् । कसैलाई पनि कुनै किसिमको रोग नलागोस् र कसैलाई मनमा खिन्न नहोस् भन्ने शुभकामना व्यक्त गर्दछु । प्रस्तुत विद्यार्थी परिषद्को लक्ष्य अत्यन्त महत्वपूर्ण छ । यो सामान्य विद्यार्थीहरूको संगठन बिलकुल होइन । यो संगठन चाहिँ एउटा परिवार जस्तो संगठन हो, जहाँ विद्यार्थी र अध्यापक पनि सँगै हुनुहुन्छ र घर गृहस्थीका मानिस पनि हुनुहुन्छ । अर्थात् अभिभावक पनि त्यहाँ हुनुहुन्छ, गुरु पनि हुनुहुन्छ, शिष्य पनि हुनुहुन्छ । सबैजना सँगै बसेर चिन्तन मनन गर्ने यो थलोको रूपमा विद्यार्थी परिषद् रहेको छ । शुभकर्म गर्नका लागि यसरी नै सबै व्यक्तिहरू एकै ठाउँमा बसेर अत्यन्त सौहार्द्रपूर्ण दृष्टिले, सौहार्द्र वातावरणमा चिन्तन मनन गर्न र विशेष राष्ट्रको कल्याण तथा जनताको कल्याणको लागि सबै व्यक्तिहरूले आफ्नो भावना व्यक्त गर्ने एउटा चौतारी विद्यार्थी परिषद् होस् । यसरी यो विकास गरिएको हो ।

**नेपाल पुरानो देश**

नेपाल कहिलेदेखि नेपाल हो भन्ने कुरा कसैले भन्न सक्दैन किनभने हाम्रा जति पनि उपलब्ध साहित्य छन्, तिनीहरूमा सबै भन्दा पुरानो साहित्यमा पनि नेपालको उल्लेख छ । अथर्ववेदमा, महाभारतमा पनि नेपालको उल्लेख छ । त्यसले के देखाउँछ भने नेपाल कहिलेदेखि थियो भन्ने सामान्यतः पाश्चात्यहरूले लेख्ने इतिहासमा समेट्न सकिँदैन अर्थात् यो चाहिँ धेरै पुरानो देश हो । बुद्धको जन्म यहीँ भयो र यहाँका हिमालयहरू कहिलेदेखि छन् भनेर कसैले बताउन सक्दैनन् । हाम्रा हिमालयहरूलाई वैज्ञानिकहरूले नयाँ हिमालय हुन् पुरानो होइन भन्छन् जसको अर्थ बीस पच्चीस लाख वर्ष पुरानो हो भन्नु हो । बीस पच्चीस लाख वर्ष पुरानो हिमालयलाई पनि भर्खरका हिमालय भनिन्छ त्यसैले यो देश त्यो हिमालयसंगै भएको देश हो र इतिहास जब लेखियो, ऋग्वेद अथवा यजुर्वेद, अथर्ववेद, सामवेद आदि प्राच्य ग्रन्थको जब रचना भयो, त्यो बेलापनि यो देश थियो ।

**आर्यहरूको आदि देश**

केही पाश्चात्य व्यक्तिहरूको संस्कारले संस्कारित भएका केही व्यक्तिहरूले आर्यहरू बाहिरबाट आएका हुन् । भारतवर्षका होइनन् । मध्य एसियाबाट आएका हुन् भनेर भन्नुभयो । यो धारणा नितान्त गलत धारणा हो र भ्रमित गर्ने खालको धारणा हो । डा. सम्पूर्णानन्द भन्ने ठूलो विद्वान् हुनुहुन्थ्यो । भारत उत्तर प्रदेशको मुख्यमन्त्री पनि हुनुहुन्थ्यो । उहाँले एउटा 'आर्यो का आदि देश' नामक पुस्तक पनि लेख्नुभएको छ । उहाँले पनि यो भावना त्यहाँ व्यक्त गरेर के भन्नुभएको थियो भने आर्यहरू कहीं बाहिरबाट आएका होइनन् र आर्यहरू यही देशका मूलवासी हुन् भन्नुभएको छ । यो जुन हिमालय क्षेत्रको दक्षिणतिरको भूभाग छ, त्यो अत्यन्तै महत्वपूर्ण छ र त्यहाँ नदीहरू पनि महत्वपूर्ण छन् । जहाँबाट सुन निस्कन्छ ।

**सुन फल्ने खोला**

अब कृष्णगण्डकीको कुरा गर्ने हो भने सुनले भरिएको छ । अहिले पनि कृष्णगण्डकीको किनारमा सुन चालिरहेका मानिसहरू हुन्छन् । प्रतिदिन सुन निकालेर दुई चार सय कमाउने मान्छेहरूको भिड अहिले पनि हामी कृष्णगण्डकीमा देख्न सक्छौं । शालिग्रामभित्र सुन भएको हुनाले अहिले पनि शालिग्राम फोरेर सुन निकाल्ने  गरिन्छ । त्यसो हुनाले यहाँ सुनले भरिएका नदीहरू पनि छन् । अहिले हाम्रो देश नेपालमा चाहिँ बोतलमा भरिएका टेप वाटरलाई मिनिरल वाटर भन्ने चलन छ । त्यो मिनिरल वाटर होइन टेप वाटर हो । त्यो सामान्य पानी हो । वस्तुत हाम्रा यी नदीहरू पूर्ण रूपमा मिनिरलले भरिएका छन् ।

**महत्वपूर्ण भूभाग**

यो अत्यन्त महत्वपूर्ण भूभाग हो । यस्तो महत्वपूर्ण भूभाग संसारमा कतै पनि छैन । म संसारका धेरै देशहरूमा आउने जाने गर्छु तर यस देशमा जसरी हिमाल पनि एकै ठाउँमा छ, पहाड पनि छ, तराई पनि छ, उर्वरा भूमि पनि छ, तथा नदीहरू पनि छन्, वन जङ्गल पनि छन्, यस्तो अरु कतै पनि छैन । सबै ६ वटा ऋतु भएको देश एकमात्र नेपाल हो । भारतमा पनि दक्षिण भारततिर हल्का चिसो अनि सबै गर्मी गरी दुइवटा मात्र ऋतु छन् । मजाकमा म त्यहाँ तीनवटा मौसम छन् भन्छु : हट, हटर र हटेस्ट । त्यहाँ दुइवटा ऋतु पनि मुस्किलले हुन्छन् । नेपाल मात्र यस्तो ठाउँ हो जहाँ ६ वटा ऋतुहरू आज पनि छन् ।

**हिन्दूहरूको आदि देश**

यो हिन्दुहरूको देश हो । हिन्दुहरू भन्दा हामी भ्रममा पर्नु हुँदैन । हिन्दु र सनातन धर्मावलम्बी एकै हुन् । सनातनका तीन परम्परा छन् ; जैन परम्परा, बौद्ध परम्परा र हिन्दु

परम्परा । सनातनका यी तीन परम्परामा बौद्ध परम्परा भगवान् बुद्धको उपदेशबाट आरम्भ भएको हो । यद्यपि बुद्धको उपदेश त्यो भन्दा पहिले पनि उपलब्ध छन् । ती उपदेशलाई बुद्धले व्यापकता दिनुभयो । अर्को जैन परम्परा भगवान् महावीर स्वामीद्वारा शुरु गरिएको परम्परा हो । त्यो भन्दा पनि पहिला जैनका २४ तीर्थंकरहरू हुनुहुन्छ । २४ तीर्थंकरहरू मध्ये सबभन्दा पहिलो ऋषभदेव हुनुहुन्छ जसको कथा श्रीमद्भागवत पुराणमा पनि आउँछ र ऋषभदेव पछि अन्तिममा महावीर स्वामी आउनुहुन्छ। यसरी २४ तीर्थंकरहरू हुनुहुन्छ । त्यो चाहिँ सनातनको अर्को परम्परा हो । तेस्रो परम्परा वैदिक वा हिन्दु परम्परा हो । बौद्ध परम्परमा भएका कुरा जैन परम्परामा पनि छन् । त्यसैगरी जैन परम्परामा भएका कुरा बौद्ध र वैदिकमा पनि छन् । वैदिकमा भएका जैन र बौद्धमा र बौद्धमा भएका जैन र वैदिकमा अर्थात् यी परम्परा एक आपसमा गाँसिएका छन् । एउटै संस्कृतिमा हुर्किएका यी तीन परम्पराहरू भएको देश पनि नेपाल मात्रै हो । जहाँ बुद्ध जस्तो व्यक्तित्व तथा अवतारको उत्पत्ति भयो र तुषित लोकबाट आउनु भएको भनेर महायान परम्परामा हामी भन्छौं ।

**बुद्धको देश**

यो बुद्धको देश हो, हिमालयको देश यो, कृष्णगण्डकीको देश यो, सीताको देश यो । यस्तो देशको धर्म संस्कृति परम्परा हाम्रो परम्परा हो । यसलाई अहिले केही व्यक्तिहरूले चुनौति दिइरहेका छन् । यहाँ इसाइयतलाई बढावा दिने मान्छेहरू पनि छन् । यहाँ मुस्लिम परम्परालाई बढावा दिने मान्छेहरू पनि छन् । यो चाहिँ वस्तुतः आर्यहरूको देश हो जुन तीनवटा परम्परालाई हुर्किन, बढ्न, खेल्न र त्यी परम्पराहरूको संरक्षण गर्न बनेको हो । विश्वको नक्सामा हेर्दा हाम्रो देशको उत्तरतिर चीन विशाल जनशक्ति भएको देश र उता दक्षिण भारत जुन यद्यपि सांस्कृतिक रूपमा हाम्रो समान छ । तर जनसङ्ख्या र भौगोलिक दृष्टि र सोचको दृष्टिले नितान्त भिन्न छ ।

**दैवी इच्छाले रहेको देश**

पूरै भारतवर्षमा भारत जसको अँग्रेजहरूले अनेकौं टुक्रा बनाए त्यो भन्दा पहिले मुगलहरूले बसोबास गरे । आक्रमण गरे । त्यो देशमा त्यति उथलपुथल भए । पछि एउटा युनियन बन्यो र धेरै प्रान्त बने । यति लामो इतिहासको कालखण्डमा त्यस्तो अवस्थामा पनि यो नेपाल बचिरह्यो । यसको पछाडि सामान्य व्यक्तिको सोच मात्र नभएर दैवी इच्छा, भगवानको कृपा, साधु, ऋषि, विद्वान्, तपस्वीहरूको कृपा र उहाँहरूको इच्छा रहेको छ । त्यसैले यदि कसैले यो देशप्रति नराम्रा भावनाहरू राख्छ भने उसको पतन हुन्छ किनकि यो देश सामान्य मानवीय कल्पनाले, सामान्य मानवीय धरातलमा अथवा मानवीय प्रयासले नबचेको भएर दैविक इच्छा र सन्तहरूको इच्छाले यो देश बनेको हो र रहेको छ । यो देश जस्तो महत्वपूर्ण देश संसारमा छ भन्ने हामी कल्पना गर्न सक्दैनौं ।

**रामायणको सभ्यता**

जुन सभ्यता हामीसंग छ । जुन परम्परा हामीसँग छ । जस्तो खालको सोच समज छ । जस्ता अवतारहरू यहाँ भए यो अत्यन्त अद्भुत छ । यही देशभित्र वल्मीकिको आश्रम छ । जहाँ रामायण लेखियो । त्रिवेणीमा अहिले पनि छ । म सबैलाई त्यहाँ गएर हेर्न आह्वान गर्छु । त्यो कृत्रिम छैन ।

**जडभरतको तपःस्थली**

त्यहाँको तमसा नदीबारे रामायणमा भनिएको छ र वाल्मीकिलाई तमसा तटको कोकिल । तमसा नदीको तटमा बस्ने कोइलीले रामायणरूपी गीतको, सङ्गीतको गान गर्नु भएको छ त्यो कोकिल वाल्मीकि हो । वाल्मीकिको आश्रममा सत्य युगमा निर्माण गरिएका चिज जस्तै ढुङ्गा, घाटहरू अझै पनि छन् । त्यहाँको तमसा नदीलाई तमसा भनेर किन भनिएको हो भने त्यस नदीको तहमा अलिकति बालुवा छ जुन ताँवो र कालो मिसिँदाको रङ्ग जस्तो छ र पानी पनि विचित्र छ । राम्रो सानो नदी जहाँ सामान्य मान्छेहरू नुहाउन सक्छन् । त्यस्तो पवित्र नदी त्यहाँ बगिरहेको छ र नारायणीमा गएर मिसिन्छ । गजेन्द्र मोक्ष भएको ठाउँ पनि त्यहाँ नजिकै छ । बुद्ध जन्मिएको ठाउँ, बगेर आउने कृष्णगण्डकी, देवघाट, इत्यादि यो क्षेत्रमा विभिन्न महत्वपूर्ण ठाउँहरू छन् । यता पाथीभरादेखि पश्चिम पूर्णागिरीसम्म पवित्र राम्रा क्षेत्रहरू छन् । कृष्णगण्डकी तटमा ऋषि, महाऋषि जडभरतले तपस्या गरेको ठाउँ । उनले मुक्ति पाएको ठाउँ भनी श्रीमद्भागवतमा पनि उल्लेख गरिएको छ । यस्तो महत्वपूर्ण देशमा हामीले हिन्दुत्वको र हाम्रो धर्म संस्कृतिको संरक्षण गर्नु पर्छ । यस्तो जन्मजात संस्कार सम्पन्न देशमा हामीलाई धर्म सिकाउन, विद्या सिकाउन बाहिरबाट मान्छेहरू आएको देख्दा अत्यन्तै पीडा हुन्छ ।

**जडीबुटीको देश**

हामीले हाम्रो परम्परा, धर्म संस्कृति बचाएर राख्ने पद्धति जारी राख्नुपर्छ । आयुर्वेद तथा जडिबुटिको पद्धति हामीसँग छ । एउटा एउटा जडिबुटि खाएर वर्ष दिन केहि नखाइकन बस्न सक्ने देश हो यो । खप्तड स्वामी यहीँ हुनुहुन्थ्यो जसले एउटा जडिबुटि खाएर वर्ष दिन केहि खानु हुन्थेन । त्यस्तो जडिबुटि भएको देश हो यो । एउटा जडिबुटिले सबै रोग नष्ट बनाउन सक्छ । यस्तो देशमा बस्नु भनेको अद्भुत हो ।

**विद्यार्थी परिषद् किन ?**

यो देशमा हाम्रा धर्म, संस्कृति, परम्परा, शिक्षा, हाम्रा पुर्खाहरूले आर्जन गरेको विद्यालाई संरक्षण गरौं भन्नका लागि नै विद्यार्थी परिषद्को स्थापना भएको हो । यो काम विद्यार्थी परिषद्ले गर्नुपर्छ । संस्कार सम्पन्न हुनुपर्छ । अहिले

देशमा सबैभन्दा ठूलो समस्या के छ भन्दा हाम्रो आचरण बिग्रियो । बुद्ध जन्मिएको देशमा हामी जाँड रक्सी खान्छौं, भैँसी काट्छौं त्यो पनि भारतको उत्तर प्रदेश, हरियाणा, पंजाब, मध्य प्रदेशबाट मर्न लागेका भैँसीलाई ट्रकमा खाँदेर ल्याउने र काठमाडौं ल्याइ खुवाउने गर्छौं । यो देश बुचरखानामा परिणत भएको छ । यस हिंसाबाट यो देशलाई मुक्त गर्नुपर्छ । हिंसामा लागेको यस देशमा कसरी शान्ति सम्भव हुन्छ ?

**अहिंसाको पालना**

जबसम्म हामी काटमार बन्द गर्दैनौँ तबसम्म देशमा शान्तिको कुनै सम्भावना छैन । त्यसो हुनाले विद्यार्थी परिषद्ले चेतना जगाएर देशलाई बताउनु पऱ्यो कि हामी बुद्धको देशका मान्छे हौँ । हामीले भैँसी, गाई, राँगो, बोको, कुखुरा काट्नु हुँदैन । नेपाललाई हिंसारहित देश बनाउनका लागि विद्यार्थी परिषद्ले काम गर्नुपर्छ । यस्तो हिन्दु देश बुद्धको देश, सीताको देश, भृकुटिको देशमा जँडियाहरूको भारीभर्कम भीड लागेको छ र बोतल नै बोतलको आवाज र व्यभिचारमा मान्छेहरूलाई लगाउने जस्तो दुखद् कार्य गरिन्छ । काठमाडौँको ठमेल पनि व्यभिचारको खाल्डोमा परिणत भएको छ । कतै कुरा गर्न पनि लाजमर्दो भइसकेको छ । यसलाई पनि हामीले बदल्नु पर्छ ।

**विदेशीका लागि नियम बनाऔँ**

त्यसरी नै विदेशीहरू यहाँ आउछन् र आउनुपर्छ । यो देशमा संसारका मान्छेहरू बोलाउनुपर्छ तर एउटा आचरण र नियम बनाएर त्यही आचरणमा रहनु है भनेर हामीले नियम बनाउनु पऱ्यो र त्यस अतिरिक्त हाम्रो देशको सोच समझ हाम्रै देशको अनुरुप हुनुपर्छ । त्यसमा पनि विद्यार्थी परिषद्ले काम गनुपर्छ । शिक्षा हेर्नुस् अब हामी वेद पढ्ने मान्छे हौँ । बुद्धका शिक्षा पढ्ने मान्छे हौँ । महावीर स्वामीका उपदेशहरू पढ्ने मान्छे हौँ । त्यस्तो देशका मान्छेहरू वाल्मीकि रामायण, महाभारत पढ्ने मान्छेहरू कहाँ पुग्यौँ ? मेकालेलाई कति गाली गर्छन् मान्छेहरू, मेकालेलाई गाली गर्नु पर्दैन । मेकालेले त्यस्तो नराम्रो कुरा गरेको होइन । आज हामी जे काम गर्दै छौँ मेकालेको भन्दा लाख गुना खराब गर्दैछौँ । हामीले स्कूलमा जे पढाउछौँ विद्यार्थीहरूलाई विश्वविद्यालयमा जे पढाउँदै छौँ त्यो के हाम्रो देशको अनुरुप छ ? के त्यस शिक्षाले हामीलाई अगाडि बढाउँछ ? त्यो हामीले पुनर्विचार गर्नुपर्छ ।

**माफियाहरूको हातमा शिक्षा र स्वास्थ्य**

यो देशमा शिक्षा र स्वास्थ्य व्यवसायमा परिणत भए । माफियाहरूको हातमा शिक्षा पनि गयो, स्वास्थ्य पनि गयो । मेडिकल शिक्षा झन् धेरै माफियाको हातमा पैसा कमाउनेमा गयो । शिक्षाको एउटा स्कुल खोल्यो, माफियागिरी गऱ्यो । केहि राम्रा मान्छेहरू पनि छन् त्यसमा । सबैलाई मुछ्न हुँदैन तर अधिकतम मान्छेहरू चाहिँ खराब प्रवृत्तिका मान्छेहरू हुनाले खराब हुन जान्छ । शिक्षामा हामीले ठूलो विचार विमर्श गरेर सुधार गर्नुपर्छ । यसो भयो भने धेरै कुराहरू सुध्रिन्छ ।

आर्थिकरूपमा हामी कुनै बेला युरोप अमेरिकालाई पनि दान दिन सक्ने थियौँ । त्यसको पनि इतिहास धेरै छ तर आज हामी भिखमङ्गाको रूपमा खडा भएका छौँ । हामीसँग नभएर होइन । हामीले प्रवृत्ति खराब गरेर हाम्रो सम्पत्ति नचिनेर त्यस्तो भएको हो । त्यो सम्पत्ति पनि हामीले चिन्नुपर्छ । अहिले ६० लाखभन्दा धेरै मान्छेहरू काम गर्नको लागि मलेसिया जस्ता देश, खाडि मुलुकहरूमा गएका छन् । ती मान्छेहरूलाई कति दुःख छ । प्रतिदिन १०–२० जनाको लास काठमाडौँ आउने गर्छ त्यहाँबाट बाकसमा बन्द भएर । त्यो स्थिति अन्त्य गर्नुपर्छ र यहीँ रोजगारीको सिर्जना गर्नुपर्छ ।

**अश्लील फिल्म र फोटाहरूलाई रोक्ने**

हाम्रा चेलिबेटीहरूको बेचबिखन पनि यो देशमा भएको छ । यहाँभन्दा लाजमर्दो यो हिन्दु देशलाई के हुन सक्छ ? जुन देशका चेलीबेटीहरूको बेचबिखन, बलात्कार र हत्या हुन्छ । त्यो भन्दा दुःखको कुरा हाम्रो इतिहासमा अझै पनि छैन । अहिलेका तथाकथित फिल्महरू जुन बनेका छन् जसले उत्तेजित खबर तथा फोटोहरू छाप्ने र पत्रपत्रिकामा नचाहिने कुरा छाप्ने, मलेसियामा फलानो हिरो र फलानो हिरोइन यसरी नाँच्दै र अङ्ग प्रर्दशन गर्दै छन् भनेर सबै मिडियाले छाप्ने । त्यसको प्रभाव बच्चाहरूदेखि लिएर ठूलासम्म पर्ने । त्यसले चाहिँ बलात्कारदेखि लिएर दुनियाभरका यी घटनाहरू हुन थाले । यी सबै पनि हामीले रोक्नुपर्छ । विद्यार्थी परिषद्को यो पनि काम हो ।

**आर्थिक स्थिति**

यी र इत्यादि धेरै काम छन् र आर्थिकरूपमा यो देश धेरै तल गएको छ । त्यसलाई हामीले हाम्रै स्रोत-साधनबाट बनाउनु पर्छ र वैदेशिक ऋण लिएर यो देशलाई बन्धक बनाउनु हुँदैन । वैदेशिक ऋण पूर्णरूपमा यो देशले बन्द गर्नुपर्छ । वैदेशिक सहायता पूर्णरूपमा बन्द गर्नुपर्छ । आर्थिक ऋण लिने काम बन्द गरेर यो देशलाई हामीले फेरी नयाँ तरिकाबाट सोचेर अगाडि बढाउनु पर्छ । त्यसैको लागि यो विद्यार्थी परिषद्को गठन गरिएको हो । यो विद्यार्थी परिषद् कुनै राजनीतिक संस्था नभएर विशुद्ध प्राज्ञिक र राष्ट्रिय संस्था भएको हुनाले यसले त्यही अनुरूप कार्यक्रम गरिरहेको छ र अगामी दिनमा पनि अझ सशक्तरूपमा नेपालको समृद्धिका लागि निरन्तर परिषद् अगाडि बढिरहोस् । यसको २५ औँ वार्षिक उत्सव सफल होस् र साथ-साथै रजत वर्ष पनि पूर्णरूपमा सफल होस् । हार्दिक शुभकामना सहित बधाई दिन चाहन्छु ।

***लेखक परिषद्का संस्थापक अध्यक्ष हुनुहुन्छ । हाल नेपाल संस्कृत विश्वविद्यालय बौद्धदर्शन विषयका प्राध्यापक हुनुहुन्छ ।***

# ज्ञानको तरेलीमा बाँचेका हामी

***प्रा.डा. विद्यानाथ कोइराला***

**जान्ने को ?**

सनातनी पुर्खाले भने वायुमा अग्नि छ । वरुणको नाभीमा अग्नि छ। आकाशमा अग्नि छ। पर्वतमा अग्नि छ। यजुर्वेदको १३/४२ ले त्यसै भन्छ। उनको भनाइलाई अहिलेको विज्ञतासँग जोडौं । वायु भनेको हावा हो । हावाबाट बिजुली निकाल्ने चलन युरोपमा जताततै छ । बरुण भनेको पानीको अंश हो । त्यसमा सूर्यको तेज मिसिएको हुन्छ । अहिले जल विद्युत् निकाल्ने भनेको त्यही हो । जलमा भएको तेज निकाल्ने भनेको । उनले आकाशमा अग्नि छ भने । आकाशको अग्नि भनेको चट्याङ्गको उर्जा हुनसक्छ । रुसको निश्चित ठाउँमा चट्याङ्ग धेरै पर्छ । तर त्यहाँ आकाशको अग्नि दोहन गरेर कुनै काम गरिएको जानकारी छैन । पर्वतमा अग्नि छ भने । त्यो अग्नि भनेको जमीन मुनिका ताप हो । ग्यासको रूपमा आएको अग्निलाई बाल्न सम्म प्रयोग गरिएको देखिन्छ । अन्ततः पुर्खाले सूर्यलाई अग्नि भने । बाह्र सूर्य । त्यो भनेको बाह्र महिनाको सूर्य हो । त्यो सूर्यबाट सौर्य उर्जाको चलन बढ्न थालेको छ । यहीँनेर प्रश्न गरौं जान्ने को हो ? अहिलेका हामी ? हिजोका गोठाले युगमा भएका द्रष्टा ? श्रष्टा ? अरु कोही ?

सामवेद (१/१/१) मा पुर्खाले भने अग्नि सर्वव्यापक छ। त्यसैले पदार्थ दिन्छ। पदार्थ भनेको भोगको साधन हो । यसको अर्को अर्थ हो - उर्जाबाट पदार्थ बन्छ । अन्तमा उर्जामा नै पदार्थको अन्त्य हुन्छ । त्यसैलाई पुर्खाले नाम दिए -उर्जा भनेको ब्रह्म हो। परमात्मा हो। सूर्य हो। शून्य हो। हिरण्यगर्भ हो। जीवको शरीरमा हुने उर्जा हो। बोली चालीको भाषामा आत्मा हो। उनले यो पनि भने कि विद्याले ब्रह्म चिनाउँछ। अविद्याले पदार्थ चिनाउँछ । चलनचल्तीको शब्दमा भौतिकवाद भनेको पदार्थ चिन्तन हो । अध्यात्मवाद भनेको उर्जा चिन्तन हो । अहिलेका हामी कोही आफूलाई भौतिकवादी हौं भन्छौं। कोही अध्यात्मवादी हौं भन्छौं। तर पुर्खाले भने- विद्या र अविद्याको कित्ताकाटे बुद्धि बेकामे हो (यजुर्वेद, ४०/१३)। यहीँ प्रश्न सोधौं-कित्ताकाट गर्ने हामी जान्ने कि कित्ताहरूमा मेलजोल गराउने पुर्खा जान्ने ? पदार्थबाट उर्जा बन्छ भन्ने मार्क्स र मार्क्सवादीहरू जान्ने कि हाम्रा गोठाले पुर्खा जान्ने ? पदार्थ र उर्जाको सहअस्तित्व बुझेका पुर्खा जान्ने कि ? शरीर मर्दा सबै सकिन्छ भन्ने मार्क्स र मार्क्सवादीहरू जान्ने ?

बहर तथा बोका सुमर्ने तरीका अथर्ववेदमा छ (३/९/२)। त्यही वेदको ३/१७/२ तथा ३ मा हलो, जुवा, फाली आदिको सीप छ । प्रविधि छ । अहिलेका अनुसन्धातालाई सोधेमा उनीहरूको शोधको निचोड हुन्छ -परम्पराबाट चलिआएको कुरा हो । यहीँ प्रश्न गरौं- जान्यो कसले ? त्यो सीपलाई संस्थागत गऱ्यो कसले ? निरन्तरता दियो कसले ? अहिलेका दीगो विकास र संस्थागत विकास भन्ने योजनाविदहरू जान्ने कि ? ती गोठाले युगका व्यक्तिहरू जान्ने ?

सामवेद पूरै गीति छ। नवीन छन्दहरू छन्। ताल छन्। रियाज छन्। त्यहीँ विज्ञान छ (२१/९;३०/९;३६/७)। सँगीत छ (१२/३) । मन्त्र शक्तिको चर्चा छ (४/६; ६/७/८)। औषधिसम्बन्धी ज्ञान छ (१४/२)। अहिले हामीसँग सँगीतकार, गीतकार, साहित्यकार, वैज्ञानिक, तान्त्रिक, मान्त्रिक अनेकन छन् । ती सबैको अलग विधाको ज्ञान जोड्दा पनि सामवेद भारी हुन्छ । यहीँ प्रश्न गरौं जान्ने को हो ?

पुर्खाले (यजुर्वेद ३०/१०) मा भने प्रश्न सोध्न जान्ने शिक्षक तथा विद्यार्थीले मात्र शिक्षा प्राप्त गर्न सक्छन् । ऋग्वेदको दशौं मण्डलमा यम र यमीको संवाद छ। यस्ता संवादहरू ठाउँ ठाउँमा छन् । ऋग्वेद तथा यजुर्वेदको यी कुराहरूलाई पाउलेफ्रेरेको शिक्षण पद्धतिसँग जोडदा नवीनता पाइएला र ? विस्तार भने पाइएला । सिर्जना पाइएला र ? जोडजाड भने पाइएला । त्यसो हो भने जान्ने को हो ?

मन नै सुखको कारक । मन नै दुःखको कारक । अहिलेका सन्तहरूको भनाइ यही हो । यो भनाइको मुहान हेरौं । यजुर्वेद भन्छ, - जीवात्माको माध्यम मन हो (यजुर्वेद, ३४/१; ३४/६) । पदार्थमा जोडे पनि हुने । उर्जामा जोडे पनि हुने । सन्तुलनमा राखे पनि

हुने । अहिलेका गुरुका उपदेशमा के छ त ? नवीनता ? व्यावहारिकता ? सहजता ? वा अन्य कुनै कुरा ? यदि छ भने त्यो त सबैले अपनाउनु पर्ने हो । किन त्यसो भइरहेछ ? के अहिलेका मान्छेहरू नै जान्ने हुन त ?

**निरक्षरको ज्ञान जान्नेसँग छ र ?**

पानी घट्टेले डुँड बनायो । पानी बगाउने नहर त्यही हो उसको । कति क्यूसेक पानी छ त्यसमा उ जान्दैन । एक डुँड पानी छ । उ त्यही जान्दछ । कति गतिमा पानी बगेको छ उ भन्दैन । त्यो बहाब कति माथिबाट खसाउनुपर्छ भन्ने उ जान्दछ । खसेको पानी घट्टको मदानीको पोरामा लाग्छ । घट्ट घुम्छ । उसले जान्ने त्यही हो । कति अश्व शक्तिको घुमाइ हो उ जान्दैन । तर घट्ट कति जोडले घुमाउनुपर्छ भनी उ जान्दछ । घट्टमा मकै कसरी खसाउने भन्ने कुरा उसलाई थाहा छ । तर कति सेकेण्डमा मकै खस्छ र कति गेडा खस्छ भन्ने उसलाई थाहा छैन । मधेसको लोकबोलीमा भन्ने हो भने घट्टेलाई आँप खान आउँछ । अहिलेको इन्जिनियरलाई आँपको पात गन्न आउँछ । अर्थात् इन्जिनियर घट्ट बनाउन जान्दैन । घट्टे इन्जिनियरको भाषा जान्दैन ।

यसरी हेर्दा ढिकीको कथा पनि त्यही हो । जाँतोको कथा पनि त्यही हो । ठेकी बनाउने चुनारोको कथा त्यही हो । भाँडा बनाउने आरनकर्मीको कथा त्यही हो । रमाइलो त तब हुन्छ जब यी सबै ज्ञानहरू अथर्व-वेदमा पाइन्छन् । छान्दोग्योपनिषद्मा पाइन्छन् । बाजा बनाउने ज्ञान । बजाउने ज्ञान । तर निरक्षर दलितले त्यो ज्ञान कसरी जाने ? कोही भन्न सक्नेहरू छैनौं । जल, जमीन र वायुको तीनबुँदे सिद्धान्तले दलितले वाद्यवादन बनाए । जुम्लाका गोविन्द नेपालीको हालै प्रकाशित पुस्तकले त्यही भन्छ । यहीँ प्रश्न उठ्छ - पुर्खाले त्यो ज्ञान कसरी जाने ? कसरी हस्तान्तरण गरे ? कसरी निरक्षर र पढ्न नदिइएका दलितले त्यसलाई ग्रहण गरे ? कसरी त्यसमा विज्ञता हासिल गरे ? आखिर जान्ने को हो ? जानकारीको स्रोत कहाँ छ ? कुनै विद्ले दलितको सामग्री बनाउने सिद्धान्त भन्ने हिम्मत राख्छ र ? तर दलित भने सहज जानकार छ ।

नाङ्लो बनाउनेहरूलाई गणित थाहा छैन । हामी त्यसै भन्छौं । हाम्रो भाषामा उ निरक्षर हो । तर उसको नाङ्लोलाई गहिरिएर हेर्‍यौं भने त्यहाँ ज्यामिति छ । बीजगणित छ । अङ्कगणित छ । एउटा गणितलाई अर्कोमा बदल्ने तागत छ । तर हाम्रा गणितज्ञलाई नाङ्लो बनाउन त आउँदैन नै । त्यसको सूत्र पनि थाहा छैन । गोलो पार्ने सूत्र । सिधा पार्ने सूत्र । उसले जानेको शब्द हो । लम्ब । वर्ग । आयताकर । कोण । नाङ्लो बनाउनेले नजानेको त्यति हो । अब भनौं, भन्ने व्यक्ति जान्ने हो कि गरेर देखाउने व्यक्ति जान्ने हो ?

**निचोड**

मैले तीनवटा सन्दर्भ उठाएँ । पहिलो पुर्ख्यौली बुद्धिको । दोस्रो, अशिक्षित भनिएकाहरूको बुद्धिको । तेस्रो हामी शिक्षित भनिएकाहरूको बुद्धिको । यी तीनवटा बुद्धिलाई एक ठाउँमा मिलाउने तरीका के हो ? वर्णशंकर बनाएर । अन्तर सम्बन्ध देखाएर । एक अर्कासँग सिक्ने सिकाउने संयन्त्र बनाएर । कसको ज्ञानमा के तागत छ भनी खोज्ने संस्कार बनाएर । एक अर्काको ज्ञानलाई परि पूरक मानेर । आफैमा पो खोज्नुपर्छ भन्ने संस्कार सिर्जना गरेर । प्रश्न हो -हाम्रा शिक्षकमा त्यो सोच छ ? तागत छ ? प्रवृत्ति छ ? रहर छ ? उनलाई सघाउने संरचना वा व्यक्ति छ ? त्यस्ता अदृश्य विज्ञहरूलाई शिक्षण संस्थामा निम्त्याउने प्रावधान छ ? यी र यस्ता प्रश्नका उत्तर खोज्ने युवा देशले माँगेको छ । त्यसो भएमा मात्र पूर्वीय, पश्चिमी, तथा रैथाने ज्ञानहरूबीच सहसम्वन्ध हुन्छ । ज्ञानगत समावेशीता । ज्ञानको सम्मान गर्न जान्नासाथ हामी स्वतः अनुसन्धाता हुन्छौं । पुलेसा हुन्छौं । त्यसैमा नवीनता जोड्न सक्छौं । सर्जक बन्न सक्छौं । विद्यार्थी बनेर । शिक्षक बनेर । प्राध्यापक बनेर । प्रशासक बनेर । अनुसन्धाता बनेर । अन्यथा हामी पिछलग्गू हुन्छौं । पिछलग्गूपनाले हामीलाई आफू बन्न दिँदैन । आफ्नो बनाउन पनि दिँदैन । कतै यसबारे घोत्लिने कि ? यस्तै घोत्ल्याइले मात्र शिक्षामा सोचान्तरण हुन्छ । रूपान्तरण हुन्छ । क्रन्तिकारिता देखिन्छ । तीन चौका अलग छन् । अस्तित्व स्वीकार्दा भात पाक्छ । अग्लो होचो ठान्दा भाँडो लड्छ । चौका मिलाउन जाने माइक्रोवेभ बन्छ । इन्डक्शन चूल्हो बन्छ । यो तागतका लागि युवाको भूमिका हुन्छ - जिज्ञासु बन्ने । जिज्ञासु बन्न सघाउने । यस्तो शिक्षाको पो वकालत गर्ने कि ?

***(लेखक त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं नेपालका वरिष्ठ शिक्षाविद् हुनुहुन्छ ।)***

# विद्यार्थीहरूको राष्ट्रिय दायित्व स्वयंसेवा

*डा. जयराज आचार्य*

१. विद्यार्थीहरूले खासगरी उच्च शिक्षा प्राप्त गरिसकेकका या गर्दैरहेका विद्यार्थीहरूले आफ्नो व्यक्तिगत जीवनबारे मात्र होइन, सामाजिक या राष्ट्रिय दायित्वबारे पनि सोच्नुपर्छ । सके त अन्तर्राष्ट्रिय दायित्वबारे पनि सोच्नुपर्छ। अमेरिकाका राष्ट्रपति केनडीले विद्यार्थीहरूलाई स्वदेशमा मात्र होइन विदेशमा पनि गएर सेवा गर्न भनी सन् १९६२ देखि पीस कोर भन्ने एक कार्यक्रम शुरू गरेका थिए जुन अद्यापि चालूछ[१]।

२. नेपालको वर्तमान अवस्था कस्तो छ, यसका समस्या के छन् र तिनको समाधानका लागि के कस्तो योगदान गर्न सकिन्छ ? विद्यार्थीहरूले आफ्नो सामाजिक या राष्ट्रिय दायित्ववारे सोध्ने मूलभूत प्रश्न यही हो ।

३. नेपाल अफै पनि ग्रामीण समाजले भरिएको देश हो । देशमा स्वास्थ्य, शिक्षा र रोजगारी यी तीन विषय चुनौतीका रूपमा छन् । वास्तवमा यो चुनौती गाउँमा मात्र होइन शहरमा पनि यो चुनौती छ । यो हाम्रो राष्ट्रिय चुनौती हो र सायद विश्वका धेरै राष्ट्रको खासगरी समस्त दक्षिण एसिया र अन्य विकासोन्मुख देशहरूको प्रमुख चुनौती हो ।

४. अब यस चुनौतीलाई समाधान गर्न के गर्ने ? विद्यार्थीहरूले ग्रामीण समाजमा गएर अफ सुदूर र विकट गाउँमा गएर स्वास्थ्य, शिक्षा र रोजगारीका विषयमा स्वयंसेवी भएर काम गर्न सकिन्छ। स्वास्थ्य (सुघर/सफाइ, खानपान, जनसंख्याको नियन्त्रण), शिक्षामा (विशेषगरी गणित, विज्ञान, अंग्रेजी, नेपाली तथा अन्य विषय) विशेष दखल गराउने र रोजगारी ग्रामीण समाजमा नै फलफूल, तरकारी खेती, गाई/बाखा/भेडा आदि पशुपालन, कुखुरापालन, मौरीपालन, पौष्टिक अन्न उत्पादन गर्न सिकाउने जस्ता विषयमा ठोस कार्यक्रम चलाउने गरी गाउँमै शिक्षा सञ्चालन गर्ने गरी स्वयंसेवीको काम गर्ने ।

५. स्वयंसेवीको जीवन निर्वाह सकेसम्म गाउँलेहरूले स्वेच्छाले दिएको निःशुल्क भोजन तथा आवास हुनेगरी सञ्चालन गर्ने । यसले समाजमा चरित्र निर्माण र सेवाभावको विकासका लागि प्रेरणा दिन्छ। वास्तवमा यो कार्यक्रम राज्यले नै सञ्चालन गर्ने हो भने विद्यार्थीलाई सानो निर्वाह भत्ता सरकारले नै पनि दिनसक्छ ।

६. अहिलेको नेपालमा जुवा, जाँडरक्सी, धुम्रपान जस्ता कुलत व्यापक रूपमा फैलिएका छन् । वेश्यावृत्ति, बलात्कार, हत्याजस्ता अपराध यति बढेका छन् कि तिनका बारेमा आएका खबरहरू सामान्यजस्ता लाग्न थालेका छन् । सञ्चार क्षेत्रमा आएको प्रविधिको अभूतपूर्व विकासले अनेकौं अवसर र चुनौती साथसाथै ल्याइदिएका छन् । एकातिर गाउँसम्म पनि सूचनाको विस्फोटक ओइरो छ भने अर्कातिर कतिपय क्षेत्रमा छाउपडी, छुवाछुतको समस्या छ, जातको कारणले प्रेमी/प्रेमिकाको हत्यासम्म भएका खबर आउँछन् । अनि दाइजो नल्याएकोमा जिउँदै जलाउनेसम्मका घटना पनि भएका छन् । के यी

*१ पीस कोर अमेरिकी सरकारले संचालन गरेको एक स्वतन्त्र कार्यक्रम हो । यसले अन्तर्राष्ट्रिय आर्थिक र सामाजिक विकासका लागि स्वयंसेवीहरू विदेश पठाउँछ । यो कार्यक्रम राष्ट्रपति जोन एफ. केनेडीले सन् १९६१ को मार्च महिनामा जारी गरेको राष्ट्रपतीय निर्णयलाई सन् १९६२ सेप्टेम्बरमा अमेरिकी संसदले पीस कोर ऐनका रूपमा पारित गरेपछि शुरू भएको थियो । स्वयंसेवीहरू कलेज डिग्री लिएका अमेरिकी युवायवतीहरू हुन्छन् । ती विदेश गएर दुई वर्ष काम गर्छन् । तिनले विदेश जानु अघि तीन महिने तालिम लिन्छन् र जुन देशमा जाने हो त्यहाँको भाषा पनि पहिले नै अलिअलि सिक्छन् र आफू खटिएर गएको देशमा सरकार, स्कूलहरू, गैरसरकारी संस्थाहरू, शिक्षाक्षेत्रका उद्यमीहरू युवा-विकास, समुदायिक स्वास्थ्य, सूचना प्रविधि, कृषि, वातावरण क्षेत्र आदिमा काम गर्छन् । चौबिस महिनापछि स्वयंसेवीले चाहेमा सेवा अवधि थप्न निवेदन दिन सक्छन् । शुरूदेखि सन् २०२० सम्ममा २३५,००० भन्दा बढि अमेरिकी युवायुवतीहरूले पीस कोर स्वयंसेवी भई १४१ देशमा काम गरेका छन् ।*

विषयहरूमा शिक्षित विद्यार्थीहरू उदासीन रहेर बसिरहन मिल्छ ? कि केही सशक्त कार्यक्रम लिएर गाउँ जानुपर्छ ? मलाई लाग्छ महिला तथा पुरुष विद्यार्थी सबैले सम्बोधन गर्नुपर्ने ज्वलन्त समस्या हुन् यी । यी समस्याहरूको समाधान गर्न जसले सक्छ उसको ठूलो प्रभाव जनतामा पर्छ । उसको योगदानको समाजले कदर गर्छ र ऊ भविष्यमा वास्तविक नेता पनि हुनसक्छ ।

७. मैले २०३२/३३ सालमा राष्ट्रिय विकास सेवा कार्यक्रममा गाउँ गएर गरेको कामले मलाई धेरै सिकाएको जस्तो लागेको थियो । यस कार्यक्रमले मजस्ता युवाहरूलाई आफ्नो समाजको ज्ञान थप खँदिल्याउन मद्दत गरेको थियो भने शिक्षित युवायुवतीको आगमनले गाउँघरमा शिक्षा र चेतनाको स्तर उकास्नमा निकै राम्रो काम गरेको थियो । त्यस विषयमा मैले सोचेको कुरा के थियो भने महेन्द्रपछि वीरेन्द्र राजा भए र सायद अविकसित नेपाल राजाको लागि लज्जास्पद कुरा हो र अविकसित नेपालको स्वाधीनता र सार्वभौमसत्ताको कुरा खोक्रो नारा हुन्छ भन्ने लागेर होला उनले विकासको नारा ल्याए र 'विकासका लागि संचार' सम्म पनि भने । देशको विकास होस् भनेर नै उनले देशलाई पाँच विकास क्षेत्रमा पनि बाँडे । देशको विकास होस् भन्ने उनको साँच्चिकै चाहना रहेको बुझिन्थ्यो । वीरेन्द्रले नेपालमा लागू गरेको राष्ट्रिय शिक्षा पद्धतिको योजना सन् १९७१/१९७६० अन्तर्गत विश्वविद्यालयको स्नातकोत्तर तहमा पढ्ने विद्यार्थीहरूलाई राष्ट्रिय विकास सेवा कार्यक्रममा गाउँ गई एक वर्ष काम गर्नुपर्ने नियम थियो । पढेलेखेका युवा/युवतीहरू गाउँमा गई पढाउने र अन्य धेरै किसिमका सामाजिक काम गर्दा नेपालको ग्रामीण समाजमा पनि शहरी समाजमा जस्तै बहुआयामिक परिवर्तनका लहरहरू देखिएका थिए । अमेरिकी युवाहरूको लागि राष्ट्रपति केनेडीले शुरू गरेको अन्तर्राष्ट्रिय पीस कोर कार्यक्रमजस्तै त्यो नेपालको आन्तरिक पीस कोर कार्यक्रम थियो । त्यस कार्यक्रमलाई निरन्तरता दिइएको भए त्यसले नेपाली समाजको सांस्कृतिक, आर्थिक जीवनमा गम्भीर, दूरगामी सकारात्मक प्रभाव पार्न सक्ने देखिएको थियो र सम्भवतः पछि गएर नेपाल कम्युनिष्ट पार्टी माओवादीले दश वर्षे (सन् १९९६-२००६) युगका लागि जुन सामाजिक, जातीय, क्षेत्रीय विभेद र विरोधाभासलाई आधार बनाएर आफ्नो युगको औचित्य साबित गर्ने प्रयास गरे त्यो आधार रहन्थेन । देश त्यो युगबाट बच्थ्यो ।

तर महेन्द्र लगायत दरबारियाहरू वीरेन्द्रको विकास चाहनालाई खिसी गर्थे भन्ने सुनिन्थ्यो । त्यसैले होला, वीरेन्द्र राजा भएपछि उनले देखाएको विकास चाहना र प्रयासलाई पञ्चायती नेता, चाटुकार, प्रशासक र निहित स्वार्थी दरबारिया तत्वहरूले हास्यास्पद रूपमा असफल पारिदिए । राष्ट्रिय विकास सेवा कार्यक्रम पनि २०३६ सालमा राजा वीरेन्द्रले फिर्ता गरे किनकि त्यो कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई गाउँहरूमा राखिरहेमा तिनले जनमत संग्रहमा बहुदलीय व्यवस्थाका पक्षमा जनमत तयार गर्छन् र राजा महेन्द्रको धरोहरको रूपमा राजाको प्रत्यक्ष नेतृत्वमा चलिरहेको निर्दलीय पञ्चायती व्यवस्थाको विधिवत् अन्त्य हुनेछ भनी उनलाई उनका सल्लाहकारहरूले सल्लाह दिए ।

तर बिडम्बना के छ भने २०४६/४७ सालको जन आन्दोलनले निर्दलीय पञ्चायती व्यवस्था फालेर बहुदलीय संसदीय व्यवस्था पुनःस्थापित गरेपछि पनि राष्ट्रिय विकास सेवा कार्यक्रम पुनः चालू गरिएन । त्यसैले प्रश्न उठेको छ के बहुदलीय नेपालका नेताहरूले देशको साँच्चै विकास चाहेका थिए या छन् ? यदि चाहेका छन् भने राष्ट्रिय विकासको यस्तो प्रभावकारी कार्यक्रम किन सञ्चालन गर्दैनन् ? कतै उनीहरूलाई पनि राजालाई जस्तै डर त छैन ?

***(लेखक संयुक्त राज्य अमेरिकाका लागि पूर्व राजदूत हुनुहुन्छ साथै विशिष्ट विद्वान् एवं शिक्षाविद् हुनुहुन्छ ।)***

# वैदिक अवधारणामा धर्म र शिक्षा

*डा.रामकृष्ण तिमिल्सेना*

जहाँ धर्म छ त्यहाँ जय छ अर्थात् "यतो धर्मः ततो जयः" भनिन्छ । यो वेद वाक्यले धर्मलाई सबैभन्दा अग्रपङ्तिमा राखेको छ। वेद आफैमा ज्ञानसँग सम्बन्धित विषय हो ।

वेद भन्नाले समुच्च रूपमा ब्रह्माण्डको ज्ञान हो । यसमा मन्त्र तन्त्र यज्ञ यज्ञादि र कर्मकाण्डदेखि ज्ञान काण्डसम्मका कुरा छन् । यो वेद संहिता पनि हो । ब्राह्मण खण्ड, अरण्यक खण्ड र उपनिषद्हरू सबै नै वेदको परिधिमा समाहित छन् ।

सबै मन्त्रहरूको पनि मन्त्र गायत्री मन्त्र वेद कै उपज हो । यो मन्त्रले पृथ्वी, आकाश र अन्तरिक्षको (स्वर्गको) साक्षात्कार गर्ने हाम्रो शरीर हो भन्ने स्पष्ट संकेत गर्दछ हाम्रो स्थूल शरीर पृथ्वी हो, हाम्रो मन वायुमण्डल हो । हाम्रो बुद्धि स्वर्ग, हामी यी ३ भन्दा पर छौँ, त्यो हाम्रो चेतना हो । हरेक पिण्डमा ब्रम्हाण्डको अर्थ र ब्रम्हाण्ड पिण्डबाट नै बनेको हो ।

त्यसैले **"यत ब्रह्माण्ड"** भनिन्छ । हामी सबै पृथ्वीमाताका सन्तान हौँ भन्ने अथर्ववेदी वाक्यको निकै महत्व छ । **"माता भूमिः पुत्रोऽहं पृथिव्या"** यो अवधारणा विज्ञानमा आधारित छ । भौतिक शरीरलाई मानसिक एवं आध्यात्मिक जगतसँग जोड्ने नै वेदको अध्ययन हो । वेदमा आदि भौतिक – पृथ्वी, वायुमण्डल र अन्तरिक्ष (भु, भुव स्वः) आदि दैविक (अग्नि, वायु आदित्य) र आध्यात्मिक (प्राण, अपान र व्यान) को समायोजन एवं संयोजनको कुरा छन् ।

ऋगवेद, यजुर्वेद र सामवेद अग्निसँग सम्बन्धि त्रयी वेद हुन् भने अथर्ववेद सोम अर्थात् पानीसँग सम्बन्धित छ ।

आगो इन्धनबाट चल्दछ, बल्दछ । यसैबाट मरण र अमरको धारणा निस्कन्छ । अग्नि जीवनको स्रोत हो । सोम खानासँग सम्बन्धित मानिन्छ । स्थूल शरीर अग्नि होमने सुक्ष्म शरीर चेतना (energy) स्वरूपमा छ । यहि कुरालाई ऋग्वेदले स्पष्ट पार्दछ । गति सबै वायुवाट अभिप्रेरित छन् भन्ने यजुर्वेदको मान्यता छ । जीवन आनन्दहरू सबै (luster) हरू आदित्यसँग सम्बन्धित छन् र त्यो सामवेदको विषय हो ।

धर्मलाई धारण गर्न योग्य मानिन्छ । यो स्वभाव पनि हो । यसले भौतिक र आध्यात्मिक संसारलाइ जोड्न मद्दत गर्दछ । पानीको धर्म चिसो हो, आगोको धर्म तातो या पोल्नु हो । यो नै भौतिक शास्त्र हो । यो नै कानुन र व्यवस्थाको आधार हो । अन्तरिक्ष पनि ३ किसिमका छन्, भूत, दिव्य र भाव । भूतबाट पृथ्वी, जल, अग्नि, वायु, सूर्य र अर्को जन्म हुन्छ । भावाकाश भने मनको पनि स्रोत हो । यसले मनरहित भूताकाश र मनसहित भावाकाश बन्दछ ।

वेदमा भएको ब्राह्मण, क्षेत्री, वैश्य शुद्रको अवधारणा अहिलेको जात जातिको धारणा भन्दा फरक छ । यो शरीरसँग सम्बन्धित छ । स्थूल शरीर, मन, बुद्धि र आत्मासँग यो जोडिएको छ । वेदमा इन्द्रलाई प्राणको रूपमा लिइएको छ । उसैले यो शरीरलाई जीवित राख्दछ । (शतपथ ६.१.१.२) अध्यात्ममा उ व्यान हो । अर्थात् यो प्राण र अपानको बीचको हो । प्राण र अपान उसका घोडा हुन् । केन्द्रमा भएकोले यो नै हृदय हो । यसमा इन्द्रलाई विभिन्न दृष्टिले हेरिएको छ ।

शिक्षाको कुरा गर्दा सप्तर्षीलाई नसम्झी हुँदैन । सात वटा ऋषि सप्त विचारका प्रतीक हुन् । विभिन्न किसिमका विचार तरिकाका प्रतीक हुन् । हाम्रो टाउकोमा भएका सात प्वाल सप्तर्षीका रूपामा छन् । ३ जोडी र १ बिजोडी वशिष्ठलाई श्वास मानिन्छ । यो नै Psyclic Energy हो । भारद्वाजलाई मनको रूपमा जमदग्नीलाई आँखाको स्वरूपमा विश्वामित्रलाई कान र विश्वकर्मालाई बोलिको रूपमा चिनिन्छ । तसर्थ ऋषि भनेको प्राण हो र वैदिक साहित्यमा द्रष्टाको रूपमा परिभाषित गरिएको छ ।

पुरूषको पनि तीन तह छ :- क्षर पुरूष, अक्षर पुरूष र अभय पुरूष ।

क्षर पुरूष स्थूल र जागृत हुन्छ । अक्षर पुरूष अव्यक्तबाट प्रादुर्भाव हुने व्यक्त पुरूष हो भने अभय पुरूष जीवनदायिनी शक्ति हो ।

वैशेषिक दर्शनले आत्मालाई पनि द्रव्य मान्दछ, अर्थात् आत्मा पनि क्षर हो भन्दछ । वैशेषिकले अभय शरीर मान्दैन । यसमा कारण र असर मात्र हुन्छ । यस अर्थमा वैशेषिकले क्षर पुरूष, सांख्यले अक्षर पुरूष र वेदान्तले अभय पुरूषलाई मानेको देखिन्छ ।

वेदान्तले इन्द्रियसँग लाग्नलाई मोह मानेको छ। मन बुद्धिको नियन्त्रण भएमा सूर्य समान बन्दछ, दृढ बन्दछ तर चन्द्रसँग लागेमा समय समान अस्थीर बन्दछ ।

वैदिक दर्शनमा शिक्षाको काम अज्ञानता दूर गरी क्लेश निवारण गर्नु हो यो व्यक्तिको क्षमता रूचि अनुसार समाजको आवश्यकतालाई विचार गरी निर्धारण गरिने विषय हो । यसका ४ प्रकार छन् ।

१. Contemplative : यस किसिमको शिक्षाले दार्शनिक पैदा गर्दछ । कुनै पनि विषयको तत्व चिन्तन गरेर उच्चकोटीको विचारको सृजना गर्ने भएकोले यसलाई Contemplative मानिएको हो ।

२. Dynamic: यो गतिशिल शिक्षाले सरकार चलाउने, प्रशासन गर्ने प्रशासक उत्पादन गर्दछ ।

३. Practical: व्यवहारमुखी शिक्षाबाट धनको सिर्जनाको बारेमा जानकारी गराइन्छ ।

४. Technical: अर्थ प्राविधिक शिक्षाले उत्पादकत्वमा जोड दिन्छ ।

यो चारै किसिमका विद्यालाई अपरा विद्या मानिन्छ। परा विद्याले अर्को लोकको र अभौतिक क्रियाकलापको निर्धारण गर्दछ । यो सांसारिक वृत्तिबाट टाढा पुऱ्याई निवृत्ति मार्गमा पुऱ्याउने विद्या हो ।

धर्मको कुरा कर्मको बुझाई विना सम्भव छैन । कर्मका पनि विभिन्न रूप छन् । सञ्चित कर्म, प्रारब्ध कर्म र क्रियमाण कर्म । अहिलेको जन्मकाल नै भोग्ने कर्म प्रारब्ध हो । अहिलेका कृत्यबाट थपघट हुने कर्म क्रियमाण कर्म हो ।

कर्मलाई कर्मकाण्ड, उपासना एवं ज्ञानकाण्डको रूपमा पनि हेर्न सकिन्छ । भौतिक तरिकाबाट भौतिक ज्ञान प्राप्त गर्नु कर्मकाण्ड हो। भौतिक तरिकाबाट अभौतिक परिणाम निकाल्नु उपासना काण्ड हो । भने अभौतिक तरिकाबाट अभौतिक ज्ञान प्राप्त गर्नु ज्ञानकाण्ड हो । कर्मकाण्डमा मात्र वर्ण व्यवस्था लागु हुन्छ बाँकी २ मा लागु हुँदैन ।

***(लेखक माननीय सर्वोच्च अदालतका पूर्व रजिष्टार हुनुहुन्छ । साथै वर्तमानमा संवैधानिक इजलासका सल्लाहकार एवं नेशनल ल क्याम्पसका निर्देशक समेत हुनुहुन्छ ।)***

# राष्ट्रिय सार्वजनिक नीति निर्माणमा अनुसन्धानको भूमिकाः केहि अवधारणा

*डा. विष्णु राज उप्रेती*

**१. परिवेशः**

राज्य सञ्चालनका लागि आवश्यक पर्ने नीति, रणनीति, कानुन, नियम तर्जुमाको चरण सबैभन्दा महत्वपूर्ण हुन आउँछ। अनुसन्धानमा आधारित तथ्यपरक सही नीतिहरूले मात्रै शासनको प्रभावकारिता, राज्य प्रति जनविश्वास, राज्य र नागरिकबीचको सम्बन्धको आधार, राष्ट्रिय स्वार्थ तथा राष्ट्रिय समृद्धि हासिल गर्ने लक्ष्य, राष्ट्रिय एकता र अखण्डता, परराष्ट्र सम्बन्धको सुदृढीकरण जस्ता महत्वपूर्ण पक्षहरूको प्रवर्द्धन गर्दछ । त्यसकारण राज्यले बनाउने हरेक राष्ट्रिय सार्वजनिक नीतिहरू वैज्ञानिक पद्धतिमा आधारित जनता र राष्ट्रका अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्ने गरी लोककल्याणकारी राज्यको अवधारणा अनुरूप बन्नु पर्दछ । परिवर्तित सन्दर्भ र परिवेशमा नीति निर्माण र परिमार्जन एक निरन्तर रूपमा चलिरहने चक्र हो ।

**२. नीति निर्माणः**

राज्यले बनाउने कुनै पनि राष्ट्रिय सार्वजनिक नीतिका प्रमुख श्रोतहरूमा अधिकांशतः घरेलु र केही बाह्य पक्ष पनि समावेश भएका हुन्छन् । जस्तैः जनताको आवश्यकता, राजनीतिक पार्टीका घोषणापत्रहरू, संविधानले निर्दिष्ट गरेका लक्ष्य वा प्रवधानहरू, सत्ता सञ्चालन गरिरहेको राजनीतिक दलको प्राथमिकताहरू, राष्ट्र प्रमुख, तथा सरकार प्रमुखले गर्ने विशेष सम्बोधन र प्रतिवद्धता, अन्तर्राष्ट्रिय कानुन, सन्धी सम्झौता वा राष्ट्रले अन्तर्राष्ट्रिय जगतसँग गरेको प्रतिवद्धता, अनपेक्षित रूपमा आइपर्ने विभिन्न चुनौतीहरू (महामारी रोगको संक्रमण, प्राकृतिक प्रकोप), क्षेत्रीय तथा अन्तर र्राष्ट्रिय राजनीति र अर्थतन्त्रमा आइरहने फेरबदलले सिर्जना गरेका चुनौतीहरू, अनुसन्धानले औल्याएका आवश्यकताहरू आदि । यस्ता श्रोतबाट उत्पन्न हुने चुनौतीहरूको सामना गर्न राज्यले अवलम्बन गर्नु पर्ने नियम, आचारपद्धति वा नीतिगत मार्गदर्शनको आवश्यकतालाई परिपूर्ति गर्नका लागि नीतिको निर्माण गरिन्छ । यसरी नीति बनाउँदा, यदि नीति कार्यान्वयन योग्य, प्रतिफलमुखी, सरोकारवालाको स्वामित्व र अपनत्व स्थापित गर्ने र विद्यमान तथा सम्भावित चुनौतीहरूको प्रभावकारी रूपमा सामना गर्ने हिसाबले बनाउने हो भने, "सार्वजनिक नीति चक्र" (Public Policy Formulation Cycle) को सिद्धान्तमा आधारित भएरै नीति निर्माण गर्नु पर्ने हुन्छ । यसको मतलब के हो भने सार्वजनिक नीति निर्माण गर्दा अवलम्बन गर्नु पर्ने नीति निर्माण चक्रका विभिन्न चरणहरू अनुशरण गर्नु वा त्यसमा आधारित भएर बनाउनु । गहकिलो, कार्यान्वयन योग्य र परिणाममुखी नीति निर्माणका लागि निम्न चक्र/चरणहरू पार गर्नै पर्ने हुन्छ । पहिलो, नीतिको आवश्यकता र यसको श्रोत, दोस्रो, आवश्यकताको विश्लेषण र प्राथमिकीकरण, तेस्रो, विज्ञ समूहबाट नीतिको मस्यौदा तयार, चौँथो, मस्यौदा नीति माथि सरोकारवाला पक्षहरूसँग बृहत र खुला छलफल, बहस तथा सरोकारवालाहरूबाट सुझाव संकलन, विश्लेषण र सम्भव र उचित देखिएका सुझावहरू नीतिमा समावेश गरी मस्यौदा नीति परिमार्जन, पाचौं, सम्बन्धित प्राधिकारवाला निकायहरूबाट नीति स्वीकृत, छैठौं, नीतिको कार्यान्वयन, सातौं, नीति कार्यान्वयन प्रभावकारिताको अनुगमन, आठौं अनुगमन सिफारिसको आधारमा नीतिको निरन्तरता वा परिमार्जन वा नयाँ नीतिको आवश्यकताको निर्क्यौल । यो प्रक्रियालाई निम्न चित्रबाट पनि प्रष्ट पार्न सकिन्छ ।

### चित्र १: नीति निर्माणका चक्र





यसरी वैज्ञानिक पद्धतिले निर्धारण गरेका नीति निर्माणका चक्र/मार्गभन्दा बाहिर गएर सरोकारवाला पक्षहरूलाई सक्रिय सहभागी नगराई, उनीहरूसँग अर्थपूर्ण छलफल नगरी, वास्तविक समस्याको सहि पहिचान नगरी, हचुवाको भरमा एउटा सानो समूहले संकुचित दायराबाट नीति बनाउँदा यस्ता नीति प्रभावकारी र परिणममुखी नहुने, कार्यान्वयन पक्ष फितलो हुने, विवादित हुने, सरोकारवालाहरूले त्यसको स्वामित्व नलिने र अन्त्यमा निष्कृय भएर जाने जोखिम ज्यादा रहन्छ । त्यसकारण, नीति बनाउनु पूर्व "नीति अनुसन्धान" प्रक्रियाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । किनकी यसले नीति निर्माणको वैज्ञानिक पद्धति वा नीति निर्माणका लागि निर्धारण गरिएका नीति चक्र/चरणहरूको पालना गर्दछ । अर्थात्, नीति निर्माण वा नीति परिमार्जनको लागि समस्याको सहि पहिचान गर्छ, आवश्यक तथ्य प्रमाणहरू जुटाई दिन्छ, जोखिम विश्लेषण गरी नीति कार्यान्वयनलाई प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक सुझाव दिन्छ । अतः वैज्ञानिक पद्धतिको अनुशरण गर्दै अनुसन्धानमा आधारित भएर निर्माण गरिएका नीतिहरू नै सफल हुन्छन् र संविधानले परिकल्पना गरेका लक्ष्यहरू पूरा गर्न सहयोग गर्दछन् ।

### ३) नीति अनुसन्धानः

सार्वजनिक नीतिलाई प्रभावकारी, कार्यान्वयन योग्य र परिणाममुखी बनाउन तथा सरोकारवालाहरूको स्वामित्व र अपनत्व स्थापित गर्ने र सम्बन्धित नीतिको उद्देश्य हासिल गर्ने हो भने उक्त नीति बनाउनु पूर्व सो नीतिसँग सम्बन्धित अनुसन्धान गर्न अपरिहार्य छ। यो अनुसन्धानले नीति बनाउनु पहिलेको अवस्था र नीति निर्माण प्रक्रियाको लागी दृढ आधार तयार गर्दछ भने निर्माण भइसकेपछि प्रभावकारी रूपमा कार्यान्वयनमा जाने आधार पनि तयार गर्दछ ।

### चित्र २: नीति अनुसन्धान चक्र



यस आलेखमा समाविष्ट गरिएका चित्रहरू (१ र २) मा प्रस्तुत गरिएको नीति चक्र वा चरणहरू आफैमा पूर्ण वा अकाट्य छैनन् । तथापि, पाठकहरूलाई वैज्ञानिक पद्धतिबाट नीति निर्माण कसरी हुन्छ भनेर बुझ्न सजिलो होस् भन्ने हेतुले सचित्र प्रस्तुत गरिएको हो ।

### ४) नीति निर्माणमा ज्ञानको भूमिकाः

हरेक नीतिले अल्पकालीन र दीर्घकालीन रूपमा नागरिकका दैनिकी र राज्यका घोषित उद्देश्यहरूमा प्रभाव पार्ने भएको हुँदा नीति निर्माणको लागि समष्टिकृत ज्ञानको भूमिका अति महत्वपूर्ण रहेको हुन्छ । नीति अनुसन्धान प्रयोजनको लागि समष्टिकृत ज्ञान भन्नाले कम्तिमा ३ वटा ज्ञान समूह/श्रोतहरूबाट आएको विश्लेषित र संश्लेषित ज्ञान हो । ज्ञानका यी ३ वटा श्रोतहरू निम्न अनुसार छन्:

क) प्रज्ञिक ज्ञान जुन मुख्यतः निरन्तर अध्ययन अनुसन्धान र सैद्धान्तिक श्रोतबाट आउँछ ।

ख) सामाजिक ज्ञान जुन मुख्यतः समाजमा अनुभवको आधारमा विकास भएको हुन्छ र यसको प्रवर्द्धकहरूमा सामाजिक संघ संस्था, सरोकारवाला समूह-सञ्जाल, पत्रकार र सञ्चार माध्यम, राजनीतिक पार्टीहरू र उनीहरूका भातृ सङ्गठनहरू, विकास साझेदारहरू आदि पर्दछन् ।

ग) प्रशासकीय (व्युरोक्रेटिक) ज्ञान जुन मूलतः नीति निर्माण र यसको कार्यान्वयनमा बसेका कर्मचारीहरूको भोगाई र अनुभवबाट आउँछ । प्रशासकीय ज्ञान कर्मचारीहरूले प्रयोग गरेका कानुनी प्रावधान, अभ्यास र भोगाईबाट सिर्जित हुने भएको हुँदा यो ज्ञान नीति निर्माणमा आवश्यक पर्दछ ।

यी ३ वटा ज्ञानको संश्लेषणबाट आउने समष्टिकृत ज्ञानबाट मात्र प्रभावकारी नीति बन्दछ र कार्यान्वयन पनि सफल हुन्छ । त्यसकारण, नीति निर्माणमा माथिका मध्य कुनै एक ज्ञानको विधालाई मात्र प्राथमिकता दिएर मात्रै पुग्दैन । तीनवटा ज्ञानकै सन्तुलनबाट मात्र कार्यान्वयन योग्य, प्रभावकारी र नतिजामुखी नीतिहरू बन्न सक्दछ । नीति निर्माणको यसै वैज्ञानिक मान्यतालाई नेपाल सरकारले २ वर्ष अघि गठन गरेको नीति अनुसन्धान प्रतिष्ठानले आत्मसात गरेको छ ।

### ५) नीति प्रभावकारी हुन नसक्नुका मुख्य कारणहरूः

राष्ट्रले नीति बनाउँदा माथि चित्र १ र २ मा उल्लेखित चक्र अनुरूप बनाइएन भने सामान्यतः नीतिहरू प्रभाकारी हुँदैनन् । हरेक नीति निर्माताहरूले अपवादलाई छोडेर आफूले बनाएका नीतिहरू असफल होस् वा प्रभाव शून्य होस् भन्ने चाहँदैनन् । यद्यपि, हालसम्मको अभ्यासमा अधिकतम नीतिहरू निर्माण हुँदा माथिका चित्र नं. १ र २ मा उल्लेखित नीति निर्माण र नीति अनुसन्धान चक्र/चरणहरूको चक्रको पालना गरेको पाइँदैन । एउटा सानो समूह वा व्यक्तिले सीमित समय र ज्ञानको आधारमा नीतिहरू बनाइएको देखिन्छ । परिणामतः त्यस्ता नीतिहरू कि त विवादित हुन्छन्, कि त आशिक मात्रामा कार्यान्वयन हुन्छन्, कि त आफै निष्क्रय भएर जान्छन् । नीतिहरू असफल हुनाका विभिन्न कारणहरू हुन सक्छन् । तथापि, ती कारणहरूमध्ये प्रमुख एक कारण चाहि नीति निर्माणमा नीति चक्रको पालना नगर्नु र नीति निर्माण अनुसन्धानमा आधारित नहुनु हो । यसैले, नयाँ नीति बनाउनु अघि विद्यमान नीति, बनाउनु पर्ने नयाँ नीति र परिवर्तित परिवेशको सङ्गोपाङ्गो अध्ययन अनुसन्धान गरी नीति बनाउने अभ्यासको विकास गर्न जरुरी छ । यसरी निर्माण गरिने नीतिहरू सफल र प्रभावकारी कार्यान्वयनमा लैजानको लागि आवश्यक पर्ने मुख्य आधारहरू समेत उक्त नीतिमा समावेश गर्नु अपरिहार्य हुन्छ । कुनै पनि नीतिको प्रभावकारी कार्यान्वयनका लागि निम्न पक्षको उपस्थिति वा भूमिका अति महत्वपूर्ण हुन्छः (क) कानुन, (ख) संस्थागत संरचना, (ग) आर्थिक श्रोत तथा जनशक्ति, र (घ) कार्यान्वयनको जिम्मेवारी लिने व्यक्ति वा संस्था किटानी ।

कुनै पनि राष्ट्रिय सार्वजनिक नीतिहरूमा उल्लेखित ४ सवालहरू सुनिश्चित गरिएन भने त्यस्ता नीतिहरू कि त कार्यान्वयनमा जादैनन्, गए भने पनि प्रभावकारी हुँदैनन् । अन्ततः त्यस्ता नीतिहरू असान्दर्भिक हुँदै जन्छन् । त्यसैले राज्यले नीति बनाउँदा कम्तिमा पनि नीति कार्यान्वयनका चार ४ आधारहरू (कानुन, संगठन-जनशक्ति, आर्थिक श्रोत र जिम्मेवारी) सुनिश्चित भएको हुनु पर्दछ । यी वाहेक पनि नीति असफल हुनाका अरु विभिन्न कारण पनि हुन सक्दछन् । जस्तैः एउटा सरकारले ल्याएको नीतिलाई अर्को सरकारले निरन्तरता नदिन सक्छ अथवा परिवेश बदलिएर वा जनदवाबको आधारमा पनि कतिपय नीतिहरू कार्यान्वयनमा नजान सक्छन् । अधिकांश नीतिहरू कार्यान्वयनमा जान नसक्नु वा प्रभावकारी कार्यानवयन हुन नसक्नुका कारणहरू भनेकै "नीति निर्माण"का आधारभूत मान्यता, सिद्धान्त र मर्मलाई अनुशरण नगर्नु नै हुन् ।

**६) सारांशः**

संकुचित दायरा, सानो समूह र सीमित समयमा निर्माण गरिएका नीतिहरूको कार्यान्यनका जग अत्यन्तै कमजोर हुन्छन् । वैज्ञानिक पद्धतिमा आधारित भएर नीति निर्माण गर्ने कुरा चाहि आफैमा एउटा लामो र जटिल प्रक्रिया हो । तथापि, नीति निर्माणका क्रममा अबलम्वन गरिने  यीनै जटिल तथा वैज्ञानिक प्रक्रिया र नीति चक्र पार गरेर निस्कने परिणाम भनेकै सही नीति हो । नीतिहरू नीति चक्र (चित्र नं. १ र २) को सिद्धान्तमा आधारित भएर बनाइएन भने त्यस्ता नीति विवादित हुने, कार्यान्वयनको पक्ष अत्यन्तै जटिल हुने तथा कार्यान्वयन नै नभई निष्कृय हुने जोखिम रहन्छ । त्यसैले, महत्वपूर्ण राष्ट्रिय सार्वजनिक नीतिहरू बनाउँदा अनुसन्धानमा आधारित र सरोकारवालाहरूले अपनत्व र स्वामित्व लिन सक्ने हुनुपर्दछ । साथै, नीति कार्यान्वयनका लागि अपरिहार्य आधारहरू (कानुन, आर्थिक श्रोत, संस्थागत संरचना र कार्यान्वयनको दायित्व किटान)को पनि सुनिश्चित भएको हुनु पर्दछ ।

***(लेखक नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष हुनुहुन्छ ।)***


## हार्दिक शुभकामना

**प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले आफ्नो राष्ट्रिय पुनःनिर्माणको यात्राको २५ वर्ष पूर्ण गर्दै देशभर आफ्नो कार्यविस्तार गर्न र देशभरका लाखौं युवालाई सकारात्मक एवं राष्ट्रिय दृष्टिकोण प्रदान गर्न सफल भएकोमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं । साथै यस रजतवर्षको अवसरमा "रजत वर्ष स्मारिका" प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई सहित आगामी सांगठनिक यात्राको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**Er. Pawan Kumar Karna**
Managing Director
9851246174

**Er Ananda Sapkota**
Biomedical Engineer & Sales Support
9847720030

**Er. Binod Rijal**
Biomedical Engineer & Sales Support
9849654433

**GLOBAL BIOMEDICAL TRADING**
**Phone : 01-4102553, Kathmandu, Nepal**
**Email :globalbiomedicaltrading@gmail.com**

***All kinds of Biomedical & Lab Equipments, Chemicals and all consumable items Sales, Supply & Support.***

# शिक्षा कस्तो हुनुपर्छ ?

*डा. मतिप्रसाद ढकाल*

**उठान :**

हामी तोतेबोली फुट्न नपाउँदै शिक्षाका नाममा किताबको भारी बोकेर विद्यालय धाउन थाल्यौँ । अक्षर चिन्यौँ, पढ्न सिक्यौँ र लेख्न पनि जान्यौँ । मासिक, त्रैमासिक र वार्षिक परीक्षा कसरी उत्तीर्ण गर्ने ? भन्ने चक्करमा घुमिरह्यौँ । निकै तनावका साथमा परीक्षा भवनमा बस्यौँ र निरीक्षक कठोर भइदिँदा हामी परीक्षा भवनमा छटपटायौँ पनि । निरीक्षक अलि उदार भइदिँदा हामी दायाँ, बायाँ, अघि र पछि गरेर भए पनि जसोतसो कपी भर्नमा मात्र आफूलाई सीमित बनायौँ । यस्तै क्रमले हामीले विद्यालय हुँदै विश्वविद्यालयका परीक्षाहरू पनि दियौँ र उत्तीर्ण पनि भयौँ । हामीलाई घरपरिवारले र समाजले शिक्षित ठानिदियो तर हामी व्यावहारिक रूपमा शिक्षत हुन नसक्ता जागिरका कारखानाहरूमा जागिरको भीख माग्दै हिँड्न विवश भयौँ । निकै दुःखका साथ जागिर हातमा पनि पऱ्यो र हामीले क्रमशः आफूले पाएको आडम्बरी शिक्षालाई पनि भुल्दै गयौँ किनकि हामीलाई हाम्रो शिक्षाले कहिल्यै पनि आत्मनिर्भर हुन, स्वावलम्बी बन्न र व्यावहारिक हुन सिकाएन । हामी शिक्षाका नाममा ठगियौँ तर हाम्रा सन्ततिलाई पनि शिक्षाका त्यस्तै व्यापारिक कारखानाहरूमा पठाउन हामी विवश भइरह्यौँ । फलस्वरूप हाम्रा सन्ततिले स्वदेशभित्र आफ्नो भविष्य देख्न छाडे । जसका कारण उनीहरू दिनप्रतिदिन विदेशमै आफ्नो भविष्य देख्न बाध्य भएर स्वदेश छाड्दै छन् । यति हुँदाहुँदै पनि शिक्षानीतिमा सुधार गर्ने र जीवनोपयोगी शिक्षा प्रदान गर्ने विषयमा राज्यको ध्यान आकृष्ट हुन सकेको छैन ।

**शिक्षा कस्तो हुनुपर्छ ?**

शिक्षा प्राप्त गर्नुको अर्थ प्रमाणपत्र बटुल्नु मात्र होइन, शिक्षित हुनु हो । संसारमा जिउनका लागि निकै प्रतिस्पर्धा र सङ्घर्ष गर्नुपर्छ, त्यसको सामना गर्न शिक्षाले हामीलाई मद्दत गरेको हुनुपर्छ । जीवनमा आइपर्ने हरेक समस्याको समाधान गर्न हामीलाई हाम्रो शिक्षाले नै सघाउनुपर्छ । कुनै किसिमको भय र दबावबाट शिक्षाले हामीलाई मुक्त गर्न सक्नुपर्छ । परम्पराभन्दा केही पाइला अघि बढाएर नयाँ ढङ्गले सोच्न सक्ने बनाउनु पनि शिक्षाकै उद्देश्य हुनुपर्छ । हामीलाई हाम्रो समाजले र हाम्रा अभिभावकले यसरी सोच्नुपर्छ भनेर दिशानिर्देश गरिरहे, गरिरहेका छन् र गरिरहनेछन् तर हामी त्यत्तिकैमा सीमित हुनु हुँदैन । हामी त कसरी सोच्नुपर्छ ? भन्ने कुराको चिन्तन गर्न अग्रसर हुनुपर्छ भन्ने कुरा हामीलाई हाम्रै शिक्षाले दिशानिर्देश गर्न सक्नुपर्छ । अनुकरण वा नक्कल गरेर हामी अरूजस्तो बन्ने होइन आफैजस्तो हुनुपर्छ र जीवनमा अर्काको अनुशरण गर्नै नपरोस् भनेर सतर्क गराउन पनि हामीलाई शिक्षाले नै बाटो देखाउन सक्नुपर्छ । जीवनको शिक्षा नदीजस्तै निरन्तर प्रवाहशील भएका कारण हाम्रो शिक्षाले हामीलाई पोखरीझैँ जमिरहन होइन नदीजस्तै बगिरहन र सृजनशील भइरहन प्रेरित गर्नुपर्छ । शिक्षाले हामीलाई यो वा त्यो राजनीतिक सङ्कीर्ण पोखरीमा जमेर आफ्नो प्रज्ञालाई निर्मूल पार्नबाट र सदैव डराएर जीवन जिउनबाट मुक्ति दिन सक्नुपर्छ किनकि प्रज्ञापूर्वक निर्भयताका साथ जीवन जिउन सक्ने प्रेरणा हामीलाई शिक्षाले बाहेक अरूले दिनै सक्तैन । शिक्षाले हामीलाई आदर्शमा सीमित रहन होइन यथार्थमा बाँच्न सिकाउनुपर्छ । यथार्थले हामीलाई सङ्घर्षका साथ बाँच्न सिकाउँछ र तयारी सामग्रीमा भन्दा हामीलाई नयाँ सामग्री उत्पादन गर्न वा बाँझो खेतबारी आफै खनजोत गरी अन्न उब्जाएर जीवनलाई सृजनशील बनाउन प्रेरित गर्छ । हामीलाई आजसम्मको शिक्षाले यस्तो सिकाएन र यस्ता सम्भावनाहरू पनि देखाउन सकेन । हाम्रो राज्यको शिक्षानीतिमा यस्ता सम्भावनाहरू भित्रिएलान्/नभित्रिएलान् तर औपचारिक शिक्षा लिइसकेपछि पनि हामीले यस्ता सम्भावनाका ढोकाहरू उघार्न सक्छौँ किनभने औपचारिक शिक्षाभन्दा अनौपचारिक वा व्यावहारिक शिक्षाको मूल्य र महत्त्व निकै बढ्ता हुन्छ ।

**शिक्षा किन भयमुक्त हुनुपर्छ ?**

जतिसुकै बालमैत्री शिक्षाको चर्चा गरिरहे पनि हाम्रा विद्यार्थीहरू शिक्षकको, विद्यालय प्रशासनको र अभिभावकको भयबाट कहिल्यै मुक्त हुन सकेका छैनन् । विद्यार्थीमा यदि कुनै किसिमको भय छ भने त्यसले उनीहरूको मनलाई विचलित र विकृत बनाइदिन्छ । विकृत

र विचलित मन लिएर कुनै पनि विद्यार्थीले वास्तविक शिक्षा हासिल गर्न सक्तैन । सबै किसिमका भयबाट विद्यार्थीलाई मुक्त गराउनु र भयमुक्त हुन प्रेरित गर्नु शिक्षाको उद्देश्यभित्रै पर्दछ भन्ने कुरा हाम्रो शिक्षानीतिले नै आत्मसात् गर्न सकेको छैन । भयका कारणले नै अधिकांश विद्यार्थीहरूले शिक्षकसँग आफूले नबुझेका विषयमा प्रश्न गर्न सक्तैनन् । भयबाट मुक्त गराउँदै जाने हो भने धेरैजसो विद्यार्थीहरू सृजनशील हुन सक्थे र आफ्नो समस्या आफै समाधान गर्न अग्रसर हुने थिए । अधिकांश विद्यार्थीले भययुक्त भएर भन्दा भयमुक्त भएर नै वास्तविक रूपमा शिक्षा आर्जन गर्न सक्छन् । हामीले विद्यार्थीलाई अहिंसाको भय देखाइरह्यौँ तर के हाम्रा विद्यार्थीहरू हिंसामुक्त हुन सकेका छन् त ? अवश्य पनि छैनन् । अहिंसाको सट्टा हिंसाको परिचय दिँदै जान सकेका खण्डमा हिंसाको भयबाट मुक्त हुँदै अहिंसाको मार्गतर्फ हाम्रा विद्यार्थीहरू लम्किन सक्नेछन् । जबसम्म हाम्रा शिक्षणसंस्थाहरूमा हामीले भयमुक्त वातावरणको सृजना गर्न सक्तैनौँ तबसम्म हाम्रा विद्यालयहरू 'तमसो मा ज्योतिर्गमय' को सुल्टो बाटामा हिँड्न सक्तैनन् । भयमुक्त भएपछि मात्र विद्यार्थीहरूले शिक्षालाई वास्तविक रूपमा प्रेम गर्न सक्छन् ।

### शिक्षा किन तुलनारहित हुनुपर्छ ?

हाम्रो समाज वास्तवमा तुलनामा आधारित छ तर तुलनाले नै हाम्रो समाज यथार्थमा स्वस्थ हुन सकिरहेको छैन । हामीले कक्षामा प्रथम हुने विद्यार्थीसँग अन्य विद्यार्थीको तुलना गर्छौं र सबै विद्यार्थीलाई त्यस्तै बन्नुपर्छ भन्ने निर्देशन दिन्छौँ । जसका कारण हाम्रा विद्यार्थीहरूमा ईर्ष्याको भावना जागृत हुन्छ । ईर्ष्याले द्वेषलाई र द्वेषले गर्दा नै भयलाई बढाउन अझ बढ्ता मद्दत गर्दछ । आफूले आफ्नो तुलना अरूसँग गर्नु वा अरूले कसैको आफूसँग तुलना गरिदिनु भनेको वास्तवमा आफ्नो अस्तित्वमाथि नै प्रश्नचिह्न खडा गर्नुजस्तै हो । तुलनाले हाम्रै प्रतिभा र चेतनामा समेत क्रमशः ह्रास आउन थाल्छ । हामीले तुलना भएका दुवै व्यक्तिका बीचमा कहिल्यै पनि प्रेम मौलाएको देख्न सकेका छैनौँ । तुलनाले दुवैलाई मित्रबाट प्रतिद्वन्द्वीका रूपमा उभ्याइदिन्छ । प्रतिद्वन्द्वीको भावनाले दुवैलाई आन्तरिक युद्धमा होमिदिन्छ र युद्धले विकास होइन विनाश नै निम्त्याउँछ । तुलनाले नै हाम्रा विद्यार्थीलाई भयमुक्त होइन भययुक्त बनाइदिन्छ । तुलनाले प्रेम होइन घृणा र द्वेषको भावना विस्तार गरिदिने भएकाले पनि शिक्षा तुलनारहित हुनु नितान्त आवश्यक छ ।

### शिक्षा किन अनुकरणमुक्त हुनुपर्छ ?

हामी अरूको अनुकरण वा नक्कल गर्न चाहन्छौँ र विद्यार्थीलाई पनि हामीले फलानो जस्तै बन्नुपर्छ भनेर अनुकरण गर्न प्रोत्साहन गर्छौं । वास्तवमा जीवनको उच्चतम विन्दुमा पुग्न र स्वअस्तित्व कायम गर्न हामीलाई अनुकरण साधक होइन बाधक बन्छ । अनुकरणले गर्दा हामीभित्रको सृजनात्मक क्षमतामा ह्रास आउँछ । अनुकरणले हामी न अरूजस्तो बन्न सक्छौँ न त आफूजस्तै बन्ने गर्छौं । अनुकरण गर्ने मनले वास्तविकता पत्ता लगाउन सक्तैन । प्रारम्भमा अनुकरण गर्न उपयुक्त नै देखिए पनि गन्तव्यमा पुग्दासम्म अनुकरण गरिरहनु हानिकारक मानिन्छ । विद्यार्थीलाई एउटै क्षितिजमा निर्भर रहन होइन अनन्त क्षितिज छिचोलेर अघि बढ्न सधैँ अनुकरण सहायकसिद्ध हुन सक्तैन । तसर्थ जीवनका अन्य क्षेत्रहरूमा जस्तै शिक्षा क्षेत्रमा पनि सदैव अनुकरण गर्ने प्रवृत्तिको अन्त गर्नु आवश्यक छ ।

### शिक्षा किन राजनीति र व्यवसायरहित हुनुपर्छ ?

वर्तमान समयमा सरकारी शिक्षण संस्थाहरू राजनीतिक हस्तक्षेपले ग्रस्त छन् भने गैरसरकारी अधिकांश शिक्षण संस्थाहरू व्यवसायमुखी भएका कारण शिक्षाको वास्तविक उद्देश्य हासिल हुनै सकेको छैन । जब शिक्षालाई कुनै सम्प्रदायविशेष, कुनै वर्गविशेष, कुनै राजनीति दलविशेष र कमाउमुखी व्यवसायजस्तै बनाइन्छ तब त्यहाँ विचार गर्ने र बहस गर्ने अवसर नै क्रमशः न्यून हुँदै जान्छ । प्राज्ञिक बहसको ढोका बन्द हुँदै गएर शिक्षालयहरू जब राजनीत्यालय र व्यवसायालयमा परिणत हुन्छन् तब शिक्षाका उद्देश्यहरू हासिल गर्न सकिँदैन र शिक्षालय केवल बेरोजगार उत्पादन गर्ने कारखाना मात्र बन्दै जानेछन् । शिक्षालयलाई नदीजस्तै बग्न नदिएर राजनीति र व्यवसायको सङ्कीर्ण कुवामा सीमित गर्दै जाँदा शिक्षालयहरू दुर्गन्धित बन्दै जाने कुरा सुनिश्चित छ । तसर्थ दक्ष, सृजनात्मक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने हो भने वर्तमान शिक्षानीति, पाठ्यक्रम र शिक्षण पद्धतिमा समेत व्यापक परिमार्जन गर्न जरुरी छ ।

### शिक्षा किन रुचिकर हुनुपर्छ ?

जसरी हामीले रुचिकर भएन भने राम्रोसँग भोजन ग्रहण गर्न सक्तैनौं, बाध्यतावश ग्रहण गरिहाले पनि त्यसलाई पचाउन हामीलाई मुस्किल पर्छ र अन्ततः हामी अस्वस्थ हुन्छौं । त्यसैगरी शिक्षा पनि रुचिकर भएन भने हाम्रा विद्यार्थीले त्यसलाई राम्रोसँग ग्रहण गर्दैनन् र गरिहाले पनि त्यसको मर्मलाई आत्मसात् गर्न नसक्ता हाम्रा विद्यार्थीहरू पढेर पनि अशिक्षित जस्तै बन्न पुग्छन्, अपाङ्ग भएको अनुभूति गर्न बाध्य हुन्छन् । शिक्षा रुचिकर भएका खण्डमा हामीले हाम्रा विद्यार्थीहरूलाई कक्षामा हल्ला नगर र अरू बेलामा समेत 'पढ पढ' भनेर बारम्बार दबाव दिइरहन पनि पर्दैन । बाध्य भएर पढ्न थाल्दा मस्तिष्कले शिक्षालाई ग्रहण गर्न सक्तैन र अन्ततः हाम्रा विद्यार्थीहरू शिक्षण संस्थाहरूको परीक्षामा मात्र होइन जीवनका अनगिन्ती परीक्षाहरूमा समेत कम सफल भएको अनुभूति गर्न बाध्य हुन्छन् । पाठ्यक्रम र पाठ्यपुस्तकका सामग्रीहरू मात्र रुचिकर भएर पुग्दैन, शिक्षकले पनि विद्यार्थीहरूमा रुचि वा भोक जगाउने खालका शिक्षणपद्धतिको अवलम्बन गर्नु आवश्यक छ । जुन शिक्षामा विद्यार्थीको रुचि जाग्छ त्यस्तो शिक्षा उनीहरूले मासिक, त्रैमासिक र वार्षिक परीक्षाको उत्तर पुस्तिकामा मात्र टाँस्न होइन आफ्नो जीवनपर्यन्त ग्रहण गरिरहन्छन् ।

### शिक्षा किन स्वतन्त्र हुनुपर्छ ?

शिक्षालाई हामीले पाठ्यपुस्तक, परीक्षा र प्रमणपत्रमा मात्र सीमित गरिदियौं । पाठ्यपुस्तकबाहेकका पुस्तकहरू पनि शैक्षिक सामग्री हुन् र विद्यालयमा दिइने परीक्षाहरूबाहेक जीवनका अनेकौं परीक्षाहरू पनि छन् भनेर हामीले विद्यार्थीलाई सिकाउनै सकेनौं । विषयगत कक्षा र गृहकार्य गर्नु मात्र शिक्षा लिनु हो भनेर उनीहरूलाई सङ्कुचित गरिदियौं तर विद्यार्थीसँग हामीले कक्षाबाहेक दशपन्ध्र मिनेटको फुर्सद निकालेर पाठ्यपुस्तक र परीक्षाको पर्खालभन्दा बाहिरका विषयवस्तुको कुराकानी गर्‍यौं अनि उनीहरूका कुरा पनि सुन्यौं भने उनीहरूले कक्षामा लामो समय पढ्दा हासिल गर्न नसकेको ज्ञान अनौपचारिक रूपमा गरिने यस्ता कुराकानीबाट सिक्न सक्छन् । हामीले अनुशासनका नाममा 'यो यो पढ' भनेर अरू पढ्नबाट उनीहरूलाई वञ्चित गर्‍यौं भने उनीहरूले आफूमा स्वतन्त्र अध्ययनको बानी विकसित गर्न सक्तैनन् । परतन्त्र भएर लिइएको शिक्षाले कसैलाई पनि स्वतन्त्र र सृजनशील बनाउन सक्तैन ।

### शिक्षा किन खोजमूलक हुनुपर्छ ?

हामीले शिक्षालाई हालसम्म खोजमूलक बनाउन सकेनौं । हाम्रा पाठ्यपुस्तकमा जे लेखिएको छ त्यही सत्य हो भन्ने भ्रममा मात्र हामीहरूले शिक्षालाई सीमित गरिदियौं । जसरी हाम्रा आँखाले देखेको गङ्गा, मात्र गङ्गा नभएर आदिदेखि अन्तसम्मको गङ्गाको बहावलाई हामीले गङ्गा मान्छौं, त्यसैगरी हाम्रा पाठ्यपुस्तकमा मात्र सीमित भएको शिक्षा मात्र शिक्षा होइन, त्यसको आदिदेखि अन्तसम्मको शृङ्खला पनि शिक्षा हो भनेर हामीले विद्यार्थीलाई खोज्न प्रोत्साहन गर्नुपर्छ । हामीले महान् व्यक्तिहरूका भनाइलाई बारम्बार दोहोर्‍याउँछौं र तिनलाई आफ्नो जीवनको आदर्श बनाउन चाहन्छौं तर हामीले तिनका बारेमा पनि खोजअनुसन्धान गर्न प्रयत्न गर्नुपर्छ । हामीले धनलाई जस्तै शिक्षालाई पनि सङ्ग्रह गर्न खोज्छौं र मुद्दती खाताबाट बढ्ता ब्याज आए झैं हामीले शिक्षालाई पनि मुद्दती खातामै सञ्चित गर्न खोज्छौं तर त्यसलाई लगानी गर्न अग्रसर हुँदैनौं । फलस्वरूप हाम्रो शिक्षारूपी नदी बग्न नपाएर हिउँदको कुवा जस्तै सुक्तै जान्छ । हामीले आफ्नो शिक्षालाई नदीझैं निरन्तर बगिरहन दिनुपर्छ र सदैव अनुसन्धानमा प्रवृत्त राइरहनुपर्छ । निरन्तर खोज गर्दै जान सकेका खण्डमा मात्र हामीले यान्त्रिक रूपमा ग्रहण गरेको शिक्षा व्यावहारिक र जीवन्त पनि बन्न सक्छ ।

### बैठान :

हामीले 'शिक्षा यस्तो यस्तो हुनुपर्छ' भनेको त धेरै सुन्यौं तर यस्तो किन हुनुपर्छ भन्ने जिज्ञासा राख्न भने सकेनौं । हामीलाई रुचिकर नहुँदानहुँदै पनि हामीले शिक्षाका नामा धेरै समय र आर्थिक लगानी मात्र गरेनौं, मानसिक लगानी पनि उत्तिकै गर्‍यौं तर सन्तोषजनक प्रतिफल भने प्राप्त गर्न सकेनौं । धेरै कुराहरू एकैसाथ अवलम्बन गरेर विद्यमान शिक्षामा तत्काल परिवर्तन ल्याउन सम्भव छैन तर शिक्षालाई क्रमशः भयमुक्त, तुलनारहित, अनुकरणमुक्त, राजनीतिरहित, व्यवसायमुक्त, रुचिकर, स्वतन्त्र र खोजमूलक बनाउँदै जाने दिशामा हामीले पाइलाहरू चाल्दै जान सक्छौं । हामीलाई विगतको शिक्षाले केकस्तो प्रतिफल दियो ? भन्ने कुराको पुनर्मूल्याङ्कन गरेर आगामी शिक्षा कस्तो प्रतिफल दिने खालको हुनुपर्छ ? भनेर सदैव चिन्तन एवं मनन गरिरहनु आवश्यक छ ।

***(लेखक भाषाविद्, पूर्वीय संस्कृतिका चिन्तक, स्वतन्त्र विचारक तथा नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक हुनुहुन्छ ।)***

# धर्म र विज्ञानको अन्तर सम्बन्ध

*डा. वासुदेवकृष्ण कोइराला*

'धर्म' र 'विज्ञान' बीचको अन्तरसम्बन्ध कस्तो हुन्छ वा हुनुपर्ने हो भन्ने सन्दर्भमा तीसहजार वर्ष (वैदिककालीन सभ्यता) अघिदेखि प्रसस्त चर्चाहरू र मन्त्रद्रष्टा ऋषिहरूले विचार विमर्श गरेकै हुन् । धर्म भनेको धारण गर्ने सनातन ज्ञान हो । सनातन शास्वत ज्ञान, वस्तु र पदार्थको स्वस्व पदार्थजनित गुण पनि धर्म कै अंग हो । धर्मले नैतिकता, सदाचार, सत् असत् विवेकको निर्देशन गर्दछ । व्यक्तिले धारण गर्ने मानवीय गुण पनि धर्म कै भाव हो । हजारौं हजार वर्षदेखि आएको सनातन परम्पराको क्रमबद्धताको ज्ञान नै विज्ञान हो । भौतिक पदार्थलाई बुझ्नु अनन्त गहिराइसम्म कणकणमा प्रवेश गर्ने माध्यम र कणकणमा ईश्वरीय गुणको दृष्यावलोकन गरी क्रमबद्ध विकास नै विज्ञान हो ।

वस्तु र पदार्थमा समभावको दृष्टिगोचर गर्नु शाश्वत विज्ञान हो । धर्म र विज्ञानको अन्तरसम्बन्धमा जसबारेमा आउँदा दिनहरूमा अझै धेरै चर्चा परिचर्चा हुनेछ । यदि नहुने छाँटकाँट देखिएमा समाजका विद्वज्जनले यस सम्बन्धमा हल्लाखल्ला मच्चाइहाल्नुपर्छ । कुनै युगमा पनि मानवलाई 'धर्म' र 'विज्ञान'को आलोकबाट पर रहन दिनुहुँदैन । यिनका स्वरूप तथा यी दुईबीचको अन्तरसम्बन्ध सर्वसाधारण जनसमुदायलाई बोध भई मानिसले वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान अवलम्बन गरेको दिनमा संसारका सबै समस्याहरू समाधान हुनेछन् ।

वैदिक दर्शनका आचार्यहरूले धर्मको अर्थ धारण गर्नु हो, शाश्वत ज्ञान र विज्ञानलाई अनुभूति गर्दै जानु, सत्य अहिंसा र प्रेममा विश्वास गर्नु, सम्पूर्ण प्राणीमा सद्भाव राख्नु धर्म हो ।

तथापि नदीका दुई किनारा कदापि नभेटिएजस्तै धर्म र विज्ञानको पनि मिलनविन्दु हुनै सक्दैन भन्ने तर्क राख्नेहरू पनि यत्रतत्र पाइन्छन् । आध्यात्मिकता र वैज्ञानिकता एकदमै विपरीत ध्रुवमा छन् भन्छन् कतिपय अन्वेषकहरू । साँच्चै अधिकाधिक मानिसहरू धर्म र विज्ञान एकआपसमा विकर्षित हुने विषयवस्तु ठान्छन् । यस्तो परिवेशमा हामीमध्ये पनि धेरैलाई उही भ्रमले गाँज्नु आश्चर्यको कुरो होइन । तर, यस्तो भ्रमलाई निवारण गर्नु आवश्यक छ । कम्तीमा पनि मान्छेहरूलाई झक्झक्याइरहनु जरुरी छ कि 'धर्म' र 'विज्ञान'लाई परस्पर विरोधी भन्ठान्ने तिम्रो सोच गलत छ ।

धार्मिकता र वैज्ञानिकता, दुवैको लक्ष्य सत्य उद्घाटन गर्नु नै हो । 'धर्म' र 'विज्ञान' प्रक्रियागत रूपमा कसरी फरक छन् भने विज्ञान भौतिक जगत्को जगमा स्थित जिज्ञासाको घरमा बसेर सत्यको अन्वेषण गर्दछ भने धर्म आन्तरिक रूपमा आत्मामा प्रतिष्ठित भएर सत्यको साक्षात्कार गर्दछ । अर्को तरिकाले भन्नुपर्दा, धर्म प्रायः शाश्वत सत्यको उद्घाटनप्रति बढि झुकाव राख्दछ भने विज्ञानलाई पहिले सापेक्ष सत्य जान्ने चासो पर्दछ । विज्ञानको पनि संतृप्त अवस्थामा पुग्नु पर्ने ठाउँ त्यहीँ हो, जहाँ धर्मले लैजान्छ ।

यहाँनेर ज्ञातव्य कुरा के छ भने दार्शनिकहरू विविध प्रकारका छन् : कोही शाश्वत सत्यको उद्घोष गर्नेहरू अनि कोही सापेक्ष सत्यको उद्घोषण गर्नेहरू । शाश्वत सत्य उद्घोषण हो धर्मको क्षेत्र यता सापेक्ष सत्य उद्घोषण विज्ञानको क्षेत्र हो । शाश्वत सत्यलाई समयको प्रवाहले कुनै फरक पार्दैन । त्यसैले अनेक युगमा जति ऋषि, सन्त, महात्मा, ज्ञानी, गुरु, आचार्य, योगी अवतरित भए पनि तपस्वीहरूबाट बारम्बार शाश्वत ज्ञानको कुरा प्रस्फुटित भइरहयो ।

वैदिक वाङ्मयमा पनि ज्ञान विज्ञान र आनन्द प्राप्तिको मार्ग उल्लेख भएको छ । हजारौं हजार वर्षको परम्परामा आएका उपनिषद्कालीन ऋषि महर्षिहरू एवं तिनका आचार्यहरू कपिल, कर्णाद, गौतम आदि पछि शाक्यमुनि गौतमबुद्ध, जैनमुनी तीर्थङ्कर, सबैले शाश्वत शान्तिको कुरा नै उद्घोष गरेका हुन् । यद्यपि, शैली फरक छ, भाषा फरक छ, हाउभाउ फरक छ तर, गुदी कुरो उही हो । गुरुनानक, इसा, पैगम्बर मुहम्मद, खप्तड बाबा, शिवपुरी बाबा, कविर, आचार्य रजनीश, कृष्णमूर्ति, साईबाबा जो कसैले पनि भनेको गुदी कुरो त उही हो । परन्तु भन्नेका शैली र ग्रहण गर्नेका ल्याकतले पो फरक पारेको छ । यता भौतिक विज्ञानका महारथीहरूका प्राप्तिका सार पनि तीभन्दा फरक छैनन् ।

सापेक्षसत्यका अनुयायीहरू युगानुसार प्रासङ्गिक वा अप्रासङ्गिक ठहरिने हुन्छन् । हिजोका वैज्ञानिकका सिद्धान्त र सूत्रहरू आज मिल्दैनन् र आजका सिद्धान्त र सूत्रलाई भोलिका वैज्ञानिकले अझ विकास गर्नेछन् । धर्मकै नाममा आएका भए तापनि असत्य कुराहरू समयक्रममा त्यागिँदै छन् । तिनमा रहेका शाश्वत सत्य मात्र सदैव स्वीकार्य रहने हुन् । वास्तवमा सापेक्ष सत्य र शाश्वत सत्यबीचमा तालमेल मिलाउन कठिन छ तर नमिलाई सुखै छैन । युगका अगुवाहरूले 'शाश्वतसत्य' र 'सापेक्षसत्य' दुवैको गतिसँग आफ्नो हिँडाइलाई तालमेल मिलाउनुपर्छ । आजको समाजलाई पनि त्यस किसिमको तालमेलको आवश्यकता छ ।

धर्म र विज्ञान यी दुवैको लक्ष्य उन्नति, प्रगति, विकास र सुख नै हो, अन्तिम गन्तव्य शाश्वत शान्तिको पथ हो भने विज्ञानको पथ पनि सामाजिक कल्याणको भाव नै हो । प्रयोगकर्ता माथि निर्भर हुने साधन र साध्यको तालमेल पनि हो । मानवकल्याण र शान्ति सबैको उद्घोष हो । सफलता असफलता तथा सदुपयोग दुरूपयोग चाहिँ पछिल्ला कुरा हुन् । उदाहरण खोज्न थाल्ने हो भने धर्मको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ भने विज्ञानको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ । कुनै उदाहरण विशेषलाई औंल्याएर छारो उडाइरहनु र त्यसैलाई सार्वजनीन ठान्नु मूर्खता हो । यो त पात्रताअनुसार फरक पर्ने कुरा हो । वास्तविकतामा धर्म र विज्ञान बीचमा कुनै मौलिक विरोध छैन ।

विज्ञानको प्राथमिकता बाह्य स्वरूपलाई छ भने धर्म आत्मिक चैतन्यको पक्ष लिन्छ । उही रुखका हाँगाबिँगाहरू जतासुकै फर्कून्, जरा त एउटै हो । स्वाभाविक विविधतालाई देखेर एकत्व नदेख्नु कहाँसम्मको मूढता !

मानवलाई धर्म र विज्ञान दुवैले अरु सबै जीवभन्दा उच्चतहमा राखेका छन् । यो मानव शब्द बनेको छ तीन अक्षर मिलेर । मा - अज्ञान, अविद्या । न - बिना । व - वर्तन - कार्य । अर्थात्, अज्ञान अविद्या त्यागेर कार्य गर्नेलाई मानव भनिएको छ । अज्ञान त्याग्नु भनेको ज्ञान प्राप्तितर्फ लाग्नु हो, ज्ञान प्राप्त गर्नु ज्ञानी बन्नु हो, ज्ञानी बन्नु भनेको आफू र आफ्नो जगत् तथा त्यसको कारण जान्नु हो । यसरी आत्मज्ञानको स्थितिमा पुगेपछि आत्मज्ञान नै परमात्मा ज्ञान ईश्वरप्राप्तिको सोपान हो, ईश्वर वा ब्रह्मतत्व साक्षात्कार गर्नु नै परमसत्य हो । मानवको परमलक्ष्य 'मोक्ष' हो ।

हाम्रा धर्मशास्त्रहरूले बारम्बार हामीलाई बताइरहेका छन् - धर्म नै सत्य हो । धर्मविना मानव व्यर्थ छ । अनि त्यो वैज्ञानिक, जसको लक्ष्य नै जीवन र जगत्को सत्य अन्वेषण गर्नु हो, कसरी परमसत्य ब्रह्मतत्वबाट पर रहन सुहाउँछ - उसको खोज नै सत्यतर्फ परिलक्षित हुने हुँदा ध्रुवसत्य एवम् परमसत्य परब्रह्मलाई वैज्ञानिकले नकार्न मिल्दैन । धर्मको शुद्ध स्वरूप र विज्ञानको पनि शुद्ध स्वरूप छर्लङ्ग हुँदा धर्म र विज्ञानको एकत्व सहजै दृष्टिगोचर भइहाल्छ ।

विज्ञान र धर्मलाई भिन्न देख्नु दृष्टिदुर्बलता हो । तथ्य कुरा के हो भने धर्म र विज्ञान एउटै सिक्काका दुई पाटा हुन्, एकअर्काका परिपूरक । यहाँनेर आधुनिक विज्ञान जगत्का महान् व्यक्तित्व आइन्सटाइनलाई उद्धृत गर्नु उपयुक्त हुनेछ । आइन्सटाइनको भनाइ छ धर्म बिनाको विज्ञान लङ्गडो र विज्ञानबिनाको धर्म अन्धो हुन्छ । यदि अपूर्णताबाट पूर्णतातिर जाने हो भने धर्म र विज्ञान समानरूपले अपनाउनुपर्छ । यसैले धर्म र विज्ञान एक अर्काका पूरक हुन् । विज्ञानवादको जति विकास हुन्छ वैदिक सनातन धर्मको पनि सकारात्मक पाटाहरू निरन्तर परिभाषित हुन्छन् ।

**अन्त्यमा,**

मार्क्सले धर्म (सम्प्रदाय)को विषयमा विरोध गर्नुको कारण पनि चर्चले गरेको अत्याचार, पोप पादरीहरूले विभिन्न वैज्ञानिक सत्यहरूलाई परिभाषित गर्ने क्रममा हतियारको बलमा हिंसाको बाटोबाट स्वतन्त्र वैज्ञानिक विचारलाई सिद्ध्याएका हुनाले नै प्रखर विरोध गरेका हुन् । तर मार्क्सलाई सुयोग्य गुरुले वैदिक दर्शन, उपनिषद, पुराण, धर्म, राजनीति र विज्ञानको अन्तरसम्बन्धको बारेमा बताउने असल शिक्षक भएका भए मार्क्सले कम्युनिष्ट मेनिफेस्टोलाई धर्म र विज्ञानको एकीकृत स्वरूप अवश्य दिने थिए । द्वन्द्वात्मक भौतिकवाद नभनेर वर्ग समन्वयवाद भन्ने थिए । धर्म र विज्ञान एक अर्काका पूरक हुन् । मत पन्थ र सम्प्रदाय भने आधुनिक समयमा राजनीतिक पार्टीहरूले राजनीतिक झण्डा बोकेर उद्दण्डता मच्चाएको जस्तो हो । सम्प्रदायहरू निरपेक्ष हुन सक्छन् तर धर्म भने कहिल्यै निरपेक्ष हुन सक्दैन किन कि यो शास्वत र सनातन छ । धर्म र विज्ञान एक अर्काका पूरक हुन् ।

***(लेखक विशिष्ट विद्वान्, चिन्तक एवं वरिष्ठ वास्तुविद् हुनुहुन्छ ।)***

# आयुर्वेद विज्ञान

*डा. ऋषिराम कोइराला*

कार्यकौशलता, ज्ञान, व्यवहार, उत्पादन आदिका वर्णहरू विभिन्न रूपमा पाइन्छ । कयौं हस्तलिखित ग्रन्थहरू प्रस्तर, ताम्र, भूर्ज पत्रका अभिलेखहरू पाइन्छन्। यसर्थ आयुर्वेद हाम्रो जीवन–स्वास्थ्य विज्ञान मात्र नभै उद्गम स्थल र जीवन्त प्रणाली पनि हो ।

हामी हाम्रा भान्छामा रहेका पाककला, भोजन परिपाकका विभिन्न तरिकाहरू, खाने कला, भोजन समय, ऋतु, उमेर, उपयुक्त समीश्रण अनुपयुक्त विविध जानकारीहरू आदिको विशद वर्णन र व्यवहारहरू पनि छन् । वर्तमान संक्रमणको विश्वव्यापी प्रभाव–समस्या र व्याधि क्षमत्व, वा इम्युनिटीको विकासमा भोजनको महत्व परापूर्व कालदेखि नै पाइन्छ र वर्तमानमा अझ सान्दर्भिक रहेको छ । जस्तै भान्छाका बेसार, मरिच, लसुन, अदुवा सबै प्रकारका मसलाहरूको प्रयोग इम्युनिटीका विविध पक्षमा कार्यकारी र महत्वत बढेको सन्दर्भ सबैलाई जानकारी नै छ । पेय पदार्थको रूपमा पानी या जलको विविध श्रोतहरू, उपयुक्त स्वास्थ्य सम्बर्धक गुणहरू, व्याधि रोकथाम वा रोग प्रतिरोधक प्रभाव तृप्तीकर आदि धेरै पक्षहरूको बृहत् अध्ययन र संकलित ज्ञान, अनुभव विधि वैज्ञानिकता आयुर्वेद विधामा देख्न पाइन्छन् । पानीलाई दिइने श्रद्धा, पूजन, नमन, पानीको मूलमा गरिने पूजा, आदि प्राकृतिक श्रोतको संरक्षण, श्रद्धा र सम्बन्ध देखाउने सन्दर्भहरू प्रशस्त पाइन्छन्। करीब ३–४ वर्ष पहिले एक जापानिज वैज्ञानिकले लेखेको शोध पुस्तकमा यस्ता परम्परा र आयुर्वेदको ज्ञान व्यवहारका प्रमाणहरू वैज्ञानिक शोधमा प्रमाणित देखिन्छन् ।

यसर्थ आयुर्वेदले जीवन, प्रकृति, वातावरण, आचार, विचार, सद्वृत्त, योगका साथै स्वस्थ रहने विधिहरूको विशद वर्णन पाइन्छ । जीवन शरीर, इन्द्रियहरू, मन र आत्माको क्रियात्मक, समन्वयात्मक र निरन्तर चलायमान चेतनाको अभिव्यक्त अवस्था हो । हरेक वस्तुगत एवं विषयगत अभिव्यक्त अवस्थाको श्रोत चेतना हो। यसर्थ स्वास्थ्यका पनि चार आयामहरू छन्। शरीरगत स्वास्थ्य, इन्द्रियगत स्वास्थ्य, मनोगत स्वास्थ्य र आत्मिक स्वास्थ्य हुन् । यसर्थ यी चारै आयामहरूमा दिनुपर्ने यथेष्ट ध्यान, व्यवहार, अध्ययन, विधि, प्रविधिबाट मात्र हामी स्वस्थ रहन सक्दछौं । उदाहरणको रूपमा ५ मिनेटको रीस वा आक्रोशले १५ किलोमिटर दौडने उर्जा खर्च हुन्छ । यसरी जीवनमा हुने क्षणिक आक्रोश, चिन्ता, उद्वेग, विषाद आदि धेरै प्रकारका मनोसंवेगहरूले शरीरको क्रियामा र कालान्तर रचना समेत दुष्प्रभाव पार्दछन् । हामी प्रतिक्षण, प्रतिदिन यी र यस्तै प्रकारका संवेगहरूबाट गुज्रिइरहेका छौं । यसर्थ यी संवेगहरूको सही व्यवस्थापनबाट शरीर क्रियाका कयौं उथल-पुथलहरूलाई व्यवस्थित गर्न सकिन्छ। मेरो चिकित्सा जीवनको अनुभवबाट हजारौं मानिस देश र विदेशमा सचेत गराइरहेको छु । आयुर्वेदमा स्वस्थ रहनका लागि कयौं विधि, अनुशासन र व्यवहार ज्ञानहरू उल्लेख गरिएका छन् ।

उपरोक्त पक्षका साथै स्वास्थ्य संवर्द्धनका लागि योगका विविध आयामहरू, सगीत, रंग, शब्द–नाद–ध्वनि, सूर्य रश्मी आदि चिकित्सा विधिहरू उपचारात्मक प्रभावहरूको बारेमा उल्लेखित विधा हो । यो वेदहरूको उपवेद हो। यसर्थ आदिम सभ्यतादेखि प्रयोगमा ल्याइएका धेरै प्रकारका ज्ञान र व्यवस्थाहरूको वर्णन पाइन्छ । रोग लाग्नै नदिने उपायहरू, रोगका कारणहरू, शरीर क्रियामा हुने प्रारम्भिक असन्तुलनको समयमै व्यवस्थापन विधि, व्यवहारहरू, रोग चिकित्साका साथै उपचार विधि, औषध, व्यवहार, पथ्य, अपथ्य, अनुशासनहरूको वर्णन गरिएको छ । जस्तै शरीरमा उत्पन्न भएका विविध चय अपचयात्मक (मेटाबोलिक) प्रक्रियामा संकलित सामज विषहरूद्वारा कालान्तरमा विविध प्रकारका असन्तुलन उत्पन्न गराई रोगहरूको आविर्भाव गर्न सक्दछ । जस्तै प्रकारका मांसपेशी, जोर्नीहरूका रोगका कारणहरूमा शरीरमा रहेका सामज विषादिहरू अरोइम्यूनको रोगका कारक हुन्छन् । यी विषादिहरू शरीरका अलग अलग प्रणाली, प्रक्रियाहरूलाई प्रभावित, कमजोर गर्दै रोगको उत्पत्ति गर्दछन् । यसैले यी सामज विषाणुहरूको विविध उपचार विधि संशोधन, शमन आदि विस्तृत उपायहरूको

वर्णन गरिएको चिकित्सा विज्ञान आयुर्वेद हो । यसर्थ आयुर्वेद विधामा पारंगत चिकित्सकहरूको परामर्श लिइ यस्ता धेरै उपायहरू जीवनमा उतारी, अभ्यासमा अभ्यस्त भै सुस्वास्थ व्यक्ति, परिवार, समाज र देशको निर्माण गर्न मद्दत गर्दछ । जस्तै वर्तमानमा उच्च संक्रमणमा रहेको (कोभिड–१९) कोरोनाको संक्रमणको एउटा बलियो पक्ष भनेको व्याधि क्षमत्व–इम्युनिटी हो । यसैको आधार या शरीर बल अनुसार कोरोनाका दुष्प्रभावहरू भिन्न रूपमा देखिएका छन् । रोग सामान्यदेखि गम्भीर प्रकृतिका देखिएका छन् । आयुर्वेदका उपक्रम उपायहरू व्याधि क्षमत्व विकासमा प्रभावकारी देखिएका छन् ।

आयुर्वेदको अर्को पक्ष आय आर्जन, प्रकृति संरक्षण र समग्र समाजको विकासमा रहेको छ । करीब ७०% दुर दराजमा बस्ने नागरिकहरूको आय आर्जन या जीवन यापनको उपायको श्रोत नै जडिबुटीको व्यापार नै रहेको छ । यसको व्यवस्थित, वैज्ञानिक, दीर्घकालीन, स्थायी उपायहरूको अध्ययन, विकास र विस्तार आजको महत्वपूर्ण माग हो । संसारमा सबैभन्दा महङ्गा जडीबुटीहरू यार्सागुम्बा, जटामसी, अगरु आदिका साथै विश्वमा दूर्लभ जडीबुटीहरू नेपालमा पाइन्छन् । यी विकट हिमाली क्षेत्रहरूमा पाइने जडीबुटीहरूको समुचित दोहन, उपयुक्त सचेतना कार्यक्रम, खेती विस्तार आदि दीर्घकालीन योजनाका आधारहरू विकास गरी व्यवहारमा उतार्नु आजको आवश्यकता हो ।

यी संक्षिप्त विवेचना साथ र मेरा ४२ वर्षका अनुभहरू भिन्न भिन्न देशको भ्रमण चिकित्सा र १२२ देशका नागरिकहरू यहाँ उपचारका लागि आएकाहरूको अनुभव र निचोडको रूपमा म विश्वास दिलाउँछु कि आयुर्वेद चिकित्सा विज्ञानले प्रभाव देखाउन सक्दछ । दिन र रात्रीमा गरिने होस पूर्वका कार्यहरूले जीवनको प्रभावका बारेमा यथेष्ट विचार र अनुसन्धानबाट प्रमाणित भएका छन् । यसर्थ जीवनमा कसरी उतार्ने र निरन्तर अभ्यासमा लैजानु आजको आवश्यकता हो । यसैले व्यक्तिको आन्तरिक र बाह्य सन्तुलित स्वास्थ्य व्यवस्थापनका लागि आयुर्वेदको विश्वव्यापी रूपमा उपादेयता दिनानुदिन बढिरहेको छ ।

यिनै सन्दर्भहरूलाई नियालेर हेर्दा खानपान, योग, आसन, प्राणायाम, ध्यान, दिनचर्या, ऋतुचर्या, ऋतुगत संशोधन, सामान्य स्वास्थ्य रहनका लागि घरेलु उपायहरू मनो व्यवस्थापन, उद्वेग, उग्र संवेगहरूको व्यवस्थापन, र शरीरगत संशुद्धि र रोग प्रतिरोधात्मक क्षमता विकास र रोग चिकित्सा आदि वैशिष्ट्यता बोकेको आयुर्वेद चिकित्सा विज्ञान आजको राष्ट्रिय माग हो । सो विधाको विश्वव्यापी प्रचार र प्रसारका लागि सरकार सरोकार वालाहरूको अनिवार्य शर्त हो । यिनै संक्षिप्त आलेखका साथ सम्पूर्ण दिदी बहिनी, दाजुभाई, युवावर्गमा श्रद्धा सुमन अर्पण गर्दै बिदा चाहन्छु ।

***(लेखक आयुर्वेद हेल्थ होमका निर्देशक हुनुहुन्छ ।)***

# दिगो विकास लक्ष्यको स्थानीयकरण

*डा. हरि प्रसाद लम्साल*

**विषय प्रवेश**

मानव र वातावरण बीचमा रहेको अन्तर सम्बन्धको विषय सन् १९६० को दशकदेखि विज्ञले चर्चामा ल्याउन थालेका हुन । दिगो विकास भनेर नामाकरण गर्ने काम सन् १९८० मा मात्र गरियो । सन् १९८७ को ब्रन्टल्याण्ड रिपोर्ट ओभर कमन फ्यूचर (Brundtland Report Over Common Future) ले विकासमा दिगो विकास अवधारणा अगाडि सार्यो । (http://www.un-documents.net/our-common-future.pdf) । तत्पश्चात नै विश्व समुदायले दिगो विकास अवधारणलाई विकास एजेण्डाको रूपमा अगाडि बढायो ।

विश्व व्यवस्थामा दिगो विकास अवधारणा ल्याउनमा माथिको र यस्तै अन्य प्रतिवेदनका साथमा अन्य केहि कारक तत्वहरू जिम्मेवार छन् । पहिलो विश्वव्यापी एजेण्डाको रूपमा रहेको सहश्राब्दि विकास लक्ष्य सन् २०१५ मा सकिदै थियो । दोस्रो साविकमा रहेका विकासका एजेण्डाहरू खण्डिकृत रूपमा रहेको महसुस उतिबेला नै हुन थालेको थियो । यसैगरी नयाँ विश्वव्यवस्थामा विकासलाई गभर्न गर्न नयाँ एजेण्डा आवश्यक नै थियो । यी र यस्तै कारणले गर्दा नै संयुक्त राष्ट्र संघलाई नयाँ खालको विश्वव्यापी एजेण्डा तय गर्नु थियो । विश्वरङ्गमन्चका मुख्य खेलाडीहरूले यहि अवधारणालाई साझा सहमतिको रूपमा स्वीकार गरेको हुनाले संयुक्त राष्ट्र संघ र विश्व समुदायले चरणवद्ध छलफल तथा विज्ञहरूको प्रतिवेदन पश्चात यहि दिगो विकास लाई सन् २०३० सम्मका लागि एजेण्डाका रूपमा प्रस्तुत गर्यो (https://sdgs.un.org/goals) । दिगो विकास लक्ष्य (Sustainable Development Goals - SDGs) को मार्गदिशा तय गरियो । संयुक्त राष्ट्र संघको महासभाले सन् २०१५ को सेप्टेम्बरमा ट्रान्सफरमिङ् आओर बल्ड् द २०३० एजेन्डा फर सस्टेनेबल डेभलपमेन्ट (Transforming our world: the 2030 Agenda for Sustainable Development) भन्ने नयाँ विकासका कार्यसुची (डेभलेपमेन्ट एजेन्डा) पारित गर्यो, जसलाई न्यू ग्लोबल डेभलेपमेन्ट एजेन्डा (New Global Development Agenda) भनिएको छ । यसले विश्वका सबै मुलुकहरूलाई सन् २०३० सम्मका लागि विकासका एजेण्डालाई प्राथमिकता प्रदान गर्नका लागि आधार प्रदान गर्छ भनेर स्वीकार गरियो ।

दिगो विकास लक्ष्य विश्वव्यापीरूपमा तय गरिएको विकास एजेण्डा भए ता पनि सदस्य मुलुकहरूले यसलाई आफ्नै ढंगबाट कार्यान्वयन गर्न सक्ने प्रावधान छ । संयुक्त राष्ट्र संघले त साझा अवधारणा प्रस्तुत गरेको मात्र हो । हरेक सदस्य मुलुकले आफ्ना नियमित र विकासका कार्य यहि खाकामा आधारित रहेर गर्नुपर्छ भन्ने मान्यता नै दिगो विकास लक्ष्यको मूल मर्म हो । तर विश्वव्यापीरूपमा तय गरिएको खाका उहि रूपमा सबै मुलुकमा लागू गर्न सकिन्छ वा कार्यान्वयनमा आउन सक्छन् भन्ने नहुन पनि सक्छ । प्रस्तुत सन्दर्भमा अहिलेको मूल प्रश्न त दिगो विकास लक्ष्यका लक्ष्य, उद्देश्य, रणनीति, सूचक र अन्य पक्षाइ मुलुकले आफ्नो परिवेशमा के कसरी बदल्छन् भन्ने हो । यस क्रममा हस्ताक्षरकर्ता मुलुकहरूका सामु दुइ ओटा प्रमुख कार्य हुन्छन् । पहिलो दिगो विकास लक्ष्यका विश्वव्यापी खाकालाई मुलुकले आफ्नो परिवेश अनुकुलको खाकामा बदल्नु पर्छ । यसो गर्नु भनेको मुलुकका नीति तथा कार्यक्रम र कानुनी एवम् संस्थागत संरचनालाई यस अनुकुल बनाउनु भन्ने पनि हो । दोस्रोमा मुलुकले तय गरेको दिगो विकास लक्ष्यको खाकालाई पुनःस्थानीयकरण गर्नु पर्ने हुन्छ । यहाँ स्थानीयकरण गर्नु भन्नाले सब नेशनल र स्थानीय दुवै तहलाई बुझ्नुपर्ने हुन्छ ।

यिनै सन्दर्भमा प्रस्तुत लेखमा दिगो विकास लक्ष्यको सामान्य परिचय, नेपालमा कार्यान्वयन अवस्था र यसको स्थानीयकरणका बारेमा केहि खोतल्ने प्रयास

गरिएको छ। द्वितिय स्रोतका सामग्रीको सहयोगमा लेख तयार गरिएको छ । लेख अनुसन्धानमूलकभन्दा पनि व्याख्यात्मक र वर्णनात्मक जस्तो हुन पुगेको छ। सानो लेखमा दिगो विकास लक्ष्यका सबै विषयवस्तु समावेश गर्न सम्भव नहुने देखिएकोले दिगो विकास लक्ष्यलाई के कसरी स्थानीयकरण गर्न सकिन्छ भन्ने बारेमा केहि सुझाइएको छ । लेख तयार गर्ने क्रममा अनुभव र अभ्यास दुवैलाई जोड्न खोजिएको छ।

**दिगो विकास लक्ष्य**

दिगो विकास लक्ष्य संयुक्त राष्ट्रसंघले तय गरेको विश्वव्यापी मार्गचित्र हो । २५ सेप्टेम्बर २०१५ मा दिगो विकाससम्बन्धी विश्व सम्मेलन, जसमा १५० भन्दा बढि मुलुकका सरकार प्रमुख तथा प्रतिनिधिहरू सहभागी थिए, ले १७ वटा दिगो विकास सम्बन्धि लक्ष्य २०३० लाई आत्मसाथ गरी घोषणापत्र सहमति जनायो । (https://sdgs.un.org/goals) दिगो विकास लक्ष्य विश्वव्यापी एजेण्डा हो। साथै यो विकासको ढाँचा पनि हो। संयुक्त राष्ट्र संघ र यसका सदस्य मुलुकहरूले यसलाई स्वीकार गरेका छन्। समग्र भूमण्डल र पर्यावरण मानका साथै अन्य सबै जिवित प्राणी र वनस्पतिको साझा सम्पत्ति हो । विकास आफैमा निरपेक्ष हुनै सक्दैन । विकास, पर्यावरण संरक्षण, प्राकृतिक स्रोतको उपयोग, मानिस र वातावरणको अन्तरसम्बन्ध आदि विषय एकअर्कामा सम्बन्धित छन्, आश्रित छन् । यहि अवधारणामा आधारित भइ दिगो विकास लक्ष्यले सदस्य मुलुकहरूले अवलम्बन गर्नु पर्ने मार्गदर्शन, लिनु पर्ने प्रक्रिया एवम् केहि सिमितता र बन्धनहरूसमेत तोकेको छ। दिगो विकास लक्ष्यले पाँच वटा पीलाई आधारस्तम्भ मानेको छ (युनेस्को २०१६, https://sdgs.un.org/goals and https://unfO{undation.org/) ।

- पहिलो पि ले पृथ्वी अर्थात प्लानेटलाई जनाउँछ, जहाँ समग्र पृथ्वीमा रहेका प्राकृतिक स्रोत साधन र वातावरणको समुचित र मितव्ययी ढँगबाट प्रयोग गर्नुपर्छ। यी साधनहरू हामीसँग अहिले नासोको रूपमा रहेको हुनाले भावी पुस्तालाई यो नासो अझ संरक्षित रूपमा हस्तान्तरण गर्नुपर्छ।

- दोस्रो पि अन्तर्गत मानव अर्थात पिपुल हुन, जो सबै प्रकारका गरिबी र भोकमरीबाट मुक्त हुनुपर्छ। सबैले मर्यादित रूपमा बाच्न पाउनु पर्छ, सम्मानित जीवन बाच्न पाउनु पर्छ र मानवका बीचमा समानता कायम हुनुपर्छ।

- तेस्रो पि ले समृद्धि अर्थात् प्रोसपेरिटी लाई इगित गर्छ, जहाँ प्रकृतिसँग तालमेल र सामन्जस्यता कायम गरी समृद्धि हासिल गर्नुपर्छ। प्रकृतिको अनावश्यक मात्रामा दोहन र दुरूपयोग गर्नु हुँदैन। मानवको समुन्नत जीवन सुनिश्चित गर्नेतर्फ हाम्रा कार्य निर्देशित हुनुपर्छ।

- चौथो पि ले शान्ति अर्थात पिसलाई जनाउँछ, जसअन्तर्गत आत्मिक, भौतिक, मानसिक र सबै खालका शान्ति स्थापना भएको हुनुपर्छ। यसका लागि शान्तिपूर्ण, न्यायसँगत र समावेशी समाज निर्माण हुनु आवश्यक भएकोले हाम्रा कामकार्यवाहि यसैतर्फ लक्षित हुनु आवश्यक हुन्छ।

- पाँचौ पि ले साझेदारीलाई जनाउँछ, जहाँ सशक्त र दिगो विश्वव्यापी साझेदारीबाट नै दिगो विकास हुन्छ र यसका एजेण्डाहरू कार्यान्वयन हुन्छन् भन्ने विश्वास गरिन्छ।

विगतको सहश्राब्दि विकास लक्ष्यले आठवोटा लक्ष्य लिएको थियो । यी पनि विकासका एजेन्डाहरू नै थिए । माथि भनिएअनुसार अहिलेको दिगो विकास लक्ष्यले मानिस (मानविय पक्ष), पृथ्वी (ग्रह), सम्वृद्धि, शान्ति र साझेदारीतालाई मूल केन्द्रमा राखी विकासलाई अझ एकिकृत रूपमा हेर्दै लक्ष्य, लक्ष्याङ्क, सूचकका साथमा विभिन्न मार्गदर्शक तय गरेको छ। यी लक्ष्य र लक्ष्याङ्कहरू हासिल गर्नका लागि १५ वर्षको अवधि अर्थात् सन् २०३० सम्मको समयावधि किटान गरिएको थियो। अहिलेसम्म पाँच वर्षको समयावधि व्यतित भइसकेको छ। देहायको भागमा लक्ष्य र लक्ष्याङ्कलाई प्रस्तुत गरिएको छ (युनेस्को २०१६, https://sdgs.un.org/goals) ।

| लक्ष्य नं. | दिगो विकास लक्ष्य | Sustainable Development Goals |
|---|---|---|
| एक | सबै स्थानमा रहेका सबै प्रकारका गरिबीको अन्त्य गर्ने | End poverty in all its forms everywhere |
| दुइ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा प्राप्त गर्ने तथा पोषणमा सुधार गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture |
| तीन | सबैका लागि स्वस्थ जीवनको सुनिश्चित गर्दै र सु-स्वाथ्यको प्रवर्द्धन गर्ने | Ensure healthy lives and promote well-being for all at all ages |
| चार | समावेशी समन्यायिक गुणस्तरीय शिक्षाका सुनिश्चितता गर्ने र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्द्धन गर्ने | Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all |
| पाँच | लैङ्गिक समानता प्राप्त गर्ने तथा महिला एवम् छात्राहरूलाई सशक्तिकरण गर्ने | Achieve gender equality and empower all women and girls |
| छ | सबैका लागि शुद्ध खानेपानी तथा सरसफाइ व्यवस्थापन दिगोरूपमा सुनिश्चित गर्ने | Ensure availability and sustainable management of water and sanitation for all |
| सात | धान्न सक्ने, विश्वसनिय, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने | Ensure access to affordable, reliable, sustainable and modern energy for all |
| आठ | सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र सम्मानजनक काम उपलब्ध गराउन धान्न सक्ने, समावेशी र दिगो आर्थिक वृद्धिको प्रवर्द्धन गर्ने | Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all |
| नौ | प्रतिरोधक्षमतायुक्त पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकरणको प्रवर्द्धन गर्ने र आविष्कारलाई प्रोत्साहन गर्ने | Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation |
| दश | मुलुकभित्र र मुलुकहरूको बीचमा रहेको असमानतालाई न्युनिकरण गर्ने | Reduce inequality within and among countries |
| एघार | शहर तथा मानवीय बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोध क्षमतायुक्त दिगो बनाउने | Make cities and human settlements inclusive, safe, resilient and sustainable |
| बाह्र | उपभोग र उत्पादनको दिगो ढाँचा सुनिश्चित गर्ने | Ensure sustainable consumption and production patterns |
| तेह्र | जलवायु परिवर्तन र यसबाट सृजित असर एवम् प्रभावसँग जुध्न आपतकालीन कार्यहरू अवलम्बन गर्ने | Take urgent action to combat climate change and its impacts |
| चौध | दिगो विकासका लागि सामुद्रिक, समुद्र र जलवायुका स्रोतहरूको उपभोग र प्रयोगमा दिगोपन ल्याउने | Conserve and sustainably use the oceans, seas and marine resources for sustainable development |
| पन्ध्र | भू-चक्रीय प्रणालीको संरक्षण गर्ने, यसको पुनप्राप्ति र दिगोउपयोगमा जोड दिने, बनजङ्गलको दिगो व्यवस्थापन गर्ने, वनविनास विरुद्ध लड्ने, भूक्षयीकरण रोक्ने र जैविक विविधतालाई ह्रास हुनबाट जोगाउने | Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss |
| सोह्र | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायको सुनिश्चितता गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने | Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive |
| सत्र | कार्यान्वयनका माध्यमहरूको सुदृढिकरण गर्ने र दिगो विकासका लागि विश्वव्यापी साझेदारीतालाई पुन सक्रिय बनाउने | Strengthen the means of implementation and revitalize the global partnership for sustainable development |

(ख) दिगो विकास लक्ष्यअन्तर्गतका लक्ष्याङ्कहरूः विश्वव्यापी रूपमा दिगो विकास लक्ष्यअन्तर्गत १६९ ओटा लक्ष्याङ्कहरू (Targets) तय गरिएका छन् । यी लक्ष्याङ्कहरूलाई यीनको प्रकृतिअनुसार मुख्य (Core) र कार्यान्वयनका माध्यम (Means of Implementation) मा वर्गीकरण गरिएको छ । कायम भएका १६९ लक्ष्याङ्कहरूमध्ये १२६ ओटालाई मुख्य र बाँकी ४३ ओटा कार्यान्वयनका माध्यमअन्तर्गत राखिएको छ, जसलाई देहायमा दिइएको छः

| लक्ष्य नं. | लक्ष्याङ्क | लक्ष्य नं. | लक्ष्याङ्क |
|---|---|---|---|
| १ | ७ (५+२) | १० | १० (७+३) |
| २ | ८ (५+३) | ११ | १० (७+३) |
| ३ | १३ (९+४) | १२ | ११ (८+३) |
| ४ | १० (७+३) | १३ | ५ (३+२) |
| ५ | ९ (६+३) | १४ | १० (७+३) |
| ६ | ८ (६+२) | १५ | १२ (९+३) |
| ७ | ५ (३+२) | १६ | १२ (१०+२) |
| ८ | १२ (१०+२) | १७ | १९ (१९+०) |
| ९ | ८ (५+३) | जम्मा | १६९ (१२६+४३) |

*नोटः हरेक लक्ष्यसँग लक्ष्याङ्क दिइएको छ । सोअङ्कसँग कोष्ठभित्र रहेकामध्ये पहिलो अङ्कले मुख्य लक्ष्याङ्क र जोड चिन्हपछिको अङ्कले कार्यान्वयनका माध्यमलाई जनाएको छ ।*

## दिगो विकास लक्ष्य कार्यान्वयन कसरी हुन्छ त ?

माथि नै भनिसकियो कि दिगो विकास लक्ष्य कार्यान्वयनका लागि हरेक मुलुक आफैमा सार्वभौम छन्, स्वतन्त्र छन् । आफ्ना कार्यक्रम मुलुक भित्रकै निकायले स्वीकृत गरी कार्यान्वयनमा ल्याउन सक्छन् र थप स्वीकृतिका लागि कँहि कतै लैजानु पर्दैन । तर सम्झनु पर्ने के हो भने विश्वव्यापी ढाँचा आफै कार्यान्वयनमा जान सक्दैन या कार्यान्वयन हुन सक्दैन । यो त एउटा खाका हो जसका आधारमा सदस्य मुलुकहरूले आफ्नो खाका बनाउने हो, यसैका आधारमा कार्यान्वयन गर्ने हो । यसका लागि प्रत्येक मुलुकले आफ्ना कानुनमा सुधार गर्नुपर्छ, कतिपय सन्दर्भमा नयाँ कानुन पनि बनाउनु पर्छ । योजना तथा कार्यक्रममा समावेश गर्नुपर्छ । कार्यान्वयन संयन्त्र बनाउनु पर्छ । स्रोत खोजि गर्नुपर्छ । दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्नु हरेक सदस्य मुलुकका लागि धेरै मात्रामा नैतिक बन्धन हो भने केहि मात्रामा कानुनी बाध्यता पनि छ ।

माथि नै भनिसकियो कि हरेक मुलुक दिगो विकासका सम्बन्धमा काम गर्न स्वतन्त्र र सार्वभौम छन् । तर यस्तो स्वतन्त्रतता र सार्वभौमिकता विश्वव्यापी ढाँचाभित्र रहेर प्रयोग गर्नुपर्छ भन्ने हो । यसमा समाविष्ट कतिपय विषय कुनै एक मुलुक विशेषभन्दा पनि साझा विषयको रूपमा रहेका छन् । एउटा मुलुकले मात्र यससँग सम्बन्धित समस्या समाधान गर्छु भनेर लाग्दा पनि नसक्ने हुन सक्छ । धेरै मुलुक सहभागी भइ साझा प्रयास गर्नुपर्ने हुन्छ ।

दिगो विकास लक्ष्य कार्यान्वयन गर्नका लागि सबैभन्दा पहिला देहायका ढाँचा हुनुपर्छ भनेर बुझ्नु आवश्यक हुन्छ । यी ढाँचा विभिन्न तहमा तर्जुमा गरिन्छन् । देहायमा दिइएका (क) र (ख) को ढाँचा संयुक्त राष्ट्रसंघ र यसका निकायहरूको समन्वय र सहयोगमा बनिसकेको छ भने (ग), (घ) र (ङ) को खाका हरेक मुलुकले आफ्नो परिवेश अनुसार निर्माण गर्नुपर्छ । हरेक माथिल्लो तहको खाकाले तलका तहका खाका निर्माणका लागि कहि आधार र मार्गदर्शन गर्ने हुनाले यसको निर्माणको क्रम पनि सोहि बमोजिम हुनु आवश्यक हुन्छ ।

**(क) विश्वव्यापी ढाँचा**

**(ख) क्षेत्रीय अर्थात् रिजनल ढाँचा**

**(ग) राष्ट्रिय अर्थात् नेशनल ढाँचा**

**(घ) प्रादेशिक अर्थात् सव नेशनल ढाँचा**

**(ङ) स्थानीय अर्थात् लोकल ढाँचा**

माथि उल्लेख गरिएअनुसार विश्वव्यापी ढाँचा अन्तर्गत रही संयुक्त राष्ट्र संघ र यसका निकायहरूले एक आपसमा समन्वय र सदस्य मुलुकसँग सहकार्य गरी दिगो विकास लक्ष्यको विश्वव्यापी ढाँचा तय गरिसके । यस्तै ढाँचा संयुक्त राष्ट्र संघका क्षेत्रीय स्तरमा रहेका क्षेत्रीय संगठन र अन्य भगिनी संगठनहरूले सदस्य मुलुकहरूसँगको समन्वयमा तयार गरी कार्यान्वयनमा ल्याइसकेका छन् । अहिले कार्यान्वयनमा सहजीकरण र सहयोग गरिरहेका छन् । यी दुवै तहमा दिगो विकास लक्ष्य कार्यान्वयन भन्दा पनि सहजीकरण र समन्वय सम्बन्धी काम हुन्छन् । यी तहहरू कार्यकारी निकाय कम र सहजीकरण र सहयोगी निकाय बढि हुन् ।

राष्ट्रिय स्तरमा भने दिगो विकास लक्ष्यको ढाँचा निर्माण गर्ने, कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन प्रक्रिया

तय गर्ने, स्रोत जुटाउने, स्रोत र साधनको परिचालन गर्ने, अनुगमन मूल्याङ्कन गर्ने र स्वदेशी तथा विदेशी निकायहरूसँग समन्वय गर्ने जिम्मा र दायित्व सम्बन्धित मुलुकको सरकारमा रहेको हुन्छ। सदस्य मुलुकले आफ्नो राजनैतिक प्रणाली र परिवेश अनुरूप दिगो विकास लक्ष्यका नेशनल, सब नेशनल, स्थानीय तह वा अन्य कुनै तहका ढाँचा तय गरि कार्यान्वयनमा ल्याउन सक्छन् । कार्यान्वयन सम्बन्धी अधिकार के कति आफूले राख्ने र के कति अधिकार आफ्ना सब नेशनल एवम् स्थानीय तहमा प्रदान गर्ने भन्ने विषय सदस्य मुलुक आफैले तय गर्ने विषय हो ।।

दिगो विकास लक्ष्य कार्यान्वयनमा सरकारी निकायमात्र भएर पुग्दैन । यसमा सबैको सहयोग आवश्यक हुन्छ। यहाँ सबै भन्नाले स्टेट र ननस्टेट दुवै खालका एक्टर भनेर बुझ्नु पर्छ। सरकारी र अन्य सबै पक्षको सहयोग र सहभागिता जुटाउने दायित्व पनि सम्बन्धित मुलुकको सरकारमा नै रहन्छ।

### नेपालको सन्दर्भमा दिगो विकास लक्ष्य

नेपाल दिगो विकास लक्ष्यमा एक हस्ताक्षरकर्ता सदस्य हो । विश्वसमुदायमा मुलुकले यो प्रतिवद्धता जाहेर गरिसकेको छ । नेपाल सरकार दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रतिवद्ध देखिन्छ । दिगो विकास लक्ष्यको विश्वव्यापी ढाँचा र संयुक्त राष्ट्र संघका क्षेत्रीय निकायबाट समन्वय भइ तय भएका रिजनल ढाँचाका आधारमा मुलुकको ढाँचा तय गर्ने कार्य मुलुकले गरिसकेको छ। यी ढाँचालाई नेपालले मार्गदर्शक सेतुको रूपमा लिएको देखिन्छ । यीनै ढाँचाको अधिनमा रहि नेपालले दिगो विकास लक्ष्यका राष्ट्रिय ढाँचा तयार गरिसकेको छ (राष्ट्रिय योजना आयोग, २०७६)। राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालीन सोच सहितको १५ औं आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ । मुलुकका समग्र विकाससम्बन्धि नीति तथा कार्यक्रम दिगो विकास लक्ष्यसँग तालमेल भइसकेका छन् (राष्ट्रिय योजना आयोग, २०७६क) ।

नेपालले विश्वव्यापी रूपमा तय गरिएका दिगो विकास लक्ष्य २०३० का १७ लक्ष्य, १६९ लक्ष्याङ्क र २३४ विश्वव्यापी सूचकहरूमध्ये लक्ष्य र लक्ष्याङ्कलाई स्वीकार गरेको छ। तर सूचकहरूमा मुलुकको परिवेश अनुकुल हुने गरी २४५ सूचक थप गरी नेपालको हकमा जम्मा ४७९ सूचकहरू कायम गरेको छ । (राष्ट्रिय योजना आयोग, २०७६)। राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यको विषयगत मन्त्रालयलाई खाका तर्जुमा गर्न र कार्यान्वयनमा सहजीकरणका लागि विभन्न नीतिगत आधारसमेत तयार गरेको छ।

हाल मुलुकले तय गरेको ढाँचा र मार्गदर्शक सिद्धान्तहरूको अधिनमा रहि क्षेत्रगत मन्त्रालयहरूले आफूसम्बद्ध दिगो विकास लक्ष्य र लक्ष्याङ्कमा आ आफ्ना निकायगत ढाँचा तथा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएका पनि छन्। वार्षिक कार्यक्रम र बजेटलाई दिगो विकास लक्ष्यसँग आवद्ध गरिएको छ । यस्तो आवद्धता संघिय तहमा भएको छ। तर प्रदेश तथा स्थानीय तहमा के कति मात्रामा भएको छ भन्ने बारेमा थप अध्ययन अनुसन्धान गर्नु पर्ने भएको छ । प्रदेश तहमा यसलाई केही मात्रामा आत्मसाथ गरिएको भए तापनि स्थानीय तहमा यसका बारेमा धेरै काम गर्न बाँकी छ। यसको बारेमा जानकारी त पक्कै पनि छ तर योजनामा यसलाई जे जसरी मिलान गरेर लैजानुपर्ने हो काम बाँकी छ भन्दा फरक पर्दैन। अर्को अर्थमा भन्नु पर्दा दिगो विकास लक्ष्यको स्थानीयकरण हुन बाँकी छ।

### दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु पूर्व स्थानीयकरणको अर्थ खोजी गर्नु उपयुक्त हुन्छ। बृहत नेपाली शब्दकोषका अनुसार 'स्थानीयकरण' भन्नाले प्रशासन आदिको स्थानीय आधारमा गरिएको विकेन्द्रिकरण वा कुनै कुरालाई आफ्नै स्थान अनुसारको बनाउने क्रियाप्रक्रिया जनाउछ । यसै गरी Oxford Learners Dictionary ले Localization लाई the process of adopting a product or service to make it suitable for new area, the act of limiting something or its effects to a particular area भनेको छ । यिनै दुइ शब्दकोषका आधारमा मात्र भन्ने हो भने पनि कुनै वस्तु/चिजको एक स्थानीय क्षेत्रका लागि उपलब्ध वा उपयुक्त बनाउने प्रक्रिया नै स्थानीयकरण हो। स्थानीयकरण भनेको स्थानीय स्रोत र साधनअनुसार उपयुक्त ढङ्गबाट परिमार्जन गर्दै स्थानीय योजना बनाउँदा तिनीहरूको आन्तरिकीकरण तथा अन्तरघुलन कायम गराइ कार्यान्वयनमा ल्याउनु हो।

माथिका परिभाषा अनुसार स्थानीयकरण भन्नाले कुनै पनि विचार, सिद्धान्त, तर्क आदिलाई स्थानीय भाषा,

मूल्य मान्यता, संस्कृति अनुरूप ढाल्ने, रूपान्तरण गर्ने, समायोजन गर्ने भन्नेलाई बुझाउँछ । विश्वव्यापी वा राष्ट्रिय रूप तय गरिएका विचार वा सिद्धान्त हुबहु रूपमा नभए पनि स्थानीय रूपमा कुनै न कुनै रूपमा प्रयोगमा आएका हुन सक्छन । स्थानीयकरणले यस्ता प्रचलन अभ्यासहरूलाई माथिल्लो तहका सिद्धान्त, विचार, अभ्यास र कार्यसँग जोड्ने कार्य गर्छ ।

उदाहरणका लागि हाम्रो सन्दर्भमा पानीको मुहान संरक्षण गर्नका लागि मुहान वरपर रहेका रुख विरुवा संरक्षण गर्ने, रुख नकाट्ने, फोहोर नहोस् भन्नका लागि यस्ता स्थानमा नागको स्थान बनाउने, अन्य देवी देवताका स्थान बनाउने वा मन्दिर बनाउने जस्ता कार्य भई आएका छन् । यहाँ दुई पक्षले काम गरेको हुन्छ । पहिलो स्थानीय बासिन्दामा रहेको विश्वास र सामाजिक मूल्य मान्यता जुन मानव जीवनका लागि हानिकारक छैनन् तीनको संरक्षण सम्बर्द्धन गर्नु आवश्यक हुन्छ । यहि विश्वाससँग जोडिएर प्राकृतिक स्रोत र साधनको संरक्षण, सम्बर्द्धन र सदुपयोगमा सहयोग पुगिरहेको छ । दोस्रोमा दिगो विकास लक्ष्यले वातावरण संरक्षणमा यी र यस्तै कार्यहरू प्राथमिकताका साथ गर्न खोजेको छ । यी र यस्ता थुप्रै उदाहरण जुन हाम्रै परिवेशमा रहेका हुनसक्छन् । खाँचो तिनलाई एकआपसमा जोड्नुमा छ । हामीले हाम्रा अभ्यास र मान्यताहरू जुन हानिकारक छैनन्, तिनलाई दिगो विकास लक्ष्यसँग जोड्न सक्यौ भने सहजै रूपमा दिगो विकास लक्ष्यको स्थानीयकरण हुनसक्छ ।

दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु भनेको यसमा रहेका १७ वटा लक्ष्य, १६९ ओटा लक्ष्याङ्क र ४७९ ओटा सूचक छपाइ गर्ने वा त्यसलाई पढ्न लगाउने वा कार्यालयमा टाँस्न लगाउने कार्य मात्र होइन । गोष्ठी सेमिनार तथा छलफल मात्र पनि होइन । साथै विज्ञबाट योजना मात्रै बनाउनु पनि स्थानीयकरण होइन । यसले त स्थानीय तहमा हाल प्रचलनमा रहेका अभ्यास, मूल्य, मान्यता संस्कृति जुन मानव जीवनका उपयोगी छन्, मानव जीवनलाई हानी गर्दैनन्, तीनलाई पहिचान गरी तिनको अभिलेखिकरण गर्ने, बुझ्ने बुझाउने र यी सबैलाई दिगो विकास लक्ष्य ढाँचासँग जोड्ने काम हो । यो माथिबाट तलतिरको प्रक्रिया मात्र नभई तलबाट माथितिर वा दुवैतिरबाट दुवैतिरको प्रक्रिया हो । यहाँ सबैको बीचमा तादात्म्य राख्ने काम हुन्छ । स्थानीय तहमा रहेका यस्ता अभ्यास नपुग पनि हुन सक्छन् जसमा थप्नु आवश्यक हुन्छ । यसैगरी कतिपय गलत अभ्यास पनि हुन सक्छन् तीनमा पनि सुधार आवश्यक हुन्छ ।

दिगो विकासको स्थानीयकरण भनेको स्थानीय तहमा भए गरेका वा हाल प्रचलनमा रहेका अभ्यास, जुन दिगो विकाससँग सम्बन्धित छन्, तीनको अभिलेखिकरण गर्ने, राम्रा अभ्यासलाई बल पुर्‍याउने, गलत अभ्यासलाई सुधार गर्ने र नपुग हुने वा आवश्यक देखिएका कार्यहरू थप गर्ने प्रक्रिया हो ।

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नका लागि उपयुक्त एकाई पालिका नै हुन । यहाँ पालिका भन्नाले गाउँपालिका र नगरपालिका दुवैलाई जनाउँछ । गाउँपालिका र नगरपालिकाका वडालाई एकाई किन नमान्ने भन्ने प्रश्न पनि आउन सक्छ । तर राजनैतिक अधिकारको सन्दर्भमा यस्ता वडालाई एकाई मान्नु कानुनी एवम् व्यावहारिक रूपमा त्यति सान्दर्भिक र युक्तिसँगत हुँदैन । यस्ता वडाहरूमा छुट्टै योजना बन्न र कार्यान्वयन गर्न सक्ने अवस्था भएमा यसका बारेमा सोच्दा हुन्छ । हाललाई पालिकालाई नै एकाइ मानेर अगाडि बढ्दा उपयुक्त हुन्छ । यसै गरी अर्को एकाई प्रदेश सरकार पनि हो । राजनैतिक एकाइ नै दिगो विकास लक्ष्यका लागि उपयुक्त एकाइ हुनसक्छ ।

दिगो विकास लक्ष्य भनेको विकासको एजेण्डा हो । एक अभियान पनि हो । यसको स्थानीयकरण गर्नु भनेको दिगो विकासका लागि छुट्टै योजना बनाएर जाने होइन । स्थानीय तहले बनाउने योजनामा दिगो विकासका मर्म र भावनालाई समावेश गर्दै लैजाने हो । दिगो विकास लक्ष्य स्थानीयकरण भइसकेपछि हरेक स्थानीय तहमा एउटा योजना बन्छ जसले स्थानीय आवश्यकता एवम् दिगो विकाससम्बन्धी दुवै कार्यलाई सँगसँगै मिलाएर लैजान्छ । स्थानीय आवश्यकता र दिगो विकासलाई चाहिने दुवै खालका कार्यहरू तय गर्दछ, कार्यान्वयनमा ल्याउँछ ।

स्थानीय तहले गर्ने नियमित र विकासका कार्यमा दिगो विकास लक्ष्यका कार्यलाई मिलान गरेर एकिकृत गर्दै लैजानका लागि स्थानीय तहमा अहिलेका अतिरिक्त केहि थप कार्य गर्नुपर्छ । यसका लागि नयाँ संरचना बनाउनु आवश्यक हुनसक्छ । थप काम गर्नुपर्ने हुनसक्छ । पालिकाहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नका लागि देहायका चरणहरू उपयुक्त हुनसक्छ ।

१. गाउँपालिका अध्यक्ष तथा नगरपालिका मेयरको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यढाँचा तर्जुमा निर्देशक समिति गठन गर्ने । यस समितिमा उपाध्यक्ष तथा उपमेयर, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न विषयगत क्षेत्रका विज्ञ, शिक्षाविद्, कृषिविद्, पूर्वाधारविद्, वातावरणविद्, स्वास्थ्यविद्, गैर सरकारी संघ संस्थाका प्रतिनिधि आदिलाई समावेश गर्नुपर्छ । यो मूल समितिमा यथासम्भव सबै क्षेत्रको प्रतिनिधित्व गराउनु पर्छ । यसको मुख्य उद्देश्य समग्र नीतिगत मार्गदर्शन तय गर्ने, समन्वय गर्ने, सहजीकरण गर्ने, कार्यढाँचामा सहमति जुटाई स्वीकृतिका लागि सिफारिस गर्ने भएकोले प्रतिनिधित्वको हिसाबले यो आफैमा ठूलो संरचना बन्न सक्ने देखिन्छ ।

२. दिगो विकास लक्ष्य निर्देशक समिति अन्तर्गत रहने गरी एक प्राविधिक समिति र विभिन्न विषय क्षेत्रका विधागत समिति गठन गर्ने । विधागत समितिमा सम्बन्धित विषयक्षेत्रका विज्ञ प्रतिनिधि समेत समावेश गर्नुपर्ने । यस समितिले आवश्यकताअनुसार उप समिति बनाउन सक्ने । विधागत समितिले आफ्नो विषय वा क्षेत्रको खाका तयार गर्ने ।

३. निर्देशक समिति अन्तर्गत रहने प्राविधिक समितिमा विधागत वा विषयगत समितिका संयोजकहरू सदस्य रहने व्यवस्था गर्ने । यसका आवश्यकताअनुसार विज्ञलाई समावेश गर्न सकिने । प्राविधिक समितिले मूल कार्यढाँचा तर्जुमा गर्ने । यस क्रममा विधागत समितिको खाकालाई आधार मान्ने र आवश्यकताअनुसार विज्ञको सहयोग पनि लिन सकिने ।

४. निर्देशक समिति अन्तर्गत रहने प्राविधिक समितिले दिगो विकास लक्ष्यको कार्यढाँचा निर्माणका टेम्प्लेट बनाउने, सूचनाको आधार तय गर्ने, सूचना उपलब्ध हुन नसकेका क्षेत्रमा आधार रेखा तय गर्ने, विभिन्न चरणमा छलफल अन्तक्रिया गर्दै अपनत्व विकास गर्ने कार्यलाई समानान्तर रूपमा अगाडि बढाउने ।

५. विषयगत वा विधागत समितिले आफ्ना विधा र क्षेत्रगत रूपमा हालको अभ्यास, अवस्था र अबका दिनमा गर्नुपर्ने कार्यहरू पहिचान गर्ने । यस समितिले आ आफ्नो क्षेत्रका विज्ञ र सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया निरन्तर रूपमा गर्ने । यस्तो छलफल तथा अन्तरक्रिया दिगो विकास लक्ष्य अन्तर्गतका लक्ष्याङ्क र सूचकका आधारमा भन्दा पनि स्थानीय आवश्यकतामा धारणा संकलन गर्ने ढँगबाट गर्ने । उदाहरणका लागि भोकमरीको अन्त्य गर्ने समितिले देहायका विषयमा छलफल गरी त्यसमा सुधार गर्ने कार्य सुझाउन सक्छ ।

- आफ्नो क्षेत्रभित्र खेतीयोग्य जमिनको अवस्था के कस्तो छ ? के कति मात्रामा सदुपयोग भएको छ ? उत्पादन के कति मात्रामा भइरहेको छ ? उत्पादन क्षेत्रमा विविधिकरण गर्न सकिने नसकिने अवस्था के छ ?
- उत्पादन वृद्धि गर्नका लागि के गर्न सकिन्छ ? बिक्रि वितरणको अवस्था के छ ? बजारको विस्तार के कसरी गर्न सकिएला ?
- मानिसहरूको आय बढाउन सकिने क्षेत्रहरू के के हुन सक्लान ? आय के कसरी बढाउन सकिन्छ ?

६. दिगो विकास लक्ष्यको कार्यढाँचा स्थानीय तहको विकासको गुरुयोजना हो । स्थानीय तहमा बन्ने र बनाउनु पर्ने बृहत योजना हो । तसर्थ यसलाई निर्देशक समिति अन्तर्गत रहेको प्राविधिक समितिले यो कार्यढाँचा बनाउँदा देहायका पक्षसँग समेत तालमेल कायम गर्न सक्नुपर्छ ।

- नेपालको संविधान र संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकार र कार्यक्षेत्र ।
- दिगो विकास लक्ष्यको राष्ट्रिय र प्रादेशिक कार्यढाँचा (तयार भएको भए) ।
- दिगो विकास लक्ष्यको विश्वव्यापी, सब रिजनल र राष्ट्रिय कार्यढाँचा ।
- मुलुकले तय गरेको आवधिक योजना/ यदि प्रदेश तहले आवधिक योजना तयार गरेको भए सो योजनासमेत ।
- आफ्नो क्षेत्रभित्रका नागरिकको अपेक्षा, माग र आवश्यकता ।
- विभिन्न सिद्धान्त र अनुभवका आधारमा उपयुक्त र औचित्यपूर्ण भनि एकिन भएका विचार, तथ्य र प्रमाणहरू ।

७. स्थानीय तह भित्र गठन गरिएका विषय वा क्षेत्रगत समितिले समग्र वस्तुगत अवस्था विश्लेषण गर्न

सम्भव पनि नहुने हुनाले प्राविधिक समितिले स्थानीय तह भित्रका विभिन्न क्षेत्र तथा उपक्षेत्रका बारेमा समग्र अवस्थाको वस्तुस्थिति झल्कने गरी तथ्याङ्कको तयारी र अवस्था विश्लेषण गर्नुपर्ने ।

८. योजना वा कार्य ढाँचा निर्माणको आधार भनेकै वस्तुगत सूचनाको प्राप्ति हो । वास्तवमा भन्ने हो भने योजना भनेकै यीनै वस्तुगत सूचनाको विश्लेषणबाट सबल पक्षको सुदृढिकरणका लागि क्रमबद्ध रूपमा संचालन गरिने समयबद्ध क्रियाकलापहरूको सूचि हो । तसर्थ सूचना प्राप्त गर्ने संयन्त्र र सूचना संकलनका साधनहरूको बारेमा पनि यथेष्ठ मात्रामा ध्यान पुऱ्याउनु आवश्यक छ । स्थानीय तहले दिगो तथ्याङ्क संकलनका लागि आफ्नो क्षेत्र भित्रका सबै घर परिवारको लगत संकलन गर्नुपर्छ । मुलुकले गरेको जनगणनामा यस्तो विवरण संकलन गरिने भएकोले केन्द्रीय तथ्याङ्क विभागसँग सहकार्य र समन्वय गरेर पनि यस किसिमको लगत विवरण संकलन गर्न सकिन्छ । यसरी संकलन गरेको विवरण कम्प्युटरमा प्रविष्टि गर्ने, तथ्याङ्क प्रशोधन गर्ने, सो को प्रतिवेदन प्रकाशित गर्ने कार्यमा स्थानीय तहमा एउटा एकाई स्थापना गरी त्यसलाई आवश्यकता अनुसार विज्ञको सेवा उपलब्ध गराउनुपर्छ । यो कार्य नितान्त प्राविधिक प्रकृतिको भएको हुनाले यस एकाइलाई विज्ञको सहयोगबाट सुसज्जित गरीनुपर्छ ।

९. दिगो विकासको लक्ष्यको कार्यढाँचा निर्माण गर्दा मूलत दुई दृष्टकोणबाट कार्यलाई अगाडि बढाउनुपर्छ ।

- प्रशासनिक वा राजनैतिक ढंगबाट योजना बनाउने विषय नागरिकको आकांक्षा र चाहनासँग जोडिएको हुनाले विभिन्न तह र विषय क्षेत्रमा राजनैतिक रूपमा संवाद आवश्यक हुन्छ । यस्ता छलफल एवम् अन्तरक्रियाले राजनैतिक दलको बीचमा सार्थक निकास पहिचान गर्न सहयोग पुग्छ । तसर्थ संवाद एवम् अन्तरक्रिया गर्ने कार्यलाई निरन्तर रूपमा संचालन गर्ने । साथै यसले राजनैतिक रूपमा सबै नागरिकलाई एउटा साझा आकांक्षा भित्र ल्याउन पनि सहयोग गर्न सक्छ । कार्य ढाँचा निर्माण प्रक्रियाले राजनैतिक बैधता समेत प्राप्त गर्छ । जनता एवम् आम नागरिकमा आशा जगाउने कार्य गर्छ । यसले नागरिकसँगको निरन्तर संवाद र अन्तरक्रिया माग गर्दछ ।
- योजना निर्माण प्राविधिक कार्य पनि हो । अहिलेको अवस्था के कस्तो छ र के कति समयमा कहाँ पुग्ने भन्ने पूर्वानुमान निश्चित मान्यतामा आधारित भइ गरिने हुनाले यस्ता कार्य प्राविधिकको जिम्मामा छोड्दा राम्रै हुन्छ । तथ्याङ्क के कस्ता चाहिन्छन सो को पहिचान गर्ने, संकलनका लागि साधन तर्जुमा गर्ने, संकलन गर्ने, कम्प्युटरमा प्रविष्टि गर्ने, तथ्याङ्क प्रशोधन गर्ने र सन्चितिमा राखि आवश्यकता अनुसारका सूचना प्राप्त गरी सो लाई निर्णय गर्नमा प्रयोग गर्ने जस्ता कार्यहरू यस प्राविधिक कार्य अन्तर्गत पर्छन् । विश्लेषण तथा अन्य प्राविधिक कार्यमा विशेष ध्यान पुऱ्याउनु पर्छ ।

तसर्थ दिगो विकास कार्यढाँचा निर्माण गर्ने क्रममा स्थानीय तहले यी दुवै कार्यलाई जोड दिई समानान्तर रूपमा अगाडी बढाउनु पर्छ ।

**र अन्त्यमा,**

दिगो विकास लक्ष्यको स्थानीयकरण भन्नाले स्थानीय समुदायमा भए गरेका राम्रा अभ्यासलाई दिगो विकासको खाकासँग जोड्नु हो । माथिबाट लादिएको खाकाभन्दा भए गरेका अभ्यासका आधारमा तलबाट माथिका खाकामा जोड्ने कार्यले अपनत्वको विकास हुन्छ । स्थानीय आवश्यकता सम्बोधन गर्ने खाका हो, योजना हो जो दिगो विकास लक्ष्यको मूलभूत मान्यतासँग जोडिएको हुन्छ ।

दिगो विकास लक्ष्य भनेको माथिल्लो तहमा तयार गरिएका खाका वा ढाँचाहरूको नेपालीमा उल्था गरी स्थानीय समुदायको भित्तामा टास्ने कार्य कदापि होइन । स्थानीय समुदायमा भए गरेका अभ्यासहरूको खोजि, संकलन, अभिलेखन गर्दै त्यसलाई दिगो विकासको खाकासँग जोड्नु हो । समुदायमा भएका राम्रा अभ्यासको सबलीकरण हो र कमजोरीहरूको सुधार पनि हो । सचेतना जगाउने कार्य पनि हो ।

दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि स्थानीय तहले विभिन्न संरचना तयार गरी कार्यआरम्भ गर्नु पर्छ । नागरिकसँग विभिन्न तहमा छलफल र संवाद

गर्नुपर्छ । प्राविधिक कार्यका लागि तथ्याङ्कको आधार तयार गर्नुपर्छ । नागरिकलाई सुसुचित पनि गर्नुपर्छ । राजनैतिक रूपमा यसको नेतृत्व लिनुपर्छ। ग्लोबलरूपमा तय गरिएका एजेण्डा तथा कार्यहरूलाई आफ्नो परिवेश अनुकुल बनाउने कार्यमा अगुवाइ लिनुपर्छ । यसरी दिगो विकासको अवधारणा स्थानीय परिवेश र सन्दर्भ अनुकुल बनाउँदै, यसलाई बुझ्दै र बुझाउँदै योजना तर्जुमा एवम् कार्यान्वयन गर्ने कार्य नै दिगो विकास लक्ष्यको स्थानीयकरण हो । यसरी दिगो विकास लक्ष्यको स्थानीयकरण एक प्रक्रिया हो र आफैमा एक प्रतिफल पनि हो ।

**सन्दर्भ सामग्रीहरू**


नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित बृहत नेपाली शब्दकोष ।

राष्ट्रिय योजना आयोग (२०७६) । दिगो विकासका लक्ष्यहरू: अवस्था तथा मार्गचित्र २०१६-२०३० । काठमाण्डौं । नेपाल ।

राष्ट्रिय योजना आयोग (२०७६क) । पन्ध्रौं आवधिक योजना २०६५/७७ - २०८०/८१ । काठमाण्डौं । नेपाल ।

स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७५ ।

http://www.un.org/waterforlifedecade/aterandsustainabledevelopment2015/stakeholders_academia.shtml.Retrieved in 22 Asar 2075.

http://www.un-documents.net/our-common-future.pdf. Retrieved in 04 Shrwan 2075.

https://sdgs.un.org/goals

https://sustainabledevelopment.un.org/post2015/transformingourworld/ Retrieved in 08 November 2020.

https://unfO{undation.org/

https://www.bmj.com/content/358/bmj.j3519. Retrieved in 22 Asar 2075

Oxford Learners' Dictionary

Transforming our world: The 2030 Agenda for Sustainable Development in https://sustainabledevelopment.un.org/content/documents/21252030%20Agenda%20for%20Sustainable%20Development%20web.pdf Retrieved in 08 November 2020.

UNESCO (2016). Global Education Monitoring Report 2016. Education for People and Planet: Creating Sustainable Futures for All. Paris: UNESCO.



***(लेखक डा. हरिप्रसाद लम्साल, सचिव, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा सेवारत हुनुहुन्छ । यस लेखमा व्यक्त धारणा लेखकका निजी विचार हुन् ।)***

# मानसिक समस्या र आत्महत्या र रोकथामका उपाय

*एल.पि. भानु शर्मा*

पूरै विश्व अहिले मानसिक समस्याको चपेटामा छ। त्यसो त इतिहास हेर्ने हो भने थाहा हुन्छ कि आर्थिक सम्पन्नता बढेसँगै मानसिक समस्या पनि बढेको बढ्यै हुन्छ । अझ कोरोनाको महामारिले त युद्ध, अशान्ति र आतंकको कालो छाँयामा पहिल्यै दबेर बसेको मानव समुदायलाई झनै तनावग्रस्त र मानसिक रूपमा अत्यन्तै दुर्बल बनाएको छ । यो आलेखले वर्तमान मानसिक समस्या र आत्महत्याको स्थिति चित्रण गर्दै समाधान र रोकथामका उपायहरूको चर्चा गर्नेछ । विशेष गरी समाधानको मनोवैज्ञानिक एवं आध्यात्मिक पाटोलाई यहाँ जोड दिएको छ ।

### तनाव र आत्महत्याको डरलाग्दो तस्बीर

हामी भन्ठान्छौं कि तनाव र मानसिक समस्या अरु रोग जस्तै केवल एउटा रोग हो । तर मनोविज्ञान र अध्यात्म दुवैलाई यो राम्रोसँग थाहा छ कि शरीरमा लाग्ने अधिकांश रोगहरू तनाव र मानसिक समस्याकै कारणले लाग्ने गर्छन । त्यसकारणले, तनावलाई रोगहरूकी जननी भन्ने गरिन्छ । अमेरिकन मेडिकल एसोसिएसनका अनुसार विश्व जनसंख्याको करीब १५ प्रतिशत व्यक्तिहरू कुनै न कुनै मानसिक समस्याबाट पीडित छन् । अझ महामारीको अवस्थामा यो कति बढ्यो भन्ने तथ्यांक उपलब्ध छैन । यही एसोसियसनको अध्ययनले भन्छ कि मानिसमा लाग्ने रोगमध्ये ७५ देखि ९० प्रतिशतसम्म तनावको कारणले लाग्दछ । त्यस्तै, चिकित्सक कहाँ जानुको करीब ८० प्रतिशत कारण तनाव नै हो ।

हाल विश्वमा बर्षेनि आठ लाख भन्दा धेरै व्यक्तिहरू आत्महत्या गर्छन् । कूल मृत्युमध्ये १.४ प्रतिशत आत्महत्याको कारणले हुन्छ । प्रत्येक चालीस सेकेण्डमा एउटा आत्महत्या हुन्छ । महिलाको तुलनामा पुरुषको आत्महत्या दर करीब दुई गुणा बढि छ । त्यस्तै, हरेक आत्महत्याका पछाडि करीब २० वटा असफल प्रयासहरू हुन्छन् । मनोविज्ञान भन्छ करीब १४ बर्षको उमेरमा नै किशोर-किशोरीहरूमा मानसिक समस्या प्रारम्भ हुन्छ ।

आत्महत्या मानव समुदायका सर्वाधिक ठूला समस्यामध्ये पर्दछ । आत्महत्याको असर परिवार, साथीभाईहरू, सहकर्मी, सहपाठी, समुदाय र पूरा समाजमा पर्ने गर्छ। कहिलेकाहीँ आत्महत्याका घटनाहरूले गर्दा समाजले लामो समयसम्म दूर्बलता, हिनताबोध, प्रेरणाको अभाव र अकर्मण्यता जस्ता समस्याहरू झेल्नु पर्ने हुन्छ ।

मानसिक समस्या र आत्महत्या दुवैको असर र प्रभाव अत्यन्तै दूरगामी र अकल्पनीय हुन्छन् । सामान्यतया, मानसिक समस्याबाट पीडित व्यक्तिले नै आत्महत्यासम्मको सोच बनाउन पुग्छ। बर्षौंसम्म तनाव लगायतका मानसिक समस्याबाट पिल्सिँदै व्यक्तिहरूले आफ्नो जिन्दगीको अन्त्य गर्ने जस्तो अत्यन्तै असहज र घृणित कार्यतिर कदम उठाउन थाल्दछन् । त्यसकारणले, थोरै पनि मानसिक समस्या, तनाव या कुनै प्रकारको अशान्ति देखिने बित्तिकै समस्याको पहिचान र समाधानको बाटो खोज्नु पर्ने हुन्छ, अन्यथा सानो समस्याले पनि विकराल रूप लिन सक्छ । अंग्रेजीका 'a stitch in time saves nine' (अर्थात् बेलैमा गरेको एउटा रफ्फुले नौबाटा अरु प्वालबाट बचाउँछ) भन्ने उखान यहाँ चरितार्थ हुन्छ ।

### खुलेर कुरा गरौं

हामी शरीरमा सानो घाउ लाग्दा वा सानो रोग लाग्दा पनि एक अर्कासँग कुरा गर्छौं र आवश्यक परेमा चिकित्सक कहाँ जान पनि हिच्किचाउँदैनौं । तर, मनमा लागेको घाउलाई सकेसम्म लुकाएर राख्ने गर्छौं र कसैसँग पनि कुरा गर्न लाज मान्छौं या अप्ठ्यारो महसुस गर्छौं । मनका समस्याहरूका बारेमा परिवारका सदस्यसँग पनि कुरा गर्न हिच्किचाउँछौं । मनोविज्ञान भन्छ कि मनका समस्याहरूको बारेमा खुलेर कुरा गरे मात्र पनि निको हुने सम्भावना ८० प्रतिशतसम्मले बढ्छ र आत्महत्याको सम्भावनामा दुई तिहाइसम्मले कमी आउन सक्छ । त्यसकारणले, यी समस्याको बारेमा आफूले खुलेर कुरा गर्नाले र अरुलाई पनि खुलेर कुरा गर्ने

वातावरण बनाउनाले अधिकांश समस्याको समाधानको बाटो खुलिहाल्छ ।

मन नै जीवनको मूल केन्द्र हो । समस्या जहाँ भए पनि त्यसको असर मनमा नै पर्न जान्छ । मानसिक रोग पनि अरु शारीरिक रोगहरू जस्तै उपचार गर्न सकिने समस्या हो भन्ने बुझ्नु पर्छ। आफ्नो समस्यालाई नलुकाई र नबढाई जस्ताको तस्तै सुनाउँदा या अरुको माझमा राख्दा मन तुरुन्तै हल्का हुन थालिहाल्छ । आफ्नो समस्यालाई नलुकाईकन उजागर गर्नु अत्यन्तै साहसिलो कदम हो र यसले धेरै प्रकारका समस्याहरूबाट हामीलाई बचाउँछ ।

मानसिक स्वास्थ्को सृजना गर्न परिवारको भूमिका असाध्यै महत्वपूर्ण हुन्छ । परिवारमा सबैले आफ्नो कुरा धक नमानी र नहिच्किचाई भन्न सक्ने वातावरणको सृजना गर्नुपर्छ । सबैलाई आफ्नो मनको कुरा राख्न सक्ने अवस्था निर्माण गर्न सकेमा एउटा अति नै स्वस्थ परिवारको आधारशिला खडा हुन सक्छ । यस्तो वातावरणमा परिवारका सदस्यहरू मानसिक समस्याबाट बच्ने मात्र होइनन्, अपितु शान्त, प्रेमल, तर्क र विचारको क्षमता भएका र कसैसँग नडराउने प्रकारका बन्नेछन्। यस्तो परिवारका सदस्यहरू सृजनशील, स्वस्थ, सकारात्मक र अद्भूत नेतृत्व क्षमता भएका हुने गर्छन् ।

## विद्यार्थीहरूको मानसिक समस्याको समाधान

धेरै व्यक्तिहरूमा चौध बर्षको उमेरमा नै मानसिक समस्या प्रारम्भ हुन थाल्छ । योगका अनुसार चौध बर्षको उमेरमा स्वाधिष्ठान चक्रको सक्रियतासँगै किशोर-किशोरीहरूको यौन क्षमता जागृत भइसकेको हुन्छ र मणिपुर चक्रतिर उर्जा प्रवाह हुन थाल्छ । शरीरमा अचानक आएको उर्जा, संवेग एवं भावनाका परिवर्तनहरूले गर्दा किशोर-किशोरीहरू अचम्भित हुन्छन् र के गर्नु ठिक हुन्छ भन्ने निर्णय गर्न असमर्थ हुन्छन् । यही उमेरमा पढाईको बढ्दो चाप, विपरीत लिंगीप्रतीको आकर्षण, भविष्यको चिन्ता प्रतिस्पर्धाको भावना, परिवार-साथीभाई र विद्यालयको अपेक्षा इत्यादि नयाँ चुनौतीहरू अत्यधिक मात्रामा बढ्न जान्छन् ।

मनोविज्ञानका खोजहरूले यो साबित गरेका छन् कि विद्यार्थीहरूमा विशेषतः तीनवटा कुराले मानसिक द्वन्द्व उत्पन्न गरेको हुन्छ - शैक्षिक उपलब्धि, सम्बन्ध र भविष्यको चिन्ता ।

यौन शिक्षा सानै उमेरमा प्रारम्भ गर्नु पर्दछ । विद्यालय र परिवारमा पनि यौनिकता र शरीरका विभिन्न अंगहरूको बारेमा ज्ञान र चर्चाको आवश्यकता पर्छ । यसका साथ-साथै, अनुशासन, खानपिन, मन र भावनाको व्यवस्थापनका बारेमा विद्यार्थीहरूलाई उपयुक्त ज्ञान दिने व्यवस्था मिलाउनु पर्दछ । विशेष गरी, साथीभाईसँग गर्ने व्यवहार र मन एवं भावनाको व्यवस्थापनका विषय थोरै मात्र पनि शिक्षा पाएमा किशोर- किशोरीहरूको मानसिक स्वास्थ्यको राम्रो प्रत्याभूति हुन्छ ।

परिवार र विद्यालय दुबै ठाउँमा अत्यन्तै सहज वातावरण बनाउनु पर्छ जहाँ विद्यार्थीहरूले आफ्नो मनका कुरा र समस्याहरूलाई खुल्ला रूपमा राख्न र चर्चा गर्न सकुन् । विशेष गरी, निर्वाध अभिव्यक्तिको प्रोत्साहन गर्ने र ठिक-बेठिकको ख्याल नगरी प्रत्येक व्यक्तिको भावनाको सम्मान गर्ने वातावरण बनाउन सके अत्यन्तै प्रेमल, सहृदय, करुणावान् र क्षमतायुक्त व्यक्तिको विकासको मार्ग प्रशस्त हुनेछ । कसैमा पनि असहज प्रवृत्ति या समस्या देखिएमा दण्ड या तिरष्कारको भय बिना नै बिस्तारै मनको कुरा राख्न प्रेरित गर्ने हो भने अर्को स्वर्ग खोज्न कहीँ पनि जानु पर्दैन थियो ।

## कार्यस्थलमा मानसिक स्वास्थ्यको रक्षा

विश्व स्वास्थ्य संगठनको एउटा अध्ययन अनुसार कार्यस्थल दुई-तिहाई तनावको श्रोत हो । तीन बर्ष अघि गरिएको खोजले के देखाउँछ भने अमेरिका जस्ता विकसित मुलुकका ६० प्रतिशत कर्मचारीहरू तनावका शिकार छन् र आधाभन्दा कर्मचारीहरूले आफ्ना सहकर्मीका कारण जीवनमा तनाव या नकारात्मक भावना आएको गुनासो गरेका छन् । कर्मचारीहरू आफैमा संस्थाका सर्वाधिक महत्वपूर्ण सम्पत्ति भए पनि नकारात्मकता, तनाव र अन्य मानसिक समस्याले ग्रस्त कर्मचारी भने संस्था र समाजको लागि भार र दायित्व बन्न पुग्छन् ।

पश्चिमी मुलुकहरूमा यी समस्यालाई दृष्टिगत गरी तनाव र मानसिक झण्झटमुक्त कार्यस्थलको निर्माण गर्ने अनेक प्रयास भएका छन । विख्यात लेखक जिम कोसिन्सको अध्ययन अनुसार जुन् संस्थाहरू आध्यात्मिक

कार्यस्थल (spiritual workplace) को निर्माण गर्न सफल भए, तिनीहरूको आर्थिक र बहुआयामिक प्रगति पूर्ण रूपमा सुनिश्चित हुन थाल्यो । उनले संसारका महान १५० संस्थाको अध्ययनबाट यो निष्कर्ष निकालेका छन् कि आध्यात्मिक कार्यस्थल निर्माण गर्न सफल संस्था कर्मचारीहरू बढि उत्पादनशील, खुशी र स्वस्थ मात्र हुने नभएर यस्ता संस्थाहरूको मुनाफामा १६ गुणासम्मको बढोत्तरी आउन सक्छ ।

यदि कर्मचारीहरू संस्थाको लक्ष्यका विषयमा स्पष्ट र आश्वस्त छन् भने उनीहरू सदैव प्रसन्न रहेर काम गर्न थाल्छन् । त्यस्तै विश्वासको वातावरण, अभिव्यक्ति स्वतन्त्रता, नियन्त्रण भन्दा सबलिकरणमा बढि जोड दिने संस्कार, प्रेरणा र हौसलाले युक्त कार्यस्थलको वातावरण भएमा संस्थाको र राष्ट्रको आर्थिक प्रगतिमा धेरै नै टेवा पुग्ने छ । विश्वका महत्वपूर्ण व्यावसायिक प्रतिष्ठानहरूले आफ्ना कर्मचारीहरूका लागि योग र ध्यानको तालिम र अभ्यास गर्ने सुविधा उपलब्ध गराउन थालिसकेका छन् । अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको एउटा अध्ययन अनुसार आध्यात्मिक वातावरण निर्माण नगरी संस्थाहरूले अबको युगमा आफूलाई क्षमतावान, प्रगतिशील र प्रतिस्पर्धी बनाउन सक्दैनन् ।

### ज्येष्ठ नागरिक एवं परिवारका वरिष्ठ सदस्यहरूको

ज्येष्ठ नागरिक वा परिवारका वरिष्ठ सदस्यहरूको आवश्यकता, मनोभावना र इच्छाहरू अरु व्यक्तिका भन्दा भिन्न हुने गर्दछ । यो उमेरमा शारीरिक समस्या, रोग र बुढ्यौली जस्ता समस्याहरूले चारैतिरबाट घेर्ने हुनाले यी व्यक्तिहरूको जीवनका चुनौति र प्राथमिकतालाई परिवारले र समाजले राम्रोसँग पहिचान गरी समाधान र सहजीकरणका स्पष्ट उपायहरू अबलम्बन गर्नु पर्दछ । सक्रिय कार्य र सामाजिक जीवनबाट बिस्तारै टाढा हुने यो उमेर समूहलाई सकारात्मक व्यस्तता, सम्मान र सामाजिकताको अति नै आवश्यकता पर्दछ ।

अध्यात्मका अनुसार वृद्धावस्था आफ्नो इच्छा र उर्जाको उचित व्यवस्थापन गर्नु पर्ने समय हो । यो उमेरमा अरु नयाँ इच्छा र महत्वाकांक्षाको सृजना गर्नु भन्दा पनि शारीरिक रूपमा सक्रिय रहँदै उर्जालाई ध्यान, भक्ति र समाजसेवाको बाटोमा लगाउनु बढि बुद्धिमानी हुन्छ । जीवनभरको अनुभवले सांसारिक सुख- सुविधा र उपलब्धिको निरर्थकतालाई प्रमाणित गरिसकेको छैन भने जीवन अत्यन्तै कष्टकर हुनसक्छ । जीवनको क्षणभंगुरता र दौडधुपको परिणाम थकान बाहेक केही नहुने रहेछ भन्ने बोध जन्मन दिनुपर्छ । परिवारका सदस्यले जेष्ठ नागरिक र वरिष्ठ सदस्यहरूको आवश्यकतालाई बुझेर उपयुक्त सम्बोधन गर्नुपर्छ भने प्रेम, सम्मान र निस्वार्थ सेवाद्वारा उनीहरूको जीवनलाई सार्थक, रसपूर्ण र रमाइलो बनाउनु पर्छ । तर जेष्ठ नागरिक स्वयंले भने अरुबाट धेरै कुराको अपेक्षा नराखी योगाभ्यास, सत्कार्य र ईश्वर चिन्तनमा आफूलाई लगाउन सिक्नुपर्छ । आत्मज्ञानको अभावमा जीवनका कुनै उपलब्धि र सफलताहरू काम लाग्दैनन् भन्ने बुझी निरन्तर ध्यान-भक्ति र प्रभुसेवाको मार्गमा नलाग्ने हो भने वृद्धावस्था अत्यन्तै असहज, निरस र कष्टपूर्ण हुन जानेछ ।

### अध्यात्म - सबै मानसिक समस्याको समाधान

अध्यात्मको मूल उद्देश्य जीवनका दु:खहरूको स:मूल निराकरण गर्दै शाश्वत-सनातन तत्वको खोज गरी जीवनलाई परम आनन्दित बनाउनु हो । सिधै भन्नुपर्दा, अध्यात्मलाई दु:खमुक्तिको परम विज्ञान भन्न मिल्छ । दु:ख चार प्रकारका हुन्छन् - शारीरिक, मानसिक, भावनात्मक र चेतनागत । अध्यात्मले मानवलाई यी चारै प्रकारका दु:खबाट मुक्तिको व्यावहारिक, सुलभ र वैज्ञानिक विधि एवं प्रयोग दिन्छ ।

वास्तवमा, अध्यात्मको प्रयोगले मानिसलाई भित्रैबाट बलियो, स्थिर र शक्तिशाली बनाउँदै जीवनभर उच्च मनोबल र सकारात्मक मनोभावका साथ कर्म गर्न सक्ने बनाउँछ । त्यसकारणले, बिना आध्यात्मिक ज्ञान र प्रयोग एउटा सुखी, शान्त र सार्थक जीवनको कल्पनासम्म पनि गर्न सकिँदैन ।

योग अध्यात्मको प्रयोगात्मक र प्रक्रियात्मक विभाग हो । माथि उल्लेखित चारै प्रकारका स्वास्थ्यका लागि निम्नानुसारको 'पूर्णयोग' या 'अध्यात्म पञ्चामृत' को प्रयोग गर्नुपर्ने हुन्छ :

१. **सत्विचार :** मनमा सुन्दर विचारलाई ठाउँ दिनु जीवन निर्माणको प्राथमिकता खुड्किलो हो । मैले गरिरहेको काम र मेरो मनमा चलिरहेको विचारले मलाई र अरुलाई हित हुन्छ कि हुँदैन भनेर

बारम्बार आफैलाई प्रश्न गर्नु पर्छ । के यो कामले मेरो धार्मिकता बढाउँछ ? के यो कामले मलाई शान्त बनाउँछ ? के यो विचार सत्य हो ? के यसले सम्बन्धित सबैको हित गर्छ ? यस्ता प्रश्नले जीवनमा सत्विचारको उदय हुन थाल्छ। सत्विचारको बाटोमा लाग्ने व्यक्तिलाई तनाव, चिन्ता र मानसिक समस्याले कहिल्यै छुन सक्दैन ।

२. **सत्कर्म :** विचारलाई सत्य उन्मुख, सकारात्मक र सर्वजन हिताय बनाउनुसँगै सत्कर्मको अभ्यासलाई पनि सँगै जोड्नु पर्छ । मैले गरिरहेका कर्मले मेरो र अरुको पनि निश्चित रूपमा हित गर्छ भन्ने स्पष्टता भएमा कर्मबाट हुने मानसिक, अशान्ति र तनाबको मात्रा न्यून या शून्य हुन जान्छ । निजी इच्छा र लाभकेन्द्रित कर्महरूले अनिवार्य रूपमा दुख र तनाव लिएर आउँछन् । आलस्य, अकर्मण्यता र अति लोभबाट आफूलाई अलग राख्दै खुब उत्साह, सकारात्मकता र उर्जाका साथ कर्म गर्नुपर्दछ ।

३. **योगाभ्यास :** हजारौं अध्ययनहरूले यो प्रमाणित गरिसकेका छन् कि कुनै पनि शारीरिक सक्रियताको अभ्यासले शरीर निरोगी त हुन्छ नै, साथै मानसिक अशान्तिलाई ८० प्रतिशतसम्म घटाउन सक्छन् । विश्व स्वास्थ्य संगठनका अनुसार सातामा न्यूनतम २०० मिनेट सक्रिय व्यायाम गर्नुपर्छ । सनातन पद्धति अनुसार गरिने योगाभ्यास एक शारीरिक क्रिया मात्र नभएर स्वस्थ, शान्त र सकारात्मक जीवन निर्माणको मूल प्रक्रिया हो । आज विश्वमा ६० करोड व्यक्तिहरूले योगाभ्यास गर्छन्, जसमध्ये करीब ७ करोड २० लाख (१२५ ) व्यक्तिहरू योगमा पारंगत छन् भनिन्छ ।

४. **प्राणायाम :** प्राणायामको नियमित अभ्यासले मनका सबै समस्याहरूबाट मुक्ति दिन सक्छ । हार्भर्ड विश्वविद्यालयको सन् २०१५ मा प्रकाशित अध्ययन अनुसार प्राणयामले व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यलाई दीर्घकालीन रूपमा फाइदा पुऱ्याउँछ । प्राणायाम गर्दा शुरुमा सक्रिय विधिहरू (नमस्कार प्राणायाम, कपालभाती, भस्त्रिका इत्यादि) गर्दै निस्क्रिय विधिहरू (बीज प्राणायम, भ्रामरी, प्रणव इत्यादि) को अभ्यास गर्नु पर्छ ।

५. **ध्यान :** अध्यात्म विज्ञानमा ध्यानको अभ्यास सर्वाधिक महत्वपूर्ण अंग हो । ध्यान जीवनका समस्याको मूल समाधान हो । हार्भर्ड विश्वविद्यालयको माथि उल्लेखित प्रकाशन अनुसार योग र ध्यानले मानसिक रोगको उपचारमा अहिलेसम्म बनेका एलोप्याथिक औषधिले जति नै प्रभावकारी काम गर्न सक्छन् । एउटा अध्ययन अनुसार विश्वका ४० करोड व्यक्तिले कुनै न कुनै ध्यान विधिको अभ्यास गर्छन् ।

प्रभावकारी परिणामका लागि हरेक दिन न्यूनतम ७२ मिनेटको योगाभ्यास, प्राणायाम र ध्यानको अभ्यास गर्नुपर्छ । ध्यानको अभ्यासले दुखहरूबाट मुक्तिको बाटो खुल्ने मात्र होइन, आफ्ना आध्यात्मिक सम्भावनाहरूको उजागर पनि हुन्छ । ईश्वर साक्षात्कार पनि ध्यानको नै उपलब्धि हो ।

### मानसिक स्वास्थ्यका लागि संजीवनी-सूत्र

जीवन विज्ञानले मानसिक स्वास्थ्यका लागि २१ बुँदे सञ्जीवनी सूत्रको अभ्यासमा जोड दिएको छ । यी सूत्रहरूको अभ्यासबाट मानिसले जस्तोसुकै मानसिक समस्याबाट मुक्ति पाउन सक्छ । २१ बुँदे सञ्जीवनी सूत्र यस प्रकार छन् :

१. हरेक दिन पाँच/पाँच मिनेटका दरले सगीत सुन्ने, नाच्ने, ताली बजाउने, हाँस्ने र कम्तीमा पाँच जनालाई हसाउँने ।

२. सार्वजनिक अथवा सामूहिक हितको कार्यमा धेरै समय बिताउने ।

३. प्रकृतिसँग धेरै समय बिताउने र पशु-पञ्छीलाई आहार खुवाउने ।

४. आफन्त या साथीहरूको बीचमा रमाइलो वातावरण बनाउने र रमाउने प्रयत्न गर्ने ।

५. सम्भव भएसम्म नयाँ स्थानको भ्रमण गर्ने ।

६. जुन विषयमा कुरा गर्दा या सम्झँदा नरमाइलो लाग्छ त्यो विषयबाट टाढा रहने ।

७. जोसँग फोन वा प्रत्यक्ष कुरा गर्दा उत्साह, आनन्द या रमाइलो बढ्छ धेरै समय उसैसँग कुरा गर्ने ।

८. आफ्नो आस्था अनुसारका मन्दिरहरूमा जाने, पूजा-प्रार्थनालाई दैनिक कार्यसूचीमा राख्ने ।

९. एक्लो नबस्ने, आमा-बुबा गुरु या मन मिल्ने व्यक्तिसँग समस्या समाधानका विषयमा खुलेर कुराकानी गर्ने ।

१०. सम्भव भएसम्म जुन व्यक्ति वा विषयबाट मन अशान्त छ केही समय त्यो व्यक्ति या विषयबाट अलग रहने । ११. धूम्रपान, मद्यपान लगायतका नशाजन्य दूर्व्यसनबाट टाढा रहने ।

१२. पर्याप्त पानी खाने, सूर्योदय अगाडि नुहाउने र प्रातः भ्रमणलाई महत्व दिने ।

१३. ठोस खानाभन्दा धेरै सुपाच्य झोलिलो खानेकुरा सन्तुलित रूपमा खाने ।

१४. खुल्ला ठाउँबाट कम्तीमा १५ मिनेट पुरा आकाश हेर्ने ।

१५. हरेक दिन कम्तीमा ४५ मिनेट देखि ६० मिनेटसम्म व्यायाम, योग र प्राणायाम गर्ने ।

१६. हरेक दिन कम्तीमा १५ देखि ४५ मिनेट ध्यान गर्ने ।

१७. सम्भव भएसम्म हप्तामा एक पटक पूरै शरीरको मालिस गर्ने ।

१८. हरेक दिन हातगोडा र टाउकाको मालिस गर्ने ।

१९. आफ्नो प्रकृतिअनुसार दैनिक छ देखि आठ घण्टा सुत्ने ।

२०. हरेक दिन बिहान माथिका सबै सूत्रको पालना अनिवार्य रूपमा गर्छु भनेर आफैसँग वाचा गर्ने ।

२१. हरेक दिन माथि उल्लिखित सूत्रहरूको प्रचार प्रसार गर्छु, सिकाउँछु र समस्यामा रहेका हजारौं मानिसलाई तनाव डिप्रेसन र आफ्नो जीवनप्रति नै वितृष्णा हुने जस्ता भयानक व्याधिबाट बचाउँछु भन्ने संकल्प गर्ने ।

***(लेखक विशिष्ट विद्वान् आध्यात्मिक चिन्तक एवं एपेक्स कलेज अफ म्यानेजमेन्टका प्राचार्य हुनुहुन्छ ।)***


## हार्दिक शुभकामना

**प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले आफ्नो सांगठनिक यात्राको २५ वर्ष पूर्ण गरेको अवसरमा रजत “वर्ष स्मारिका प्रकाशन” गर्न लागेकोमा स्मारिका प्रकाशनका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नगर प्रमुख**
**पूर्ण के.सी**

**प्रमुख प्रशासकीय अधिकृत**
**मोहन पौडेल**

# रोल्पा नगरपालिका, रोल्पा

**रोल्पा नगरपालिकाको अनुरोध**

**सार्वजनिक सम्पत्तिको संरक्षण हामी सबैको कर्तव्य हो । समयमै कर तिरि असल नागरिकको परिचय दिऊँ ।**

**जथाभावी फोहोर मैला नगरौं, तोकिएको ठाउँमा संकलन गरौं ।**

# विद्यार्थी परिषद्को कार्य राष्ट्रका लागि गौरव......

***रमेश कण्डेल***

प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल २०५२ सालमा स्थापना भएर आज यो २५ वर्षको यात्रामा राष्ट्रिय स्वरूपमा पुगेको छ । साथै सबैको अपेक्षा, विश्वास र सहयोगका कारण आगामी नेपालको भविष्यको एक महत्वपूर्ण परिवर्तनको आधार बन्न सफल भएको छ । प्राज्ञिक विद्यार्थी परिषद्को २५ वर्षको यात्राको क्रममा विभिन्न आरोह र अवरोहका साथ परिषद् कार्यले अनेकौं महत्वपूर्ण उपलब्धी प्राप्त गरेको छ । जसको चर्चा गर्नु पूर्व परिषद् स्थापनाको पृष्ठभूमिलाई सामान्य बुझ्नु आवश्यक छ ।

नेपाली समाजमा बढिरहेको अराजकता, राजनीतिक अस्थिरता, अन्योलता, सबै क्षेत्रमा व्याप्त दलीय प्रभाव, हस्तक्षेप, भागबण्डा, शिक्षाक्षेत्रमा बढ्दो दलीय प्रभाव, समाजमा दलबाट अलग रहेर सोच्ने, कार्य गर्ने स्वतन्त्र सामाजिक संगठनको अभाव, देशको मौलिक चिन्तनबाट प्रेरित भएर कार्य गर्ने शक्ति वा समूहको कमी, देशको इतिहास, भूगोल, यहाँका महापुरुष, संस्कृति, भाषा, साहित्य आदिप्रति श्रद्धा राख्दै यही देशको माटोको विचारलाई आफ्नो कार्यको आधार मान्दै, यहीँका महापुरुषलाई आफ्ना आदर्श र प्रेरणा मान्दै कार्य गर्ने बलियो संगठनको अभाव, देशको धर्म संस्कृति माथि बढ्दो वैदेशिक विचारको प्रभाव आदि सबै विषयलाई चिन्तन गर्दै गर्दा समाजमा एक सशक्त, स्वतन्त्र, जिम्मेवार एवं संस्कारित युवाशक्ति निर्माणको आवश्यकता महसुस गर्दै गर्दा प्राज्ञिकको स्थापनाको पृष्ठभूमि तयार भयो । विद्यार्थी परिषद्को परिकल्पना गर्दै गर्दा समाजमा यसको आवश्यकताको बारेमा व्यापक बहस् र चिन्तन चलि नै रहेको थियो । समाज र राष्ट्रको दूरावस्था देखेर सबैले चिन्ता प्रकट गरिरहेको बेलामा नयाँ विचाररकार्यको प्रारम्भ भयो ।

नेपालको राष्ट्रियता र नेपाली भूमिमा विकसित मौलिक दर्शनलाई वैचारिक धरातल मानेर असल व्यक्ति निर्माणको माध्यमबाट राष्ट्रपुनर्निर्माणको महान एवं पवित्र उद्देश्य प्राप्तिका लागि विद्यार्थी परिषद्, नेपालको स्थापना भयो । देशका लागि आवश्यक कुशल जनशक्ति निर्माण गर्नु, शिक्षाक्षेत्रमा बढ्दो दलीय प्रभावलाई न्युनिकरण गर्नु, सामाजिक पहरेदारको भूमिकामा रहेर कार्य गर्न सक्ने स्वतन्त्र संगठन निर्माण गर्नु, विद्यार्थी, शिक्षक, शिक्षाविद्लाई एक चिन्तनमा आवद्ध गर्दै शैक्षिक परिवारको निर्माण गर्नु, देशको इतिहास, संस्कृति र जीवनपद्धतिप्रति युवावर्गलाई सुसुचित गर्नु र उनीहरूमा जागृति ल्याउनु, विद्यार्थी शक्तिमा रचनात्मक दृष्टिकोण प्रदान गर्दै, उनीहरूको शक्तिलाई राष्ट्रहितका लागि प्रयोग गर्नु, दलीय राजनीतिबाट माथि रहेर राष्ट्रिय राजनीतिका लागि आवश्यक उचित वातावरण निर्माण गर्नु, युवालाई दलीय चिन्तन भन्दा राष्ट्रिय चिन्तन दिनु यीनै मूलभूत उद्देश्यका साथ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको कार्य प्रारम्भ भयो । समाजका केही व्यक्तिहरूले यसको संवाहकको काम गरे । जसको पवित्र उद्देश्य समाजको परिवर्तन र राष्ट्रको पुनर्निर्माण थियो र छ । सोही उद्देश्य प्राप्तिका लागि परिषद्ले व्यक्ति निर्माणको माध्यमबाट मात्र समग्र राष्ट्रपुनर्निर्माणको लक्ष्य प्राप्त हुन्छ भन्ने दृढविश्वासका साथ रचनात्मक गतिविधिहरू निरन्तर सञ्चालन गरिरह्यो र आज परिषद्को यात्राले २५ वर्ष पूर्ण गर्दै समाजको एक सशक्त संगठनको रूपमा स्थापित भएको छ ।

नेपालमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल जस्तो महत्वपूर्ण संगठनको स्थापना हुनु नै एक महत्वपूर्ण उपलब्धी हो । जसको माध्यमबाट आगामी राष्ट्रको दिशा तय हुँदैछ । राष्ट्रको समृद्धिका लागि आधारशीला तयार हुँदैछ । राष्ट्रलाई परमवैभवमा पुऱ्याउनका लागि आवश्यक असल, संस्कारित र कुशल मानवस्रोत निर्माणको कार्य भइरहेको छ ।

परिषद्को स्थापना सँगै संगठन कार्य प्रारम्भ भयो । संगठनको विचारलाई राष्ट्रिय स्वरूप प्रदान गर्न । हामीले अपेक्षा गरेको सामाजिक संगठन निर्माण गर्न संगठन विस्तार, संगठनको विचार र व्यवहारलाई लिएर कार्य गर्ने कार्यकर्ताको समूह तयार आदि महत्वपूर्ण विषयलाई लिएर संगठनविस्तारको कार्य प्रारम्भ भयो जसको परिणाम स्वरूप आफ्नै मौलिक प्रयास, मौलिक विचार र मौलिक स्रोत साधनको आधारमा देशका ७७ जिल्ला, देशका सबै विश्वविद्यालय, ६०० भन्दा बढि क्याम्पस तथा विद्यालय, ११० भन्दा बढि महत्वपूर्ण नगरहरूमा कार्यविस्तारको साथमा संगठनको प्रभावी

इकाई निर्माण भएका छन् । यसका साथै प्राज्ञिकले तयार गर्न खोजेको असल व्यक्ति हरेक क्षेत्रमा आवश्यक रहने हुँदा प्राज्ञिकले आफ्नो कार्यलाई शिक्षाका अलग अलग आयाम इन्जिनियरिंग क्षेत्र, मेडिकल क्षेत्रमा विशेष कार्यको प्रारम्भ, कृषि, कानुन आदि क्षेत्रका विद्यार्थीको बीचमा विशेष सम्पर्क र गतिविधि प्रारम्भ गर्यो । युवा वर्गलाई सेवा कार्यमा समाहित गर्नका लागि सेवा र विकासका लागि युवा नामक सामाजिक संस्थाको गठन एवं सेवा कार्य प्रारम्भ, युवामा संस्कारको साथमा सीपको विकासका लागि सीप विकास केन्द्रको सञ्चालन आदि महत्वपूर्ण सेवा कार्य निरन्तर सञ्चालन हुनु समाजका लागि आँफैमा महत्वपूर्ण उपलब्धी हो ।

संगठन विस्तारका साथै विद्यार्थी वर्गमा प्राज्ञिकको विचारलाई लिएर निरन्तर प्रशिक्षण, उनीहरूको बीचमा रचनात्मक गतिविधि संचालन, व्यक्तित्व एवं नेतृत्व निर्माणका लागि वातावरण निर्माण एवं अवसर प्रदानको माध्यमबाट यो यात्रामा लाखौं युवालाई विचार र प्रेरणा प्रदान गर्न सफल भएको छ । साथै संगठनको एक निश्चित कार्यढाँचा, कार्यपद्धति, गतिविधिको श्रृंखलाको माध्यमबाट युवालाई समाज र राष्ट्रको बारेमा सोच्न सक्ने दृष्टिकोण प्रदान, महिला सुरक्षा, नेपालको जनजाति क्षेत्रको बारेमा विशेष चिन्तन, देशको नीति निर्माणमा विद्यार्थी तथा शिक्षक वर्गको भूमिका आदिका लागि निरन्तर प्रशिक्षण प्रदान, राष्ट्रिय कार्यकक्रमहरूबाट देशको शिक्षा, सुरक्षा, आर्थिक, समसामयिक तथा महिला सुरक्षा आदि विषयमा बहस्, चिन्तन एवं चर्चा पश्चात् प्रस्तावहरू पारित गर्ने र सम्बन्धित निकायलाई बुझाउने कार्यमा निरन्तरता पाइरहेको छ ।

जनजाति क्षेत्रमा आवश्यक एक कुशल र व्यापक दृष्टिकोणयुक्त व्यक्ति निर्माणका लागि जनजाति विद्यार्थी सम्मेलनको निरन्तर आयोजन, शिक्षक समूहमा राष्ट्रिय दृष्टिकोणका लागि शिक्षक वर्ग, नीति र योजनका लागि नियमित केन्द्रीय कार्यकारिणी समिति बैठक, विद्यार्थी समूहलाई प्रेरणा र दृष्टिकोण प्रदान गर्न एवं कुशल नेतृत्व निर्माण गर्नका लागि दुई दुई वर्षमा राष्ट्रिय अधिवेशन एवं प्रदेश अधिवेशन, प्रत्येक वर्ष हजारौं युवालाई अभ्यासवर्गको माध्यमबाट प्रशिक्षण आदि महत्वपूर्ण सांगठनिक गतिविधिको माध्यमबाट विद्यार्थी परिषद् राष्ट्रमा एक कार्यकर्ता आधारित आम विद्यार्थी संगठनको रूपमा स्थापित हुन सफल भएको छ । महान् उद्देश्य प्राप्तिका लागि सांगठनिक कार्य गर्दै जाँदा परिषद्ले एउटा व्यवस्थित, प्रभावकारी, उत्कृष्ट एवं वैज्ञानिक कार्यपद्धति विकसित गरेको छ ।

उच्च शिक्षाका विद्यार्थी, शिक्षक र शिक्षाविद् यी तीनवटा समूहबीच एक शैक्षिक परिवारको परिकल्पनाका साथ आफ्नो कार्यलाई क्याम्पस एवं विश्वविद्यालयमा केन्द्रित गर्दै विभिन्न प्रशिक्षण, गोष्ठी, सेमिनार एवं प्रतियोगितात्मक कार्यक्रमहरूको माध्यमबाट विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि वातावरण निर्माण गर्दै जीवनको छोटो कालखण्डमा विद्यार्थीहरूमा रचनात्मक एवं सकारात्मक सोचको बीजारोपण गर्ने कार्यमा परिषद् सफल रहेको छ ।

विभिन्न प्रशिक्षणका माध्यमबाट युवाहरूको व्यक्तित्व एवं नेतृत्व विकासका साथ साथै राष्ट्रिय दृष्टिकोणको विकास परिषद्ले गर्दछ । जीवनोपयोगी सीपमूलक प्रशिक्षण, वादविवाद, वक्तृत्वकला प्रतियोगिता, बालसंस्कार, प्रतिभा सम्मान कार्यक्रम, समय व्यवस्थापन, प्रस्तावना लेखन, व्यक्तित्व तथा नेतृत्व विकास तालिम, उद्घोषण तथा पत्रकारिता तालिम, बैंकिङ्ग तालिम, निःशुल्क कम्प्यूटर तालिम लगायत विभिन्न गतिविधिका माध्यमबाट परिषद् सदैव व्यक्ति निर्माणका लागि चिन्तनशील छ ।

शिक्षाक्षेत्रमा बढ्दो व्यापारीकरण, बढ्दो राजनीतिक हस्तक्षेप एवं अराजकतालाई कम गर्ने तथा नैतिक एवं व्यावहारिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रममा समावेश गर्नका लागि २०६५ साल माघ महिनामा “राम्रो र समृद्ध नेपाल निर्माणका लागि हाम्रो पाठ्यक्रम” भन्ने मूल नाराका साथ परिषद् देशभर बृहत् शैक्षिक अभियानमा निस्कियो । यसक्रममा हस्ताक्षर संकलन अभियान, सँगोष्ठी, र्‍याली, सुझाव संकलन एवं स्थानीय जिल्ला प्रशासन कार्यालय मार्फत् शिक्षामन्त्रालयमा ज्ञापनपत्र आदि बुझाउने कार्य परिषद्ले सम्पन्न गर्‍यो । देशभर सञ्चालित उक्त अभियानमार्फत् आएका सुझावलाई संकलन गरी परिषद्ले ३८ बुँदे सुझावपत्र तयार गर्‍यो । उक्त एक महिने अभियान पश्चात् २०६५ चैत्र १४ गते काठमाडौंमा शिक्षा, रोजगार तथा सांस्कृतिक जागरणका लागि बृहत् जनजागरण र्‍याली एवं सम्बोधन समारोह सम्पन्न भयो । देशभरबाट हजारौंको संख्यामा उपस्थित कार्यकर्ताका बीचमा सम्पन्न उक्त र्‍याली एवं समारोहले शैक्षिक अभियान मार्फत् आएका सुझावलाई संकलन गरी ३८ बुँदे सुभावपत्र तत्कालीन, प्रधानमन्त्री, शिक्षामन्त्री, विश्वविद्यालय लगायत विभिन्न स्थानमा बुझायो साथै उक्त सुझावलाई कार्यान्वयका लागि दबाव सिर्जना

गरिरह्यो । जसको परिणामस्वरूप शिक्षामा नैतिक शिक्षा लागू भयो तथा स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा उमेद्वारको उमेर २८ वर्षको समयसिमाको हदबन्दी तथा नियमित विद्यार्थी मात्र चुनाव लड्न पाउने नीति लगायतका कैयौं विषयमा सरकार तथा विश्वविद्यालय गम्भीर बन्यो र नीति समेत तय गऱ्यो । यो परिषद् एवं सिँगो शिक्षाक्षेत्रका लागि महत्वपूर्ण उपलब्धि हो ।

यसका साथै विश्वविद्यालय अनुदान आयोगद्वारा QAAC को गठन, शिक्षाक्षेत्रलाई GATS को परिधिबाट अलग राख्नुपर्ने, शिक्षामा योग शिक्षा आदि महत्वपूर्ण विषयलाई परिषद्ले उठाउँदै त्यसको कार्यान्वयनमा समेत विद्यार्थी परिषद्, सफल भएको छ ।

देशको शिक्षानीति, आर्थिक नीति, महिला सुरक्षा र समसामयिक विषयमा सदैव सरकारलाई सुझाव दिने एवं नैतिक दबाव सिर्जना गर्ने कार्यका परिषद् सदैव महत्वपूर्ण भूमिकामा रहिरहेको छ । पाठ्यक्रममा देखिने अन्योलता, विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा हुने ढिलासुस्ती, परीक्षा, परिणाम, पाठ्यक्रम, पठनपाठन आदि महत्वपूर्ण विषयमा परिषद् सदैव गम्भीर रहँदै सो क्षेत्रको सुधारका लागि निरन्तर कार्य गरिरहेको छ ।

युवामा आफ्नो इतिहास, पुर्खा, महापुरुष देशको मौलिक संस्कृति, पहिचान, परम्परा आदि प्रति सुसूचित गर्ने कार्यक्रमका साथै उनीहरूलाई यी सबैप्रति गर्व गर्न सक्ने वातावरण सिर्जना गर्नका लागि महापुरुषहरूका जन्मजयन्ती र पूण्यतिथिका अवसरमा विभिन्न रचनात्मक एवं साहित्यिक कार्यक्रमहरू निरन्तर आयोजना गर्ने गर्दछ । परिषद्ले यो देशको माटोको विचारलाई नै आफ्नो वैचारिक अधिष्ठान मान्दछ । बुद्ध, जनक, भृकुटी, सीता, अरनिको जस्ता महापुरुषलाई आफ्ना आदर्श व्यक्तिको रूपमा लिन्छ । विद्यार्थी परिषदले ज्ञान, शील, एकतालाई आफ्नो आदर्श वाक्य मान्दै कार्यलाई अगाडि बढाइरहेको छ । समय समयमा विभिन्न साहित्यिक कार्यक्रम, गोष्ठी, सांस्कृतिक कार्यक्रम, सांगितिक कार्यक्रम, राष्ट्रिय महत्वका दशैं, तिहार, होली, ल्होसार आदि पर्वहरूमा विभिन्न सांस्कृतिक एवं सांगीतिक कार्यको माध्यमबाट युवामा संस्कृतिप्रतिको सम्मान र राष्ट्रप्रतिको समर्पण भावको विकासका लागि परिषद् निरन्तर सक्रिय रहेको छ ।

देशमा बढ्दो महिला हिंसाको अन्त्य गर्दै सम्पूर्ण नारीको सम्मान एवं सशक्त महिला नेतृत्व निर्माणको दिशामा परिषद् अगाडि बढिरहेको छ । बढ्दो महिला हिंसाको न्यूनिकरणका लागि मिसन साहसी जस्तो महत्वपूर्ण अभियानमार्फत् लाखौं छात्रालाई आत्मविश्वास, आत्मजागरण र आत्मरक्षाको प्रशिक्षण निरन्तर सञ्चालन, २०६३, २०७४ र २०७६ मा सम्पन्न राष्ट्रिय छात्रा सम्मेलन, जागरण ऱ्याली, दबाब ऱ्याली विभिन्न इकाईमा छात्राहरूलाई लक्षित गरी सञ्चालन हुने कार्यक्रम यसका प्रत्यक्ष उदाहरणहरू हुन् ।

२०६२/०६३ सालको जन-आन्दोलनलाई सफल पार्नका लागि परिषद्का हजारौं युवाहरू सहभागी बने, समाजलाई जागृत गर्ने कार्यमा लागिरहे । २०६४ सालमा मधेशमा चर्किएको आन्दोलनले तराईमा सृजना गरको गम्भीर अवस्था, पहाडे र मधेशेका नाममा चर्किएका नाराबाजी एवं विभेदलाई रोक्न एवं बिग्रँदो सामाजिक सहिष्णुता र सद्भावलाई कायाम राख्नका लागि परिषद्ले "हिमाल, पहाड, तराई कोही छैन पराई/हामी सबै दाजुभाई" को नारा लिएर देशभर सौहार्द्र यात्रा निकाल्यो, समाजलाई जागृत गऱ्यो बिग्रिरहेको सामाजिक वातावरणलाई पुन कायम गर्ने दिशातर्फ अग्रसर रहिरह्यो । हिमाल, पहाड, तराई कोही छैन पराई जस्ता नारालाई स्थापित समेत गऱ्यो ।

२०६४ एवं २०७० मा सम्पन्न संविधानसभाको चुनाव सफल पार्नका लागि त्यसमा परिषद् सकारात्मक भूमिका निर्वाह गऱ्यो, देशभर संविधान एवं संविधानसभाको महत्वको बारेमा जनजागरण अभियान सञ्चालन गऱ्यो, संविधानसभाको चुनावलाई स्वच्छ मर्यादित र भयरहित बनाउनका लागि परिषद्ले अहम भूमिका निर्वाह गऱ्यो ।

निर्धारित समयमा नै संविधान निर्माणमा ढिलाई भइरहेको अवस्थामा २०६७ सालमा सम्पूर्ण राजनीतिक दल, राजनीतिक संयन्त्र एवं संविधानसभालाई समयमा संविधान निर्माण गर्नका लागि दबाव सिर्जना गर्ने उद्देश्यले पश्चिम महाकाली देखि पूर्व मेची सम्म "संविधान निर्माणका लागि जनजागरण एवं दबाव अभियान" सम्पन्न गऱ्यो । धनगढी, भैरहवा, नारायणगढ, पोखरा, धादिङ्ग वीरगञ्ज, जनकपुर, राजविराज, विराटनगर लगायतका देशका प्रमुख १२ स्थानमा विशाल जनजागरण एवं दबाव ऱ्यालीहरू सम्पन्न भए । स्थानीय युवा, बुद्धिजीवी एवं जनताका माग एवं सुझावलाई संविधानसभासमक्ष पुऱ्याउनका लागि स्थानीय प्रशासन मार्फत् ज्ञापनपत्र बुझाउने कार्य सम्पन्न भयो । जसको परिणाम स्वरूप संविधानसभा, संवैधानिक निकाय तथा राजनीतिक दललाई दबाव सिर्जना गर्नका लागि सम्पूर्ण

सामाजिक तथा संगठनात्मक क्षेत्रमा सक्रियता बढ्न थाल्यो र संविधान निर्माणको दिशातर्फ राजनीतिक दलहरू गम्भीर बन्न थाले ।

देशमा बढ्दै गइरहेका जातीयता/क्षेत्रीयताका नारा, जातीय संघीयताका विषय र यसले भविष्यमा राष्ट्रमा निम्त्याउने खतरालाई विश्लेषण एवं अध्ययन गरी परिषद् एकल जातीयताको आधारमा देशलाई विभाजन गर्ने विषयको विरुद्धमा खडा भयो । समाजलाई त्यस विषयमा जागृत गर्ने कार्य गऱ्यो । राजनीतिक दलहरूलाई खवरदारी गर्ने कार्य गरिरह्यो । देशभर एकल जातीय संघीयताको विरुद्धमा बहस सञ्चालन गऱ्यो र २०६९ सालको बैशाख र ज्येष्ठ महिनामा तत्कालीन संविधानसभाका ४५० भन्दा बढि सभासद्, संवैधानिक निकायका प्रमुख, राजनीतिक दलका प्रमुख र सरकारी संयन्त्रलाई प्रत्यक्ष भेटघाट गरी देशलाई जातीयताको आधारमा प्रदेश रचना निर्माण नहोस् त्यसका लागि दबाव स्वरूप ऐतिहासिक सात बुँदे सुझाव पत्र-२०६९ पेश गऱ्यो । देशमा सडक तातिरहेको अवस्थामा परिषद्ले सशक्त वैचारिक बहस एवं आन्दोलन खडा गऱ्यो जसको परिणाम स्वरूप समग्र राष्ट्र जातीय संघीयताको दलदलमा फस्नबाट बच्यो । यो हामी सम्पूर्ण नेपालीका लागि ऐतिहासिक उपलब्धिको विषय हो ।

राष्ट्रको समृद्धिका लागि “अन्तर्राष्ट्रिय सम्बन्धमा सदैव बन्धुत्वको भावना हुनु पर्दछ” भन्ने विश्वासका साथ परिषद्ले विश्व विद्यार्थी युवा संघ (WOSY-World Organization of Students & youth ) को माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा विश्व बन्धुत्वको भाव पैदा गरिरहेको छ । विभिन्न अन्तर्राष्ट्रिय सेमिनारहरूमा सहभागिता जनाउँदै देशको कला, संस्कृति र सभ्यतालाई विश्वमा परिचित गराउनका लागि परिषद् सदैव सक्रिय छ । विश्वमा मात्र नभएर नेपाल भित्र नै देशको कला, संस्कृति, साहित्य, इतिहास, परम्परा र सभ्यतासँग युवालाई परिचित गराउँदै त्यसको संरक्षणप्रति जिम्मेवार बनाउनका लागि विभिन्न साहित्यिक एवं सांस्कृतिक कार्यक्रम परिषद्ले सञ्चालन गरिरहेको छ ।

प्रत्येक युवामा सामाजिक संवेदना उत्पन्न गर्दै मानवीय सेवामा समाहित गर्नका लागि परिषद् रक्तदान कार्यक्रम, स्वयंसेवक परिचालन, प्राकृतिक विपद्मा राहत तथा उद्दार कार्यमा सदैव कार्यकर्ताहरूलाई प्रेरित गरिरहेको छ । जसका कारण जहाँ छ परिषद्-त्यहाँ देशभक्तिको उत्सव यो भाव सम्पूर्ण परिषद् कार्यकर्तामा विकास हुन सकेको छ । जसको प्रत्यक्ष उदाहरण वि.सं. २०७२ बैशाखमा गएका विनाशकारी भूकम्प पश्चात् उद्धार तथा राहत कार्यमा परिषद्का कार्यकर्ताले प्रस्तुत गरे । ३०० भन्दा बढि कार्यकर्ताले महिनौं सम्म राहत तथा उद्धार कार्यका लागि समय लगाए । भूकम्पबाट प्रभावित क्षेत्रका नागरिकको दैनिक जीवनको त्यो पीडा क मगर्नका लागि अहोरात्र विकट गाँउ र बस्तीमा पुग्ने कार्य गरे । उद्धार, घाइतेको उपचार, राहत संकलन एवं वितरण, भौतिक संरचनाको पुनर्निर्माण, स्वास्थ्य शिविर सञ्चालन, सरसफाई अभियान, शैक्षिक सामाग्री वितरण, आदि कार्यको माध्यमबाट त्यस दुःखद् क्षणमा केही मात्रामा भए पनि सुखको अनुभूति गराउने प्रयास गरिरहे । त्यसै गरी २०७४ मा मधेशमा बाढीको डुबानबाट उत्पन्न संकट, २०७७ मा कोरोनाको संकट आदिमा देशभरका कार्यकर्ता सहयोग संकलन, उद्धार तथा राहत वितरण, अभावमा रहेकाहरूका लागि भोजन वितरण, विद्यार्थीहरूका लागि शैक्षिक सामाग्री वितरण आदि महत्वपूर्ण कार्यमा देशभरका सयौं विद्यार्थी कार्यकर्ताहरू निरन्तर सक्रिय रहे ।

यसरी राष्ट्रका हरेक महत्वपूर्ण विषयहरूमा चिन्तनशील रहँदै परिषद्ले सांगठनिक कार्यलाई अझ व्यापकरूपमा विस्तार गर्दै समाजमा एउटा सशक्त विद्यार्थी आन्दोलन खडा गर्ने दिशामा निरन्तर अगाडि बढिरहेको छ । देशको वर्तमान समयमा आवश्यक एक स्वतन्त्र सामाजिक संगठनको भूमिका निर्वाह गर्दै सशक्त युवापीँढी निर्माणको माध्यमबाट समृद्ध राष्ट्र निर्माणका लागि सदैव वैचारिक एवं सामाजिक आन्दोलनको भूमिकामा परिषद् रहिरहेको छ । यसरी देशका विविध क्षेत्रमा निरन्तर कार्य गर्दै जाँदा आज परिषद् समाजले अपेक्षा गरेको सकारात्मक परिवर्तनका लागि तयार भएको छ । व्यक्ति निर्माणका लागि निरन्तर कार्य गरिरहँदा समाजको विश्वास, अपेक्षा र सहभागिता विद्यार्थी परिषद्ले प्राप्त गरेको छ ।

आगामी दिनमा परिषद्का विविध कार्यमा समग्र समाजको सहभागिता, सहयोग, सद्भाव र प्रेरणा हामी परिषद्का सम्पूर्ण कार्यकर्तामा प्राप्त भइरहने छ र यो राष्ट्रिय एवं रचनात्मक कार्यमा सबैको सहभागिता एवं सद्भाव रहिरहने छ भन्ने पूर्ण विश्वास लिएका छौं ।

“नेपाल आमाको-जय !”

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका राष्ट्रिय सह-संगठन सचिव हुनुहुन्छ ।)***

# समृद्ध नेपालको लागि चरित्रवान र गुणवान युवा आवश्यक

***अशोक वैद्य***

कुनै पनि राष्ट्रको विकास र समृद्धिको मेरूदण्डको रूपमा रहेका युवाहरू साहस, समर्थ र उर्जाको पुञ्ज भएकाले उनीहरू राष्ट्रको सर्वाङ्गिण विकासको महत्वपूर्ण आधार हुन्, त्यसका लागि युवाहरू चरित्रवान् र गुणवान् हुन आवश्यक छ, जहाँ विज्ञान प्रविधिमा युवा, सुशासनमा युवा, कृषि उत्पादनमा युवा, अन्धविश्वास र जातीय विभेद अन्त्यका लागि युवा, उद्यमशिलता प्रवर्द्धनमा युवा, विपद् व्यवस्थापनमा युवा, स्वयंसेवकीय कार्यमा युवा परम्परागत सीप विकास र संरक्षणमा युवा, स्वास्थ्य र खेलकुदको विकासमा युवाको महत्वपूर्ण प्रमुख भूमिका रहन्छ ।

समाज एवं राष्ट्रको विकासमा परिवर्तनको सेनाहरूको भूमिका निर्वाह गर्ने युवा सदैव इतिहासमा सधैँ स्मरणीय रहँदै आएका छन् । नेपालमा पनि युवाहरूको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन । सूचना र प्रविधिले साघुँरिएको विश्वमा अन्तरदेशीय सामाजिक संस्कार र परमपराको आदानप्रदानको क्रममा अधिकांश युवाहरू आफ्नो मौलिक गुण र शक्तिको पहिचान गर्न सकिरहेका छैनन् । गलत चिजको विरोध गर्ने र सहि कुराको समर्थन गर्ने बानी विस्तारै हराउँदैछ । केवल देखावटी संसार मनोरञ्जनमा युवाको समय बित्दैछ । यो अवस्थाले दीर्घकालमा समाजलाई ठूलो असर गर्नेछ । त्यसैले समयमै हामी सबै मिली युवालाई सचेत बनाउनु आवश्यक देखिन्छ । उनीहरूमा हुनुपर्ने गुणहरूका बारेमा सचेत गराउनु पर्दछ । नेपालको कुल जनसंख्याको ४०% भन्दा बढि युवाहरू भएकोले उनीहरूको राष्ट्रनिर्माणमा महत्वपूर्ण भूमिका रहने हुँदा उनीहरूको उच्चतम सदुपयोग गर्न राष्ट्रले विशेष नीति बनाउनु आवश्यक देखिन्छ । आफ्नै देशमा स्वरोजगारका अवसरहरूसिर्जना गरेर वा स्वरोजगार बनाएर युवाहरूलाई देशमै बस्न सक्ने वातावरण सिर्जना गनु आजको हाम्रो मूल चुनौती र जिम्मेवारी पनि हो । यस चुनौतीलाई अवसरको रूपमा लिँदै सरोकारवाला हामी सबैले सकारात्मक सोच राखी आ-आफ्नो जिम्मेवारी पूरा गर्न सकौँ ।

युवा योगदान र जटिलतासँगै अगाडि बढ्दै गर्दा विश्व युवा विकास सूचकाङ्कमा १४५औं स्थानमा रहेको नेपाल दक्षिण एशियामा भने निकै कमजोर अवस्थामा छ, युवा विकासका मुद्दामा सरकारले केही गर्ने प्रयास गरे तापनि विशेष ठोस योजना, नीति र कार्यक्रम बनाउन सकेको पाइँदैन । युवाहरूको जोश, जाँगर र सीपले उचित ठाउँ भने पाएको छैन जसले गर्दा देश सबै नेपालीहरूले सोचेजस्तो विकासको बाटोमा अगाडि बढ्न सकेको देखिँदैन त्यसका लागि स्थानीय निकायदेखि केन्द्रसम्म सानो उमेर र बालबालिकाबाट नै संस्कार, चरित्र, राष्ट्रियता, अनुशासन, सीपविकास, वैज्ञानिक खोज, अनुसन्धान आदि विषयमा विशेष योजनाबद्ध कार्यको आवश्यकता देखिन्छ ।

युवामा हुनुपर्ने सबैभन्दा महत्वपूर्ण गुण भनेको आत्मविश्वास हो । आज युवामा म स्वयं केहीगर्न सक्छु भन्दा पनि अरूको सहयोग-प्रविधि र व्यक्ति) लिएर मात्र केही गर्न सक्छु भन्ने संस्कृतिको विकास विकास हुँदै गएको छ । जुन देशमा आत्मविश्वासी युवाको संख्या बढि हुन्छ त्यो देशको विकास छिटो हुन्छ । त्यस्तै युवामा हुनुपर्ने अर्को गुण दृढ इच्छाशक्ति हो । आफ्नो सोच एवं विचारलाई धैर्य भई पूरा गर्ने दृढ इच्छाशक्तिको कमीले समाजलाई विस्तारैखोको बनाउँदै लगिरहेको छ । त्यसैगरी धैर्यता, विनम्रता र इमान्दारिता युवाका थप गहना हुन् । धैर्यका अभावमा आज युवा हुल झुण्ड भई तोड फोड एवं अन्य गलत कार्यमा लागेको देख्न पाइन्छ । राजनीतिक स्वार्थ र सत्ता मोह पूर्ति गर्ने साधन बन्दैछन् युवा । विनम्र स्वभाव लिई धैर्य भएर इमान्दारिका साथ गलत र सहीको विश्लेषण गर्दै सकारात्मक भावनाको विकास गर्न सकेमा युवाले समयमै समाजको काँचुली फेर्नसक्छन् भन्दा अत्युक्ति नहोला ।

युवा सबल भए राष्ट्र सबल हुन्छ । यसको महत्वपूर्ण आधारमध्ये समय प्रबन्धन एक हो । आफ्नो अमूल्य समयलाई असल कार्य र असल सोचमा लगाएमा त्यसले सकरात्मक एवं दीगो परिणामको सिर्जना गर्दछ । त्यसैले वर्तमान समयमा युवाले आफ्नो समय व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक छ । आजको युवामा हुनैपर्ने अझै महत्वपूर्ण गुण हो निष्ठा, समाज र राष्ट्रप्रति निष्ठावान्हुन नसकेमा कुनै दिन आफ्नो पहिचान नै गुम्न सक्छ भन्ने तथ्यलाइ आजका युवाले बुझ्नु जरुरी छ । त्यस्तैगरी सकारात्मक सोच र चिन्तनका साथ योजनाबद्ध भई अघि बढ्न सकेमा परिवार, समाज र राष्ट्रको उदाहरण बन्न सक्दछन् युवा ।

अतः युवाले वर्तमान समयमा माथिउल्लेख गरिएका गुणहरूलाई आत्मसात् गर्न सकेमा पक्कै पनि असल, नैतिकवान, चरित्रवान, राष्ट्रप्रेमी र परिवर्तनका संवाहको रूपमा नेपाली युवा परिचित हुनेछन् ।

***(लेखक वीरगञ्ज निवासी हुनुहुन्छ । उहाँ वरिष्ठ समाजसेवी, आध्यात्मिक व्यक्तित्वका साथै उद्योगी एवं व्यवसायी हुनुहुन्छ । विभिन्न सामाजिक संघ संस्थामा नेतृत्वदायी भूमिकामा रहेर शिक्षा, अध्यात्म र सेवाको क्षेत्रमा महत्वपूर्ण योगदान प्रदान गर्दै आइरहनुभएको छ ।)***

# नेपालको आर्थिक विकासमा नकारात्मक विकासे चिन्तन बाधक

*केशवराज पन्थी*

अनौपचारिक रूपमा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले स्विकारेका ३२ भूपरिवेष्ठित राष्टहरूमध्येको एक नेपाल विश्वका उदाउँदा दुई शक्तिशाली देश भारत र चीनको बीचमा रहेर पनि कछुवा गतिमा विकासको मार्गमा लम्किरहेको छ भन्दा कुनै अत्युक्ति नहोला । वि.सं. २००७ सालमा प्रजातन्त्रको खुशियाली मनाएका नेपालीले पटक पटक राजनीतिक व्यवस्थाको लागि आन्दोलन गर्दै वर्तमानमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दैछन् । यसो हेर्दा लाग्छ नेपाल र नेपालीका लागि राजनीति नै सबथोक हो ।

राजनीति र अर्थतन्त्र एक अर्काका परिपूरक मानिन्छन् । राजनीतिक विचार र आदर्शले जहिल्यै अर्थतन्त्रलाई एउटा दिशा प्रदान गर्ने गर्दछन् । तर नेपालमा भने अर्थतन्त्र दिशाहीन जस्तै बनेको छ । सधै काल्पनिक समृद्धिका सपना बाँड्दै धरातलीय यथार्थलाई स्वीकार गर्न नसक्ने राजनीतिक वातावरणले गर्दा नेपाल तुलनात्मक रूपमा विश्व समुदाय माझ विकासमा पछाडि परिरहेको छ ।

प्रथम पञ्चवर्षीय योजनादेखि १५ औं योजनासम्म आइपुग्दा विकासको नाममा परनिर्भरता बढ्नु बाहेक प्रशंसनीय एवं उदाहरणीय विकासको काम भएको खासै पाइँदैन । यद्यपि यो अन्तरालमा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय संघसंस्थाको सदस्य बन्दै नेपाली अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग विविध पक्षबाट जोड्ने काम चाहि भएको छ । साथै साक्षरता दर बढेको छ, मातृ मृत्युदर घटेको छ, बाटो, पुल-पुलेसाको संख्या बढेको छ, सूचना एवं प्रविधीमा जनताको पहुँच बढ्दै छ, शहरीकरण बढ्दो क्रममा छ । तर बढ्दो राजनीतिक अस्थिरता एवं भ्रष्टाचारका कारण मानव विकास सूचकांकमा भएको सुधारले अर्थतन्त्रलाई गति दिन सकेको छैन । आफ्नै छिमेकी देश भुटान र बंगलादेशले फड्को मार्दै छन् । त्यस्तै नेपालभन्दा धेरै पछाडि रहेका देश आज तीब्र विकासको गतिमा छन् । आखिर किन हामी विकासमा पछि पर्‍यौ त ? वास्तवमा नेपालको विकासका बाधक तत्वहरू के के हुन् त ? तथ्याङ्क जति केलाए पनि अन्त्यमा आएर नेपालको विकास राजनीतिक चिन्तन र अनुसरण गरिएका विकासको मोडलमै रूमल्लिएको जस्तो भान हुन्छ ।

**नकारात्मक सोचले ग्रसित राजनीतिक विकासे चिन्तन**

शैक्षिक जनशक्ति एवं भौतिक पूर्वाधारको निर्माणमा भारतीय सहयोगले प्रारम्भिक नेपालको विकासमा महत्वपूर्ण भूमिका खेलेको इतिहास हामी सामु विद्यमान छ । वर्तमान समयमा भने भारत र चीन लगायत अन्य शक्तिशाली देशहरूले पनि नेपाललाई आर्थिक रूपले सहयोग गरिरहेका छन् र अझै सहयोग गर्न तम्तयार देखिन्छन् । यस्ता सहयोगहरू सशर्त, निशर्त एवं अप्रत्यक्षरूपमा आफ्नो प्रभाव फैलाउने उद्देश्यले गरिएका हुन्छन् । यस्ता सहयोगहरूलाई आफू अनुकुल ढाल्ने, नियमन गर्ने लगायतका कार्यहरू गर्दै आर्थिक विकासलाई गति प्रदान गर्ने अभ्यास गरेको पाइन्छ । तर नेपालले वैदेशिक सहयोगलाई आफू अनुकुल ढाल्न सकेको पाइँदैन । खुला सिमानाको फाइदा उठाउँदै एवं ठूलो बजारको फाइदा लिन सक्ने अवस्था हुँदा हुँदै पनि भारतबाट र भारतले गरेको विकासबाट नेपालले फाइदा लिन सकेको पाइँदैन । जलविद्युत उत्पादन र सिंचाईमा भारतसँगको सहकार्यमा ठूलो फड्को मार्न सक्ने अवस्था हुँदा हुँदै पनि नेपालले त्यसको सदुपयोग गर्न सकेको छैन । राजनीतिकरूपमा सदैव भारतविरोधी नाराले प्राथमिकता पाइरह्यो । मानौं भारतीय पक्षको विरोध गर्नु नै राष्ट्रियता हो । तथ्यगत कुराहरूको चर्चाले भन्दा अन्य कुराहरूले चर्चा पाइरहेको हुन्छ । जस्तै भारतले सस्तोमा बिजुली किनेर महंगोमा बेच्दछ, नेपाली वस्तुको निर्यातमा अवरोध सिर्जना गर्दछ आदि आदि । तर भारतले किन्ने बिजुलीको मूल्य निर्धारण कसरी गरिन्छ ?, भारतले के को आधारमा बिजुली किन्न चाहन्छ ?,नेपालको बार्गेनिंग शक्ति कति छ ?, किन वस्तु निर्यातमा अवरोध सिर्जना गरिन्छ ? भन्ने जस्ता तथ्यगत कुराको विस्तृत चर्चा

गरिएको पाइँदैन । वैश्विकरणको वर्तमान अवस्थामा नेपालले विश्व फोरममा आफ्ना अधिकारका लागि आवाज उठाउन सक्छ । तर किन गलत भइरहेको छ भने आवाज उठाइँदैन ? किन सधैं अदुवाकै निर्यातमा अवरोध सिर्जना हुन्छ ?, भारत नेपालले उत्पादन गर्ने बिजुलीको राम्रो बजार भए तापनि किन त्यो सम्भव हुन सकेको छैन ? यस्ता प्रश्नहरूको आर्थिक भन्दा पनि बढि राजनीतिकरूपमा चर्चा हुने गरेको पाइन्छ ।


वर्तमान समयमा भारत मात्र होइन, चीन र अमेरिकी सहयोगले समेत व्यापक राजनीतिक चर्चा पाउने गरेको छ । देश केन्द्रित भन्दा पनि राजनीतिक पार्टी केन्द्रित भएर चर्चा एवं निर्णय हुनु नेपालको विकासका लागि दूर्भाग्य बनेको छ । कतिपय विकासका कार्यहरू आफ्नो नियन्त्रणमा राख्न सक्ने सम्भावना हुँदाहुँदै पनि तिनलाई विदेशी प्रभाव एवं दमनका नाममा त्याग्ने परिपाटीको अन्त्य गरिनु पर्दछ । भौगोलिक रूपमा नेपाल सदैव भारतसँग निर्भर रहनुपर्ने अवस्था देखिन्छ । यसलाई कसैले नकार्न सक्दैन । यो तथ्यलाई आत्मसात् गरी भारतसँगको सम्बन्धलाई थप बलियो बनाउँदै लैजानुपर्दछ । साथै चीनको भूमिकालाई पनि नजरअन्दाज गर्न सकिँदैन । कहिलेसम्म हामीले भारत, चीन र अमेरिका जस्ता शक्तिशाली देशको नाममा राजनीति गर्ने ? यो तथ्यलाई आत्मसात् गरी नकारात्मक सोचले ग्रसित विकासे चिन्तनलाई त्याग्न नसकेको खण्डमा हामी साच्चिकै परजीवि जस्तै सदाका लागि छिमेकी देशसँग निर्भर रहनुपर्ने अवस्था नआउला भन्न सकिन्न ।

### विकासको मोडेल

नेपालले आर्थिक विकासका लागि उदारीकरण, निजीकरण, विकासमा जनसहभागिता, निर्यात प्रतिस्थापन लगायतका विभिन्न मोडेलहरू अनुसरण गर्दै आइरहेको छ । तर नेपाल विश्व बजारसँग जति बढि नजिकिँदै गयो त्यति बढी अरूका लागि राम्रो बजार बन्न पुग्यो । आकर्षक एवम् सस्तो वस्तुको नेपाल प्रवेश, विदेशी संस्कारको प्रभाव एवम् युवा जनशक्तिको विदेश पलायनले गर्दा उत्पादनशील आर्थिक क्रियाकलापहरू सुस्ताउन थाले । भएका पुराना ठूला उद्योगहरू राजनीतिक दलको अदूरदर्शी सोचका कारण बन्द हुन पुगे । कृषि उपजमा निर्भरता बढ्दै गएको छ । हाम्रा नेतृत्वपंक्तिले नेपालको विकासका आधारभूत पक्षहरूलाई समयमै सम्बोधन नगरी सस्तो लोकप्रियतालाई प्राथमिकता दिने गरेका कारण जस्तोसुकै विकासका कार्यक्रमहरू ल्याए पनि दीगो हुने नगरेको तीतो यथार्थ हामी सामु छ ।

केही विकासका कार्यक्रमहरू सफल देखिए पनि दीर्घकालका लागि ती कार्यक्रमहरूले अन्य क्षेत्रको विकासलाई बाधा पारेको पाइन्छ । जस्तै सामुदायिक वन नेपालको मात्र नभई दक्षिण एशियाकै एक सफल उदाहरणीय कार्यक्रम हो । तर यसका कारण वस्तु चरनको समस्या सिर्जना भई पशुपालनलाई नकारात्मक असर परेको छ । फलतः आयातीत दाना र आहार एवं मानव सिर्जित घाँसका आधारमा पशुपालन गर्ने अवस्थाको सिर्जना भएको छ । तलको रेखाचित्रमा देखाएजस्तै रासायनिक मलको बिक्री वितरण बढ्दो क्रममा छ । तर हरेक वर्ष प्रमुख अन्न बालीको सिर्जनामा युरिया लगायतका मलको अभाव हुने गरेको छ । स्वदेशमै मल उत्पादन गर्ने उद्योगहरूको स्थापनामा भने ठोस कदम चालेको पाइदैन । यो राजनीतिक नारामै सिमित बनेको छ । बरू सरकार अनुदान दिन र विदेशबाट मल झिकाउन मै व्यस्त देखिन्छ ।

***रेखाचित्र १: रासायनिक मलको बिक्री वितरण***




*स्रोत: आर्थिक सर्वेक्षण २०७६/७७*

यस्तै गरी विश्वमा आयुर्वेदिक औषधिको बजार बढ्दो छ । तर हाम्रो देशमा प्रशस्त जडीबुटी भए तापनि तिनको प्रयोग सही मात्रामा गर्न सकिएको छैन । रणनीतिक विकासका आधारको रूपमा रहेका महत्वाकांक्षी परियोजनाहरू जस्तै काठमाडौं तराई फास्ट ट्रयाक राजनीतिक प्रभावका कारण समयमै सम्पन्न हुन सकेका छैनन् । यस्तै गरी व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले

स्थापना गरिएका विशेष आर्थिक क्षेत्रप्रति लगानीकर्ता एवं व्यापारीको आकर्षण देखिदैन । २६ वटा देशसँग व्यापार सम्झौता गरेको नेपालले व्यापार विविधकरण गर्न अझै सकेको छैन । अझै पनि नेपालको निर्यात व्यापार र आयातमा तीन प्रमुख बजारको हिस्सा औसतमा लगभग ७५ र ८० प्रतिशत छ । सन् २०१७ मा नेपालमा ८० मिलियन अमेरिकी डलर बराबरको चिनी/ चिनीजन्य खाद्य वस्तु जस्तै मिठाइको आयात भएको थियो । तर यहाँ चिनी उद्योग बन्द हुँदैछन् । व्यापार प्रवर्द्धन गर्ने प्रमुख आधारहरूमध्ये औद्योगिक बौद्धिक सम्पत्ति पनि एक हो । तर नेपालमा बौद्धिक सम्पत्तिको दर्तामा विदेशीहरू अगाडि हुनुले पनि दीर्घकालीन व्यापारलाई असर गर्ने देखिन्छ । आर्थिक वर्ष २०७६/।७७ सम्ममा ५१ हजार ६ सय २ ट्रेडमार्क, ७९ पेटेन्ट र २०४ डिजाइन औद्योगिक बौद्धिक सम्पत्तिको रूपमा दर्ता भएका छन् जसमा विदेशीको हिस्सा स्वदेशी दर्ता सँग लगभग बराबर छ ।

यस्तै गरी धार्मिक पर्यटनको प्रचुर सम्भावना भए तापनि खुलारूपमा यसको प्रवर्द्धन गर्ने कार्य गरिएको पाइदैन । विश्वभर संस्कृत शिक्षा र पूर्वीय दर्शनको अध्ययनको माग बढ्दै गएको अवस्थामा यहाँका विश्वविद्यालयलाई विश्व माग बमोजिमको शिक्षाप्रदान गर्ने वातावरण मिलाइएको छैन । क्षमता हुँदाहुँदै पनि विश्व बजारको मागको फाइदा उठाउन नसक्नु बिडम्बना बनेको छ । यसरी देश अनुकुल विकासको मोडेल अवलम्बन गरिनुभन्दा पनि राजनीतिक स्वार्थप्रेरित विकासे मोडेल प्रयोग गरिनुले देश पछाडि परिरहेको छ ।

समग्रमा भन्नुपर्दा नेपाल राजनीतिक दलको खिचातानीमा फस्दै गइरहेको छ । राजनीतिक दलका विचार, आदर्श र नाराका कारण आज वास्तविक नेपालको पहिचान र राष्ट्रियताका बारेमा युवा विद्यार्थी एवं सर्वसाधारण अलमलमा परेको जस्तो देखिन्छ । जति सत्ता परिवर्तन गरे पनि, जति धेरै राजनीतिक प्रतिनिधि चुनावबाट चयन गरे पनि आर्थिक विकास भन्दा राजनीति नै सबथोक हो भन्ने जस्तो परिपाटी बसेपछि कतै राजनीतिक दलका प्रतिनिधिलाई रोजगारीको सुनिश्चितता दिन त सत्ता एवम् व्यवस्था परिवर्तन गरिएको होइन भन्ने प्रश्न चिन्ह खडा भएको छ । यसरी सधैंभरी राजनीति मात्रै हावी हुने र दलगत राजनीतिका कारण विकासको गति सुस्त हुने हो भने अब नेपाली जनताले राजनीतिक दलहरूलाई खबरदारी गर्नुपर्ने बेला आएको छ ।

***(लेखक कोटेश्वर बहुमुखी क्याम्पस, काठमाडौंका उप-प्राध्यापक हुनुहुन्छ ।)***

# नेपालको जनजाति क्षेत्र र हाम्रो भूमिका

*प्रेम थुलुङ्ग (राई)*

आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ अनुसारको अदिवासी जनजाति कलाले आफ्नो मातृ भाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान सामाजिक संरचना र लिखित र अलिखित इतिहास भएको अनुसूचि बमोजिमको जाति वा समुदायलाई बुझ्नु पर्दछ ।

**जनजातिको विशेषताहरू**

जसको आफ्नै छुट्टै सामूहिक सांस्कृतिक पहिचान बोकेको हुन्छ । उनीहरूको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ । सामाजिक रचनाको समान्तामा आधारित छ र आफ्नो भौगोलिक परम्परागत क्षेत्र छ। जनजातिहरूको लिखित र अलिखित इतिहासहरू अनादिकालबाट बसोवास गर्दै आएको आदिवासी जनजाति आफूलाई भन्दछन् । वि.सं २०५८ सम्मको जनगणना अनुसार ५९ प्रकारका जाति जनजातिमा पर्दछन् हालमा आएर रानाथारूलाई पनि जनजातिमा थपिएको छ यसरी ६० जाति भए। आदिवासी जनजातिहरू अनुकुल रणनीति तथा राष्ट्रिय संसाधनमा कम पहुँच भएको मानिन्छ । राज्य एवं स्थानीय संरचनामा राज्य संचालनमा कम सहभागिता देखिन्छ। जनजातिहरू लाई जम्मा ५ भागमा विभाजित गरिएको छ ।

१. लोपोन्मुख (संकटमा परेका) जाति

२. सुविधावाट वञ्चित भएका

३. उन्नतिशिल जातिहरू

४. सीमान्तकृत जातिहरू

५. अति सीमान्तकृत जातिहरू

जनजाति समुदायको आधुनिक नेपालको राजनीति र राज्य संचालनमा निर्णायक भूमिका छैन,

आफ्नो मातृ भाषा र परम्परा, रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना, लिखित, अलिखित इतिहास भएको अनुसुचि बमोजिमको जाति वा समुदाय नै नेपालको आदिवासि जनजाति हो ।

वि.सं २०५८ सालको गणना अनुसार ३५.२ प्रतिशत जनसंख्या आदिवासी जनजाति रहेका छन् । कूल संख्या ९३,४८,९०४ जनगणना २०६८ को अनुसार सवै भन्दा ठूलो संख्या भएका जनजातिहरू ।

१. मगर १८८७७३३ जना (७.१२%)

२. थारू १७३७४७० जना (६.५६%)

३. तामाङ १५३९८३० जना (५.८१%)

४. नेवार १३२१९३३ जना (५.०३%)

५. राई ६२०००४ जना (२.४३%)

६. गुरुङ ५२२६४१ जना (१.९६%)

७. लिम्बु ३८७३०० जना (१.६१%)

जनजातिमा ५ औं स्थानमा रहेको राई जाति किराँत धर्मलाई आफ्नो धर्मका रूपमा लेखाउनेहरू राई, लिम्बु, सुनुवार, याक्खा लगायतको किराँती समुदायको जनसंख्या देशको कुल जनसंख्याको ३% रहेको छ । नेपालको सूचिकृत ६० जातिलाई ५ समूहमा बाँढिएको छ त्यसमा राई जातिलाई सुविधा बञ्चित समूहमा राखिएको छ ।

**जनजाति समूह**

१. उन्नत समूहमा नेवार र थकाली जाति रहेका छन् ।

२. सुविधा बन्चित समूह :- राई, लिम्बु, याक्खा, जिरेल, गुरुङ, मगर, छैरोतर, ताङवे, तिनगाउले, बाह्रगाउले, मार्फाली, शेर्पा, छन्त्याल, व्यासी र घेल्मो जातिहरू रहेका छन् (१५ जाति)

३. सिमान्त कृत समूहमाः- सुनुवार,थारू, तामाङ, भुजेल, कुमाल, सेचे, राजवंसी, गनगाई, भोटे, धिमाल, दराई, ताजपुरिया, पहरी, तोके, फ्री, गोला, डोल्पो, मुगाली, लार्के, ल्होपा, दुरा र वालुङ जाति रहेका छन् । (२० जाति)

४. अति सिमान्तकृत समूह थामी, चेपाङ, माझी, सियार, ल्होमी, थुदाम, धानुक, सतार, झाँगड, बोटे, दनुवार र बराम जातिहरू रहेका छन् । (१२ जाति)

५. लोपउन्मुख जाति समूह :- कुसुण्डा, वनकरिया, राउटे, सुरेल हायु, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया जातिहरू रहेका छन् । (१० जाति)

यी जातिहरू मध्ये अधिक धर्म परिवर्तन तामङ, चेपाङ, मगर, थारू, राई, जातिहरूमा अधिक भइरहेको पाइन्छ जनजातिको संस्कृति समूल नष्ट गर्ने ठूलो खेल भइरहेको पाइन्छ । धर्म परिवर्तन गराउनेहरू राज्यको राजनीतिक दलबाट पनि संरक्षित रहेका छन् । आलु प्याजको भाउमा आदिवासी जनजाति दलितलाई धर्मको रूपमा बेचिरहेका छन् । यो देशको लागि ठूलो दूर्भाग्य हुनेछ भविष्यमा गएर । देशको सम्पूर्ण समाजले बुझ्नु जरुरी देखिन्छ ।

नेपालको जनजातिहरू आर्थिकरूपले, शैक्षिकरूपले नेतृत्व क्षेत्रमा पनि अति नै पिछडिएका जातिहरूमा पर्दछन् । यसको फाइदा उठाउने विदेशीहरूले जोडतोडका साथ काम गरिरहेका छन् । विशेष रूपले गरिबी, अशिक्षा र स्वाथ्यमा बढि कार्य गरेको पाइन्छ । संस्कृतिका धनी आदिवासी जनजातिहरू आ-आफ्नो मूल संस्कृति परम्परा भूलेर विदेशी कल्चरमा रमाउने गरेको प्रसस्तै उदाहरण समाजमा देखिन्छ । यो जनजाति समुदायको लागि दुःखद् कुरा हो । एक करोड भन्दा बढि जनसंख्या भएको समुदायमा विदेशी संस्कृति भित्र्याउन अन्तर्राष्ट्रिय संघ संस्था लागिपरेका छन् । शिक्षाको कमी, जनजागरणको कमी, बेरोजगारी र गरिबीको कारण सोझापनको फाइदा उठाइरहेका छन् ।

धर्ममा पनि विभाजन गर्ने प्रयास भइरहेको छ । वि.सं २०७८ को गणनामा कोट बढाएको अन्तिमा हिन्दू, बुद्ध र किराँत धर्मलाई तोड्न चार धर्म कोटा थपिएको छ । यसमा पनि ठूलो षड्यन्त्र रहेको अनुमान लगाउन सकिन्छ। किन कि हिन्दू, बौद्ध र किराँतीहरू पञ्च तन्त्रको पूजा गर्दछन् र आस्था राख्दछन् । पूजा विधि फरक होला, भाषा फरक होला, तर अग्नि, जल, वायु, आकाश धर्तीमातालाई इश्वरको रूपमा मान्दछौं । सूर्यको पनि पूजा गरिन्छ । जो सत्य छ उसको दोहन हैन, उसको पूजा गर्नुपर्दछ भन्ने मानसिकता वैदिक सनातन पद्धतिमा रहिआएको छ । तर यी ५ तत्वलाई उपभोगका लागि गडको गिफ्टका रूपमा मान्ने दुई धर्म या परम्परा छन् । ती इस्लाम धर्म र क्रिश्चियन धर्म मान्नेहरू यिनीहरूले ५ तत्वलाई मान्दैनन् । जनजातिहरूले को आफ्नो को पराई यो छुट्याउने बेला आएको छ । हिन्दू बुद्ध, किराँती प्रकृतिपूजक सबैले गरेको पूजाको प्रसाद स्वीकार छन् तर दुई धर्ममा आस्था राख्नेले स्वीकार गर्दैनन् ती मुसलमान र क्रिश्चियन ।

विश्वमा धर्मको व्यापार गरी ती देशको हजारौं वर्ष पुरानो संस्कृति परम्परा नष्ट पार्दै हिँड्ने धर्म भनेको नै क्रिश्चियन र इस्लाम हुन् । नेपाल जस्तो अधिक आदिवासी, जनजाति दलित बसोवास भएको मुलुकमा त धेरै ठूलो संकट निम्त्याउने देखिन्छ । जनजाति र दलितको नाममा इसाईकरण गर्न बाहुन नै लागेका छन् योजनाकार जनजाति दलित छैनन् खोलामा माछा मार्दा ढडिया थाप्ने बाहुन ढडियामा फस्ने जनजाति दलित । क्रिश्चियनको कार्यकारी अध्यक्षमा सिमोन पाण्डे छन् ।

त्यसकारण यी ५ तत्वको पूजकहरू एक हुने बेला देखिन्छ जो पुनःजन्ममा आस्था राख्नेहरू एक हौं । नेपाल मूलको धर्म संस्कृति मान्नेहरू कुनै पनि प्रलोभनमा परेर विचलित हुनुहुँदैन । रोम युनानको संस्कृति जस्तो नबनोस् जनजाति समाजको सर्वाङ्गीण विकासको लागि सबै क्षेत्रका व्यक्ति एक भई समाजको अन्तिम किनारामा बसेका अशिक्षा र जागृतिको कमी भएकाहरूलाई उठाउन जरुरी छ । जसरी श्री राम भगवान् हनुमा वनका जनजाति समाजको अत्याधिक योगदान रह्यो आज त्यो समाज कुनै कारणले अलग अलग पारियो या परेका छन् भने सबैले हातेमालो गरी उठाउन आवश्यक छ, विदेशीहरूको हातकमा नजाऔं । त्यसकारण जनजाति समाजको विकास अपरिहार्य छ । भनिन्छ समाजबाट हेपिएको दबाइएको छ भन्ने मानसिकताबाट माथि उठाउन आवश्यक छ । कुण्ठित मानसिकता बोकेर अर्काको संस्कृतिमा जानु नपरोस् । गर्वले आफ्नो अस्तित्व मूल्य र मान्यतामा गर्व गरी अगाडि बढोस् । जनजातिहरूको सांस्कृतिक परम्परालाई जोगाउन राज्य सहित सम्पूर्ण सनातन समाजले लागि पर्नु पर्ने देखिन्छ । शर्माबाट दुःखी भएर देशका धर्म संस्कृतिको विरोधी बन्न दिनु हुँदैन ।

***(लेखक जनजाति कल्याण आश्रम नेपालका राष्ट्रिय महासचिव हुनुहुन्छ ।)***

# हाम्रो शुभेच्छा छ यो !

***हिरालाल कँडेल (भारद्वाज)***

नेपाली पनका विशाल मनका, ए ! वीर हो ! एक हौं ।
हाम्रो देश सँधै फुलोस् फलिरहोस् भन्ने सबै एक हौं ॥
काँडा, पत्थर यी फुटाइ पथ यो, खन्नेहरू एक हौं ।
हाँसोस् देश सधैं मुसुक्क सहजै, भन्नेहरू एक हौं ॥ १ ॥

हामी प्राज्ञिक हौं प्रबुद्ध जनको, सम्मान गर्छौं सधैं ।
जंगी सैनिकझैं सदा मुलुकको, उत्थान गर्छौं सधैं ॥
तोड्छौं भेदहरू सबै किसिमका, सम्बन्ध जोड्छौं नयाँ ।
सच्चा भाव गरी विकास लहरी, ल्याइन्छ नेपालमा ॥ २ ॥

सारा प्राज्ञिकमा पुगेर परिषद्, सम्पर्क नौला गरोस् ।
विद्यार्थी सबको मनोबल उठोस्, उत्साह साह्रै बढोस् ॥
बुझ्ने वर्ग सबै सु-संगठित हुन्, यी शक्तिशाली बनुन् ।
यस्ता भाव हुने युवा युवति झन्, हाँसेर साथै हिंडुन् ॥ ३ ॥

बिझ्ने कण्टक या विकार जतिछन्, फालेर उठौं सबै ।
कालो रात विसे दियो प्रगतिको, बालेर उठौं सबै ॥
आफ्नै हिम्मतले स्वदेश हितमा, लागेर उठौं सबै ।
यौटै भाव हुने समस्त जनता, जागेर उठौं सबै ॥ ४ ॥

यो नेपाल धरा सदा अमर होस्, हाँसोस् निकै गर्वले ।
नेपाली पन यो अझै अटल होस्, राम्रा कला पर्वले ॥
हाम्रो धर्म र कर्मको प्रगति होस्, संस्कार राम्रो बनोस् ।
हाम्रो नाम र काममा जगतले, नेपाल राम्रो भनोस् ॥ ५ ॥

सानो सोच तथा घृणा अशुभता, त्यागौं सबैले छिटो ।
ठूलो सोच गरी विशाल दिलले, बोल्ने गरौं झन् मिठो ॥
नेपाली जनले पवित्र मनले, सम्बन्ध गाँस्ने गरौं ।
नेपाली पनका प्रसिद्ध धुनमा, फन्केर नाच्ने गरौं ॥ ६ ॥

गर्दै गोड र मेल यो मुलुकमा, नौलो बिहानी छरौं ।
रोप्दै फूल तथा लता र लतिका, पाखा पखेरा भरौं ॥
तोड्दै जात र पातका अगतिला, छुद्रो पना बिर्सिऔं ।
प्यारै प्यार गरौं भरौं मधुरता, आफ्नै पनामा जिऔं ॥ ७ ॥

हामी पच्चिस वर्षको समयमा, मेची र काली गयौं ।
विद्यार्थी दिनमा प्रशिक्षित हुने, सौभाग्यशाली भयौं ॥
रोप्छौं फूलहरू सयौं प्रकृतिका, हामी त माली भयौं ।
त्याग्छौं भेद र भावका जटिलता, सौहार्दशाली भयौं ॥ ८ ॥

घुम्यौ खूब कुना कुना मुलुकमा, मातृत्व खोज्दै गयौं ।
नेपाली जनमा असाध्य गहिरो, प्रीतित्व जोड्दै गयौं ॥
हिड्दै छौं नि अझै महान् हृदयका, व्यक्तित्व खोज्दै यहाँ ।
हाम्रो साथ दिनोस् सँगै हिँडिदिनोस्, नेतृत्व दिन्छौं नयाँ ॥९॥

राम्रो चिन्तनले सदैव परिषद्, संघर्ष गर्दै गयो ।
प्रेमी सज्जन या सुयोग्य जनमा, सम्पर्क गर्दै गयो ॥
सारा बौद्धिक वर्गमा प्रगतिको, सम्वाद गर्दै गयो ।
यौटै भाव हुने प्रकल्प जति छन्, जोड्दै समेट्दै गयो ॥१०॥

साह्रै कर्मठ यी युवा युवतिमा, सम्बन्ध राख्छौं सधैं ।
नौला सोच सँगै प्रशिक्षण दिदैं, उत्साह थप्छौं अझै ॥
थोरै मानिसले ठुलो समूहको, स्वामित्व झल्काउछौं ।
साह्रै स्वच्छ छवी सहास अथवा, विश्वास ब्यूँझाउछौं ॥११॥

यो नेपाल सधैं सशक्त रहने, आधार जन्माउछौं ।
हाम्रो राष्ट्रियता अखण्डित हुने, संस्कार भित्र्याउछौं ॥
सारा राष्ट्र हिँडोस् विकास पथमा, त्यो तन्त्र दिन्छौं नयाँ ।
आफ्नै बर्कतले स्वतन्त्र जनता, उठ्ने छ नेपालमा ॥ १२ ॥

भ्रष्टाचार हुने अराजक सबै, पर्खाल भत्काउँछौं ।
शिष्टाचार दिने दिगो प्रगतिका, दर्वार उभ्याउँछौं ॥
त्यागी, सज्जन या विछट्ट बलिया, व्यक्तित्व जन्माउछौं ।
बाटोबाट टिपी असाध्य गतिला, नेताहरू ल्याउछौं ॥ १३ ॥

माग्ने काम नहोस् विकास अबहोस्, ए ! स्वावलम्बी उठौं ।
झुक्ने काम यहाँ कतै पनि नहोस्, ए ! स्वाभिमानी जुटौं ॥
थामी हात सबै मिलेर सहजै, ए ! वीर योद्धा उठौं ।
लेखौं भाग्य दिगो भविष्य गतिलो, ए ! कर्म योद्धा उठौं ॥१४॥

अर्पौ जीवन यो स्वराष्ट्र हितमा, संङ्कल्प पक्का गरौं ।
आफ्नो जीवनका निजी सुख भुली, बाँच्ने इरादा गरौं ॥
बर्षौंबर्ष सँगै विभाजित न भै, हिंड्ने प्रतिज्ञा भयो ।
यो नेपाल सदा प्रफुल्लित रहोस्, हाम्रो शुभेच्छा छ यो ॥१५॥

***(लेखक राष्ट्रिय कलाकार, रचनाकार, योग साधक एवं प्रशिक्षक हुनुहुन्छ ।)***

# नैतिक, व्यावहारिक र आदर्श जनशक्तिको उत्पादनमा विद्यार्थी परिषद् सदैव सफल रहेको छ

***लेशमणि दाहाल***

राष्ट्रको निर्वाह र वनस्पति जातिको उन्नयनमा आफ्नो योगदान गर्नु नै विद्यार्थी परिषद्को मूल उद्देश्य पनि हो । यसमा विद्वान्हरूले अमूल्य योगदान दिएका छन् । यहाँ हामी हाम्रो योग्यता अनुसारको सेवा गर्ने अवसरहरू दिएर यति लामो यात्रामा हामी अघि बढिसकेका छौं । नैतिक, व्यावहारिक जनशक्तिको उत्पादन गरौं, जसले नेपाल आमाको राम्रोसँग सेवा गर्नसकोस्, भन्ने भावना शिक्षक, विद्यार्थी, शिक्षविद् सबैमा आदान-प्रदान गरेर अगाडि बढ्नु आवश्यक छ । भावनाहरूको क्षेत्रमा सम्भावना पनि त्यतिक्कै रहेका छन् । कार्य गरेर निरन्तर अगाडि बढ्दै जाँदा कुनै न कुनै समयमा आफ्नो लक्ष्य, ध्येयमा अवश्य पुग्न सकिन्छ । आगामी कार्यका लागि सम्पूर्ण विद्यार्थी परिषद् परिवारका लागि शुभकामना दिन चाहन्छु ।

विद्यार्थी परिषद्बाट राष्ट्र निर्माणका लागि कार्यकर्ता निर्माण गर्ने काम भइरहेको छ । विद्यार्थी परिषद्बाट उत्पादन भएका कतिपय कार्यकर्ताहरू नेपाल सरकारको महत्वपूर्ण दायित्वमा समेत पुगिसकेका छन् । हामीले हाम्रो समाजमा एउटा केही न केही असल कार्य गर्नु आवश्यक छ । यस तर्फ हामी सबैको ध्यान जानुपर्छ । यतिबेला देशका जनता निकै पीडित भएको हामीले महसुस गर्न सक्छौं, अवस्था जटिल बन्दै गइरहेको छ । हाम्रा जीवनशैलीहरूले निम्त्याएका कतिपय विषयहरू कोरोना भाइरस महामारीसँग सामना गर्नु परिरहेको छ ।नैतिक, आदर्श जीवन लिएर आफू र आफ्नो समाजलाई मनुष्यको कर्तव्यभित्र अगाडि बढाउनको लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले एक अभियानको रूपमा काम गरिरहेको छ । अहिलेका हाम्रा युवाहरू,साना भाइबहिनीहरू र वृद्ध-वृद्धाहरू सबैको सहयोग लिएर सबैजना सहयोगी भावना लिएर नै अगाडि बढ्दा हाम्रो समाजमा उन्नती भएको देख्न सक्छौं ।

राष्ट्र निर्माणको सन्दर्भमा हाम्रा पूर्वज, हाम्रा पुर्खाहरूले कयौं कामहरू गरेको थाहा पाउछौं । हाम्रा यी आवाजहरू भन्दा पहिले महान् व्यक्तित्व पुर्खाहरूले समाजको लागि अनेकौं कामहरू व्यक्त गरिरहनु भएको थियो । पुर्खाको योगदानको साथै हाम्रो स-साना प्रयासहरूले अवश्य पनि हाम्रो गन्तव्यमा पुग्न सक्छौं । जसले गर्दा हाम्रा भावी सन्ततिका लागि केही सिक्न सक्ने आधार बन्न सक्छ । ठूला विद्वान्हरूले स-साना विषयमा खासै अर्थ नराख्ला । तर पनि हामी बाह्य संस्कृतिभन्दा टाढा नै हुनुपर्छ । सामान्यतया विकृति विसंगतिहरूबाट बच्नुपर्‍यो । समय कालखण्ड अनुसार विभिन्न समयमा विभिन्न प्रकारको रोग, महामारीको रूपमा विभिन्न समस्याहरू हामीले भोगिरहेका छौं । अझै कयौं नाम नै थाहा नपाएका महामारीहरूको सामना गर्नु पर्नेछ । बढ्दै गइरहेको कोरोना भाइरस जस्ता कयौं रोगहरूको सिर्जना भइरहने जानकारहरूको भनाई आइरहेको हामीले सुनेका छौं । तसर्थ यस्ता प्रकोप तथा महामारीबाट पाठ सिक्दै हाम्रा भविष्यका सन्ततिहरूलाई बचाउन हामी हाम्रो आ-आफ्नो सांस्कृतिक मूल्य मान्यताहरूलाई सहर्ष स्वीकार गरेर अघि बढ्नुको हामीसँग कुनै विकल्प छैन । त्यसैमा हामी सबै एकै ठाँउमा समाहित भएर मानव समाजको सेवामा लाग्नु पर्दछ । जसले गर्दा, अवश्य पनि समाज, राष्ट्र र विश्वको उन्नती हुनेमा अपेक्षा गर्न सकिन्छ । विश्व मानव कल्याणको लागि लाग्यौं, भने हामी भन्दा अग्रज र अनुज सबैको कल्याण हुन सक्छ, सबैको भलाई हुनेछ । तसर्थ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको राष्ट्रकल्याणको पवित्रतम एवं शतत् कार्य सदैव प्रगतिपथमा अगाडि बढिरहोस् । रजत जयन्तीको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको पूर्व अध्यक्ष हुनुहुन्छ साथै नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापनरत हुनुहुन्छ ।)***

# विद्यार्थी परिषद्को उत्तरोत्तर प्रगति तथा सफलताको शुभकामना

***अवलेश प्रसाद गुप्ता***

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको स्थापनाको २५ औं वर्षमा आइपुग्दाको सुखद उपलक्ष्यमा हामी हाम्रो सम्पूर्ण शुभचिन्तक, कार्यकर्ता, अभिभावकहरूमा हार्दिक आभार व्यक्त गर्दछौं । एक स्वतन्त्र र सामाजिक संगठनभएको हुँदा हामी सबैको जिम्मेवारी उतिक्कै रहेको छ। शैक्षिक एवं विद्यार्थीहरूको क्षेत्रमा काम गर्ने विद्यार्थी संगठन देशैभर विस्तार हुनु गौरवको विषय हो । एक स्वतन्त्र विद्यार्थी संगठनदेशको हरेक स्थानमा पुग्नु सबल पक्ष हो ।

दलीय राजनीतिक विचारधारा भन्दा माथि रहेर विद्यार्थीहरूको हकहितमा काम गर्ने, ज्ञान, शील र एकताको माध्यमबाट समग्र शिक्षाक्षेत्रको सुधार र सकारात्मक सन्देश बोकी स्वतन्त्र रूपमा काम गर्ने नेपालको जिम्मेवार संगठन विद्यार्थी परिषद्को विचारलाई देशमा प्रचार प्रसार गर्न सफल भएकोमा अत्यन्तै खुसी लागेको छ । परिषद्को २५ औं वसन्त पार गर्दै गर्दाको उपलक्ष्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हामीलाई साथ, सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । भविष्यमा यहाँहरूको सहयोग र आशिर्वाद प्राप्त भइरहोस्, भन्ने आशा, अपेक्षा र विश्वास लिएको छु ।

आफ्नो जीवनको महत्वपूर्ण समयमा विद्यार्थी परिषद्को विचार र कार्यसँग प्रत्यक्ष जोडिएर कार्य गर्ने र महत्वपूर्ण दायित्व निर्वाह गर्ने अवसर प्राप्त भएको थियो । जसको कारण राष्ट्र जीवनका अनेकौं विषयमा आफूलाई प्रशिक्षित गर्ने र राष्ट्रिय जिम्मेवारी निर्वाह गर्ने अवसर विद्यार्थी परिषद्मार्फत् प्राप्त भयो । व्यक्ति निर्माणको माध्यमबाट सदैव देशहितका लागि कार्य गरिरहँदा आज विद्यार्थी परिषद् देशको एक जिम्मेवार एवं प्रभावी विद्यार्थी संगठनबन्न सफल भएकोमा सम्पूर्णमा हार्दिक बधाई सहित अभिनन्दन गर्दछु। आगाामी दिनमा विद्यार्थी परिषद्को सांगठनिक, शैक्षिक, रचनात्मक एवं सेवाकार्य निरन्तर अगाडि बढिरहोस् । प्राज्ञिक विद्यार्थी परिषद् नेपालमार्फत् समग्र समाज र राष्ट्रले गरिरहेको अपेक्षा पूर्ण गर्न विद्यार्थी परिषद् सदैव सफल रहिरहोस् परिषद्को रजत वर्षको यस विशेष अवसरमा पुनः सम्पूर्ण परिषद् परिवारप्रति हार्दिक बधाई एवं अभिनन्दन सहित शुभकामना व्यक्त गर्दछु ।

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका पूर्व राष्ट्रिय अध्यक्ष हुनुहुन्छ ।)***

# हरेक समस्याको केही न केही समाधान हुन्छन्

*विदुर विक्रम थापा*

प्राज्ञिक विद्यार्थी परिषद, नेपालको कुरा गर्दा शुरूवाती समयदेखि नै यसमा सामिल भएको अनुभव छ। वि.स. २०५८ सालमा प्राज्ञिक विद्यार्थी परिषद्सँग प्रत्यक्षरूपमा जोडिएर काम गर्न थालेको अनुभव छ। केहि अगाडिका दिनहरूमा विद्यार्थी परिषद्मा सामाजिकरूपमा रहेर काम गर्न त्यति सहज थिएन। लगभग ५/६ वर्ष प्रत्यक्ष रूपमा विद्यार्थी परिषद्मा रहेर काम गर्ने अवसर मिल्यो। विभिन्न किसिमका अवरोधहरूका बीचमा रहेर विभिन्न कार्यक्रमहरू गर्दै अगाडि बढिरह्यौं। विद्यार्थी परिषद् भनेको समाजमा स्थापित संगठनको रूपमा अगाडि बढिसकेको छ। धेरै ठाउँमा मानिसहरूले विद्यार्थी परिषद्को कुरा गरेको सुन्न पाउँदा खुसी लाग्छ। हिजोको दिनमा त्यस किसिमको अवस्था थिएन। आज विद्यार्थी परिषद् समाजमा आफूलाई स्थापित गर्न सफल भएको छ। विद्यार्थी परिषद्ले २५ औं वर्षसम्म आइपुग्दा धेरै परिवर्तनहरू हासिल गरिसकेको छ। विद्यार्थी परिषद्ले धेरै प्रकारका उपलब्धिहरू हासिल गरेको छ।

गर्वका साथ भन्न चाहन्छु कि विद्यार्थी परिषद्मा काम गर्दाखेरि हिजोका दिनमा परिषद्सँग जोडिँदा के पाउँछु भन्नेखालको कुरा आउने गर्दथे। नयाँ कार्यकर्ताका लागि यो विषय हिजो मात्र होइन आज पनि आइरहने विषय हो। विद्यार्थी परिषद्मा काम गर्दा तत्कालीन रूपमा तुरुन्तै जीवनमा केही नहोला तर जीवनको यात्रामा निकै काम लाग्ने विषयहरू प्राप्त गर्न सक्छौं। मेरो अनुभव अनुसार विद्यार्थी परिषद्मा काम गर्दा हामीले आफूले आफैंलाई महत्वपूर्ण तरिकाले विकास गरेको पाउछौं। जुन क्षेत्रमा पनि काम गर्दा त्यसले महत्वपूर्ण भूमिका खेलिरहेकै हुन्छ। विभिन्न ठाउँमा बसेर काम गर्दाको त्यो भूमिका हिजोको दिनमा विद्यार्थी परिषद्मा रहँदा गरेको कामले धेरै प्रकारको काम गर्न सहज भएको अनुभूति गरेको छु। जुनसुकै क्षेत्रमा जाँदा पनि आफूमा निर्धक्कका साथ काम गर्न सक्ने आधार विद्यार्थी परिषद्बाट नै प्राप्त गरेको हो। विद्यार्थी परिषद्को नारा नै छ, कि विद्यार्थी भनेको देशको ठूलो शक्ति हो। विद्यार्थीहरू भोलिको होइन, आजकै संवाहक हुन्। राष्ट्र निर्माणका लागि वर्तमान समयमा भूमिका दिन सक्छन् भन्ने कुरा विद्यार्थी परिषद्ले सदैव भन्दै आइरहेको छ। विद्यार्थी जीवनमा जुन तरिकाले समय निकालेर महत्वपूर्ण ठाउँमा गएर समय दिन सक्छौं, काम गर्न सक्छौं, त्यसको प्रभावका कारण व्यक्तिगत जीवनमा एउटा ज्योतिको समेत काम गर्दछ। विद्यार्थी जीवन र पारिवारिक जीवनको भूमिका पूर्णरूपले परिवर्तन भइरहेको हुँदोरहेछ। पेशागत जीवन भएपछि प्रत्यक्ष संगठनको कार्यमा गएर काम गर्नसक्ने अवस्था कम अवश्य हुन्छ, यस किसिमको व्यक्तिगत अनुभव सँगालेको छु।

विद्यार्थी जीवनमा काम गर्दा, विद्यार्थी परिषद्को लक्ष्य, उद्देश्यमा रहेर काम गर्दा पक्कै हामीले समग्र समाज र देशको एउटा महत्वपूर्ण भूमिका निर्वाह गरिराखेका हुन्छौं। महत्वपूर्ण तरिकाले आफ्नो व्यक्तिगत सर्वाङ्गीण विकासको लागि हामीले काम गरिराखेका हुन्छौं। जुन कुरा प्रत्यक्ष देखिइरहेको हुँदैन, तत्काल आफूलाई थाहा हुँदैन, तर पनि विकास र सिकाईको कार्य भइरहेको हुन्छ। हामीले समाज र देशका लागि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छौं। हामीले आर्जन गरेको अनुभवको तुलनामा हामीले आफूलाई विकास गरिरहेका हुन्छौं। यसमा आफैले मूल्याङ्कन गर्नुपर्छ। हामी सबै सामाजिक कार्यमा लाग्नुपर्छ। जुन कुराले समग्र देश राष्ट्र र हामी आफैं सबैको भलाई हुन्छ। हरेक समस्याको केही न केही समाधान हुन्छन्। स्वास्थ्य, शिक्षा क्षेत्रमा संकटपूर्ण अवस्था सिर्जना भइरहेको छ। कठिन खालका चुनौतीहरू आइरहेका छन्। समस्याहरूका बीचमा पनि धेरै प्रकारका अवसरहरू सिर्जना भइरहेको हुन्छ। विद्यार्थी परिषद्ले प्रत्यक्षरूपमा समाजमा उत्तरदायित्व भइ सामाजिक संगठनको भूमिका निर्वाह गरिरहेको छ। भर्खरै मात्र लकडाउनमा झन्डै दुई महिनासम्म विभिन्न ठाउँमा भोजन वितरण गरेका कुराहरू छन्। धेरै जसो संगठनले युवा विद्यार्थीहरूको क्रियाकलापलाई लिन सकिरहेका हुँदैनन्। विद्यार्थीहरू अध्ययनमा लागि रहेको अवस्थामा पनि सामाजिक कार्य गर्नु आफैमा राम्रो कुरा हो।

हामीले आफ्नो भूमिकालाई स्थापित गर्न आवश्यक छ। विशेष गरेर शिक्षाको क्षेत्रमा एक किसिमको परिवर्तन भएको हामीले देख्न सक्छौं। हिजोको दिनमा अनलाइन कक्षाहरूको कुराहरू आएको थिएन। अहिले हामीले प्रत्यक्षरूपमा साधारण देखि एक तहको संगठितरूपले आफ्नो विभिन्न कार्यक्रमहरू विभिन्न प्रविधिको प्रयोग गरेर अनलाइन कक्षाको शुरू गरिरहेको अवस्था छ। समाजमा एउटा स्थापित संगठन देखाउनको लागि हामीले जुन कुराहरू शुरू गरेका छौं। समाजमा आवश्यक साथ सहयोगलाई मजबुत बनाउँदै अझै समाजमा विभिन्न किसिमका क्रियाकलाप चलाएर सक्रियताका साथ अघि बढ्नेछ भन्ने पूर्ण विश्वास छ। साथै हाम्रो आफ्नो भूमिकालाई परिष्कृत गर्दै अघि बढ्नुपर्छ, यसका लागि विद्यार्थी परिषद्मा आवद्ध विद्यार्थी कार्यकर्ताहरूको विशेष भूमिका हुने हुँदा सम्पूर्ण कार्यकर्ता मित्रहरूमा सदैव सक्रियता रहोस्, रजत वर्ष सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका पूर्व केन्द्रीय कार्यालय प्रमुख हुनुहुन्छ। हाल नेपाल बैंक लिमिटेडमा अधिकृत हुनुहुन्छ।)***

# हाम्रो शास्त्र भित्र भएको विज्ञानको खोजी गरौं

***भोजराज खतिवडा***

विद्यार्थी परिषद् एक जिम्मेवार विद्यार्थी संगठन हो । परिषद् युवा विद्यार्थीको क्षेत्रमा आवश्यक विद्यार्थी संगठन हो । यो संगठनले व्यक्तिको चरित्र निर्माण गर्दछ, चरित्रलाई चरितार्थ गर्ने व्यवहारमा रूपान्तरण गर्ने काम मार्फत् राष्ट्र निमार्ण गर्ने विषयलाई योगदान दिन सक्ने किसिमले यसलाई बुझ्न सकिन्छ । विद्यार्थी परिषद्को विचार भनेको परीक्षण भइसकेको विचार हो । यो हाम्रो सृष्टिको जगमा उभिएको विचार हो । हाम्रो पूर्वीय दर्शनलाई आत्मसात गरेको विचार हो । निष्कर्षमा भन्दा विद्यार्थी परिषद् भनेको एउटा असल व्यक्ति निमार्ण गर्ने संगठन हो ।

देशमा भएको संगठनले देश विकासका लागि, समृद्धिका लागि, सुशान्तिका लागि, दिगो शान्तिका लागि काम गर्नु अपरिहार्य छ । किनभने विद्यार्थी संगठनमार्फत् चरित्र निमार्ण गरेको व्यक्ति तयार गरी उक्त व्यक्तिले देशको विभिन्न ठाउँमा कामहरू गर्नु पर्दछ, तसर्थ विद्यार्थी परिषद्को क्रियाकलाप, गतिविधिहरू उदाहरणीय र अनुकरणीय छ भन्ने लाग्दछ । हामीले विद्यार्थी परिषद्को मुख्य उद्देश्य र नारालाई हेर्ने हो भने, ज्ञान, शील र एकतालाई पाउन सक्छौं । ज्ञान भनेको त्यस्तो प्रकाश हो, जसले विकृतिरूपी अन्धकारहरूलाई हरण गर्दछ । यदि हामी भित्र ज्ञान नै ज्ञान छ भने त्यो ज्ञानले नै चित्र, चरित्र निमार्ण गर्नेछ । जब अध्ययन, चिन्तन, मनन गरिन्छ, त्यसपछि ज्ञान प्राप्त हुन सक्छ । जब ज्ञानमा प्रवेश गर्दछ, अज्ञानरूपी अन्धकारहरूलाई समाप्त पार्दछ । जो व्यक्ति चरित्रवान हुन्छ, नराम्रा चिजहरू आफै हटेर जान्छ । मानिस भित्र खराब चरित्र र असल चरित्र दुवै प्रकारका छन् । तर ज्ञान प्रवेश भइसकेपछि खराब चरित्रलाई स्वतः हटाइदिन्छ । असल चरित्र भएको व्यक्ति ज्ञानका कारण निर्माण हुन्छ । चरित्र निर्माण गरेका त्यस्ता व्यक्तिहरूलाई मिलाएर राम्रो असल व्यक्तिहरूको एकता गर्न सकिन्छ । **'संघे शक्ति कलौ युगे'** भनिन्छ । विभिन्न युग वा विभिन्न समयमा संघमा नै शक्ति छ भन्ने गरिन्छ । भने कलियुगमा आएर संघ एकता हो, भनेर हाम्रो शास्त्रीय विज्ञानले पनि भनेको छ ।

ज्ञान, शील, एकतालाई समेट्दै विद्यार्थी परिषद् अगाडि बढिरहेको छ । युवाहरूले मुलुक निर्माणका लागि मुलुकप्रति जिम्मेवार भएर विश्व समुदाय सामु हामी अगाडि बढ्नु पर्दछ । विश्व समुदायको तुलनामा हामी चाहिँ तल्लो दर्जा मै रहन्छौं, आखिर किन ? विद्यार्थी परिषद् जस्तो महान् उद्देश्य बोकेको एउटा ठूलो संकल्प बोकेको विद्यार्थी संगठन यो देशका लागि अत्यन्तै आवश्यक अपरिहार्य छ । विद्यार्थी परिषद्ले सिकाएका विभिन्न वर्ग, तालिमहरूमा हामी जोश, जाँगरका साथ सहभागी हुन्छौं, जसले हाम्रोमा भएको मूल्य, मान्यताहरू, स्थापित चलन चल्तीका कुराहरू पनि हाम्रो सामाजिक जीवनमा निकै सहजता प्रदान गर्ने गरेको महसुस गरेको छु । कुनै पनि काम गर्दा पहिले समाज र देश सम्झन्छौं । देशको महत्वपूर्ण प्रसँग सम्झने क्षमता विद्यार्थी परिषद्ले दिएको छ । विद्यार्थी परिषद्ले संस्कारित हुन सिकायो । जुन खालको संस्कार पाएका छौं त्यही संस्कारलाई हामीले राज्य प्रक्रियामा पनि परिचालन गर्ने गर्छौं । हाम्रो तहबाट हेर्दा त्यति ठूलो विषय नहोला, तर पनि यो एउटा प्रारम्भिक चरण हो ।

प्रवेश जहिल्यै पनि सानो र छोटो विषयबाट नै हुन्छ तर हामी हाम्रा सरकारी काम कार्यहरूमा जब संलग्न हुन्छौं, त्यसमा आफ्नो क्षमता देखाउने कार्य अवश्य पनि हुन्छ । राम्रो कार्य गर्नका लागि जुन क्षमता आज विकास भएको छ, त्यो विद्यार्थी परिषद्को कारण हो । विद्यार्थी परिषद्ले एउटा व्यक्तिलाई गलत बाटोमा जानबाट रोक्छ भन्ने लाग्छ र त्यो व्यक्तिलाई पक्कै पनि संस्कारित बनाउन मद्दत गर्दछ । संगठनले संस्कारित गरेका व्यक्ति जो कर्मचारी भएर नेपाल सरकारको कार्यमा प्रवेश गर्ने गर्दछ, निश्चय पनि छोटो समयमा मुलुकले धेरै ठूलो प्रगतिको छलाङ्ग मार्न सक्छ । हाम्रो देशको विकासको गति तीब्र हुन सक्छ, भन्ने महसुस गरेको छु । हामीले हामीसँग भएको सीप चिन्न सकिरहेका छैनौं र चिनेनौं । हामी भौंतारिइरहेका छौं । कस्तुरीले आफ्नो नाभीमा कस्तुरी बोकेर सुगन्धका लागि जङ्गल-जङ्गलमा दौडिइरहेझैं, हामी पनि त्यस्तै भएका छौं । हामीसँग

हाम्रो पुर्खाको धेरै असल शास्त्रहरू रहेका छन् । यदि हामीले भगवान् कृष्णलाई काल्पनिक पात्र मान्ने हो भने सबैभन्दा ठूलो विज्ञान भनेको यो देशमा जन्मिएका वेदव्यास थिए भन्ने मान्नु आवश्यक छ । गीतामा हेर्ने हो भने संसारका जुनसुकै सिद्धान्त, तौर तरिकाहरू भन्दा पनि धेरै प्रसँग र विषयवस्तु गीतामा नै भेटिन्छ ।

अल्बर्ट आइन्सटाइनले गीता पढ्दै गर्दा, हाम्रा अधर्मीहरूले गीतालाई जलाउने काम गरे । यो नै हामी नेपालीजनका लागि ठूलो दूर्भाग्यको कुरा हो । जर्मनीमा जानुभयो भने ठूल्ठूला विश्वविद्यालयहरूमा संस्कृत विषयको पढाइ भइरहेको पाउनु हुन्छ । अमेरिकाका विद्वान्हरूको सल्लाहमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वेद वाचन गर्न लगाए । यसका पछाडि हामी किन देख्दैनौ, हाम्रो ज्ञान भित्रको विज्ञान किन बुझ्न खोज्दैनौँ । यस प्रकारको विषयमा हामीले बुझ्नुपर्छ त्यसलाई सम्मान गर्नुपर्छ । हाम्रो गुरूकुल शिक्षा पद्धति लगेर फिनल्याण्डले प्रयोग गर्दैछ । सोही पद्धतिलाई फिनल्याण्डले अगाडि ल्याइदिन्छ । युवाहरूले यो जान्नु जरूरी छ । त्यसको विषयमा भन्दा हामी अर्कै विषयमा केन्द्रित हुन पुग्यौं । हामीले नै हाम्रो महत्वपूर्ण विषय वस्तुको समाप्त गराउने काम गर्‍यौं । तपाई हामी जुन सांस्कृतिक हिसाबले जुन अस्तित्वमा छौँ, त्यो हाम्रो संस्कृतिका कारणले हो । त्यसकै कारणले हामी अपार छौँ । हामी अनन्त छौँ । हामीले हाम्रो संस्कृतिलाई भुल्नु हुँदैन । हाम्रो शास्त्र भित्र भएको विज्ञानको खोजी गर्नु आवश्यक छ । त्यसैको जगमा टेकेर विश्वले कुनै पनि चिज हेर्नुस् आजसम्मको निर्माण भएको पाउछौं । हाम्रो शास्त्रमा नै भएको पुष्पविमान भन्यौ, या अनेकौं प्रकारका हतियारहरू भनौँ, त्यसको सूत्रधार हाम्रा शास्त्र हुन् । स्वास्थ्य विज्ञानले गरेका प्रगतिका सबै कुरा बाहिर आइरहेका छन् । अहिलेसम्मको विश्वमा हेर्दा नयाँ र नौलो कुनै कुराको ओज गरेका छैनन्, खोजी गरेका छन् त ती हाम्रा पुर्खाले भनेका विषयहरू नै हुन्, यसर्थ हामी सम्पन्न छौँ । तर त्यो सम्पन्न भित्रको हामी कसरी विपन्न हुन पुग्यौं त ? सम्पन्नता भित्रको बिपन्नतालाई समाप्त पार्ने हो भने हामी भित्रको विज्ञानको खोजी गरौं । यही विज्ञानले हामीलाई समृद्धिमा लैजान्छ, विकासमा लैजान्छ, दिगो शान्तिमा लैजान्छ, सुशासनमा लैजान्छ र चरित्रमा लैजान्छ भन्ने सन्देश दिन चाहन्छु । सम्पूर्ण नेपाली युवाहरूलाई यो आग्रह छ कि आउनुहोस्, विद्यार्थी परिषद्को कार्यमा अगाडि बढौँ र यो विचारलाई अगाडि बढाऔँ, यो विचार हाम्रो आफ्नो विचार हो । असल विचारले हामीलाई एउटा संकल्प र लक्ष्यमा पुर्‍याउन मद्दत गर्दछ । तसर्थ परिषद्को रजत वर्षको अवसरमा पुनः एक पटक सबैमा हार्दिक बधाई एवं अभिनन्दन ।

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका पूर्व राष्ट्रिय सचिव हुनुहुन्छ । हाल नेपाल सरकार निजामति सेवामा अधिकृत हुनुहुन्छ ।)***

# पूर्वीय दर्शनमा आधारित शिक्षा नीतिको आवश्यकता

***बलभद्र कोइराला***

विद्यार्थी परिषद् यही समाजको एउटा महत्वपूर्ण जिम्मेवार संगठन हो । चारित्रिक, नैतिकताका सन्दर्भमा काम गर्ने संगठन भएका कारण क्याम्पस, विश्वविद्यालयहरूमा विशेष रूपमा काम गर्ने गर्दछ । विद्यार्थीहरूले आफ्नो कार्य क्षेत्रभन्दा बाहिर गएर केही गर्नु हुँदैन । आफ्नो देश र समाजको कार्यमा लाग्नुपर्छ भनेर विद्यार्थी परिषद्ले ज्ञान दिने गर्दछ । विद्यार्थीको पढाई राम्रो हुनुपर्छ । पढाईका साथै फुर्सदको समयमा चारित्रिक, नैतिकता, देशको भलो हुने साथै पूर्वीय दर्शनमा आधारित रहेर काम गर्नुपर्छ। देशमा विद्यार्थीको धेरै ठूलो जिम्मेवारी रहन्छ । समाजमा जति पनि सकारात्मक परिवर्तन भएका छन्, त्यो विद्यार्थीहरूको माध्यमबाट नै भएका छन् । यसमा विद्यार्थीहरूको ठूलो योगदान रहन्छन् । क्याम्पस, विश्वविद्यालयतहका विद्यार्थी भनेको देशको हित बारे सोच्न सक्ने विद्यार्थी भएकाले विद्यार्थी परिषद्ले सोही क्षेत्रमा काम गर्ने गरिरहेको छ ।

भोलिको समग्र जिम्मेवारी सम्हाल्ने, यो समाजलाई अगाडि बढाउने,समाजलाई हाक्ने दायित्व विद्यार्थीमा नैछ । तसर्थ देशको शिक्षानीति विचारणीय बन्न पुगेको छ । विद्यार्थीहरूलाई राज्यले चाहेमा देशहितमा जरूर लगाउन सक्छ । परिवर्तन गरेर नहुने केही छैन । हामीसँग भएको पूर्वीय दर्शनको शिक्षा, शिक्षानीतिमा चरीत्र र नैतिकताका कुरा, प्राविधिक शिक्षाका विषय, नेपाली शिक्षा नीतिमा नै समावेश गर्नु पर्दछ । हाम्रो पूर्वीय दर्शनमा आधारित शिक्षा नीतिको आवश्यकता छ । यदि पूर्वीय दर्शनमा आधारित भएर देशको शिक्षा नीति बनाएको भए देश शिक्षाक्षेत्र निकै अगाडि बढ्ने थियो । शिक्षासँग सरोकार राख्ने निकायहरू जस्तै विश्वविद्यालय, क्याम्पस लगायतको अन्य शिक्षानीति बनाउने निकायले विद्यार्थीहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने, आफ्नो समाजको बारेमा सोच्न सक्ने खालको शिक्षा नीति बनाएर अध्ययन गराउनु पर्दछ, जो उपयुक्त हुन्छ । विद्यार्थीहरू समाजभन्दा बाहिर जान थालेका छन्, नराम्रो काम तर्फ उन्मुख हुने प्रवृत्ति बढिरहेको छ । लागूऔषध दूर्व्यसनी, जस्तो कुलतमा फस्न पुगेका छन् । नीति, नियम कानुनभन्दा बाहिर रहेर काम गरिरहेको हामी सुन्न पाउँछौं । कतिपय विद्यार्थीले आत्महत्या गरेको भन्ने सुन्दछौं । अहिलेको शिक्षा नीति विद्यार्थीहरूको लागि उपयुक्त छैन । जसले बेरोजगार मात्र उत्पादन गर्ने गरिरहेको छ । उपर्युक्त शिक्षा नीतिका लागि राज्य तहमा, सरकारमा हुनेहरूले प्रयास गर्नु पर्दछ । विश्वविद्यालयहरूले उपयुक्त खालको नीति चयन गऱ्यो भने राम्रो हुन्छ । विद्यार्थी क्षेत्रले पढाईको साथ-साथै आफ्नो नैतिकता, चरित्र र आफ्नो खुट्टामा उभिन सक्ने बनाउने खालको शिक्षा नीति बनाउनुपऱ्यो ।

विद्यार्थी परिषद् लगायत अन्य सघ, संगठनजो, यो क्षेत्रमा काम गर्ने सबै निकायहरूले विद्यार्थीहरूलाई शिक्षा क्षेत्रभन्दा बाहिर जानु दिनु हुँदैन । देश समाजको बारेमा सोच्नुपर्छ । जुनसुकै क्षेत्रमा पनि राम्रो मानिसको आवश्यकता छ । चाहे भोलि राजनीतिमा जाओस्, चाहे प्रहरी प्रशासनमा जाओस्, जुनसुकै निकाय, क्षेत्रमा पनि असल व्यक्तिको नै आवश्यकता पर्दछ । राम्रो विद्यार्थी उत्पादन गर्नका लागि प्रेरणा प्रदान गर्ने किसिमको शिक्षा नीति चाहिन्छ । विद्यार्थी परिषद्ले यस्ता विषयमा जानकारी गराउने काम गर्दछ । समग्र रूपमा विद्यार्थीहरूलाई उपयुक्त र उनीहरूको चरित्र, नैतिकता र समाजको लागि योग्य बन्ने खालको शिक्षा नीति चाहिन्छ भन्न चाहन्छु । साथै विद्यार्थीहरूले पनि योग्य बन्छु भन्ने सोच राख्नुपर्छ ।

विद्यार्थी, शिक्षक र शिक्षाविद् एकै ठाँउमा रहेर शिक्षा क्षेत्रको काम गर्ने हो । संगठनले २५ औं वर्ष पुरा गर्दै गर्दा काठमाडौं इकाईबाट शुरू भएको विद्यार्थी संगठनआज ७७ जिल्लामा पुगिसकेको छ। यस संगठनमा समर्पित भएर आफ्नो काम गरिरहनु हुने पूर्णकालिक प्रचारकहरू, विस्तारकहरू लगायत अन्य यस क्षेत्रमा सरोकार राख्ने निकायहरू, सम्पूर्ण शुभचिन्तक, शिक्षक, विद्यार्थी र हामी सबैले विद्यार्थी परिषद्लाई अझै अगाडि बढाउनका लागि राम्रो काम गराउनका लागि प्रेरणा जगाउनुपर्छ, प्रेरणा दिनुपर्छ । तन, मन धनका साथै हामी सबै एकजुट भएर जुट्नुपर्छ । हामी सबैजना मिलेर समाजको शिक्षाक्षेत्रलाई राम्रो बनाउन लाग्नुपर्छ। सबैको साथ सहयोग आवश्यक पर्दछ। व्यक्ति निर्माणको कार्यमा जो-जो विद्यार्थी परिषद्मा आबद्ध हुनुहुन्छ र जसले शुभचिन्ता गर्नुहुन्छ उहाँहरूले पनि आफूलाई जुन किसिमले सहयोग गर्न सक्नुहुन्छ, त्यो किसिमले साथ सहयोग गरेर अगाडि बढौं भन्न चाहन्छु। विद्यार्थी परिषद्को २५ औं वर्ष पूर्ण भएको सन्दर्भमा विद्यार्थी परिषद्ले उत्तर उत्तर प्रगति गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

***(लेखक परिषद्का पूर्व राष्ट्रिय सचिव एवं विभाग संगठन सचिव हुनुहुन्छ । हाल राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत हुनुहुन्छ ।)***

# विद्यार्थी परिषद् मेरो प्रेरणाको स्रोत

*उर्मिला कुमारी भट्ट*

विद्यार्थी परिषद् स्थापनाको २५ औं वर्षमा आइपुग्दा संगठनले विभिन्न प्रकारका रचनात्मक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । असल व्यक्ति निर्माणको माध्यमबाट राष्ट्रको पुनर्निर्माण गर्ने महत्वपूर्ण उद्देश्य बोकेर अगाडि बढिरहेको विद्यार्थी परिषद्ले व्यक्तिको सर्वाङ्गीण विकास गर्दै व्यक्तिमा संस्कार र रचनात्मक दृष्टिकोण प्रदान गरी युवाशक्तिलाई सुमार्गमा ल्याउन सकियो भने मात्रै देशको दिशा बदल्न सकिन्छ भन्ने विचारका साथ समृद्धिशाली राष्ट्रको निर्माणको लागि निरन्तर कार्य गर्दै आइरहेको छ। विद्यार्थी परिषद्ले ज्ञान, शील र एकताको आदर्शमा रहेर राष्ट्रहितको विभिन्न मुद्दामा सभा, ऱ्याली, गोष्ठी, अभियान, जागरणमूलक कार्यक्रमहरू, हस्ताक्षर अभियान, साहित्य प्रकाशन, युवा सम्मलेन जस्ता कार्यक्रम निरन्तर गर्दै आइरहेको छ । त्यस्तै कलेजहरूमा नियमित रूपमा जीवनोपयोगी सीप, व्यक्तित्व विकास, नेतृत्व विकास सम्बन्धि तालिमहरू स्वाध्यायमण्डल आदि कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आज विद्यार्थी परिषद्ले व्यक्ति निर्माणको माध्यमबाट राष्ट्रनिर्माण गर्ने कार्य नेपालको ७७ वटा जिल्लाहरूमा विस्तार भइसकेको अवस्था छ। नेपालको हरेक क्षेत्र राजनीतिले ग्रस्त छ। हरेक क्षेत्रमा राजनीतिक भागबण्डा लगाइरहेको अवस्था छ। हाम्रो देशका अन्य विद्यार्थी संगठनले नेपालमा हुने गरेका अन्याय, अत्याचार विरुद्धमा तोडफोड र ध्वंसात्मक आन्दोलन गर्दछन् तर विद्यार्थी परिषद्ले टायर बाल्ने, तोडफोड गर्ने जस्ता ध्वंसात्मक प्रवृत्तिलाई नलिई वैचारिक ढङ्गले आन्दोलन गर्दछ ।

यसप्रकार यस संगठनले शिक्षक विद्यार्थी र शिक्षाविद् हरूलाई एउटै सूत्रमा आवद्ध गर्दै राष्ट्रनिर्माणको लागि कार्य गर्दै आइरहेको छ। पछिल्लो समय शिक्षा, स्वास्थ्य तथा रोजगारको सन्दर्भमा धेरै नै समस्याहरू देखा परिरहेका छन्। यसको प्रमुख जड भनेको सक्षम नेतृत्वको अभाव जस्तो लाग्दछ । अस्थीर राजनीतिका कुरामा देशको विकास निर्माणका कार्यहरू ठप्प छन्। असल, सक्षम र बौद्धिक व्यक्ति नेतृत्वमा नपुगी राजनीतिक भागबन्डाको आधारमा सत्तामा पुग्दछन् । नेतृत्वमा पुगिसकेपछि उनीहरूकै हालीमुहाली हुनु, विकासका लागि न्यून बजेट छुट्याउनु, न्यून बजेटमा पनि पहुँचवालाहरूको प्रभाव पर्नु लगायतका कारणले अहिले नेपालका युवाहरूमा निराशा छाएको छ । हाम्रो देशमा रोजगारीको अवसर सिर्जना नहुनु, भएका उद्योग कलकारखाना बन्द हुँदै जानु, नयाँ उद्योग स्थापनाको लागि वातावरण नबन्नु, श्रम बेच्ने सक्ने क्षेत्र पनि राजनीतिक कारणले तहसनहस हुनुले युवाहरू विदेश पलायनको डरलाग्दो अवस्थालाई सिर्जना भएको छ। एकातिर भौगोलिक विविधता तथा प्राकृतिक स्रोत साधनको परिचालन हुन नसकेको कारणले मुलुक यथास्थितिबाट गुज्रिरहेको छ भने अर्कोतिर दक्षताको अभावले सस्तो श्रममा खाडी मुलुकमा युवाहरू पलायन भइरहेका छन् । तसर्थ नेपाल सरकारले शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा सुधार हुने राम्रो नीति ल्याउन आवश्यक छ, जसले देशका जनताहरूलाई सुविधा होस् ।

विद्यार्थी परिषद्मा मेरो ८/९ वर्षको अनुभव रहेको छ । संगठनकार्यका अगाडि बढ्न ज-जसले मलाई शुरूवातमा प्रेरणा दिनुभयो, उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ। मैले स्नातक तह (प्रथम वर्ष) अध्ययनरत हुँदा यस संगठनमा जोडिने सुअवसर पाएको थिए। विभिन्न दायित्वहरू नगरदेखि राष्ट्रिय स्तरसम्मको दायित्व लिइ कार्य गरे । सँगसँगै स्नातकोत्तर पनि सँगै पढे र पुरा पनि गरे । विद्यार्थी संगठनमा लाग्दा पढाइतिर कुनै समस्या आएन । पढाइको सबै तहमा उत्कृष्ट विद्यार्थी नै रहेर पढाइ सँगसँगै सामाजिक कार्यमा पनि निरन्तर लागि नै रहे । हाल म आफ्नै व्यवसायमा लागेकी छु । मैले विद्यार्थी परिषद्बाट नै आफूलाई एक सक्षम व्यक्ति बनाउन सकेको जस्तो लाग्छ । मलाई सफल व्यक्ति बनाउनुमा विद्यार्थी परिषद्को ठूलो योगदान रहेको छ। तसर्थ विद्यार्थी परिषद्का अग्रज व्यक्तिहरू लगायत सबैमा धन्यवाद भन्न चाहन्छु। विद्यार्थी परिषद्ले असल व्यक्ति निर्माण गरी राष्ट्रको पुनर्निर्माण गर्ने महत्वपूर्ण अविभारा बोकेकोले हामी जति पनि युवा विद्यार्थीहरू छौं, सबैले यस संगठनमा लागेर आफूमा निखार ल्याउन जरूरी छ । आफूलाई हरेक क्षेत्रमा अगाडि बढाउनु छ भने विद्यार्थी संगठनबाट देशको हरेक क्षेत्रमा विभिन्न विद्वान् वर्गबाट धेरै कुरा सिक्ने अवसर मिल्दछ । यस संगठनले व्यक्तिलाई नैतिकवान्, चरित्रवान् र इमान्दार बनाउँदछ जुन गुण जुनसुकै क्षेत्रमा लागे पनि सफल व्यक्ति हुन नभई नहुने कुरा हुन् । हामी युवा वर्गले सरकारलाई दोष दिँदै नेपालमा केही अवसर छैन भन्ने बाहाना गरी विदेश पलायन हुनु भन्दा आफ्नो देशमै केही न केही व्यवसाय वा कार्य गर्नु अति उत्तम हुन्छ, जसको एक सफल उदाहरण म आफूले आफैंलाई पनि ठान्दछु। पुनः परिषद्ले आफ्नो राष्ट्रिय यात्राको २५ वर्ष पूर्ण गरेको सुखद् अवसरमा सम्पूर्णलाई हार्दिक बधाई एवं अभिनन्दन ।

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको पूर्व महासचिव हुनुहुन्छ। हाल कुशल व्यवसायी हुनुहुन्छ।)***

# प्राज्ञिक विद्यार्थी परिषद् व्यावहारिक ज्ञानको विश्वविद्यालय

*राजु सापकोटा*

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको रजत जयन्तिको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना । साथै सम्पूर्ण अभिभावक, प्राज्ञिक व्यक्तित्व एवं विद्यार्थी साथीहरूमा राष्ट्रप्रति सदैव त्याग, उत्साह, कर्मठ र साहसी योगदानका लागि भगवानबाट शक्ति प्राप्त भइरहोस् अनि सद्भाव विकास भइरहोस् । विगत लामो समयदेखि विद्यार्थी, शिक्षक र शिक्षाविद्सँग सहकार्य गर्दै शिक्षाक्षेत्रलाई मूल कार्यक्षेत्र मान्दै समाज र राष्ट्रका लागि अहोरात्र समर्पित यस संगठनको रजत जयन्तीको उपलक्ष्यमा कलम चलाउन पाउँदा अत्यन्त खुसी लागिरहेको छ ।

हामीले यस संस्थाको लक्ष्य र उद्देश्यमा रहेर कार्य गर्दै गर्दा के कति राष्ट्रका लागि, समाजका लागि र व्यक्तिका लागि योगदान दिन सक्यौं र हामीले समाजवाट के कति अनुभव एवं राष्ट्रका लागि शिक्षा ग्रहण गर्‍यौं त्यो विषयलाई पनि मूल्याङ्कन र चिन्तन गरिरहनु पर्दछ ।

मलाई खुसी त सबै भन्दा बढि यस कुराले दिइरहेको छ कि जब राष्ट्रमा सर्वत्र व्यक्ति, भष्ट्रचारी, अन्तरकलह र देखावटि राष्ट्रवादले ढाकेको हुन्छ तब एउटा प्राज्ञिक क्षेत्र आफ्नो मातृभूमिको जयजयकार गर्दै राष्ट्र राष्ट्रियता र राष्ट्रिय चिन्तनले ओतप्रोत भएर निःस्वार्थ भावले राष्ट्रप्रति समर्पित हुँदै कार्य गरिरहेको हुन्छ । पूर्वीय दर्शनलाई आफ्नो मुख्य दर्शन वा विचारको स्रोत मान्दै आफ्नै माटोको धर्म संस्कृति र रीतिरिवाजलाई अवलम्बन गर्दै समाजमा रहेका जातीय छुवाछुत, वर्गीय विभेद जस्ता कुरीति एवं विसंगतिको अन्त्यका लागि सक्रिय रहँदै बसुधैव कुटुम्बकम्को भावनाका साथ अन्तर्राष्ट्रिय बन्धुत्वका लागि विभिन्न रचनात्मक एवं सामाजिक गतिविधि मार्फत् राष्ट्रमा उदाहरणीय संगठनका रूपमा आफूलाई प्रस्तुत गर्नुले पनि समाजमा यस संगठनको महत्व अझ धेरै बढ्दै गइरहेको छ ।

प्राज्ञिक विद्यार्थी परिषद् नेपालमा विद्यार्थी जीवनमा विभिन्न दायित्वमा रहेर कार्य गर्ने अवसर प्राप्त भयो उक्त समय मेरो जीवनको लागि एक स्वर्णिम र अविस्मरणीय समय थियो । जसको माध्यमबाट आफ्नो व्यावहारिक जीवनका लागि आवश्यक अनेकौं विषयको बारेमा सिक्ने र त्यसलाई आत्मसात् गर्ने अवसर प्राप्त भयो साथै समाज र राष्ट्रप्रतिको उदात्त दृष्टिकोणको विकासका साथ आफ्नो व्यक्तिगत जीवनमा रहँदा पनि सदैव समाज र राष्ट्रको बारेमा सोच्ने र थोरै भए पनि राष्ट्रका लागि योगदान पुर्‍याउने प्रेरणा सदैव विद्यार्थी परिषद्बाट प्राप्त भइरहेको छ ।

परिषद्का कार्य गरिरहँदा सात्विक विचार/आहार/विहार/पोषण/व्यवहार र कार्यशैली, पूर्वीय दर्शन, धर्म, संस्कृति, सभ्यताको आत्मसात् गर्दै सनातन वैदिक दर्शनलाई आफ्नो विचारको मूल दर्शन मान्दै अगाडि बढ्ने प्रेरणा युववर्गले सदैव प्राप्त गरिरहेका छन् । सामाजिक विकृति, विसंगति, अत्याचार, जातीय विभेद, अन्धविश्वासको अन्त्यका लागि युवालाई प्रेरणा प्रदान गर्न विभिन्न किसिमका व्यक्तित्व विकासका तालिम एवं रचनात्मक गतिविधिका माध्यमबाट व्यक्तिलाई खराब आचरणबाट बचाएर असल आचरण, नैतिकता, इमान्दारिता, संस्कार आदिको बारेमा सिकाइनुले विद्यार्थी परिषद्को चौतर्फी माग बढिरहेको छ ।

राष्ट्र सञ्चालन गर्ने जस्तो महत्वपूर्ण भूमिकामा एकाधिकार प्राप्त व्यक्ति वा समूहबाट बहुसंख्यक मतको जिम्मेवारीको नाममा देशको हित विपरित कार्य हुन सक्ने भएकाले समाजलाई जागरुक बनाइरहन र गलत बाटोमा जानबाट रोक्नका लागि दलगत राजनीतिबाट माथि उठेर राष्ट्रिय चिन्तनमा लाग्दै संगठन सञ्चालनार्थ सम्पूर्ण समाजलाई एकतृत गर्न र एक आपसमा सम्पर्क बनाई राख्न केही महापुरुषहरूले अहोरात्र आफ्नो जीवनलाई आंशिक वा आजीवन समय प्रदान गर्दै कार्य गरिरहँदा परिषद् आज देशको एक महत्वपूर्ण संगठन बनेको छ ।

अन्यमाजुनकार्य गर्दा मानव र मानव जगत् दुवैको हित हुन्छ त्यस्ता कार्य इश्वरीय कार्य छन् । तसर्थ यो संगठनको कार्य नै इश्वरीय कार्य हो । पवित्र एवं इश्वरीय कार्य शतत् निरन्तर अगाडि बढिरहोस् रजत वर्षको अवसरमा पुनः सम्पूर्णलाई हार्दिक शुभकामना सहित अभिनन्दन

***(लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका पूर्व राष्ट्रिय सचिव एवं वर्तमानमा सफल व्यवसायी हुनुहुन्छ ।)***

# ऐतिहासिक सुझाव पत्र-२०६९

***देशलाई जातियता र भाषाका आधारमा गर्न लागिएको विभाजनलाई रोक्नका लागि तत्कालीन संविधानसभाका सम्पूर्ण निकायका प्रमुख, प्रशासक, सम्पूर्ण राजनीतिक दलका प्रमुख नेता, सचेतकहरू एवं सभासद्हरूलाई प्रत्यक्ष भेटघाट गरी वार्ता पश्चात् बुझाइएको ऐतिहासिक सात बुँदे सुझाव पत्र । जसद्वारा परिषद् जातिय संघीयताको अवधारणालाई रोक्नका लागि सफल भएको थियो ।***

हामी नेपालको भविष्य निर्माण गर्ने इतिहासको अत्यन्तै महत्वपूर्ण र संवेदनशील घडिमा आइपुगेका छौ । नेपाली जनताले तपाई (राजनीतिक दलहरू)लाई पूर्ण विश्वासका साथ संविधानसभाको निर्वाचन मार्फत् जनादेश दिएका हुन् । नेपालको आर्थिक, सामाजिक र शैक्षिक विकास, विधिको शासन(कानुनी राज्यको प्रत्याभूति), राष्ट्रिय सुरक्षा सबै जातजाति भाषाभाषीको बिचमा सद्भाव र राष्ट्रिय एकताको भावनालाई सुनिश्चित गर्ने खालको संविधान बन्छ भन्ने विषयमा सम्पूर्ण नेपाली जनता राजनीतिक दलहरूबाट अपेक्षा र विश्वास लिई प्रतिक्षा गरिरहेका छन् ।

अनुभवको कमी साथै राजनीतिक दलहरूको आपसी खिचातानी, झैझगडा, दलगत भागबण्डा, कुर्सीको खिचातानी र आफ्नो नेतृत्वमा मात्रै सरकार बनाउने खेलमा अल्झिरहेको हुँदा निर्धारित समय भित्रै संविधान निर्माण गर्न ढिलाई भए पनि अब जेष्ठ १४, २०६९ भित्र संविधान जारी गर्ने विषयमा सबै राजनीतिक दलहरूबीच भएको समझदारीले जनतालाई विश्वास दिलाएको छ। राष्ट्रको यस संवेदनशील र ऐतिहासिक समयमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल तपाईंहरूलाई निम्नलिखित विषयमा गम्भीर हुन र सोही अनुसारको संविधान निर्माण गर्न सबै राजनीतिक दलहरूमा सहमति बनोस् भनी यो सुझाव पत्र बुझाउँदछौं।

१) राज्य पुनःसंरचना गर्दा आफ्नो दलको दलीय स्वार्थभन्दा माथि उठेर दीर्घकालसम्म नेपालको अस्तित्व र एकतालाई बचाइ राख्न जातिगत र भाषागत रूपमा नगरी आर्थिक, भौगोलिक र विकासको वैज्ञानिक आधार समेत लिई सांस्कृतिक राष्ट्रवादका आधारमा कम भन्दा कम प्रादेशिक रचना गर्न आग्रह गर्दछौं ।

२) नेपालको आफ्नै भौगोलिक र सांस्कृतिक पहिचान विश्वमा परिचित छ । नेपालको मौलिक सनातन हिन्दु संस्कृति नै नेपालको राष्ट्रिय पहिचान हो । हिमाल, पहाड, तराई अनि सम्पूर्ण जातजाति भाषाभाषीहरूलाई एकताको सूत्रमा बलियोसँग बाध्ने प्राण तत्व पनि यही हो । यही नेपाली संस्कृतिले नै सबै धर्मलाई सम्मान भावले हेर्न सक्ने क्षमता राख्दछ। यो कमजोर भएमा स्वाभाविकरूपमा राष्ट्रिय एकता, राष्ट्रियता र राष्ट्रको पहिचान नै दीर्घकालमा समाप्त भई हामी धार्मिक द्वन्द्वबाट ग्रसित हुन सक्छौ । त्यसैले नयाँ बन्ने संविधानमा नेपालको मौलिक संस्कृति, स्वाभिमान र धार्मिक पहिचानलाई सुनिश्चित गर्नुहोस् ।

३) आर्थिक प्रलोभन र मिसिनरीको योजनामा नफसी स्वविवेकको प्रयोग गरी विदेशी संस्कृतिको प्रभावबाट मुक्त राखी देशलाई बचाउन तपाईंहरूले इतिहासको यस महत्वपूर्ण घडिमा कठोर निर्णय लिएर भए पनि सर्व धर्म समभाव सहितको "लोकतान्त्रिक हिन्दू गणतन्त्र" राष्ट्र नेपाल संविधानमा सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं । साथै धर्मान्तरणमा रोक, गौहत्यामा प्रतिबन्ध र धर्मका आधारमा कुनै पनि धर्मावलम्बीहरूको धार्मिक आयोग गठन गर्ने विषय कानुन विपरीत भएकोले त्यसो नगर्न समेत आग्रह गर्दछौं । जस्तै "मुस्लिम आयोग" मुस्लिम अल्पसंख्यक नभएर धार्मिक समुदाय हो जसलाई आधार बनाएर धर्मनिरपेक्ष घोषणा गरियो ।

४) भोट बैङ्कको मोहमा धार्मिक तुष्टीकरण(विभाजन) को राजनीति नगर्न आग्रह गर्दछौं । धार्मिक अल्पसंख्यकका नाममा उनीहरूलाई काखी च्याप्ने र शिरमा चढाउने र यस्ता विषयहरू भोलि संविधान मार्फत् सुनिश्चित गरियो भने देश भविष्यमा विखण्डनको दिशातर्फ जाने निश्चित प्रायः देखिन्छ ।

५) हामीले भारतको इतिहासलाई अध्ययन गरेकै छौं, भारतमा जातिय आधारमा राज्य बनाउँदा आज त्यहाँ ५० वर्ष नबित्दै उनीहरू मिसिनरीको योजना अन्तर्गत आफूलाई आज भारतीय नभनी र छुट्टै स्वतन्त्र देशको माग पूर्वाञ्चलका राज्यभित्र लगायत अन्य प्रदेशहरूमा पनि गरिरहेका छन् । जातिय राज्यले नेपालमा यही दुर्घटना हुने संकेत देखा परेकाले जातिय राज्य नबनाउन परिषद् गम्भीर रूपमा आग्रह गर्दछ ।

६) सेनालाई राजनीतिककरण नगरीकन लोकतन्त्रमा सेनालाई स्वतन्त्र र स्वायत्त राख्नुपर्दछ । देशको सुरक्षा संयन्त्रलाई कुनै एक वर्ग, जाति, लिङ्ग र भौगोलिक क्षेत्रको आधारमा विभाजन गरिनु हुँदैन ।

७) लोकतन्त्रमा प्रशासन, न्यायपालिका, सेना र सुरक्षा निकायबीच परस्पर तथा सुन्दर सन्तुलन गराउनु पर्दछ ।

अन्त्यमा माथिका महत्वपूर्ण विषयमा तपाईंहरूले हाम्रो सुझावलाई गम्भीरताका साथ लिइ साथै अन्य दूरगामी प्रभाव पार्ने जस्ता विषयहरूमा पनि संवेदनशील भई त्यस्ता विवादित र देशलाई खलल् पुऱ्याउने मुद्दाहरू संविधानमा समावेश नगर्न यो ऐतिहासिक सुझाव पत्र-२०६९ तपाईंहरू समक्ष बुझाउँदछौं । **नेपाल आमाको जय !**

***प्राज्ञिक विद्यार्थी परिषद्, नेपालद्वारा २०६५ सालम माघ महिनाभर राम्रो र समृद्ध नेपालका लागि हाम्रो पाठ्यक्रम भन्ने मूल नाराका साथ शैक्षिक अभियान सञ्चालन गरेको थियो उक्त अभियान पश्चात् चैत्र १४ गते काठमाडौँमा शिक्षा, संस्कृति र रोजगारका लागि बृहत् जनजागरण ऱ्याली एवं कोणसभा सम्पन्न भएको थियो । देशव्यापी अभियानमार्फत् आएका महत्वपूर्ण सुझावालाई संकलन गरी तत्कालीन प्रधानमन्त्रीसमक्ष यो ऐतिहासिक सुझावपत्र पेश गरिएको थियो ।***

मिति : २०६५/१२/१४

सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपाल सरकार, काठमाडौँ

**विषयः ज्ञापन पत्र बुझाउने सम्बन्धमा**

सम्माननीयज्यू,

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले हालै देशव्यापीरूपमा सम्पन्न गरेका विभिन्न कार्यक्रमहरूको जानकारी गराउदै देशभरबाट उठेका मुद्दाहरू र हाम्रा शैक्षिक तथा सामाजिक क्षेत्रका समस्याहरू समाधान गरी देशको सर्वाङ्गीण विकास गर्ने लक्ष्य पुरा गर्ने दिशामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ । नेपालको राष्ट्रियतालाई कहिँ कतैबाट कहिल्यै पनि आँच नपुगोस् भन्ने हाम्रो यस ज्ञापन पत्रको मूल दृष्टिकोण हो । जसका लागि राष्ट्रिय शिक्षानीतिमा केही आधारभूत मान्यतालाई आत्मसात गर्नपर्ने हुन्छ । उक्त दिशामा सरकारको ध्यानाकर्षण हुनु जरुरी भएको तथ्य समेत देशका विभिन्न क्षेत्रबाट सङ्कलित सुझाव र अनेकौं अविभावक तथा शिक्षक, शिक्षाविद्, छात्र-छात्राहरूबाट उठेको माग पनि रहेको कुरा यहाँलाई अवगत गराउन चाहान्छौं । राष्ट्रियरूपमा आज बहस् भईरहेको विषयकारूपमा देशको शिक्षानीतिमा कस्तो परिवर्तन हुने हो भन्ने रहेको छ । कुनै पनि राज्य सत्ताले शिक्षानीतिलाई आफ्नो पृष्ठपोषण गराउन र दलीय स्वार्थपूर्तिमा अग्रसर गराउन धेरै प्रयासहरू गरिएको र गरिँदै आएको सन्दर्भमा हाम्रो देश नेपालको मौलिकता झल्कने र सांस्कृतिक पहिचानमा आँच नआउने किसिमको शिक्षानीति निर्माण गर्न, अनावश्यकरूपमा भईरहेको दलगत राजनीतिको हस्तक्षेप तथा राजनीतक भागबण्डाको थलो बनाउनबाट शिक्षा क्षेत्रलाई मुक्त राख्ने दिशामा राज्य सत्ता अग्रसर हुनु पर्दछ र सो गर्न यहाँको प्रतिबद्धता पूर्वक कार्यारम्भ हुनेछ भन्ने हामीले आशा र विश्वास गरेका छौं ।

शिक्षा व्यक्ति, परिवार, समाज र राष्ट्रलाई सभ्य, सुसंस्कृत र समृद्ध बनाउने मुख्य स्रोत बन्नुपर्दछ भन्ने तथ्यलाई आत्मसात गर्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले शिक्षा क्षेत्रलाई राष्ट्रको मेरूदण्ड र आफ्नो कार्यको मुख्य क्षेत्र मानिआएको यथार्थ सर्वविदितै छ । हामी सम्पूर्ण नेपालीहरू देशको वर्तमान स्थितिबाट चिन्तित छौं । राष्ट्रलाई सही मार्गमा अगाडि बढाउन आज हामीले गम्भीर भएर चिन्तन गर्नुका साथै हरेकले राष्ट्रिय दृष्टिकोणका साथ आ-आफ्नो क्षेत्रबाट कार्य गर्न आवश्यक छ । विगतको अदूरदर्शी र अव्यवहारिक शिक्षा प्रणालीमा व्यापक सुधार हुनुपर्छ भन्ने माग, बहस एवम् प्रश्नहरू समाजका हरेक क्षेत्रबाट व्यापक रूपमा उठिरहेको पाइन्छ र आवश्यकता पनि महशुस गरिएको छ । राम्रो र समृद्ध नेपालको निर्माणका लागि पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका विद्यार्थी, शिक्षक, शिक्षाविद्, अभिभावक, सञ्चारकर्मी, समाजका हर वर्ग एवं तप्काहरूका बीचमा व्यापक छलफल, अन्तरक्रिया, विचार एवं चिन्तन गर्दै र उनीहरूद्वारा आएका सुझाव संकलन गराई राम्रो र समृद्ध नेपालको लागि हाम्रो पाठ्यक्रम निर्माण गर्ने उद्देश्यले राष्ट्रव्यापी शैक्षिक अभियान २०६५ सञ्चालन हामीले सम्पन्न गरिसकेका छौं । हाम्रो पाठ्यक्रमले प्रत्येक व्यक्तिलाई अनुशासित, नैतिकवान, आत्मनिर्भर, आत्मजागरूक, राष्ट्रभक्ति भावना, राष्ट्रियता र अखण्डताको लागि सदैव कटिबद्ध बनाउँदै विश्व मानचित्रमा नेपाललाई सभ्य, शान्त, समृद्ध र विकसित एवं आर्थिक, सामाजिक रूपमा स्वावलम्बन राष्ट्र बनाउन सक्नेछ ।

हामी नेपाली एउटा यस्तो शिक्षाको खोजीमा छौं जुन शिक्षाले हाम्रो देशको अन्तरआत्मा र त्यसको आवश्यकता, मनोवृत्ति तथा संस्कृति अनुरूप बनाओस् । जसले खाली अतीत प्रति मात्र नभएर देशले विकसित गर्दै गरेको अन्तरआत्मा प्रति, त्यसको भविष्यको आवश्यकता प्रति, साथै देशको आगामी स्व-सृष्टिको महानता प्रति र आफ्नो शास्वत आत्मा प्रति एकनिष्ठ बनाउँछ ।

हामीले राष्ट्रिय शिक्षा प्रणालीको विकास त्यसरी गर्नं छ जसले हिन्दुत्वनिष्ठ एवं राष्ट्रभक्तिले ओतप्रोत, नैतिकवान, सुसंस्कृत युवा पीढिंको निर्माण गरोस्, शारीरिक, प्राणिक, मानसिक, बौद्धिक एवं आध्यात्मिक दृष्टिबाट पूर्ण विकसित होस्,

तथा जसले जीवनका वर्तमान चुनौतिहरूको सामना सफलतापूर्वक गर्न सकोस् र उसको जीवन ग्रामीण, जनजाती, गुफा, कन्दराहरू एवं झुपडीहरूमा निवास गर्ने दीन-दुःखी अभावग्रस्त बन्धु-बान्धवहरूलाई सामाजिक कुरीतिहरू तथा शोषण र अन्यायबाट मुक्ति दिलाएर राष्ट्र जीवनलाई समरस, सुसम्पन्न एवं सुसंस्कृत बनाउनका लागि समर्पित बनोस् । साथै हामीलाई यस्तो शिक्षाको आवश्यकता छ जसबाट चरित्र निर्माण होस् । मानसिक तेजस्वीता बढोस् । बुद्धिको विकास होस् र जसद्वारा मनुष्य आफ्नै खुट्टामा उभिन सकोस् । विदेशी प्रभावबाट स्वतन्त्र रहेर आफ्नो निजी ज्ञान भण्डारका विभिन्न शाखाहरूका साथ-साथै विदेशी भाषाहरू र पाश्चात्य विज्ञानको अध्ययनको हामीलाई आवश्यकता छ । हामीलाई यान्त्रिक र त्यस्ता सम्पूर्ण शिक्षाहरूको आवश्यकता छ जसद्वारा उद्योगधन्दाहरूको वृद्धि र विकास होस् । मानिसले रोजगारीका लागि मारामार गर्नुको सट्टा आफ्ना आवश्यकताहरूको पूर्तिका लागि पर्याप्त कमाई गर्न सकोस् र आपत्तिका लागि सञ्चय पनि गर्न सकोस् ।

दोस्रो विषय अहिले देशमा राष्ट्रवादी शिक्षाको चर्चा चलेको छ । राष्ट्र सबैका लागि महत्वपूर्ण र अपरिहार्य (आवश्यक) चीज हो तर राष्ट्रवादी शिक्षाका नाममा हामीले एउटा साँचो (Framework) बनाउने र त्यसमा नअटाउनेलाई बाहिऱ्याउने जस्तो परिस्थिति उत्पन्न हुने सम्भावना सदा रही नै रहन्छ भने अर्कातिर राष्ट्रभक्तिमूलक शिक्षाको आवश्यकता देशमा सदा रही नै रहन्छ । त्यसैले यो देशलाई एउटा शासन व्यवस्था अन्तर्गत मान्नुभन्दा पनि यो भूमि हाम्री आमा हुन् र हामी तिनका सन्तति हौं भन्ने मूल भाव राखेर आफ्नी आमाको कस्तो के र कसरी गर्दा सम्मान, संरक्षण, स्वास्थ्य एवं आरोग्य हुने हो त्यो सबैले आ-आफ्नो तरिकाले गर्न सक्ने हुनाले हामीलाई राष्ट्रभक्तिपूर्ण शिक्षाको खाँचो छ । साथै माथि उल्लेखित गरिए जस्तो शिक्षा व्यवस्था नेपालमा सञ्चालित होस् भन्ने माग नेपाल सरकारसमक्ष प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल यस शैक्षिक अभियानमा संलग्न सम्पूर्ण विद्यार्थीको तर्फबाट जोडदार माग गर्दछ । त्यसैगरी उच्च शिक्षालाई राजनीतिक वातावरणबाट मुक्त गरी एउटा शैक्षिक वातावरण निर्माण गरियोस् साथै उच्च शिक्षालाई एउटा स्वायत्त संस्थामा परिणत गरियोस् । तसर्थ सबै विश्वविद्यालयलाई एउटा संस्थाको छातामुनि राख्न 'विश्वविद्यालय अनुदान आयोग'लाई अझै सशक्त र अधिक स्वायत्त बनाइयोस् जसले उच्च शिक्षाको पाठ्यक्रम, शिक्षक-कर्मचारी नियुक्ति, विश्वविद्यालयमा उपकुलपति लगायत अन्य पदाधिकारीहरूको नियुक्तिमा राजनीतिक हस्तक्षेप नभई स्वतन्त्र निर्णय लिन सकोस् र यसका लागि निश्चित मापदण्ड र प्रतिस्पर्धात्मक जाँच प्रणाली तोकियोस् । साथै वर्षभरिको शैक्षिक पञ्चाङ्ग (Calendar), Prospectus, Brochure, Bulletin एवं पत्र-पत्रिकाहरू, भित्ते पत्रिका, शैक्षिक संस्थाको वार्षिक प्रतिवेदन, लेखाजोखा विवरण, वार्षिक समीक्षा आदिको प्रकाशन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् । भर्नामा विद्यार्थीबाट लिने विभिन्न शीर्षकका शुल्कहरू उचित ठाउँ या शीर्षकमा खर्च भयो या भएन, छात्रवृत्तिको उचित व्यवस्था, शुल्क वृद्धि एवं उच्च शिक्षामा भएको शुल्क संरचना, विद्यार्थीबाट प्रमाण-पत्रहरूका लागि आवश्यकभन्दा बढी रकम असुल्ने प्रवृत्ति, भर्ना शुल्क अधिक लिएर पनि कुनै Prospectus ननिकाल्ने, परीक्षा सम्बन्धी कार्यमा सम्बन्धित निकायको लापरवाही एवं अनुत्तरदायी भूमिका (विद्यार्थीको उत्तर पुस्तिका हरायो भनी अनुत्तीर्ण गर्ने, परीक्षामा एवं विषयमा समावेश नभएकाहरू उत्तीर्ण हुने तथा न्यायका लागि दिइएको निवेदन पनि सम्बन्धित निकायले हराउने), प्रवेशिका परीक्षाका लागि योग्य मानेर टेस्ट परीक्षा उत्तीर्ण भएका विद्यार्थी प्रवेशिका परीक्षामा ७० प्रतिशत भन्दा बढी असफल कसरी हुन्छन्/गरिन्छन् ? आदि विषयमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यस शैक्षिक ऱ्यालीमा उपस्थित देशभरीका विभिन्न जिल्लाबाट सम्पूर्ण शिक्षक, विद्यार्थी, बुद्धिजीवीको आवाज बोकेर आएका प्रतिनिधिहरूको तर्फबाट यहाँ समक्ष जोडदार माग गर्दछ ।

त्यसै गरेर शिक्षा मन्त्रालयमा विभिन्न तरीकाले अनियमितता भइरहेको कुरा जनता सामु आएको पनि यहाँलाई सर्वविदितै छ । जनताले चाहे बमोजिमको शिक्षा नपाउनाको कारण र शैक्षिक सर्टिफिकेट हात लागे पनि त्यसको प्रयोग उचित स्थानमा गर्न नसक्नाको कारण भोलिको देश हाँक्ने कर्णधार विदेश पलायन भएका युवालाई फर्काउने र यहाँ भएकालाई पलायन हुन नदिने कुरा ल्याए पनि सरकारी निति फितलो भएको कारण सरकार र निजी संस्थाको मिलेमतोमा युवालाई पासपोर्टमा भिसा लगाएर विदेश पढ्ने नाममा श्रमिकको रूपमा पठाएको कुरा पनि अवगत नै भएको कुरा हो । जसलाई थाहा हुदा हुँदै पनि सरकार तथा शिक्षा मन्त्रालयले कुनै स्पष्ट नीति अगाडि ल्याउन सकेको छैन । त्यसैले शिक्षा मन्त्रालय तथा खेलकूद मन्त्रालय दुवैलाई सशक्त र प्रभावकारी बनाउने तर्फ समेत नेपालको ध्यानाकर्षण होस् भनने हामी सम्पूर्ण नेपालीको चाहना हो ।

युवालाई स्वरोजगार बनाउने नाममा सरकारद्वारा वितरण हुन लागिरहेको पूँजीको वितरण कत्तिको सशक्त र प्रभावकारी रूपमा हुन्छ ? यसतर्फ विचार गर्न पनि सरकारले ध्यान पुऱ्याओस् नत्र यो भन्दा अगाडिको सरकारले जनताको टाउकोमा ऋण थोपार्ने भन्दा कुनै नयाँ प्रभाव देखाउन सक्दैन भन्ने हामी नेपालीको बुझाई छ । युवालाई रोजगार पनि दिनुपर्दछ र विदेश पलायन हुनबाट रोक्नु पनि पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

विश्वविद्यालय तथा शिक्षा क्षेत्रमा भएको अनियमितता, बुढो हुन्जेल सम्म पनि क्याम्पसमा राजनीति गरेर वर्षौ वर्ष

क्याम्पस ओगट्ने परम्परा, स्वतन्त्र विद्यार्थी युनियन भनिएतापनि पार्टीगत विद्यार्थी युनियन जस्तो पार्टीले विद्यार्थी राजनीतिमा हस्तक्षेप गर्ने परम्परा, व्याक पेपर लगाएर पुनः अर्को विषयमा भर्ना गर्ने अनि उद्देश्य चाहिपढ्ने हैनकि राजनीति गर्ने, बन्द हड्ताल गर्ने र शैक्षिक वातावरण विगार्नाले गर्दा पढ्न भनी आएका विद्यार्थीले पढ्न नपाउने परम्परा आदि सबैको अन्त्य होस् ।

साथै बन्द, हड्ताल, तोडफोड र तालाबन्दी नगरीकन क्रान्ति आउँदैन भन्ने गलत मानसिक विचारको सदा सदाको लागि अन्त्य होस्, शिक्षकले विद्यार्थीबाट शिक्षकले पाउने खालको आदर सत्कार र शिक्षकबाट विद्यार्थीले पाउनुपर्ने खालको माया र सहयोग पाउने वातावरणको निर्माण गरियोस्, हचुवाको भरमा र पार्टिगतरूपमा विश्वविद्यालयमा तथा क्याम्पसहरूमा पदाधिकारी र शिक्षक पोष्टमा राजनीतिक नियुक्ति गर्ने परम्पराको अन्त्य होस् भन्ने कुराको समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल माग गर्दछ ।

- शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास (शारीरिक,मानसिक, बौद्धिक र आध्यात्मिक) गर्न सक्नुपर्ने एवं व्यक्तिलाई सामाजिक, राजनीतिक र आर्थिक रूपमा स्वावलम्बन तथा नैतिकवान्, चरित्रवान्, गुणवान् बनाउँदै राष्ट्रको आवश्यकतालाई पूर्णरूपमा कर्तव्यबोधका साथ राष्ट्रप्रेमी बनाउन सक्नुपर्ने ।
- शिक्षाले देशको सांस्कृतिक र ऐतिहासिक महत्व एवं धरोहर तथा लोक कला, साहित्य, संगीत एवं बाजाहरूको संरक्षण, संवर्द्धन गर्नुपर्छ भन्ने भावना जागृत गराउन सक्नुपर्ने साथै सबैको सांस्कृतिक परम्परा, चाडपर्व, नृत्य, भाषा र भेषभूषाको सम्मान गर्नुपर्छ भन्ने भावना विकसित गरिनुपर्ने ।

- सबै स्तर र संकायहरूमा नैतिक शिक्षा र नेपाली पहिचान जनाउने तथा हामी नेपाली हौ भनी गर्व गर्न सक्ने शिक्षा दिनुपर्ने ।
- हाम्रो शिक्षामा आर्थिक उन्नति र समृद्धिको लागि प्राविधिक र रोजगारमूलक शिक्षालाई पनि अनिवार्य गर्नु पर्ने ।
- सत्ता परिवर्तनको आधारमा विश्वविद्यालयका पदाधिकारी तथा शैक्षिक पाठ्यक्रम परिवर्तन गर्ने परिपाटी अन्त्य गर्न कानुनद्वारा सुनिश्चित गराइनु पर्ने ।
- विद्यालय, क्याम्पस शुल्क संरचनालाई सबै तहमा एकरूपता प्रदान गरी शिक्षा प्राप्त गर्न पाउने मौलिक अधिकारलाई सरकारले सूनिश्चित गर्नु पर्ने ।
- राष्ट्रको सम्पूर्ण शिक्षा क्षेत्रलाई नियन्त्रण र व्यवस्थापन गर्नको लागि सशक्त र स्वतन्त्र सरकारी प्रशासनिक निकाय/तन्त्रको निर्माण हुनु पर्ने ।
- गाउँ र शहर बीचको शिक्षा तथा सरकारी शिक्षा र निजी शिक्षा बीचमा रहेको दूरीलाई अन्त्य गरी सबैलाई गुणस्तरीय शिक्षा दिइनु पर्ने ।
- शिक्षाको विकास र पहुँच वृद्धिमा समाजको सहभागिता हुनु पर्ने ।
- नैतिक र आधुनिक शिक्षाको बीचमा सही संयोजन गरी व्यक्ति निर्माणको आधार बनाइनु पर्ने ।
- शिक्षण पेशालाई सम्मानित पेशाको रूपमा विकास गर्ने वातावरण सिर्जना गर्नु पर्ने ।
- शारीरिक शिक्षामा आधुनिक र सनातन वैज्ञानिक योग पद्धतिको समिश्रण गराइनु पर्ने ।
- शिक्षाले राष्ट्रको दुरगामी आवश्यकता पूर्ति गर्ने राष्ट्रिय व्यक्तित्व र नेतृत्व निर्माण गर्न सक्नु पर्ने र युवा एवं दक्ष जनशक्तिका लागि देशमै पर्याप्त अवसरहरू उपलब्ध गराइन सक्नु पर्ने । शैक्षिक बेरोजगार उत्पन्न गर्ने शिक्षा नीति हुन नहुने ।
- शिक्षालाई General Agreement and Trade in Services (GATS) को परिधिभित्र राख्न नहुने ।
- विभिन्न भाषाकी जननी संस्कृत भाषालाई संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नुपर्ने हामी सबैको राष्ट्रिय कर्तव्य हो भन्ने भावना जागृत गराउन सक्ने शिक्षा नीति हुनु पर्ने तथा सबै जात जातिका भाषाहरूलाई पनि राष्ट्रले समान अवसर दिनुपर्छ भन्ने भावना विकसित गराउन सक्नुपर्ने ।
- मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलमा एउटा एउटा विश्वविद्यालय हुन अत्यन्त आवश्यक छ तर त्यो कहाँ हुने भन्ने विषयमा शिक्षा मन्त्रालय र सरकारले निर्णय गर्ने कुरा हो । हालमा नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा विश्वविद्यालय खोल्ने विषयलाई लिएर भएका आपसी झगडा भावनामा मात्र सिमित देखिन्छ । किनभने शैक्षिक संस्था खोल्दा न्यूनतम भौतिक संरचनाका लागि कति माटो चाहिने हो भन्ने विषयमा सरकारको कुनै योजना देखिएको छैन त्यसैले शैक्षिक संस्था खोल्नको लागि कस्तो संस्थान हो र त्यसको कल्पना अनुसार न्यूनतम आधारभूत भौतिक

संरचनाका लागि कति माटो चाहिने भन्ने विषयमा सरकारको स्पष्ट नीति हुनु पर्दछ। साथै त्यसको अध्ययन अनुसन्धान गर्ने एउटा निकायको गठन गरियोस् जसको एउटा आधिकारिक रिपोर्ट आए पटि मात्र खोल्न मान्यता दिने/नदिनमा निर्णय गरियोस् ।

- सबै जात जाति, भाषा भाषी, महिला, दलित, जनजाति तथा सबै क्षेत्र, समूह, वर्ग, लिङ्ग एवं हिमाल, पहाड, तराई (मधेश)वासी सबैमा सर्वप्रथम हामी नेपाल आमाका एउटै सन्तति हौं भन्ने भावना शिक्षाले जागृत गराउनु पर्ने तथा राष्ट्रिय एकताका लागि यि सबैमा एकात्मकता भाव आवश्यक छ भन्ने भावना जागृत गराइनु पर्ने ।
- सरकारले कुनैपनि अन्तर्राष्ट्रिय सन्धी/सम्झौताहरू गर्दा देशको हितलाई ध्यानमा राख्नु पर्ने ।
- संविधान निर्माण समितिलाई तोकिएको समयभित्रै स्वस्थ संविधान निर्माण गर्न सक्ने वातावरण बनाइदिनु पर्ने ।
- संविधान लेखन मस्यौदा समितिलाई तुरून्त पूर्णता दिई संविधान लेखन कार्य शीघ्र थालिनु पर्ने ।
- उच्च शिक्षा हासिल गर्न राष्ट्रका विभिन्न जिल्लाबाट काठमाडौं आउने सम्पूर्ण राष्ट्रका उज्ज्वल नक्षत्ररूपी विद्यार्थीहरूको राष्ट्रानुकूल विकासको लागि प्रत्येक अभिभावकको आशाबमोजिम काठमाडौंलाई एक सुरक्षित, संस्कारयुक्त, भयरहित, सुन्दर वातावरण निर्माण गर्नु पर्ने ।
- राजनीतिक व्यक्तित्वको साथै समाजका धार्मिक, सामाजिक एवं शैक्षिक व्यक्ति र स्वतन्त्र विज्ञहरूलाई समावेश गराइनुपर्ने ।
- नयाँ संविधानले राष्ट्रको सनातन एवं प्राचीन संस्कृति, मौलिकता, पहिचान र नेपाली विशेषताको संरक्षण गर्ने ग्यारेन्टी दिनु पर्ने ।
- देशलाई जाति र भाषाका आधारमा विभाजन नगरी भौगोलिक बनावट, जनसंख्या र विकासको आधारमा पुर्नसंरचना गर्नु पर्छ तर कुनै पनि नेपाली नागरिकलाई आफ्नो पहिचानको संकट (Identity Crisis) हुन हुँदैन ।
- नयाँ संविधानले लोकतन्त्रमा हिंसाको कुनै पनि स्थान हुने छैन तथा सबैको मौलिक अधिकार र वाक् स्वतन्त्रताको सुनिश्चितता हुन्छ भन्ने ग्यारेन्टी दिनुपर्ने ।
- विभिन्न क्याम्पस तथा विश्वविद्यालयहरूले शैक्षिक सत्रमा समयमा नै भर्ना भएका विद्यार्थीहरूको संख्या नामावली सहित सार्वजनिक गर्नु पर्ने र स्ववियु निर्वाचनको समयमा हुने गलत भर्ना प्रक्रियाको सदा सदाको लागि अन्त्य गरिनु पर्ने ।
- संघीय प्रणाली अर्न्तगत भविष्यमा बन्ने राष्ट्रिय/प्रान्तीय शिक्षा नीतिले राष्ट्रिय गौरव र एकताका प्रतीकहरू सबैका लागि साझा बनेर रहन सकुन् भन्ने कुराको प्रत्याभूति गर्न सकोस् ।
- शिक्षा मन्त्रालयमा भएका अनियमिततालाई सदाको लागि अन्त्य गरी त्यहाँ देखिएको एकाधिकारलाई सदा सदाको लागि अन्त्य गरीनु पर्ने र शिक्षा मन्त्रालयलाई अझ सशक्त बनाउनु पर्न ।
- युवा तथा खेलकुद मन्त्रालयले युवालाई उनीहरूले चाहेको दिशा देखाउन नसकेको अवस्थामा र खेलकुदमा राजनीतिक भर्ना प्रक्रिया रहेको अवस्थामा यी दुवैको अन्त्य गरी युवा तथा खेलकुद मन्त्रालयलाई सशक्त र प्रभावकारी बनाउनु पर्ने ।
- युवमा रहेको अर्काको काम गर्ने मनस्थितिलाई अन्त्य गरी आफूले कामको सिर्जना गरी अरूलाई रोजगारी दिन सक्ने वातावरणको सिर्जना गर्न उन्मुख गरिनु पर्ने । अर्थात् उनीहरूलाई सीपमूलक तालिम दिई स्वरोजगार सिर्जना गर्ने वातावरण तयार गरिनु पर्ने ।
- पढ्न र काम गर्ने नाममा विदेश पलायन भएका युवालाई देशमै उचित व्यवस्था गरिनु पर्ने र काम गर्न विदेश पठाइने युवालाई कामदारको रूपमा हैन प्राविधिकको रूपमा पठाइने वातावरण तयार गरिनु पर्ने ।
- देशको सामाजिक अवस्था तथा शिक्षाको महत्वलाई बुझेर देशमा सबैलाई पुग्ने गरी सबैको लागि शिक्षा अन्तर्गत विश्वविद्यालयको उचित व्यवस्था गरिनु पर्ने र भएका विश्वविद्यालयहरूको पनि काम र शिक्षाको गुणस्तरको बारेमा समय समयमा अनुगमन गरी प्राप्त जानकारीलाई मूर्तरूप दिनु पर्ने ।
- विभिन्न राजनीतिक संगठन र सत्तामा रहेका विभिन्न दलहरूले युवालाई विदेश पलायन हुनबाट रोक्नु पर्छ भनिएता पनि सरकारले नै र सरकार संग अनुमति प्राप्त गरी खोलिएका शैक्षिक परामर्श केन्द्रहरूले युवालाई पढ्ने नाममा विदेश पलायन गरिरहेको अवस्थामा उनीहरू वहाँ पुगी वास्तवमा नै अध्ययन गरिरहेका छन् वा कामदारको रूपमा छन् यसको पनि सम्बन्धित निकायले ध्यान दिनु पर्ने ।
- सरकारी विद्यालय र निजी विद्यालयको बीचका विद्यार्थीमा भएको शैक्षिक अन्तरको अन्त्य गरिनुपर्ने र शिक्षा क्षेत्रमा राजनीतिक विचारका आधारमा नियुक्ति नगरी शैक्षिक गुणस्तरको आधारमा नियुक्ति दिने वातावरण तयार गरिनु पर्ने ।

- स्ववियु निर्वाचनमा नियमित विद्यार्थीले मात्र भाग लिन पाउने, २५ वर्ष उमेरको हद तोकिनुपर्ने र त्यसैगरी स्ववियु निर्वाचन प्रत्येक वर्ष गरिनुपर्ने प्रावधान तयार गर्नुपर्ने साथै स्ववियु स्वतन्त्र विद्यार्थी युनियन हो भने पार्टीगत हस्तक्षेप हुन नहुने । स्ववियु प्रतिनिधिको मुद्दा शैक्षिक हुनु पर्ने न कि राजनीतिक र क्याम्पसमा लगातार वर्षौं वर्ष चुनाव लड्न भर्ना हुने परिपाटी सदा सदाको लागि अन्त्य गरिनुपर्ने ।
- प्रवेश, परीक्षा र परिणामलाई निश्चित समयमा तालिकीकरण गरी कार्यान्वयन हुनु पर्ने ।
- वर्ष भरीको शैक्षिक योजना प्रकाशन गरी यसको बारेमा जानकारी लिन पाउने विद्यार्थीको हक हो यसबाट वञ्चित गराउन नहुने साथै क्याम्पस तथा विश्वविद्यालयमा १८० दिन कक्षा अनिवार्य हुनुपर्ने ।
- राष्ट्रिय शिक्षा कुनै पनि व्यक्तिको पृष्ठपोषण गर्ने तथा पार्टीको सिद्धान्तलाई बढावा दिने नभई राष्ट्रहित र नागरिक हितका लागि हुनुपर्ने तथा राष्ट्रभक्ति मूलक शिक्षा हुनुपर्ने ।

उपर्युक्त विषयहरूलाई लिएर प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले २०६५ माघ महिनाभर राष्ट्रव्यापी शैक्षिक अभियान सम्पन्न गर्‍यो । उक्त शैक्षिक अभियानमा विद्यार्थी, शिक्षक, अभिभावक, विद्वतवर्ग, विभिन्न विद्यार्थी एवं युवा सङ्गठन तथा शैक्षिक सरोकारवाला, विभिन्न संघ संस्था र पत्रकारहरूको बीचमा विभिन्न कार्यक्रम (विचारगोष्ठी, अन्तर्क्रिया, सुझाव संकलन, निबन्ध प्रतियोगिता र शैक्षिक र्‍याली) सम्पन्न भए र हामीले सम्पूर्ण जनताबाट सुझाव र सल्लाह संकलन गरी "राम्रो र समृद्ध नेपालको निर्माणका लागि हाम्रो पाठ्यक्रम" भन्ने शीर्षक दिई उपर्यक्त विषयहरूलाई लिएर राष्ट्रव्यापी शैक्षिक अभियान सम्पन्न गर्‍यौं । साथै सम्पूर्ण शैक्षिक केन्द्र तथा जिल्लाहरूबाट हस्ताक्षर पनि सङ्कलन गरिसकेका छौँ । अभियानलाई हामीले ७५ जिल्लाका शैक्षिक केन्द्रहरूमा पुर्‍याउन सफल भएका छौँ । र १५० भन्दा बढी कलेज-क्याम्पसहरूमा प्रभावी ढङ्गबाट कार्यक्रमहरू सम्पन्न भएका छन् ।

अभियानमा शिक्षा, रोजगार, विकास, संस्कृतिको जगेर्ना, संविधान लेखन र राज्यको पुनर्संरचना आदि विभिन्न २३ वटा विषयहरू समेटिएका थिए । साथै आ-आफ्ना जिल्लाका केही शैक्षिक विषय र अन्य मागहरू पनि समेटि अधिकतम जिल्लाहरूबाट प्रमुख जिल्ला अधिकारी मार्फत् सम्माननीय प्रधानमन्त्रीज्यूलाई ज्ञापन पत्र पनि पठाईसकेका छौं । अभियानमा नसमेटिएका केही महत्वपूर्ण विषयहरू र राष्ट्रभरीबाट आएका थुप्रै महत्वपूर्ण सुझावहरूलाई ध्यानमा राख्दै पुनश्च शिक्षाविद् र सबै शिक्षा सरोकारवालाहरूसंग गम्भीरताका साथ चिन्तन, मनन्, बहस् र छलफल गरी सङ्कलित सुझावहरूलाई सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बुझाउन चाहान्छौं । समयानुकूल र सर्वसुलभ शिक्षा, समुन्नत विकास, समृद्ध नेपाल, देश निर्माणमा समर्पित दक्ष जनशक्ति, स्वदेशमै रोजगारीको प्रत्याभूति र यस देशको गौरवमय प्राचीन सनातन संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न सक्षम नयाँ राष्ट्रिय शिक्षानीति निर्माणको मागका लागि विद्यार्थीहरूको देशमै पहिलो पटक ऐतिहासिक विशाल शैक्षिक र्‍याली आज (चैत्र १४) गते काठमाडौंमा सम्पन्न भएको कुरा सहर्ष जानकारी गराउन चाहन्छौं । साथै विद्यार्थीहरूको देशमै यस्तो पहिलो ऐतिहासिक विशाल शैक्षिक र्‍याली मार्फत् अभियानमा उठान गरिएका शैक्षिक विषय, सुझाव र सङ्कलित लाखौं हस्ताक्षरहरूको ब्यानर तथा फारम सहित परिषद्को र्‍याली संयोजकको नेतृत्वमा हजूर समक्ष ज्ञापनपत्र बुझाएका छौं ।

महोदयज्यूले विद्यार्थीहरूको यस्तो पुनित कार्यलाई उत्साहवर्द्धन तथा प्रेरणा प्रदान गर्नुहुनेछ साथै समुच्चय शिक्षा जगत्‌लाई दलगत राजनीतिको अनावश्यक हस्तक्षेपबाट मुक्त राख्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्को यो र्‍याली संयोजन टोली यहाँ समक्ष हार्दिक अनुरोध गर्दछ

# विविध रचनात्मक गतिविधि






















# प्रथम एवं दोस्रो राष्ट्रिय अधिवेशन-२०५६/२०६४, काठमाडौं





















# तेस्रो राष्ट्रिय अधिवेशन-२०६६, नारायणगढ



















# चौथो राष्ट्रिय अधिवेशन-२०६८, भैरहवा























# पाचौं राष्ट्रिय अधिवेशन-२०७०, वीरगञ्ज






















# छैठौं राष्ट्रिय अधिवेशन-२०७२, काठमाडौं


















# सातौं राष्ट्रिय अधिवेशन-२०७४, पोखरा




















# विशाल विद्यार्थी र्‍याली एवं सम्बोधन समारोह-२०६५, काठमाडौं















# संविधान निर्माणका लागि जागरण तथा विशाल दबाव र्‍याली-२०६७




















# संविधान निर्माणका लागि जागरण तथा विशाल दबाव र्‍याली-२०६७






















# विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूलाई ऐतिहासिक सात बुँदे सुझावपत्र बुझाउँदै-२०६९



# राष्ट्रिय महत्वका विषयमा विचारगोष्ठी एवं अन्तरक्रिया-२०६९/२०७१



















# संगीत सन्ध्या तथा स्नेह मिलन कार्यक्रम-२०७०, काठमाडौं एवं नारायणगढ




















# २०७२ को विनाशकारी भूकम्पमा संचालित सेवा तथा उद्धार कार्य



















# २०७२ को विनाशकारी भूकम्पमा संचालित सेवा तथा उद्धार कार्य

















# नेपाली संस्कृति ज्ञान परीक्षा-दमौली (२०७३/२०७४)




















# राष्ट्रका लागि युवा जागरण र्‍याली-२०७३, भैरहवा एवं काठमाडौं


















# मतदाता जागरण राष्ट्रिय अभियान-२०७४


















# मधेशमा बाढिबाट प्रभावित बालबालिकाको लागि शैक्षिक सामग्री वितरण अभियान-२०७४

















# प्रथम राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन-२०७४, दाङ्ग



















# दोस्रो राष्ट्रिय जनजाति विद्यार्थी सम्मेलन-२०७६, काठमाडौं
























# राष्ट्रिय छात्रा वर्ग-२०७४, काठमाडौं

















# राष्ट्रिय छात्रा सम्मेलन-२०७६, भैरहवा















# राष्ट्रिय जनजाति वर्ग-२०७३, काठमाडौं एवं राष्ट्रिय मिडिया कार्यशाला-२०७६, काठमाडौं



















# नारी सुरक्षा र सम्मानका लागि संचालित मिसन साहसी अभियान



















# नारी सुरक्षा सम्मानको लागि संचालित मिसन साहसी अभियान



















# प्रथम प्रदेश अधिवेशन-२०७५ (गण्डकी एवं सुदूरपश्चिम प्रदेश)






















# प्रथम बाग्मती प्रदेश अधिवेशन-२०७५, जानकी प्रदेश-२०७६






















# प्रथम प्रदेश अधिवेशन-२०७५ (कर्णाली एवं लुम्बिनी प्रदेश)





















# रजत वर्ष स्वागतार्थ आयोजित विविध कार्यक्रम-२०७६

















# केन्द्रीय कार्यकारिणी समिति बैठकहरू




















# स्थानीय निर्वाचन विशेष अन्तरक्रिया कार्यक्रम-२०७४



















# राष्ट्रिय शिक्षक वर्ग-२०७३, बुटवल, २०७६, पोखरा






















# नेपाल भ्रमण वर्ष २०२० विशेष कार्यक्रम-२०७६, काठमाडौं



















# प्रदेश अभ्यासवर्गहरू-२०७५ एवं पूर्णकालिक वर्गहरू



















# विनाशकारी हावाहुरीबाट बारा र पर्सामा प्रभावित बालबालिका एवं गैडाकोट भुजेल गाउँका विपन्न बालबालिकालाई शैक्षिक सामाग्री वितरण-२०७६

















# दोस्रो सगरमाथा प्रदेश अधिवेशन-२०७७, इटहरी, सुनसरी

















# दोस्रो जानकी प्रदेश अधिवेशन-२०७७, वीरगञ्ज, पर्सा


















# दोस्रो बाग्मती प्रदेश अधिवेशन-२०७७, धादिङ्ग

















# दोस्रो गण्डकी प्रदेश अधिवेशन-२०७७, कुश्मा, पर्वत






















# दोस्रो लुम्बिनी प्रदेश अधिवेशन-२०७७, तानसेन, पाल्पा





















# दोस्रो कर्णाली प्रदेश अधिवेशन-२०७७, नेपालगञ्ज, बाँके

















# दोस्रो सुदूरपश्चिम प्रदेश अधिवेशन-२०७७, धनगढी, कैलाली
















# विभिन्न इकाईद्वारा आयोजित विविध रचनात्मक गतिविधि



















# विश्व विद्यार्थी युवा संघ (WOSY), कार्यक्रम-२०७२, काठमाडौं



















# विभिन्न इकाईद्वारा आयोजित विविध रचनात्मक कार्यक्रम



















# विश्वव्यापी कोरोना संकटको समयमा भोजन तथा खाद्य सामाग्री वितरण-२०७७

















"विविधतायुक्त आर्ट शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: २०७७/०७८
चलानी नम्बर: ८५५२

मिति: २०७७१०२२

## शुभकामना

प्राज्ञिक विद्यार्थी परिषद् नेपालद्वारा आफ्नो २५ औं वर्ष पुरा गरेको अवसरमा **"रजत वर्ष विशेष स्मारिका"** प्रकाशन गर्न लागेको थाहा पाउँदा म अत्यन्त हर्षित छु ।

नेपालका ७७ जिल्लामा शैक्षिक परिवारको परिकल्पना गर्ने उद्देश्यका साथ विद्यार्थी, शिक्षक एवं शिक्षाविद्लाई राष्ट्रिय हितका लागि संगठित गर्दै लाखौं युवामा राष्ट्रिय दृष्टिकोण तथा सकारात्मक दिशा प्रदान गर्न गठित यस संस्थाको उक्त प्रकाशनले हालसम्म संस्थाले गरेका मुख्य मुख्य गतिविधिहरु र आगामी दिनमा गर्ने क्रियाकलापहरुलाई सर्वसाधारण एवं यस प्रति रुची राख्ने महानुभावहरु माझ प्रष्ट रुपमा राख्न सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा ज्ञानशील एकताको आदर्शका साथ देशलाई सर्वोपरि मान्दै राजनितिबाट माथि उठी आफ्ना उद्देश्य प्राप्ति गर्न सकोस् भन्ने आशाका साथ रजत जयन्ती समारोह भव्य र सभ्य रुपमा सफल होस् भन्दै यस प्रकाशनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वैकुण्ठ न्यौपाने
नगर प्रमुख

वैकुण्ठ न्यौपाने
प्रमुख

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरी, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"

Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np


नेपाल टेलिकमको
सहुलियत दरका प्याकेजहरू
खरिद गर्नको लागि

*1415#
डायल गर्नुहोस्।




राष्ट्रको सञ्चार
NEPAL TELECOM

www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT Instagram.com/nepaltelecomofficial

ज्ञान शील एकता

# रजत वर्ष स्मारिका

## २०७७

एक संकल्प राष्ट्रका लागि

प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

२५

वर्षको राष्ट्रिय यात्रा

रजत वर्ष

२०५२-२०७७

PVP NEPAL

छ जिउनु राष्ट्र धर्ममा, छ मर्नु यसको काखमा...

प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

# शुभकामना









श्री सुरेश कुमार खनाल
नगर प्रमुख
निजगढ नगरपालिका बारा

श्री लिलादेवी लामिछाने खनाल
नगर उप-प्रमुख
निजगढ नगरपालिका बारा



श्री सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत



श्री रामजी बजगाई
कार्यपालिका प्रमुख



श्री पद्मराज तिमल्सिना
योजना शाखा अधिकृत



श्री युगल किशोर सिंह
कृषि तथा पशु अधिकृत



श्री रबिन घिमिरे
सूचना अधिकृत



श्री शिवप्रसाद देवकोटा
लेखा अधिकृत

ज्ञान शील र एकताको मूलभुत माध्यम र विशेषतालाई अंगाल्दै, सदैव राष्ट्र प्रथमको मूल भावलाई आत्मसात गर्दै, रचनात्मक विधि, विधान, योग, ध्यान, साधना र संस्कारको अभ्यासद्वारा नयाँ पुस्तामा व्यक्तित्व र सीप विकास गर्दै, मातृभुमि नेपालले खोजेको नैतिकवान, चरित्रवान र संस्कारवान नागरिक निर्माण गर्न सके मात्र समृद्ध र आदर्श राष्ट्र नेपाल प्राप्तिको दिशामा हामी पुग्न सक्छौं भन्ने सन्देशलाई देशव्यापीरुपमा प्रवाह गर्दै वि. सं. २०५२ सालदेखि नै नीतिगत रुपमा देश, धर्म, संस्कृति, माटो र स्वाभिमान रक्षाप्रति एक बलियो खम्बाको रुपमा निरन्तर उभिँदै आउनु भएका चिन्तनशिल प्राध्यापक, शिक्षाविद्, शिक्षक र विद्यार्थीहरुको प्राज्ञिक परिवार प्राज्ञिक विद्यार्थी परिषद, नेपाल आफ्नो आठौं अधिवेशन सहित २५ औं वर्ष "रजत वर्ष" मनाउँदै गर्दा आगामी भविष्यमा देशकै सबै भन्दा ठूलो र इमान्दार एवं क्रियाशिल परिषद बन्न सकोस् र राष्ट्रपुनर्निर्माणको अविरल यात्रामा सदैव एक कदम अगाडि रहन सफल रहोस् भन्दै बारा निजगढ नगरपालिका परिवार हाम्रो स्थानीय क्षेत्रमा पनि रचनात्मक कार्य गर्न सक्रिय रहन सकोस् भन्दै रजत वर्ष २०७७ का लागि चैत्र २०, २१ र २२ गते हुँदै गरेको आठौं राष्ट्रिय अधिवेशनको यो घडिमा परिषदको उत्तरोउत्तर प्रगति र उज्ज्वल भविष्यको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्न चाहन्छौं।

शुभकामना शब्द श्री सुरेसकुमार खनाल
निजगढ नगर प्रमुख
निजगढ, बारा

# गढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यलय

समनपुर, रौतहट

प्रदेश नं. २, नेपाल

पत्र संख्या :-०७७/७८

चलानी नं. :- १५९८

मिति :-२०७७/११/२६

## शुभकामना

प्राज्ञिक-विद्यार्थी परिषद नेपालद्धारा आफनो २५ औं वर्ष पुरा गरेको अवसरमा "रजत वर्ष विशेष स्मारिका" प्रकाशन गर्न लागेको थाहा पाउँदा म अत्यन्त हर्षित छु ।

नेपालका ७७ जिल्लामा शैक्षिक परिषदको परिकल्पना गर्न उदेश्यकासाथ विधार्थी शिक्षक एंव शिक्षाविदलाई राष्ट्रिय हितका लागि संगठित गर्दै लाखौ युवामा राष्ट्रिय दृष्टिकोण तथा सकारात्मक दिशा प्रदान गर्न गठित यस संस्थाको उक्त प्रकाशनले हालसम्म संस्थाले गरेका मुख्य मुख्य गतिविधिहरु र आगामी दिनमा गर्ने कियाकलापहरुलाई सर्वसाधरण एंव यस प्रति रुची राख्ने महानुभावहरु माझ प्रस्ट रुपमा राख्न सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा ज्ञानशील एकताको आदर्शकासाथ देशलाई सर्वोपरि मान्दै राजनीतिबाट माथि उठी आफना उदेश्य प्राप्ति गर्न सकोस भन्ने आशाका साथ रजत जयन्त समारोह भव्य र सभ्य रुपमा सफल होस भन्दै यस प्रकाशनको पुर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०७७/११/२६

श्याम प्रसाद यादव

नगर प्रमुख

गढिमाई नगरपालिका

समनपुर, रौतहट

Website WWW.gadhimaimun.gov.np Email gadhimaimun@gmail.com

घर भित्रै बसौ आफु पनि बाचौ ,अरुलाई पनि बचाऔ ।

नियमित साबुन पानीले मिचिमिचि हात धुने बानी बसालौ ॥

# एक संकल्प राष्ट्रका लागि

मेरा लागि मेरो राष्ट्र, नेपालको राष्ट्रियता स्वाभिमान र सुरक्षा प्रथम स्थानमा रहनेछ । मेरा लागि यही देशको इतिहास, महापुरुष, संस्कार, संस्कृति र जीवनपद्धति सदैव आदर्शका रूपमा रहनेछन् । म आफूमा राष्ट्रप्रेम इमान्दारिता र असल चरित्रलाई सदैव कायम राखिराख्नेछु । म सकारात्मक परिवर्तनका लागि सदैव सक्रिय रहनेछु । देशमा भ्रष्टाचार अन्त्यका लागि आजीवन म नैतिकवान् एवं इमान्दार बनिरहनेछु । दूर्व्यसनीमुक्त समाज र प्रदूषणमुक्त पर्यावरणका लागि म सदैव सचेत रहनेछु । महिला सुरक्षा र सम्मान सदैव मेरो पहिलो प्राथमिकतामा रहनेछ । म क्षमतावान् र सीपयुक्त बन्दै देशमा रोजगारीको सिर्जनामा निरन्तर कार्य गर्नेछु । म मेरो देशमा नै आफ्नो समृद्ध भविष्य निर्माणका लागि कार्य गर्नेछु । सदैव राष्ट्र प्रथम भावका साथ आफ्नो जिम्मेवारी पुरा गर्दै नेपाल आमाको जयका लागि आफ्नो तन मन र यो जीवन समर्पण गर्ने संकल्प गर्दछु ।

नेपाल आमाको जय !

**रजत वर्ष राष्ट्रिय संकल्प अभियान**